# राममणि ढुङ्गेलको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
अन्तर्गत नेपाली केन्द्रीय विषयको स्नातकोत्तर तह दोस्रो
वर्षको दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

**शोध पत्र**


**शोधकर्ता**
नमोद राउत
रोल नं. २००

त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर काठमाडौं

२०७२

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षका छात्र नमोद राउतले 'राममणि ढुङ्गेलको जीवनी, व्यक्तित्व र कृतित्व' शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । परिश्रम पूर्वक तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको समुचित मूल्याङ्कनका लागि नेपाली विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०७२।११।१३

शोध निर्देशक
शि.स. बालाकृष्ण अधिकारी
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर काठमाडौँ

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका नमोद राउतले त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तह नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको 'राममणि ढुङ्गेलको जीवनी, व्यक्तित्व र कृतित्व' शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| **शोधपत्र मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा. देवीप्रसाद गौतम | ..................................... |
| विभागीय प्रमुख | |
| २. शि.स. बालाकृष्ण अधिकारी | ..................................... |
| शोध निर्देशक | |
| ३. प्रा.डा. दयाराम श्रेष्ठ | ..................................... |
| बाह्य निर्देशक | |

मिति : २०७२।११।२१

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोध पत्र आदरणीय गुरु बालाकृष्ण अधिकारीज्यूका निर्देशनमा तयार पारिएको हो । सर्वप्रथम शोध निर्देशन गरिदिनु भएकामा उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस कार्यको लागि शोध प्रस्ताव पारित गरिदिनु हुने विभागीय प्रमुख प्रा.डा.देवीप्रसाद गौतमप्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रस्तुत शोधको शीर्षक चयनमा सहयोग गरिदिनु हुने विष्णुप्रसाद लुइँटेल र सविन ढुङ्गेलप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु । सदैव उज्ज्वल भविष्यको कामना गर्दै पढाइमा जोड दिनु हुने स्व. दाजु टंकबहादुर राउतप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु । मलाई शिक्षाको यस चरणसम्म पुऱ्याएर सफलताको बाटोतिर हिँड्न हौसला र प्रेरणा प्रदान गर्नु हुने मेरा साथीहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै स्नातकोत्तर तह अध्ययन गर्दा आर्थिक तथा अन्य सहयोग गर्ने भक्तपुर बहुमुखी क्याम्पसका प्रमाण पत्र तथा स्नातक तहका सहपाठीहरू प्रति विशेष धन्यवाद प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सूचना उपलब्ध गराइदिनु हुने शोधनायक राममणि ढुङ्गेल, सुवासचन्द्र ढुङ्गेल, विमला ढुङ्गेल, उज्ज्वल ढुङ्गेल तथा प्रद्युम्न चालिसे तथा उचित सल्लाह र सहयोग गरिदिनु हुने साथीहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी प्रस्तुत शोधपत्र टङ्कण कार्यमा सहयोग गर्नु हुने सञ्जीव लुइँटेल र कृष्णहरि काफ्लेप्रति विशेष धन्यवाद प्रस्तुत गर्दछु । त्यस्तै मेरा मित्र लव लुइँटेललाई पनि शोधकार्य सम्पन्न गर्न सहयोग गरेकामा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङकनका लागि नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

मिति : २०७२।११।१३

**शोधकर्ता**

नमोद राउत

रोल नं. २००

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर

# विषय सूची


| विषय | पृष्ठ संख्या |
|---|---|
| शोध निर्देशकको सिफारिस | |
| स्वीकृति पत्र | |
| कृतज्ञता ज्ञापन | |
| विषय सूची | |
| **पहिलो परिच्छेद** | |
| **शोधपत्रको परिचय** | **१ - ५** |
| १.१ विषय परिचय | १ |
| १.२ शोध समस्या | १ |
| १.३ शोधको उद्देश्य | १ |
| १.४ पूर्वकार्यको समीक्षा | १ |
| १.५ शोधको महत्त्व र औचित्य | ३ |
| १.६ शोधको सीमा | ३ |
| १.७ शोध विधि | ३ |
| १.७.१ सामग्री सङ्कलन विधि | ३ |
| १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा | ३ |
| १.८ शोधको रूपरेखा | ५ |
| **दोस्रो परिच्छेद** | |
| **राममणि ढुङ्गेलको जीवनी** | **६ - १३** |
| २.१ विषय परिचय | ६ |
| २.२ राममणि ढुङ्गेलको जीवनीका विभिन्न पक्षहरू | ६ |
| २.२.१ जन्म र जन्मस्थान | ६ |
| २.२.२ बाल्यकाल र स्वभाव | ६ |
| २.२.३ व्रतबन्ध | ६ |
| २.२.४ शिक्षा-दीक्षा | ७ |
| २.२.५ वैवाहिक सम्बन्ध | ७ |
| २.२.६ सन्तान | ७ |
| २.२.७ पारिवारिक सन्दर्भ | ८ |
| २.२.८ पारिवारिक आर्थिक अवस्था | ८ |
| २.२.९ जागिरे जीवन | ८ |

२.२.१० भ्रमण ८
२.२.११ रुचि ९
२.२.१२ मन पर्ने साहित्यकार र कृतिहरू ९
२.२.१३ केही सुख दुःखका स्मरणीय क्षणहरू ९
२.२.१४ साहित्य क्षेत्रमा प्रवेश ९
२.२.१५ पुरस्कार-सम्मान १२
२.२.१६ योगदान-संलग्नता १२
२.३ निष्कर्ष १२

**तेस्रो परिच्छेद**

**राममणि ढुङ्गेलको व्यक्तित्व १४ - २०**

३.१ विषय परिचय १४
३.२ राममणि ढुङ्गेलका निजी व्यक्तित्व १४
३.२.१ बाह्य व्यक्तित्व १४
३.२.२ आन्तरिक व्यक्तित्व १४
३.३ स्रष्टा व्यक्तित्व १४
३.३.१ कथाकार व्यक्तित्व १४
३.३.२ कवि व्यक्तित्व १५
३.३.३ नाटककार व्यक्तित्व १५
३.३.४ सम्पादक व्यक्तित्व १६
३.३.५ लेखक व्यक्तित्व १६
३.४ साहित्येतर व्यक्तित्व १६
३.४.१ राजनीतिक व्यक्तित्व १६
३.४.२ त्यागी व्यक्तित्व १७
३.४.३ सांस्कृतिक व्यक्तित्व १७
३.४.४ धार्मिक व्यक्तित्व १७
३.४.५ समाज सेवी व्यक्तित्व १७
३.४.६ अनुसन्धानशील व्यक्तित्व १८
३.४.७ राष्ट्रवादी व्यक्तित्व १८
३.४.८ लेखा व्यक्तित्व १८
३.४.९ मानवतावादी व्यक्तित्व १८
३.५ जीवनी, व्यक्तित्व र साहित्यबीच सामञ्जस्य १९
३.६ निष्कर्ष २०

## चौंथो परिच्छेद

**राममणि ढुङ्गेलको कृतित्व** २१ - ७४

४.१ विषय परिचय २१

४.२ राममणि ढुङ्गेलका कथा कृतिको समीक्षा २१

४.२.१ 'अँध्यारोभित्रको मान्छे' कथा सङ्ग्रहको समीक्षा २२

४.२.२ 'अनलाइन डट कम' कथा सङ्ग्रहको समीक्षा ३३

४.३ राममणि ढुङ्गेलका कविता कृतिको समीक्षा ४२

४.३.१ 'आस्थाको बगैंचा' कविता सङ्ग्रहको समीक्षा ४३

४.३.२ 'अक्षरभ्रूण र अर्को बुद्ध' कविता सङ्ग्रहको समीक्षा ४९

४.४ राममणि ढुङ्गेलका नाटकहरूको समीक्षा ५५

४.४.१ 'जगिरको मर्यादा' नाटकको समीक्षा ५६

४.४.२ 'एउटा घरको दुई कोठा' नाटकको समीक्षा ५८

४.४.३ 'अन्तिम सिमाना' नाटकको समीक्षा ५९

४.४.४ 'सडक सीमा' नाटकको समीक्षा ६१

४.४.५ 'आशा' नाटकको समीक्षा ६३

४.५ राममणि ढुङ्गेलका अनुसन्धानमुखी कृतिको समीक्षा ६४

४.६ राममणि ढुङ्गेलका सम्पादकीय कृतिको समीक्षा ६६

४.६.१ 'डा. पुष्पराज चालिसे' स्मृति ग्रन्थको समीक्षा ६७

४.६.२ 'चक्रपाणि अभ्यर्चना' कृतिको समीक्षा ६८

४.७ राममणि ढुङ्गेलका फुटकर रचनाहरू ६९

४.७.१ धार्मिक तथा सांस्कृतिक फुटकर रचनाहरू ६९

४.७.२ समसामयिक विषयमा आधारित फुटकर रचनाहरू ७०

४.७.३ आर्थिक विषयका फुटकर रचनाहरू ७१

४.८ निष्कर्ष ७२

## पाचौं परिच्छेद

**सारांश तथा निष्कर्ष** ७५ - ७७

५.१ विषय परिचय ७५

५.२ परिच्छेदगत सारांश ७५

५.३ समष्टि निष्कर्ष ७७

५.४ भावी शोधकर्ताका लागि सम्भावित शोध शीर्षकहरू ७७

## परिशिष्ट

१. राममणि ढुङ्गेलसँगको अन्तर्वार्ता ७८

२. विमला ढुङ्गेलसँगको अन्तर्वार्ता ८२

३. सुवासचन्द्र ढुङ्गेलसँगको अन्तर्वार्ता ८३
४. प्रद्युम्न चालिसेसँगको अन्तर्वार्ता ८५
सन्दर्भ सामग्री सूची ८६

पहिलो परिच्छेद

# शोधपत्रको परिचय

## १.१ विषय परिचय

प्रस्तुत शोधको शीर्षक अनुरूप राममणि ढुङ्गेलको संक्षिप्त जीवनी, व्यक्तित्वका विभिन्न पक्ष र कृतित्वको संक्षिप्त समीक्षा यस शोधमा गरिएको छ र यो नै प्रस्तुत शोधको मूल शोध्य क्षेत्र हो । ढुङ्गेलको जन्म वि.सं.२०१३ सालमा भक्तपुर कटुञ्जेमा भएको हो । ढुङ्गेलको बाल्यकाल सोचेजस्तो सुखद नरहे पनि आफ्नै परिश्रम तथा दुःखले उनले स्नातकोत्तर तहसम्म अध्ययन गरेको देखिन्छ । एस.एल.सी. परीक्षा पास गरे पछि ढुङ्गेलले जागिरे जीवन सुरु गरेका थिए । उनले सर्वोच्च अदालतबाट आफ्नो जागिरे जीवन सुरु गरेको देखिन्छ । लगभग चार दशक लामो जागिरे जीवनमा ढुङ्गेलले विभिन्न कार्यालयहरूमा काम गरेको पाइन्छ ।

राममणि ढुङगेलको साहित्यिक यात्रा सानैदेखि भए तापनि औपचारिक रूपमा वि.सं.२०३४ मा 'प्रण' कथाबाट सुरु भएको पाइन्छ । सुरुको कथामा ढुङ्गेलले देशप्रेम देखाउन खोजेका छन् । उनको औपचारिक कविता यात्रा वि.सं.२०४१ मा 'जीवनयात्रा' कविताबाट सुरु भएको हो । यसैगरी वि.सं.२०४१ मा 'जागिरको मर्यादा' शीर्षकबाट उनको पहिलो नाटक प्रकाशन भयो । यसर्थ राममणि ढुङ्गेलले नेपाली साहित्यमा कथा, कविता र नाटकमा आफ्नो कलम चलाएको देखिन्छ । साथै उनले **डा.पुष्पराज चालिसे स्मृति ग्रन्थ, चक्रपाणि अभ्यर्चना** जस्ता पुस्तकहरूमा सम्पादन कार्य पनि गरेका छन् । उनको पहिलो पुस्तकाकार कृति **चेपाङ समुदाय र संस्कृति** (२०५१) हो । ढुङ्गेलका हालसम्म आठवटा पुस्तकाकार कृतिहरू सार्वजनिक भएको देखिन्छ । यसै गरी थुप्रै फुटकर रचनाहरू, कथा, कविता र नाटकहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यसर्थ उनले नेपाली साहित्यमा अविस्मरणीय गुन लगाएका छन् ।

## १.२ शोध समस्या

प्रस्तुत शोधका निम्न लिखित समस्याहरू रहेका छन् ।

(क) राममणि ढुङ्गेलको जीवनी के कस्तो रहेको छ ?

(ख) राममणि ढुङ्गेलको व्यक्तित्वका के कस्ता पाटाहरू रहेका छन् ?

(ग) राममणि ढुङ्गेलको कृतित्व के कस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधका निम्न लिखित उद्देश्यहरू रहेका छन् ।

(क) राममणि ढुङ्गेलको संक्षिप्त जीवनीको समीक्षा गर्नु,

(ख) राममणि ढुङ्गेलको व्यक्तित्वका विविध पाटाहरू केलाउनु,

(ग) राममणि ढुङ्गेलका कृतिहरूको संक्षिप्त समीक्षा गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

राममणि ढुङ्गेलको जीवनी, व्यक्तित्व र कृतित्वमा केन्द्रित रहेर छुट्टै शोधपरक अध्ययन नभए तापनि विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा उनी र उनका कृतिका बारेमा केही समालोचकीय लेखहरू प्रकाशन भएको पाइन्छ । तिनै पुस्तक पत्रपत्रिकाहरूमा भएका उनी र उनका समालोचकीय लेख तथा सूचनाहरूलाई पूर्वकार्य स्वरूप यहाँ उल्लेख गरिएको छ ।

घटराज भट्टराई (२०५६) ले **नेपाली लेखक कोश**मा लेखेका छन् "भक्तपुरको कटुञ्जेमा जन्मी उच्च शिक्षा लिई सेवारत हुने राममणि ढुङ्गेल पछिल्लो दशकमै देखा परेका प्रतिभा हुन् ।

**चेपाङ समुदाय र संस्कृति** २०५१ र **आस्थाको बगैंचा** २०५३ यी दुई पुस्तककै माध्यमबाट पनि उनको प्रतिभालाई आस लाग्दो रूपमा नियाल्न सकिन्छ । संस्कृति र कविता दुवै उनका लेखनका विषय हुन् ।" प्रस्तुत शोधमा राममणि ढुङ्गेलको कृतित्वको विश्लेषण गर्नको लागि यो पूर्वकार्य सहयोगी रहेको छ ।

राजेन्द्र सुवेदी (२०५६) ले **अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रहको भूमिका तयार पार्दै उक्त भूमिकाको शीर्षक "ऊर्जाशील कथाकार ढुङ्गेलका उर्वर कथाहरू" भनेर लेखिदिएका छन् । साथै नेपाली समाजका विविध विकृति र विसङ्गतिका अनुहारहरू आफ्नो कथामा प्रस्तुत गर्दै समाजमा बढ्दै गएका सांस्कृतिक र सामाजिक कुरूपताहरू, आर्थिक र राजनीतिक असमानताहरू कथाका माध्यमबाट प्रस्तुत गर्न सक्नु ढुङ्गेलको विशेषता भएको" कुरा उल्लेख गरिएको छ । प्रस्तुत शोधमा राममणि ढुङ्गेलका कथाहरूको विश्लेषण गर्नको लागि यो पूर्वकार्य सहयोगी भएर आएको छ ।

हरिहर तिमिल्सिना (२०५८) ले **अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रहको विशेषताको वर्णन गर्दै "सामाजिक विषयवस्तुलाई समेट्नु अनि सरल घटना विधानमा अघि बढ्नु यी कथाहरूको साझा विशेषता हो । साथै उनका कथाहरू निजात्मक निबन्ध शैलीमा सीधा सम्प्रेषण गर्न सक्नु अर्को विशेषता हो " भन्दै कथाहरूको विशेषताको चर्चा गरेका छन् । प्रस्तुत शोधमा **अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रहका कथाहरूको विश्लेषण गर्नको लागि माथिका वाक्यहरू सहयोगी भएर आएका छन् ।

लक्ष्मी गुरागाई (२०६७) ले सम्प्रेषणमा "समसामयिक विषयवस्तुका कथाहरू लेख्ने कथाकार" शीर्षकको लेख लेखेका छन् । साथै उक्त लेखमा "राममणि ढुङ्गेल आफ्ना पूर्ववर्ती कथाकारहरू भन्दा पृथक शैली, शिल्प र कथानक लिएर देखा परेका शिल्पी हुन्" भन्दै ढुङ्गेलका कथाहरू तथा कथाकार ढुङ्गेलको विशेषताको चर्चा गरिएको छ । प्रस्तुत शोधमा राममणि ढुङ्गेलका कथाहरू विश्लेषण गर्नको लागि यो पूर्वकार्य सहयोगी रहेको छ ।

कृष्ण गौतम (२०५३) ले **आस्थाको बगैंचा** कविता सङ्ग्रहको भूमिका तयार पार्दै "कवि ढुङ्गेललाई पढ्नु भनेको हामीले हामी सबैलाई पढ्नु हो र हाम्रो वरिपरिको वातावरणको अध्ययन गर्नु पनि हो । कविता भनेको कुनै विषयलाई रूप दिनु हो र त्यसको सौन्दर्यले प्रभावित पार्नु हो । यस कलामा राममणि ढुङ्गेलको कलम सक्षम भएर झुल्किएको छ " भन्दै ढुङ्गेलको कवित्वको प्रशंसा गर्दै 'उदाइरहेका जून' को संज्ञा दिएका छन् । प्रस्तुत शोधमा राममणि ढुङ्गेलको कवित्वको विश्लेषण गर्नको लागि यो पूर्वकार्य सहयोगी रहेको छ ।

डोरबहादुर विष्ट (२०५१) ले **चेपाङ समुदाय र संस्कृति** नामक अनुसन्धानमूलक कृतिमा शुभकामना शीर्षकको मन्तव्य दिंदै "चेपाङको मर्का बुझ्ने प्रयास गर्नु र तिनको पीरमर्का हटाउने उपायबारे चिन्तन गर्नु अवश्य नै सराहनीय कार्य मान्नु पर्दछ " भनेर उक्त कृतिको प्रशंसा तथा सफलताको कामना गरेका छन् । प्रस्तुत शोधमा राममणि ढुङ्गेलको अनुसन्धानात्मक विश्लेषण गर्नको लागि यो पूर्वकार्य सहयोगी रहेको छ ।

समग्रमा राममणि ढुङ्गेलका कथाहरू नेपाली समाज भित्रकै विषयवस्तुमा आधारित भएको पाइन्छ । साथै सामान्य विषयवस्तु लागे तापनि कथाहरूको प्रस्तुतीकरण पृथक शैलीमा गरिएको छ । यसै गरी कविताहरूमा पनि हाम्रै वरिपरिको परिवेश, समाज, वातावरण जस्ता पक्षलाई आधार बनाएर गद्य शैलीमा रचना गरिए तापनि निकै रसिला, कसिला र चोटिला खालका छन् । नेपाली समाजभित्र पिछडिएको जातिको पीरमर्का बुझेर उनीहरूलाई उत्थान गर्नु पर्ने कुरामा जोड दिंदै अनुसन्धानात्मक कृति रचना गर्नु तथा अन्य विषयवस्तुमा विभिन्न लेख रचनाहरू लेख्नु ढुङ्गेलको महत्वपूर्ण कार्य मानिन्छ ।

माथिका पूर्वकार्य बाहेक राममणि ढुङ्गेलको जीवनी, व्यक्तित्व र कृतित्वमा केन्द्रित भएर अध्ययन गरिएको पाइँदैन । तसर्थ 'राममणि ढुङ्गेलको जीवनी, व्यक्तित्व र कृतित्व' मा मात्र

केन्द्रित रहेर यो शोध कार्य गरिने हुँदा तथा पूर्व कार्यको समीक्षाले मात्र शोध समस्याको समाधान पूर्ण रूपले नहुने हुँदा फेरि अध्ययन अनुसन्धान गर्नको लागि यो शोध स्वभाविक रूपमा औचित्यपूर्ण र महत्त्वपूर्ण रहेको छ ।

## १.५ शोधको महत्त्व र औचित्य

पूर्व कार्यको समीक्षा शीर्षकमा चर्चा गरेका बाहेक राममणि ढुङ्गेलको बारेमा त्यति अध्ययन भएको देखिंदैन । नेपाली साहित्यमा आधा दर्जन भन्दा बढी कृति प्रकाशन गरे तापनि हालसम्म कुनै पनि अध्ययनकर्ता वा शोधकर्ताको ध्यान राममणि ढुङ्गेलपट्टि गएको देखिंदैन । तसर्थ पूर्व कार्यले मात्र शोध समस्याको समाधान पूर्ण रूपले नभएको हुँदा र फेरि अध्ययन अनुसन्धान गर्नु पर्ने आवश्यकता भएकोले तथा भावी शोधकर्ता, जिज्ञासु आदिको लागि पनि यस शोध सहयोगी हुने हुँदा प्रस्तावित शोधकार्य स्वतः महत्त्वपूर्ण, औचित्यपूर्ण र उपयोगी रहेको छ ।

## १.६ शोधको सीमा

प्रस्तुत शोधमा विषय क्षेत्र अनुसार जीवनी लेखनका आधारभूत पक्षका आधारमा राममणि ढुङ्गेलको व्यक्तिगत जीवनीका साथै साहित्यिक एवम् साहित्येतर जीवनी, व्यक्तित्वको अध्ययन गरिएको छ । त्यस्तै ढुङ्गेलका कथा, कविता र नाटक जस्ता साहित्यिक विधाका तत्तत् विधातत्वका आधारमा एवम् सम्पादन, अनुसन्धान र अन्य फुटकर रचनाको सङ्क्षिप्त समीक्षा यस शोधमा गरिएको छ । तसर्थ यो शोध जीवनी, व्यक्तित्व र कृतित्वको संक्षिप्त विश्लेषण अनुसन्धानात्मक सीमामा सम्पन्न गरिएको छ ।

## १.७ शोध विधि

शोध विधिलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य पूरा गर्न प्राथमिक सामग्रीको रूपमा राममणि ढुङ्गेलका प्रकाशित साहित्यिक कृतिहरूलाई लिइएको छ । द्वितीयक सामग्रीको रूपमा ढुङ्गेलका बारेमा भएका पूर्वकार्यहरू, कथा, कविता, नाटक आदिका सैद्धान्तिक सन्दर्भ, प्रकाशित विभिन्न कृतिहरू र शोध नायकसँगको अन्तार्वार्ता, सुवासचन्द्र ढुङ्गेलसँगको अन्तर्वार्ता, विमला ढुङ्गेल तथा प्रद्युम्न चालिसेसँगको अन्तर्वार्तालाई लिइएको छ । उपयुक्त सामग्रीहरूको प्रयोग पुस्तकालयीय कार्यबाट गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सद्धान्तिक आधार र ढाँचा

प्रस्तुत शोधका लागि सङ्कलित सामग्रीको विश्लेषण गर्ने मूल आधार जीवनीपरक समालोचना पद्धति, कविता सिद्धान्त, कथा सिद्धान्त, नाटक सिद्धान्त र तिनका तात्विक विश्लेषण रहेको छ । यस अनुरूप यो शोध प्रायोगिक तथा गुणात्मक प्रकारको छ ।

प्रस्तुत शोधको विश्लेषणात्मक ढाँचा शोध समस्यका क्रममा यस प्रकार रहेको छ :

शोध समस्या नं.१ को विश्लेषणका लागि निम्न लिखित ढाँचाको प्रयोग गरिएको छ :

१. जन्म र जन्मस्थान

२ बाल्यकाल र स्वभाव

३. व्रतबन्ध

४. शिक्षा-दीक्षा

(क) अनौपचारिक

(ख) औपचारिक शिक्षा

(ग) स्वाध्ययन

५. वैवाहिक सम्बन्ध

६. सन्तान

७. पारिवारिक सन्दर्भ

८. पारिवारिक आर्थिक अवस्था

९. जागिरे जीवन

१०. भ्रमण

११. रुचि

१२. मन पर्ने साहित्यकार र कृतिहरू

१३. केही सुख दुःखका स्मरणीय क्षणहरू

१४. साहित्य क्षेत्रमा प्रवेश

(क) लेखन प्रेरणा र अभ्यास

(ख) प्रकाशित पुस्तकाकार कृतिहरूको सूचि

१५. पुरस्कार–सम्मान

१६. योगदान–संलग्नता

शोध समस्या नं.२ को समाधानका लागि निम्न लिखित ढाँचाको प्रयोग गरिएको छ।

१. बाह्य व्यक्तित्व

२. आन्तरिक व्यक्तित्व

३. स्रष्टा व्यक्तित्व

३.१ कथाकार व्यक्तित्व

३.२ कवि व्यक्तित्व

३.३ नाटककार व्यक्तित्व

३.४ सम्पादक व्यक्तित्व

३.५ लेखक व्यक्तित्व

४. साहित्येतर व्यक्तित्व

४.१ राजनीतिक व्यक्तित्व

४.२ त्यागी व्यक्तित्व

४.३ सांस्कृतिक व्यक्तित्व

४.४ धार्मिक व्यक्तित्व

४.५ समाजसेवी व्यक्तित्व

४.६ अनुसन्धानशील व्यक्तित्व

४.७ राष्ट्रवादी व्यक्तित्व

४.८ लेखा व्यक्तित्व

४.९ मानवतावादी व्यक्तित्व

शोध समस्या नं.३ को समाधानका लागि कथा, कविता र नाटक कृतिको विश्लेषणका लागि विधातत्वलाई आधार बनाइएको छ । त्यस्तै सम्पादन विधाको विश्लेषणका लागि कृति परिचय र सम्पादन कला गरी दुई ओटा आधार, अनुसन्धान कृतिको विशेषणका लागि कृति परिचय, विषय प्रतिपादन र अनुसन्धान कला जस्ता आधारको प्रयोग गरिएको छ । अन्य विधा र फुटकर कृतिको सामान्य टिप्पणीमूलक समीक्षा प्रस्तुत गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :–

(क) पहिलो परिच्छेद : शोध परिचय

(ख) दोस्रो परिच्छेद : राममणि ढुङ्गेलको जीवनी

(ग) तेस्रो परिच्छेद : राममणि ढुङ्गेलको व्यक्तित्व

(घ) चौथो परिच्छेद : राममणि ढुङ्गेलको कृतित्व

(ङ) पाचौं परिच्छेद : सारांश तथा निष्कर्ष

प्रस्तुत शोधको मूल पाठभित्र राख्न नसकिएका विभिन्न सामग्रीहरूलाई परिशिष्ट अन्तर्गत प्रस्तुत गरिएको छ भने शोधकार्य गर्दा आवश्यक विभिन्न वाङ्मयिक सामग्रीहरूलाई सन्दर्भ सामग्री सूची अन्तर्गत वर्णानुक्रममा प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेद

# राममणि ढुङ्गेलको जीवनी

## २.१ विषय परिचय

प्रस्तुत परिच्छेदमा राममणि ढुङ्गेलको जीवनीको बारे चर्चा गरिएको छ । जीवनीको चर्चा गर्दा आउने जीवनीगत सन्दर्भहरू जस्तै जन्म, बाल्यकाल, शिक्षा आदिलाई क्रमशः उल्लेख गरिएको छ । यी जीवनीगत सन्दर्भहरूको चर्चा गर्दा आवश्यकता अनुसार विभिन्न शीर्षक, उपशीर्षकहरू राखिएका छन् ।

## २.२ राममणि ढुङ्गेलको जीवनीका विभिन्न पक्षहरू

### २.२.१ जन्म र जन्मस्थान

राममणि ढुङ्गेलको जन्म वि.सं. २०१३ साल साउन १ गते सोमवार (सन् १९५६ जुलाई १६) का दिन भएको हो । उनको जन्म थलो भक्तपुर जिल्ला कटुञ्जे गा.वि.स.४ (हाल सूर्यविनायक न.पा.) हो । राममणिका पिताको नाम डोरनाथ र माताको नाम फेमकुमारी ढुङ्गेल हो । उनको न्वारनको नाम रेवती शर्मा र राशि तुला हो ।

### २.२.२ बाल्यकाल र स्वभाव

राममणि ढुङ्गेलको बाल्यकाल आम गाउँले केटाकेटी जस्तै सामान्य गाउँले जीवनमा नै बितेको देखिन्छ । मध्यमवर्गीय परिवारमा जन्मिएका उनको बाल्यकाल त्यति सुखद रहेको देखिँदैन । छोराहरूमा उनी जेठो भएको, दिदीहरूको छिटै विवाह भएको, उनका पिता आफू शिक्षक भए तापनि घर व्यवहारमा कुशल व्यवस्थापक बन्न नसक्नाका कारण र परिवारप्रति उचित यथायोग्य र समयसापेक्ष रूपमा भूमिका निर्वाह गर्न नसकेका कारण उनको बाल्यकाल प्रायः अभाव र संकटमा नै बितेको देखिन्छ (राममणि ढुङ्गेलसँगको अन्तर्वार्ताका आधारमा) । यस्तै विभिन्न कारणले गर्दा उनी आफ्नो घरपरिवारप्रति सानैदेखि दायित्वबोध गर्दथे ।

राममणि ढुङ्गेलले सानै उमेरदेखि आम गाउँले केटाकेटी जस्तै वनपाखा, खेतबारी, गाईबाखा चराउने जस्ता कार्य गर्दै जीवनयापन गरेको देखिन्छ । गोठालो जाँदा वा अन्य फुर्सदको समयमा उनी मनोरञ्जनात्मक भन्दा स्वास्थ्यवर्धक र ज्ञानवर्धक खेल खेल्न रुचाउँथे । प्रायः जसो एकान्तमा रमाउने उनको स्वभाव थियो । उनी फुर्सदको समयमा खोलानाला, वनजङ्गल, डाँडाकाँडातिर घुम्न मन पराउँथे र प्राकृतिक दृश्यसँग नाता जोड्न मन पराउँथे । अनावश्यक रूपमा बाहिरी होहल्लामा नलाग्ने, विना काम मानिसको जमघट र हल्लाखल्लामा सामेल नहुने उनको स्वभाव थियो । उनी प्रायः घरायसी काममा व्यस्त रहन, बारी बगैंचातिर घुम्न र बोटविरुवा तथा फूलहरूसँग रमाउँदै समय बिताउन रुचाउँथे । यति हुँदाहुँदै पनि सानैदेखि संस्कार र संस्कृतिप्रति उनको विशेष रुचि थियो । गाउँ, टोल, छरछिमेकमा धार्मिक कृत्य होस् वा संस्कार पर्व, जात्रा आदिमा उनी सक्रिय सहभागिता जनाउँथे । साथै, कोही मानिस दुःखमा परेको, बिरामी परेको तथा मृत्यु भएको सुन्ने बित्तिकै उनी त्यहाँ पुग्दथे र आफ्नो क्षमता अनुसार सहयोगमा अग्रसर हुने उनको स्वभाव थियो । समग्रमा राममणि ढुङ्गेलको बाल्यकाल त्यति सुखद नरहेको, एकान्तप्रेमी र भावुक प्रवृत्तिको हुँदाहुँदै पनि सामाजिक चेतना भएको, मिलनसार र सहयोगी स्वभाव रहेको पाइन्छ ।

### २.२.३ व्रतबन्ध

राममणि ढुङ्गेलको व्रतबन्ध हिन्दु संस्कार अनुसार सात वर्षको उमेरमा भएको हो (राममणि ढुङ्गेलसंगको अन्तर्वार्ताको आधारमा) । धार्मिक परिवारमा हुर्केका, पण्डित कुलमा जन्मेका तथा मावलीतर्फ पनि सबै पण्डित भएको र चाँडै व्रतबन्ध गरे कर्म चल्छ भन्ने मान्यता अनुसार उनको व्रतबन्ध सानै उमेरमा भएको हो ।

### २.२.४ शिक्षा-दीक्षा

**(क) अनौपचारिक**

विद्यार्थीको पहिलो पाठशाला घर र पहिलो गुरु अभिभावक हुन् । राममणि ढुङ्गेलको पनि पहिलो पाठशाला घर र गुरु अभिभावक हुन् । उनलाई सुरुमा पिता डोरनाथ ढुङ्गेलले नै क, ख, ग आदि पढ्न र लेख्न सिकाएका हुन् (राममणि ढुङ्गेलसंगको अन्तर्वार्ताका आधारमा) । यसैगरी उनको मुखबाट राम्ररी अक्षर फुट्न थाले पछि बाबु डोरनाथले छोरा राममणिलाई रुद्री र चण्डी पढ्न सिकाए । अनि उनलाई औपचारिक शिक्षाको लागि स्कुल भर्ना गरियो ।

**(ख) औपचारिक शिक्षा**

राममणि ढुङ्गेलको औपचारिक शिक्षा वि.सं.२०१८ देखि आरम्भ भयो । त्यतिबेला उनको उमेर पाँच वर्षको थियो । सुरुमा उनले महेन्द्र नि.मा.वि. कटुञ्जेमा कक्षा १ देखि ३ सम्म अध्ययन गरे । त्यसपछि कक्षा ४ देखि ८ सम्म दधिकोटमा रहेको कटुञ्जे नि.मा..वि.मा अध्ययन गरेको पाइन्छ । प्रवेशिका परीक्षा वि.सं.२०२९ मा श्री पद्म हाइस्कुल, दरबार क्षेत्र भक्तपुरबाट पास गरेका हुन् (शोधनायकबाट प्राप्त जानकारी अनुसार) । यसैगरी राममणि ढुङ्गेलले वि.सं.२०३२ मा पब्लिक युथ क्यम्पस काठमाडौंबाट वाणिज्य शास्त्र संकायतर्फ प्रमाणपत्र तह उत्तीर्ण गरे । प्रमाणपत्र तह पास गरेपछि उनको पढाइ केही ढिलो मात्र अघि बढेको पाइन्छ । खास गरी आर्थिक आय आर्जन गर्नु पर्ने बाध्यताले जागिरमा प्रवेश गरेका साथै जागिरको सिलसिलामा विभिन्न जिल्लामा सरुवा भएको र अन्य विभिन्न कारणले गर्दा पढाइमा बाधा पर्न गएको हो । प्रमाणपत्र पछिको उनको पढाइ प्राइभेट रूपमा सम्पन्न भयो । वि.सं.२०४० मा उनले त्रि.वि.बाट वाणिज्य शास्त्र संकायतर्फ स्नातक तह, वि.सं.२०५४ मा त्रि.वि.बाट कानुनमा स्नातक तह र वि.सं. २०५५ मा त्रि.वि.बाट नै नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको पाइन्छ । नयाँ ज्ञान हासिल गर्ने तीव्र इच्छा भएको कारणले उनले रोकिएको आफ्नो पढाइलाई पुनः सुरु गरी स्नातकोत्तर तहसम्म अध्ययन गरेका हुन् ।

**(ग) स्वाध्ययन**

राममणि ढुङ्गेलको शिक्षाको आरम्भ स्वअध्ययन हो भन्दा फरक नपर्ला । पण्डित कुलमा जन्मेका यी साहित्यकारले सानैदेख **रुद्री, चण्डी, रामायण, महाभारत, गीता, पुराण, श्रीमद्भागवत्** जस्ता पुस्तकहरू अध्ययन गरेको पाइन्छ । उनी स्कुल पढ्दाको समयमा आजको जस्तो पुस्तकहरू प्राप्त गर्न सहज नभए तापनि उनले विभिन्न माध्यमबाट भेटिएका साहित्यिक कृतिहरू पढ्ने गर्दथे । स्वअध्ययन तर्फ उनको तीव्र इच्छा भएकाले गर्दा प्रवेशिका परीक्षा दिएर बसेको समयमा उनले **मुनामदन, तरुण तपसी, आमा, सेतो बाघ** जस्ता कृतिहरू पढेका थिए (राममणि ढुङ्गेलको अन्तर्वार्ता अनुसार) । आफूमा पढ्ने इच्छा तीव्र भएकोले तत्कालीन समयमा उपलब्ध भएसम्म र फुर्सद भएसम्म पुस्तक, पत्रिका आदिको स्वाध्ययन गरेको देखिन्छ ।

### २.२.५ वैवाहिक सम्बन्ध

राममणि ढङ्गेलको विवाह २१ वर्षको उमेरमा भयो । त्यतिखेर उनकी श्रीमतीको उमेर १८ वर्षको थियो । वि.सं.२०३४ फागुन महिनामा काठमाडौं गोकर्ण सुन्ताखान निवासी बद्री भण्डारी र विष्णुमाया भण्डारीकी कान्छी छोरी विमला भण्डारीसँग उनको विवाह भएको हो (विमला ढुङ्गेलको अन्तर्वार्ताका आधारमा) । आफ्नो आमाबाबुको इच्छा अनुसार नै ढुङ्गेलको विवाह भएको हो ।

### २.२.६ सन्तान

राममणि ढुङ्गेलका छोराहरू दुई जना र छोरी एक जना छन् । विवाह भएको चार वर्ष पछि अर्थात् वि.सं.२०३८ मा उनका जेठा छोरा उज्ज्वल ढुङ्गेलको जन्म भएको हो । यसै गरी वि.सं.२०४० मा कान्छा छोरा नारायण ढुङ्गेल र वि.सं.२०४२ मा छोरी यमुना ढुङ्गेलको जन्म

भएको हो (राममणि ढुङ्गेलसंगको अन्तर्वार्ताका आधारमा) । राममणि ढुङ्गेल र विमला ढुङ्गेलबाट जन्मेका सबै सन्तानहरू जीवित रहेका छन् ।

## २.२.७ पारिवारिक सन्दर्भ

बाजे टंकनाथ उपाध्यायका एक मात्र सन्तान उनका बाबु डोरनाथ ढुङ्गेल हुन् । डोरनाथ ढुङ्गेलका दुई जना श्रीमती थिए । जेठीको नाम डोलकुमारी र कान्छीको नाम फेमकुमारी हो । जेठी पट्टि एक जना छोरी मात्र भइन् जसको नाम राधा ढुङ्गेल हो । यसैगरी कान्छी पट्टिका तीन जना छोरीहरू क्रमशः मन्जरी, देवकी र इन्दिरा ढुङ्गेल हुन् । उनका भाइ कृष्णगोपाल ढुङ्गेल हुन् । यस बाहेक उनका दुई बहिनी र एक भाइ पनि थिए । उनीहरू सानैमा परलोक भए (शोध नायकबाट प्राप्त जानकारी अनुसार) । यसरी हेर्दा राममणि ढुङ्गेल छोराहरूमा जेठा तथा सन्तानमा पाँचौ सन्तान हुन् ।

## २.२.८ पारिवारिक आर्थिक अवस्था

राममणि ढुङगेलको परिवार आर्थिक रूपमा मध्यमवर्गीय परिवारभित्र पर्ने परिवार हो । राममणि ढुङ्गेलको आर्थिक स्रोत मुख्य गरी कृषि रहेको पाइन्छ । आफ्नो खेतबारीमा उब्जाउ भएको अन्नले वर्ष भरि नै खान पुग्ने तथा केही मात्रामा बेचबिखन पनि गर्ने गर्दछन् । यसको अतिरिक्त उनी जागिर पेसामा संलग्न भई अधिकृत भएर हाल अवकाश जीवन बिताइ रहेका छन् । यसर्थ, उनको परिवारलाई मध्यम वर्गीय परिवार भनिन्छ (राममणि ढुङ्गेलको अन्तर्वार्ताको आधारमा) । समग्रमा हेर्दा कृषि पेसाबाट जीवन धान्न उनी जागिरे समेत भएका कारणले उनको पारिवारिक आर्थिक अवस्था मध्यमवर्गीय भित्र पर्दछ ।

## २.२.९ जागिरे जीवन

प्रवेशिका उत्तीर्ण भएपछि राममणि ढुङ्गेलले जागिरे जीवन सुरु गरेका हुन् । उनले सर्वप्रथम वि.सं.२०३० मा सर्वोच्च अदालतमा अस्थायी बहिदार कर्मचारी भएर केही वर्ष काम गरे । यसै गरी वि.सं.२०३३ मा उनले वाणिज्य बैङ्कमा १ वर्ष सहायक पदमा कार्य गरे । त्यसपछि वि.सं.२०३४ मा उनले कृषि विकास बैंङ्कको सहायक कर्मचारीमा नियुक्ति पाएर केही वर्ष त्यहाँ काम गरे । यसै बीचमा उनले केही समय विद्यालयमा समेत अध्यापन गरेको पाइन्छ । यसरी काम गर्दा गर्दै वि.सं.२०३८ मा लोक सेवा आयेगको नायब सुब्बा पदको परीक्षा पास गरेर उनी महालेखा परीक्षकको विभाग, काठमाडौंमा कार्यरत भए (राममणि ढुङ्गेलको अन्तर्वार्ताको आधारमा) । त्यहाँ कार्य गरेको एक वर्ष पछि महालेखा नियन्त्रकको कार्यालय हुँदै कोष तथा लेखा नियन्त्रण कार्यालय, बैतडी लगायत विभिन्न कार्यालयहरूमा काम गरे । खास गरेर प्रत्येक दुई तीन वर्षको अन्तरालमा एउटा कार्यालयबाट अर्को कार्यालयमा सरुवा गरिने प्रक्रियाका कारणले उनले नेपालका लगभग एक दर्जन जति सरकारी कार्यालयहरूमा काम गरे । यसरी आफ्नो कर्तव्य पूरा गर्दै वि.सं.२०६४ मा अधिकृत भई वि.सं.२०७१ मा उनले स्वास्थ्य सेवा विभाग, स्वास्थ्य शिक्षा तथा सूचना केन्द्र काठमाडौंबाट अवकाश प्राप्त गरे । लोकसेवाको नायब सुब्बा परीक्षा उत्तीर्ण गरी नेपाल सरकारको सेवामा प्रवेश गरी अधिकृतमा बढुवा भएको र २०७१ मा अवकाश प्राप्त गरेका हुन् (सुवास चन्द्र ढुङ्गेलको अन्तर्वाताको आधारमा) । समग्रमा प्रवेशिका परीक्षा पास गरेर आफ्नो जागिरे जीवन सुरु गरेका ढुङ्गेलले सुरुका दुई वर्ष अस्थायी र पाँच वर्ष बैंकमा स्थायी नोकरी गरे भने लगभग ३३ वर्ष सरकारी सेवामा  विभिन्न कार्यालयहरूमा आफ्नो जिम्मेवारी पुरा गर्दै अवकाश प्राप्त गरेको देखिन्छ ।

## २.२.१०भ्रमण

राममणि ढुङ्गेलले नेपालका मेचीदेखि महाकालीसम्म तराईका सबै जिल्लाहरू जस्तै झापादेखि कञ्चनपुर र पहाडका प्रायः जसो जिल्लाहरू ताप्लेजुङदेखि दार्चुलासम्म भ्रमण गरेका छन् । यी जिल्लाहरू भ्रमण गर्नुको उद्देश्य प्रायः जसो जागिरको सिलसिला, आफ्नो देशको भौगोलिक स्थितिको बारे जानकारी प्राप्त गर्ने र सांस्कृतिक र धार्मिक उद्देश्य समेत रहको पाइन्छ

(राममणि ढुङ्गेलको अन्तर्वार्ताको आधारमा) । यसै गरी उनी घुमेका विदेशी मुलुकहरूमा अस्ट्रेलिया, भारत र हङकङ् पर्दछन् । उनी तीर्थ यात्रा, स्वास्थ्य परीक्षण र घुमघामको सिलसिलामा भारत गएका हुन् भने हङकङ विदेशी संस्थाको निमन्त्रणा स्वीकार्दै पुगेका हुन् । उनका कान्छा छोरा नारायण ढुङ्गेल अस्ट्रेलियामा भएको र छोराले भ्रमणको लागि बोलाएको कारण अस्ट्रेलिया पुगेका हुन् ।

### २.२.११ रुचि

राममणि ढुङ्गेलको रुचि अध्ययन अनुसन्धान गर्नु, लेख्नु र भ्रमणमा नै विशेष रहेको छ । फुर्सदको समयमा ऐतिहासिक तथा धार्मिक चलचित्र हेर्नु, मौलिक सङ्गीत सुन्नु अनि यदाकदा अभिनय गर्नु पनि उनको रुचिका विषयहरू हुन् (शोधनायकबाट प्राप्त जानकारी अनुसार) । खास गरेर सनातन धर्म, संस्कृति, निमुखा समुदाय तथा प्राकृतिक छटाहरूमा नै उनको अध्ययन अनुसन्धान केन्द्रित रहेको पाइन्छ । यसै गरी प्रकृतिका मनोरम दृश्यहरूको अवलोकन गर्नु तथा वनजङ्गल डाडाँकाडाको भ्रमण गर्नु पनि रहेको पाइन्छ ।

### २.२.१२ मनपर्ने साहित्यकार र कृतिहरू

राममणि ढुङ्गेललाई धेरै साहित्यकारहरू र साहित्यिक कृतिहरू मन पर्छन् । जसमध्ये विशेष रूपमा प्रभाव पार्ने सफल साहित्यकारहरूमा महाकवि लक्ष्मीप्रसाद देवकोटा, पारिजात र म्याक्सिम गोर्की पर्दछन् । उपर्युक्त साहित्यकारका कृतिहरूमध्ये उनलाई **मुनामदन** खण्डकाव्य, **शिरीषको फूल** र **आमा** उपन्यास विशेष मन पर्छ । राममणि ढुङ्गेललाई देवकोटा मन पर्नुको प्रमुख कारण भनेको उनको साहित्यमा स्वच्छन्दतावादी स्वर हुनु र **मुनामदन** प्रणय विषयवस्तु तथा नेपाली जनताको लोक लय अर्थात् झ्याउरे लयमा उक्त काव्य सलल बग्नु प्रमुख रूपमा रहेको छ । यसैगरी पारिजात मन पर्नुको पछाडि अस्तित्ववादी दर्शनलाई प्रमुख रूपमा उठाउनु अनि **शिरीषको फूल**मा त्यही दर्शन राखेर मान्छेको जिन्दगीको वर्णन गर्दै शून्यमा गएर अन्त्य हुन्छ भन्ने शिक्षा दिनु नै प्रमुख रहेको छ । गोर्कीलाई सर्वहारा जनताको साहित्यकार भन्दै **आमा** उपन्यासको विषयवस्तु प्रस्तुतीकरण शैली, पात्रहरूको अवस्था आदिको पृथक् ढङ्गको व्याख्या रहेको कारणले उनलाई मन पर्छ ।

### २.२.१३ केही सुख दुःखका स्मरणीय क्षणहरू

(क) **सुखका क्षणहरू :** राममणि ढुङ्गेलका सुखका केही अविस्मरणीय क्षणहरू निम्नानुसार छन् ।

राममणि ढुङ्गेल प्रवेशिका परीक्षा पास हुँदा, जग्गा सम्बन्धी विवाद मिल्दा र वि.सं.२०३४ मा 'अब म कहिल्यै विदेशिन्न' नामक कथा रेडियो नेपालबाट प्रसारण हुँदा विशेष खुसी भएका थिए ।

**(ख) दुःखका क्षणहरू :** रामणि ढुङ्गेलका केहि अविस्मरणीय दुःखका क्षणहरू निम्नानुसार छन् :

राममणि ढुङ्गेलकी आमाको स्वर्गारोहण हुँदा, आत्मीय मित्र डा. पुष्पराज चालिसेको अकल्पनीय देहावसान हुँदा र आफूले नङ्ग्रा खियाएर लगाएको अन्नबाली गुन्डागर्दी शैलीमा अर्कैले काटी लुटेर लगेको तर आफूले निरीह भै हेर्न बाहेक केही गर्न नसकेको क्षणमा उनी साह्रै दुःखी भएका थिए ।

### २.२.१४ साहित्य क्षेत्रमा प्रवेश

#### (क) लेखन प्रेरणा र आरम्भ

राममणि ढुङ्गेललाई साहित्यतर्फ लाग्ने प्रेरणा खास गरेर आफ्नै आमा फेमकुमारीको रहेको पाइन्छ । फेमकुमारीले दैनिक जसो गीता पाठ गर्नु, उनलाई कतिपय श्लोक कण्ठ हुनु, कण्ठ भएका श्लोकलाई गीती शैलीमा गुन्गुनाउनु र त्यसको प्रभाव राममणिमा पर्नु नै प्रमुख कारण रहेको पाइन्छ । यसका अतिरिक्त यस क्षेत्रमा प्रवेश गर्नुका पछाडि उनका मावली हजुरबुबा

नरहरि आचार्य तथा मामा कृष्णप्रसाद आचार्यको पनि प्रभाव परेको पाइन्छ । खासगरी मामली हजुरबुबा पण्डित भएकाले श्रीमद्भागवद् लगायत संस्कृतका ग्रन्थ वाचन गर्ने गर्दथे । ढुङ्गेल पनि आमासँग मामाघर जाँदा हजुरबुबाले वाचन गरेका ग्रन्थहरू सुन्ने र मनन गर्ने गर्दथे । साथै, मामा कृष्णप्रसाद पनि कवि भएकोले त्यसको प्रभाव पनि यिनमा परेको पाइन्छ । राममणि साहित्य लेखन यात्रामा प्रवेश गर्नुको पछाडि उनका घनिष्ठ मित्र डा.पुष्पराज चालिसेको प्रोत्साहन पनि अविस्मरणीय रूपमा रहेको पाइन्छ । चालिसेसँगको सम्बन्ध र उनको हौसला, प्रेरणा तथा एक अर्कोमा कसरी पृथक् लेख लेख्न सकिन्छ भन्ने प्रतिस्पर्धात्मक मानसिकता पनि यस क्षेत्रमा अघि बढ्न सहयोगी भएर आएको देखिन्छ । यसैगरी प्रसिद्ध लेखक कृष्णप्रसाद पराजुलीसँगको सम्बन्ध र उनका कृतिहरूको प्रभाव तथा महाकवि देवकोटाको **मुनामदन** खण्डकाव्य र पारिजातको **शिरीषको फूल** उपन्यास पढेपछि आफूलाई पनि साहित्यिक क्षेत्रमा केही गर्न पर्छ भन्ने भावना पलाएर यस क्षेत्रमा उनले प्रवेश गरेका हुन् (शोधनायकसँगको अन्तर्वार्तामा आधारित) । समग्रमा आफ्नो वंशाणुगत प्रभाव र अन्य साथी भाइसँगको सङ्गत अनि प्रसिद्ध साहित्यकारका कृतिहरूको अध्ययनले नै राममणि ढुङ्गेललाई साहित्य क्षेत्रमा लाग्ने प्रेरणा प्राप्त भयो ।

राममणि ढुङ्गेल स्कुले जीवन देखि नै साहित्यतर्फ आकर्षित भएका हुन् । स्कुलमा हुने प्रायः जसो साहित्यिक कार्यक्रममा उनी सहभागी हुने गर्दथे । राममणिले कक्षा सातमा अध्ययन गर्दा स्कुलमा भएको अतिरिक्त क्रियाकलापमा 'मेरो देश' नामक चार हरफको कविता रचना गरेर वाचन गरेका थिए । उक्त कविताको प्रशंसा गर्दै शिक्षकहरूले उनलाई 'उदाउन लागेको तारा' को संज्ञा दिएर उनको हौसला बढाउने काम गरेका थिए । यही नै उनको साहित्य क्षेत्रमा लाग्ने एउटा जगको रूपमा स्थापित भयो ।

राममणि ढुङ्गेलले वि.सं.२०३४ मा साहित्यिक क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेको पाइन्छ । उक्त वर्ष 'अब म कहिल्यै विदेसिन्न' नामक कथा रेडियो नेपालबाट प्रसारण भएको हो । उक्त कथा उनको जिन्दगीको सबभन्दा पहिलो सार्वजनिक भएको कथा हो । यसैगरी वि.सं.२०४१ मा 'समष्टि' पत्रिकामा राममणिको पहिलो कविता सार्वजनिक भयो, जसको शीर्षक 'जीवनयात्रा' थियो । यसरी प्रसारणका दृष्टिले 'अब म कहिल्यै विदेसिन्न' कथा र प्रकाशनका दृष्टिले 'जीवनयात्रा' शीर्षकको कविता उनका प्रथम साहित्यिक रचना हुन् । साथै विभिन्न सञ्चार माध्यमबाट आफ्नो रचना अघि बढाउँदै लैजाने काम गर्दा गर्दै वि.सं.२०५३ मा साहित्यिक यात्राको पहिलो खुड्किलो कविता सङ्ग्रह **आस्थाको बगैंचा** प्रकाशित भयो र उनी यस क्षेत्रमा स्थापित साहित्यकार बन्न पुगे । यद्यपि लेखन यात्राको पहिलो पुस्तकाकार कृति वि.सं.२०५१ मा **चेपाङ समुदाय र संस्कृति** नामक लोकसाहित्य र संस्कृति समेटिएको अनुसन्धानात्मक कृति प्रकाशित भइसकेको पाइन्छ ।

**(ख) प्रकाशित पुस्तकाकार कृतिहरूको सूची यस प्रकार छ :**

१. **चेपाङ समुदाय र संस्कृति**, २०५१ (अनुसन्धान)

२. **आस्थाको बगैंचा**, २०५२ (कवितासङ्ग्रह)

३. **अक्षरभ्रूण र अर्को बुद्ध** २०६८ (कवितासंङ्ग्रह)

४. **सडकसीमा** २०५३ (नाटक सहलेखन)

५. **अँध्यारोभित्रको मान्छे** २०५७ (कथा सङ्ग्रह)

६. **अनलाइन डट कम** २०६६ (कथा सङ्ग्रह)

७. **डा.पुष्पराज चालिसे स्मृतिग्रन्थ** २०६३ (सम्पादन)

८. **चक्रपाणि अभ्यर्चना** २०६५ (सम्पादन)

माथि उल्लेख गरिएका बाहेक पनि उनका विभिन्न पत्र-पत्रिकाहरूमा विभिन्न लेख रचनाहरू प्रकाशन भएका छन् । हालसम्म उपलब्ध निम्नानुसार छन् :–

| क.सं. | शीर्षक | पत्रिका | वर्ष |
|---|---|---|---|
| १ | ग्रामीण विकासमा पंचायत क्षेत्र | पंचायत दर्पण | २०३८।३९ |
| २ | छैठौं पञ्चवर्षीय योजनामा कृषि विकास: एक चर्चा | नेपाल | २०३९ |
| ३ | नेपालमा सिंचाइ: आर्थिक विकासको परिप्रेक्ष्यमा | उपहार | २०३९ |
| ४ | कृषि विकासको पक्षमा साझा कार्यक्रम | साझा | २०३९ |
| ५ | नेपालमा मुद्रा बजारका अंगहरू: एक अध्ययन | नेपाल बैंक पत्रिका | २०३९ |
| ६ | ग्रामीण विकास: एक विवेचना | बाल दीपिका | २०३९ |
| ७ | खनिज अन्वेषण-एक दृष्टि | नेपाल | २०४० |
| ८ | स्थानीय विकासको लागि साझा | साझा | २०४० |
| ९ | शान्तिक्षेत्र नेपाल | मिर्मिरे | २०४१ |
| १० | नेपालमा सिंचाइ विकास | नेपाल | २०४१ |
| ११ | नेपालमा बढ्दो बजेट व्यवस्थापन र लेखा परीक्षण | नेपाल | २०४२ |
| १२ | आर्थिक विकासको परिप्रेक्ष्यमा कृषि विकास | पंचायत दर्पण | २०४२।४३ |
| १३ | निगालाशैनी भगवती: एक परिचय | नेपाल | २०४९ |
| १४ | वातावरण संरक्षण: आजको आवश्यकता | नेपाल | २०५१ |
| १५ | नेपालको संविधानमा शक्ति पृथकीकरण | कान्तिपुर | २०५१ |
| १६ | पुरातत्व र संस्कृतिको धरोहर भक्तपुर कटुञ्जे स्थित सुशील भैरव | संस्कृति | २०६७ |
| १७ | जागिरको मर्यादा (नाटक) | मिर्मिरे | २०४१ |
| १८ | एउटा घरको दुई कोठा (नाटक) | परिवार | २०५२ |
| १९ | अन्तिम सिमाना (नाटक) | मधुपर्क | २०५३ |
| २० | आशा (नाटक) | उपासना | २०५५ |

### २.२.१५ पुरस्कार-सम्मान

नेपाली साहित्यको क्षेत्रमा सेवा गरे बापत् राममणि ढुङ्गेललाई विभिन्न पुरस्कार तथा सम्मान प्रदान गरिएको पाइन्छ । जसमा लोकसाहित्य पुरस्कार (२०५१), बाबा ओमबीर सिंह बस्न्यात प्रतिभा पुरस्कार (२०६३), सुनकोसी साहित्य प्रतिष्ठानबाट सिर्जना सम्मान (२०६६), क्षेत्रीय प्रतिभा पुरस्कार, (२०६७), कटुञ्जे गा.वि.स.लगायत विभिन्न संघ संस्थाबाट सम्मान तथा अभिनन्दन छन् ।

### २.२.१६ योगदान-संलग्नता

राममणि ढुङ्गेलले नेपाली साहित्यमा विभिन्न कृतिहरू दिएर अतुलनीय योगदान पुऱ्याएका छन् । यस बाहेक विभिन्न साहित्यिक संस्थासँग आवद्ध भएर साहित्यको सेवामा लागि परेका छन् । ढुङ्गेल आवद्ध भएर कार्य गरेका संस्थाहरूमा संस्थापक अध्यक्ष फेडोल साहित्य प्रतिष्ठान, पराग साहित्यिक समूहको सचिव भै लामो समय कार्य, चक्रपाणि स्मारक प्रतिष्ठानमा संस्थापक सदस्य सचिव, बाबा ओमवीर सिंह बस्न्यात पुरस्कार गुठीको सचिव, जनमत प्रकाशन र सुनकोसी साहित्य प्रतिष्ठानका आजीवन सदस्य, पराग समूहद्वारा आयोजित अधिराज्यव्यापी गजल गोष्ठीको व्यवस्थापक सदस्य र चक्रपाणि स्मारक प्रतिष्ठानद्वारा आयोजित अधिराज्यव्यापी कवयित्री गोष्ठीका सञ्चालक सचिव भई साहित्यको विकास गर्नको लागि तत्पर भएर लागि परेका छन् ।

## २.३ निष्कर्ष

भक्तपुर जिल्लाको कटुञ्जे गा.वि.स.मा वि.सं.२०१३ मा पिता डोरनाथ र माता फेमकुमारीका पाँचौ सन्तानका रूपमा जन्मेका बालकको नाम राममणि ढुङ्गेल हो । सामान्य गाउँले परिवेश तथा मध्यवर्गीय परिवारमा हुर्केका राममणिको बाल्यकाल त्यति सुखद देखिँदैन । विभिन्न घरायसी कारण तथा अन्य कारणले गर्दा उनको बाल्यअवस्था संकटमा नै बितेको हो । राममणि सानैदेखि एकान्तप्रेमी, मिलनसार, कम बोल्ने र प्राकृतिक दृश्यहरूमा रमाउने खालका व्यक्ति थिए ।

सानै उमेरमा व्रतबन्ध भएको र त्यसपछि उनका पिताले उनलाई रुद्री र चण्डी सिकाउन थालेको देखिन्छ । साथै, आफ्ना पिताबाट क, ख, ग, घ सिक्दै शिक्षा सुरु गरेका राममणिले पाँच वर्षको उमेरमा स्कुल भर्ना भई पढाइ औपचारिक रूपमा सुरु गरेका हुन् । त्यसपछि राममणि ढुङ्गेलले विस्तारै आफ्नो पढाइ पुरा गर्दै वि.सं.२०५५ मा त्रि.वि.बाट स्नातकोत्तर उत्तीर्ण गरेका हुन् । डोरनाथ ढुङ्गेलका दुई श्रीमतीमध्ये राममणि कान्छी पट्टीका चौथो सन्तान हुन् । वि.सं. २०३४ मा गोकर्ण निवासी विमला भण्डारीसँग विवाह भएको र उक्त जोडीबाट दुई छोरा र एक छोरीको जन्म भएको छ । पिता डोरनाथले आफ्नो घरपरिवारप्रति निर्वाह गर्नुपर्ने भूमिका पर्याप्त मात्रामा नगरेका कारणले गर्दा ढुङ्गेलले एस.एल.सी.पास गरे पछि नै आफ्नो जागिरे जीवन सुरु गरेको देखिन्छ । आफ्नो परिवारप्रतिको कर्तव्य पूर्ण रुपमा निर्वाह गर्न उनले सर्वोच्च अदालतमा अस्थायी कर्मचारी भएर जागिरे जीवन सुरु गरे । त्यसपछि उनले विभिन्न कार्यालयहरूमा एक दुई वर्ष कार्य गर्दा गर्दै वि.सं. २०३८ मा लोक सेवा आयोगको नायब सुब्बा पास गरी महालेखा परीक्षकको विभाग हुँदै विभिन्न कार्यालयहरूमा दुई तीन वर्षको अवधिमा सरुवा हुदै आफ्नो जिम्मेवारी पूरा गर्दै वि.सं. २०६४ मा अधिकृत र वि.सं. २०७१ मा स्वास्थ्य सेवा विभाग, स्वास्थ्य शिक्षा तथा सूचना केन्द्र, काठमाडौंबाट अवकाश प्राप्त गरे ।

राममणि ढुङ्गेल स्कुले जीवनदेखि नै साहित्यतर्फ आकर्षित हुनुका साथै उनलाई यस क्षेत्रमा प्रवेश गर्नको लागि उनकी आमा, मावली हजुरबुबा, मामा अनि घनिष्ठ मित्र डा.पुष्पराज चालिसे र कृष्णप्रसाद पराजुलीको प्रेरणा र प्रभाव विशेष परेको देखिन्छ । यसै गरी देवकोटाको **मुनामदन,** पारिजातको **शिरीषको फूल** आदि कृति पढेपछि साहित्य क्षेत्रमा आफूले पनि केही गर्नु पर्छ भनेर मन भित्र उठेको तरङ्गको प्रभाव पनि रहेको देखिन्छ । स्कुल पढ्दा नै चार हरफे

कविता 'मेरो देश' रचना गरी अतिरिक्त क्रियाकलापमा प्रशंसा पाएकोले पनि उनमा उत्सुकता जागेको पाइन्छ । वि.सं.२०३४ मा रेडियो नेपालबाट उनको कथा 'अब म कहिल्यै विदेसिन्न' प्रसारण भएपछि उनको साहित्यिक सपनाले मूर्त रूप लिन सुरु गऱ्यो ।

रामरमणि ढुङ्गेलका हालसम्म छ ओटा पुस्तकाकार कृतिहरू तथा दुईटा सम्पादन कृतिहरू गरी आठ वटा पुस्तकहरू प्रकाशित भएका छन् । यसका अतिरिक्त विभिन्न पत्र पत्रिकाहरूमा कथा, कविता, नाटक, लेख तथा रचनाहरू छरिएर रहेको पाइन्छ । उनको पुस्तकाकार कृतिहरू मध्येको पहिलो प्रकाशित कृति **चेपाङ समुदाय र संस्कृति** (२०५१) हो । राममणिलाई साहित्यमा लागेपछि विभिन्न संघ संस्थाहरूले मान-सम्मान र पुरस्कार दिनुका साथै उनी नेपाली साहित्यको विकास गर्नु पर्छ भन्ने मान्यता राख्दै विभिन्न साहित्यिक संस्थाहरूमा संलग्न भई नेपाली साहित्यको सेवामा लागि परेका छन् । समग्रमा नेपाली साहित्यको इतिहासमा लगभग तीन दशक समय बिताइसकेका ढुङ्गेल यही क्षेत्रलाई आफ्नो कर्मथलो बनाएर नेपाली साहित्यलाई अझ उच्चताको शिखरमा पुऱ्याउनु पर्छ भन्दै बाँकी रहेको जिन्दगी साहित्य सेवामा नै बिताउने इच्छा प्रकट गर्दछन् ।

तेस्रो परिच्छेद

# राममणि ढुङ्गेलको व्यक्तित्व

## ३.१ विषय परिचय

कुनै पनि व्यक्ति साहित्य, समाज, दर्शन आदि क्षेत्रमा समर्पित हुँदा उसका व्यक्तित्वका विभिन्न पाटाहरू निर्माण हुन्छन् । यिनै विभिन्न पाटाहरूबाट निर्मित राममणि ढुङ्गेलको व्यक्तित्व प्रस्तुत परिच्छेदमा चर्चा गरिएको छ । यसरी चर्चा गर्दा उनको व्यक्तित्वलाई आवश्यकता अनुसार विभिन्न शीर्षक-उपशीर्षकहरूमा राखिएको छ ।

## ३.२ राममणि ढुङ्गेलको निजी व्यक्तित्व

कुनै पनि व्यक्तिका निजी बानीबेहोरा आदिसँग सम्बन्धित व्यक्तित्वलाई उसको निजी व्यक्तित्वको रूपमा लिइन्छ । निजी व्यक्तित्वले व्यक्तित्वको बाहिरी अर्थात शारीरिक पक्ष र भित्री अर्थात आन्तरिक पक्षको बोध गराउने भएकोले यसलाई दुई भागमा वर्गीकरण गरिन्छ ।

### ३.२.१ बाह्य व्यक्तित्व :

कुनै पनि व्यक्तिको शारीरिक बनावट नै बाह्य व्यक्तित्वसँग सम्बन्धित हुन्छ । यसर्थ राममणि ढुङ्गेललाई त्यसै अनुसार हेर्दा निम्न कुराको जनाकारी पाउन सकिन्छ । राममणि ढुङ्गेलको शारीरिक व्यक्तित्वको अध्ययन गर्दा गहुँ गोरो वर्णका, धेरै लाम्चो पनि नभएको, धेरै गोलो पनि नभएको अनुहार भएका, ठूलो नाक, मोटो खालको शरीर, मिलेको दाँत, लगभग ५.५ फिट उचाइ भएका, कालो आँखा, बाक्लो तिल चामले कपाल, पातलो दाह्री, प्रायः ढाका टोपी लगाउने, सानो कुरामा पनि भावुक हुने, हसिलो अनुहार रहेको पाइन्छ ।

### ३.२.२ आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्वमा उसका बानी बेहोरा स्वभाव जस्ता कुराहरू पर्दछन् । यसै आधारमा राममणि ढुङ्गेलको आन्तरिक व्यक्तित्व बुझ्दा उनी सानै देखि कम बोल्ने, खेल्नमा कम रुचि राख्ने, बौद्धिक तथा स्वास्थ्यवर्धक खेल खेल्न मन पराउने, प्राकृतिक दृश्यहरूको अवलोकनमा रुचि राख्ने तथा गम्भीर स्वभावका व्यक्ति हुन् । राममणि ढुङ्गेल धनी, गरिब आदिप्रति भेदभाव नगर्ने, गरिब निःमुखाहरूप्रति विशेष दयामाया राख्ने, बौद्धिकतामा रुचि राख्ने साथै अध्ययनशील व्यक्तित्व पनि हुन् । आफू स्रष्टा भएर होला उनी अरुको सम्मानमा गौरव मान्दछन् । साथै राममणि ढुङ्गेलमा सरल, सहज, हसिलो अनुहार, भावुक प्रकृतिका, कर्ममा विश्वास गर्ने जस्ता विशेषता पाइन्छ ।

## ३.३ स्रष्टा व्यक्तित्व

कुनै पनि व्यक्तित्वको स्रष्टा व्यक्तित्वको वर्गीकरण त्यस व्यक्तित्वका साहित्यिक कृतिको आधारमा गरिन्छ । ढुङ्गेलको साहित्यिक व्यक्तित्वलाई पनि उनका हालसम्म फेला परेका रचनाहरूको आधारमा बुँदागत रूपमा निम्न अनुसार छुट्याउँदा सान्दर्भिक हुन्छ ।

### ३.३.१ कथाकार व्यक्तित्व

राममणि ढुङ्गेलको प्रमुख व्यक्तित्वमध्ये कथाकार व्यक्तित्व प्रमुख हो । नेपाली साहित्यमा औपचारिक रूपमा उनी कथा विधाबाट प्रवेश गरेका हुन् । वि.सं.२०३४ मा रेडियो नेपालबाट उनको प्रथम कथा 'अब म कहिल्यै विदेसिन्न' प्रसारण भएसँगै उनी यस क्षेत्रमा प्रवेश गरेका हुन् (राममणि ढुङ्गेलसँगको अन्तर्वार्ताको आधारमा) । उक्त कथा पछि शीर्षक परिवर्तन गरी 'प्रण' शीर्षक राखेर **अनलाइन डट कम** मा सङ्कलित भएर आयो । यस कथामा कथाकारले समाजमा

भएको बेरोजगारी समस्यालाई प्रस्तुत गर्दै नेपालीको विदेसिनु पर्ने बाध्यता तथा राष्ट्र र राष्ट्रियताले असाध्यै छट्पटी हुँदा पुनः नेपाल फर्केको देखाउँदै विदेशमा गर्ने दुःख स्वदेशमा नै गर्न सके आफ्नो देश विकास हुने र बेरोजगारी समस्या पनि हट्दै जानेतर्फ सङ्केत गरेका छन् । राममणि ढुङ्गेलका हालसम्म दुईटा कथा सङ्ग्रह प्रकाशित भएका छन् । जसमा **अँध्यारोभित्रको मान्छे** (२०५७) र **अनलाइन डट कम** (२०६७) पर्दछन् । कथाकार राममणि ढुङ्गेलले **अध्यारो भित्रको मान्छे** कथा सङ्ग्रहमा नेपाली समाजका विविध विकृति र विसङ्गतिलाई प्रस्तुत गर्दै यौन, प्रणय सम्बन्ध, अन्धविश्वास जस्ता विषयहरूलाई पनि पस्केका छन् । **अनलाइन डट कम** मा सामाजिक जीवनका कटुता, विसङ्गत भोगाइ, भ्रष्ट आचरण आदिलाई केन्द्रमा राखेर कथाकारले कथाहरू सिर्जना गरेका छन् । माथि उल्लेख गरेका कथा सङ्ग्रहहरूको अध्ययन गर्दा राममणि ढुङ्गेल कथाकार हुन् भन्ने पुष्टि हुन्छ । उनका **अनलाइन डट कम** मा समावेश भएका कथाहरू कथानक प्रस्तुतीकरण शैली समेतबाट पृथक् किसिमका रहेका छन् ।

### ३.३.२ कवि व्यक्तित्व

प्रायः साहित्यकारहरूले आफ्नो साहित्यिक यात्रा कविता विधाबाट नै सुरु गर्ने गर्दछन् । यस्तै राममणि ढुङ्गेलले पनि आफ्नो साहित्यिक यात्रा कविताबाट नै सुरु गरेका हुन् । खास गरेर स्कुल पढ्दा नै उनले 'मेरो देश' नामक चार हरफे कविता लेखे तापनि त्यो अप्रकाशित रह्यो । उनको औपचारिक रूपमा सार्वजनिक भएको पहिलो कविता 'जीवनयात्रा' हो । वि.सं.२०४१ मा समष्टि पत्रिकामा यो कविता प्रकाशन भएको थियो । उनका हालसम्म दुईटा कविता सङ्ग्रह प्रकाशित भएका छन् । जसमा **आस्थाको बगैचा** (२०५३) र **अक्षरभ्रूण र अर्को बुद्ध (२०६८)** हुन् । उनले **आस्थाको बगैचा** कविता सङ्ग्रहमा हाम्रो परिवेश तथा सुख-दुःखका बारेमा चिनाउँदै आस्थाको बगैचालाई विषालु कीराहरूले बिगार्ने र हुर्कन नदिने भन्दै तिनीहरूप्रति सचेत रहनु पर्छ र आस्थाको बगैचालाई संरक्षण गरी विकास गर्नु पर्छ भन्ने सङ्केत गरेका छन् । यस्तै गरी **अक्षर भ्रूण र अर्को बुद्ध** कविता सङ्ग्रहमा कविले अक्षरको भ्रूण रोपेर अर्को बुद्ध जन्माउनेतर्फ कल्पना गर्दै बुद्धको जस्तो त्याग र तपस्याले मात्र देशमा शान्ति र विकास ल्याउन सकिन्छ भन्ने अर्थ प्रस्तुत गरेका छन् । अतः यी दुई सङ्ग्रहको अध्ययनबाट राममणि ढुङ्गेलको कवि व्यक्तित्वको पुष्टि हुन्छ ।

### ३.३.३ नाटककार व्यक्तित्व

राममणि ढुङ्गेलको नाटककार व्यक्तित्व पनि प्रबल देखिन्छ । थोरै तथा छोटा-छोटा नाटक लेखे पनि त्यसले दिन खोजको सन्देश, त्यसमा प्रयोग भएका पात्र आदिले गर्दा उनका नाटकहरू पृथक् किसिमका छन् । हालसम्मको खोज अनुसार वि.सं.२०४१ भदौ महिनामा मिर्मिरे पत्रिकामा प्रकाशित 'जागिरको मर्यादा' नामक नाटक उनको पहिलो नाटक हो । प्रस्तुत नाटकमा नाटककारले हाम्रै समाजमा देखा परेको विभेदकारी परम्पराको चित्रण गरेका छन् । यसै गरी वि.सं.२०४१ मा 'परिवार' नामक पत्रिकामा ढुङ्गेलको अर्को नाटक 'एक घरको दुई कोठा' प्रकाशन भयो । वि.सं.२०५३ मा 'मधुपर्क'मा 'अन्तिम सिमाना', वि.सं.२०५५ मा 'उपासना' पत्रिकामा 'आशा' नामक नाटकहरू प्रकाशित भएको पाइन्छ । वि.सं. २०५२ मा ढुङ्गेलले नाटककार गोपाल पराजुली र रमेशजङ्ग सिजापतिको सहलेखनमा **सडकसीमा** नाटक पुस्तकाकार रूपमा प्रकाशित गरे । **सडकसीमा** बाहेकका नाटकहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । लगभग आधा दर्जन जति नाटक प्रकाशित गरेका यी नाटककारका नाटकहरूमा हाम्रै समाजको यथार्थ चित्रण पाइन्छ । अनि कतै कतै कलियुगको छद्मभेषी बुद्धको पनि सङ्केत पाइन्छ । यिनका नाटकका पात्रहरूमा बुद्ध, परेवा, अ, आ जस्ता साङ्केतिक पात्रहरूको प्रयोग भएको पाइन्छ । यिनै माथि उल्लेखित कुराहरूबाट राममणि ढुङ्गेलको नाटककार व्यक्तित्वको पुष्टि हुन्छ ।

### ३.३.४ सम्पादक व्यक्तित्व

राममणि ढुङ्गेलले विभिन्न पत्रपत्रिकाहरूको सम्पादन पनि गरेका छन् । पत्रिकाहरुमा ‘लहरा’, ‘सम्प्रेषण’, ‘कुष्ठरोग निवारण स्मारिका’ आदि पर्दछन् । यसैगरी उनले सम्पादन गरेका अरु चर्चित साहित्यिक पुस्तकहरूमा **डा.पुष्पराज चालिसे स्मृति ग्रन्थ** र **चक्रपाणि अभ्यर्चना** मुख्य रूपमा रहेका छन् । ‘पराग’ समूहद्वारा प्रकाशित **डा.पुष्पराज चालिसे स्मृति ग्रन्थ** पुष्पराजको प्रथम वार्षिकीको अवसर पारेर वि.सं.२०६३ कार्तिक महिनामा प्रकाशन भएको हो । यसमा खास गरेर पुष्पराजको जीवनी, उनीप्रति समर्पित लेखहरू, उनको पारिवारिक सन्दर्भ, उनले गरेका योगदान तथा विभिन्न व्यक्तिहरूले पुष्पराज सम्बन्धी लेखेका लेख तथा रचनाहरू राखिएका छन् । यसै गरी **चक्रपाणि अभ्यर्चना** चक्रापाणि स्मारक प्रतिष्ठानले वि.सं.२०६५ पौषमा प्रकाशन गरेको हो । यो नेपाली साहित्यमा अविस्मरणीय योगदान पुऱ्याउने चक्रपाणिको सम्झनामा निकालिएको हो । यसमा चक्रपाणिको जीवनी विभिन्न व्यक्तिहरूले चक्रपाणि चालिसेको सम्झनामा लेखेका लेखहरू चक्रपाणि स्मारक प्रतिष्ठानको परिचय तथा गतिविधिहरूको बारेमा चर्चा गरिएको छ । वास्तवमा यी दुई पुस्तकहरू कटुञ्जेवासीले बिर्सन नसक्ने तथा कटुञ्जेको नाम राष्ट्रिय स्तरमा चिनाउन सहयोग गर्ने व्यक्तिहरूको सम्मानमा प्रकाशन गरिएको हो । समग्रमा यी माथिका विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूको अध्ययनबाट राममणि ढुङ्गेलको सम्पादक व्यक्तित्वको पुष्टि हुन्छ ।

### ३.३.५ लेखक व्यक्तित्व

राममणि ढुङ्गेलको लेखक व्यक्तित्व पनि संस्मरणीय छ । यिनका लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । खास गरेर ढुङ्गेलका लेखहरू आयामका हिसाबले निबन्धात्मक खालका र विषयका हिसाबले प्रायः आर्थिक र साँस्कृतिक विषयवस्तुसँग सम्बन्धित रहेका पाइन्छन् । ढुङ्गेलका केही लेखहरूको नाम लिनुपर्दा ‘स्थानीय विकासका लागि साझा’ (२०४० साझा) ‘नेपालमा सिंचाइ विकास’ (२०४१ साझा) आदि रहेका छन् । आफू पनि जागिरे जीवन बिताएका कारणले गर्दा होला उनका प्रायः लेखहरूमा आर्थिक विषयवस्तु समेटिएका छन् । अनि त्यही भित्र कर्मचारी सम्बन्धी लेखहरू पनि रहेका छन् । यदाकदा यिनका केही धार्मिक, सांस्कृतिक लेखहरू पनि रहेका छन् । जसमा ‘पुरातत्व र संस्कृतिको धरोहर भक्तपुर, कटुञ्जेस्थित सुशील भैरव’ आदि रहेका छन् । यो लेख २०६७ वैशाखमा ‘संस्कृति’ नामक पत्रिकामा प्रकाशन भएको हो । यसमा लेखकले भैरवलाई केन्द्रविन्दु बनाएर उनको इतिहासदेखि वर्तमानसम्मको अवस्था, सांस्कृतिक तथा धार्मिक महत्त्व आदि चित्रण गरेका छन् । यिनै कुराहरूको अध्ययनबाट हामी राममणि ढुङ्गेल लेखक व्यक्ति हुन् भन्ने निष्कर्षमा पुग्न सक्छौं ।

## ३.४ साहित्येतर व्यक्तित्व

प्रत्येक मान्छेका जीवनका हरेक पक्षहरू हुन्छन् । साहित्य जीवनको एक पाटो हो । यस भन्दा भिन्न धार्मिक, आर्थिक, राजनीतिक पाटाहरू पनि हुन्छन् । यस्तै पाटाहरूलाई कुनै पनि व्यक्तिको साहित्येतर व्यक्तित्वका रूपमा लिइन्छ । यहाँ ढुङ्गेलको साहित्येतर व्यक्तित्वलाई बुँदागत रूपमा अध्ययन गरिएको छ ।

### ३.४.१ राजनीतिक व्यक्तित्व

राममणि ढुङ्गेलको राजनीतिक व्यक्तित्वको बारेमा कोट्याउँदा उनी राजनीतिप्रति सचेत व्यक्तित्व हुन् । राजनीतिका नाममा हुने विकृति, विसङ्गति विरुद्ध निर्भिकतापूर्वक आवाज उठाउने र राम्रो कार्यको सह्राहना गर्ने व्यक्ति हुन् । यसै गरी वि.सं.२०४६ र वि.सं.२०६२।६३ मा भएका जनआन्दोलनमा विभिन्न विरोध सभा तथा कवि गोष्ठीमा भाग लिएर आन्दोलन सम्बन्धी कविता वाचन गरी आन्दोलनलाई थप ऊर्जा दिने कार्य राममणि ढुङ्गेलले गरेका थिए (राममणि ढुङ्गेलसँगको अन्तर्वार्ताको आधारमा) । यसबाट उनी राजनीतिमा यथास्थितिबाट प्रगतिशीलतातर्फ उन्मुख राजनीतिक व्यक्तित्व हुन् भन्न सकिन्छ । यसै गरी ढुङ्गेलका कतिपय कविता र कथाहरूमा प्रगतिशीलता सल्बलाएको भेटिन्छ । खास गरेर उनका रचनाहरूमा भ्रष्ट राजनीतिको

यथार्थ चित्रण पाइन्छ । अतः यी कुराहरूको अध्ययनबाट हामी राममणि ढुङ्गेललाई सचेत राजनीतिक व्यक्तित्वको रूपमा चित्रण गर्न सक्छौं ।

### ३.४.२ त्यागी व्यक्तित्व

राममणि ढुङ्गेलको त्यागी व्यक्तित्व अविस्मरणीय रहेको छ । उनको त्यागको विषयमा खोज्दा धेरै उदाहरणहरू भेटिन्छन् । खास गरेर वि.सं.२०६२।६३ को जनआन्दोलनमा विभिन्न गतिविधिहरूमा भाग लिने क्रममा वि.सं.२०६३ वैशाख १ गते सुनकोसी साहित्य प्रतिष्ठानले आयोजना गरेको कवि गोष्ठीमा उनले पनि कविता वाचन गरेका थिए । उक्त कार्यक्रममा कविता वाचकहरू मध्येबाट लकी-ड्र गरी सम्मान स्वरूप रु. एक हजार प्रदान गर्ने चलन थियो । यसरी लकी-ड्र गर्दा उनको नाम छनोट भयो र उनलाई रु एकहजार पुरस्कार प्रदान गरियो । उक्त पुरस्कार रकम उनले जन-आन्दोलन घाइते उद्धार कोषमा जम्मा गरिदिए (राममणि ढुङ्गेलसंगको अन्तार्वार्ताको आधारमा) । यसैगरी नेपाल सरकारबाट वि.सं.२०६७ मा प्रदान गरिएको मध्यमाञ्चल क्षेत्रीय राष्ट्रिय प्रतिभा पुरस्कार रु. पचास हजार आफूले ग्रहण गर्दा गर्दै सोही मञ्चबाट पुरस्कारको पुरै रकम रु. पचास हजारको चेक प्राकृतिक चिकित्सालय बानेश्वरलाई प्रदान गरिदिए । यिनै माथिको प्रसङ्गबाट राममणि ढुङ्गेलको त्यागी व्यक्तित्व स्पष्ट हुन्छ ।

### ३.४.३ सांस्कृतिक व्यक्तित्व

राममणि ढुङ्गेलको सांस्कृतिक व्यक्तित्व पनि अतुलनीय छ । खास गरेर उनको सांस्कृतिक व्यक्तित्वको प्रतिनिधित्व **चेपाङ समुदाय र संस्कृति** (२०५१) नामक कृतिले गर्छ । यस कृतिमा ढुङ्गेलले समाजमा पिछडिएर रहेको चेपाङ समुदायको सामाजिक, सांस्कृतिक, आर्थिक आदि साङ्गोपाङ्गो अवस्थाको बारेमा विस्तृत रूपमा विश्लेषण गरेका छन् । यसै गरी संस्कृति सम्बन्धी विभिन्न लेखहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका छन् । 'संस्कृति' पत्रिकामा उनको 'पुरातत्त्व संस्कृतिको धरोहर भक्तपुर कटुञ्जे स्थित सुशील भैरव' भन्ने लेख वि.सं.२०६७ सालमा प्रकाशन भयो । उक्त लेखमा ढुङ्गेलले भैरवको सांस्कृतिक पक्षको चित्रण व्यापक रूपमा गरेका छन् । अतः यिनै प्रमाणहरूको आधारमा राममणि ढुङ्गेलको सांस्कृतिक व्यक्तित्वको पुष्टि हुन्छ ।

### ३.४.४ धार्मिक व्यक्तित्व

हिन्दु संस्कारमा हुर्केकाहरू धर्मप्रति आस्था राख्ने गर्दछन् । राममणि ढुङ्गेल पनि यसबाट अछुतो रहन सक्दैनन् । धर्म भनेको मानिसलाई उच्छृङ्खलताबाट रोकेर सही मार्गमा हिँडाउने नियम हो भन्दै उनी हिजो हाम्रा पुर्खाले बनाएका धार्मिक नियमहरू आजको विज्ञानसँग तादत्म्य राख्दछन् भन्छन् (राममणि ढुङ्गेलको अन्तर्वार्ताको आधारमा) । हिजोको विहान विहान उठेर मन्दिर जानुपर्छ भन्ने धार्मिक नियमलाई आजको विज्ञानले मनिङ्ग वाकको संज्ञा दिएको छ भन्दै उनी पनि बिहान बिहान उठेर मन्दिर जाने गर्दछन् । यसैगरी बिहान उठेर नुहाउनाले शरीर शुद्ध हुन्छ, न्यास-ध्यान, पूजा-पाठ गर्नाले आत्म-शुद्धि हुन्छ भन्दै उनी दिनहुँ नुहाउने,  झन्डै एक घन्टाको हाराहारीमा न्यास-ध्यान, पुजा-पाठ गर्दछन् । अनि फुर्सदमा यदाकदा धार्मिक प्रवचनहरू पनि सुन्ने गर्दछन् । यसका साथै उनका केही लेखहरूमा धार्मिक विशेषताको बारेमा पनि वर्णन गरेको पाइन्छ । खास गरेर 'निगालाशैली भगवती ; एक परिचय' (२०४९), 'पुरातत्त्व र संस्कृतिको धरोहर भक्तपुर कटुञ्जे स्थित सुशील भैरव' आदि लेखमा धार्मिक महत्त्वका बारेमा स्पष्ट व्याख्या गरेको पाइन्छ । यिनै प्रमाणहरूको आधारमा हामी राममणि ढुङ्गेललाई धार्मिक व्यक्ति भनेर चित्रण गर्दछौं ।

### ३.४.५ समाजसेवी व्यक्तित्व

प्रायः जसो साहित्यकारहरू साहित्यबाट नै समाजसेवा गरिरहेका हुन्छन् । साहित्यका माध्यमले समाजमा भएका विकृति, विसङ्गति आदि हटाउने तथा साहित्यलाई समाजको ऐनाको

रूपमा लिने गर्दछन् । यस्तै राममणि पनि साहित्यबाट समाज सेवा गर्न सकिन्छ अर्थात् साहित्यलाई समाज सेवातिर लैजानु पर्छ भने मान्यता राख्ने साहित्यकार हुन् । यसका अतिरिक्त बेला बखत समाज सेवामा राममणि सक्रिय भएर लाग्ने गर्दछन् (प्रद्युम्न चालिसेसँगको अन्तर्वार्ताको आधारमा) । राममणि ढुङ्गेलले आफ्नो व्यक्तिगत सक्रियतामा चक्रपाणि स्मारक प्रतिष्ठान, तिलगंगा आँखा अस्पताल, साई केन्द्र अनामनगर र ॐ मा.वि. कटुञ्जे समेतको सहयोगमा वि.सं.२०६५ सालमा निःशुल्क आँखा शिविर सञ्चालन गरी अशक्त, असहाय, बुढा बुढी आँखाका रोगीहरूलाई सेवा गरेका थिए । यो उनको समाज सेवाको ज्वलन्त उदाहरण हो । यिनै माथिक प्रसङ्गबाट राममणि ढुङ्गेलको समाजसेवी व्यक्तित्व प्रष्ट हुन्छ ।

### ३.४.६ अनुसन्धानशील व्यक्तित्व

विशेष गरेर साहित्यकारहरू साहित्य लेख्न बढी रुचाउँछन् । तर राममणि ढुङगेलको भने प्रथम कृति नै अनुसन्धान केन्द्रित भएर प्रकाशित भयो । **चेपाङ समुदाय र संस्कृति** (२०५१) नामक कृतिमा लेखकले चेपाङको बारेमा विस्तृत तथा गहिरो रूपमा अध्ययन गरी उनीहरूका विभिन्न पक्षहरूको यथार्थ रूपले चित्रण गरेका छन् । पूर्ण रूपमा खोज र अनुसन्धानमा आधारित भएर लेखिएको यस कृतिमा उनीहरूको समस्याको समाधानका उपाय लगायत देशको मूल धारमा ल्याउनु पर्ने कुराको सुझाव पनि छ । यस्तै विभिन्न पत्र पत्रिकाहरूमा विभिन्न चाडपर्व, मठ-मन्दिर र संस्कृतिको बारेमा अध्ययन अनुसन्धान गरी प्रकाशन गरेका छन् । अतः यिनै विभिन्न कुराहरूको माध्यमबाट हामी राममणि ढुङ्गेललाई अनुसन्धानशील व्यक्तित्व भनेर चिन्दछौं ।

### ३.४.७ . राष्ट्रवादी व्यक्तित्व

राममणि ढुङगेलको राष्ट्रवादी व्यक्तित्व पनि सम्झन योग्य छ । खास गरेर उनका रचनाहरूमा व्यक्त-अव्यक्त रूपमा यथेष्ठ राष्ट्रवादी स्वरहरू घन्केका हुन्छन् । 'अक्षरभ्रूण र अर्को बुद्ध' शीर्षकको कवितामा कविले अक्षरको भ्रूण रोपेर अर्को बुद्ध जन्माउँदै राष्ट्रको समूल उत्थान र शान्तिको कल्पना गरेका छन् । साहित्यका अतिरिक्त उनी विभिन्न संघ संस्थामा रहेर प्रत्यक्ष-अप्रत्यक्ष रूपमा राष्ट्र र राष्ट्रियताको उत्थानमा सदैव सक्रिय रहेका छन् । लामो जागिरे जीवन र विशेष गरी निजामती सेवामा करिब ३०-३५ वर्ष विभिन्न कार्यालयमा कार्यरत भई आफूलाई दिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेका छन् (सुवास चन्द्र ढुङ्गेलसँगको अन्तार्वार्ताका आधारमा) । यस क्रममा सेवाग्राहीहरूको सेवा गर्दा कुनै पनि सेवाग्राहीबाट औंला उठाउने जस्तो काम नगरी सबैबाट स्यावासी प्राप्त गर्दै राष्ट्र, राष्ट्रियता र जनको सेवामा सदैव उनी लागि परेका छन् । नेपाल सरकारले खटाएको जुनसुकै जिल्ला/गाउँमा पनि उनी गएर जनताको सेवा गरी राष्ट्रप्रति वफादार बनेका छन् । यिनै कुराहरूबाट हामी राममणि ढुङ्गेललाई राष्ट्रवादी व्यक्ति भनेर चित्रण गर्दछौं ।

### ३.४.८ लेखा व्यक्तित्व

३३ वर्ष निजामती कर्मचारी जीवन बिताएका ढुङ्गेलको अर्को प्रमुख व्यक्तित्व लेखा व्यक्तित्व हो । आफ्नो जागिरे जीवनमा लेखा परीक्षण र लेखा प्रशासन सम्बन्धी काम गर्न र वाणिज्य शास्त्र संकाय अन्तर्गत स्नातक गर्नुले पनि उनी लेखा तथा लेखा परीक्षण व्यवसायका विशेषज्ञका रूपमा चिनिन्छन् । ढुङ्गेल नेपाल चार्टड एकाउन्टेड संस्थासँग आवद्ध देखिन्छ अर्थात् दर्तावाला लेखा परीक्षकको प्रमाणपत्र प्राप्त लेखा परीक्षक पनि हुन् (राममणि ढुङ्गेलसँगको अन्तर्वार्ताका आधारमा) । उनले नेपाल सरकारको नायब सुब्बा उत्तीर्ण गरी विभिन्न कार्यालयहरूमा लेखा सम्बन्धी काम गरेको देखिन्छ । यसैले हामी राममणि ढुङ्गेललाई लेखा व्यक्ति भनेर चिन्दछौं ।

### ३.४.९ मानवतावादी व्यक्तित्व

समाजमा भएका अशक्त दिन दुःखीको सेवा विभिन्न किसिमले जस्तै शारीरिक, मानसिक, आर्थिक आदि रूपले गर्न सकिन्छ । जहाँबाट जे गर्न सकिन्छ त्यो गर्नु मानवीयता हो भन्ने

विचारका धनी राममणि ढुङ्गेल अझ अगाडि थप्छन् “दान गर्दा पात्रमा गर्नु पर्छ, दुरुपयोग हुने ठाउँमा दान गर्नु भनेको पाप कमाउनु हो । सदुपयोग हुनु भनेको पुण्य कमाउनु हो । आफूले दिएको  दानले रक्सी नभएर औषधि किनियोस्” भन्दै राममणि ढुङ्गेल मानवीय सेवामा लाग्ने गर्दछन् (राममणि ढुङ्गेलसँगको अन्तार्वार्ताको आधारमा) । उनले पटक पटक खुला रक्तदान गरेका छन् । यस्तै गरी बेला वखतमा आफूले प्राप्त गरेको पुरस्कारको रकम घाइते उद्धार कोष लगायत विभिन्न मानवीय संघ संस्थालाई चन्दा स्वरूप दिनुले पनि उनी भित्रको मानवीय स्वरहरू सल्बलाएका हुन्छन् । बारुद, गोली जस्ता कुराहरू त्यागेर कलम-कापी बोकेर मानवीय स्वर दिनुपर्ने आजको मान्छेले मानवता बिर्सेकोले उसलाई सजग बनाउनु पर्ने जस्ता कुराहरू उनका रचनाहरूमा छरिएर रहेका पाइन्छन् । यिनै कुराहरूको अध्ययनबाट हामी राममणि ढुङ्गेल मानवतावादी व्यक्ति हुन् भनेर स्पष्ट रूपमा भन्दछौं ।

## ३.५ जीवनी, व्यक्तित्व र साहित्यबिच सामञ्जस्य

साहित्यकारहरूले आफ्नो जीवनमा भोगेका सन्दर्भहरू आफ्नो साहित्यमा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा व्यक्त गरेका हुन्छन् । एउटै व्यक्ति विभिन्न कार्यक्षेत्रमा लाग्दा उसका विभिन्न व्यक्तित्व निर्माण हुने र उसले साहित्यमा पनि त्यही कुरा कुनै न कुनै माध्यमबाट पोख्दछ । यसैले राममणि ढुङ्गेलको जीवनी, व्यक्तित्व र साहित्य सिर्जनाबिच निकै प्रगाढ सम्बन्ध रहेको पाइन्छ ।

राममणि ढुङ्गेलले आफ्नो ५९ वर्षे वसन्त पार गरिसकेका छन् । यस सन्दर्भमा उनले जीवन यात्राका क्रममा आफ्नो भोगाइका अनुभव परिवार, समाज, शिक्षा, जागिर आदिबाट परेको प्रभाव नै ग्रहण गरेका छन् । अनि त्यसैको प्रेरणा र हौसला पाएर उनले साहित्य सिर्जना गरेका छन् । जिन्दगीको बाटो हिंड्दा भोगेका सरल तथा जटिल परिस्थितिहरू र उक्त परिस्थितिहरूले सिकाएको पाठहरूले राममणि ढुङ्गेललाई एउटा निश्चित मार्गदर्शन दिएको छ भन्ने कुरा उनको जीवनी र व्यक्तित्वबाट थाहा हुन्छ । यसैको परिणाम स्वरूप उनले आफ्नो साहित्यमा नेपाली समाजको वास्तविकतालाई आत्मसात् गर्दै शान्ति र त्यागले देश निर्माण हुन्छ भन्दै शान्त तथा विकसित नेपाली समाजको कल्पना गरेका छन् ।

राममणि ढुङ्गेलको महत्वपूर्ण पक्ष नेपाली साहित्य र समाजको सेवा गर्नु हो । लगभग ३०-३५ वर्ष निजामती कर्मचारी भएर जागिरे जीवन बिताएका राममणि ढुङ्गेलको साहित्यिक जीवन पनि अविस्मरणीय रहेको छ । उनका केही कृतिहरू तथा लेख रचनाहरूमा स्पष्ट रूपमा उनको जागिरे जीवनको प्रभाव भेट्न सकिन्छ । सरकारी कार्यालयहरूमा हुने ढिलासुस्ती, भ्रष्टाचार, कमिसनतन्त्रको खेल, अनियमितता आदिको उनले आफ्ना कृतिहरूमा भण्डाफोर गर्न खोजेका छन् । राममणि ढुङ्गेलका प्रायः कृतिहरूमा आफैले समाजमा जे देखेको, जे भोगेको र जे सुनेको त्यसैको छाया परेको पाइन्छ । खास गरेर ‘सरकारी काम कहिले जाला घाम’ भन्ने नेपाली उखानलाई ढुङ्गेलका कतिपय रचनाहरूले स्पष्ट पारेका छन् । नेपाल सरकारको कर्मचारीतन्त्रको ढिलासुस्ती, कालो बजारी, घुसिया प्रवृत्ति आदि आफ्नो व्यक्तिगत जीवनका भोगाइहरू सुख-दुःख, आरोह अवरोह आदिकै प्रतिविम्बमा उनका कृतिहरू आएका छन् । मध्यमवर्गीय परिवारमा जन्मेर नेपाली परिवेशकै उतार चढावको सामना राममणि ढुङ्गेलले गरेका छन् । साथै इमान्दार कर्मचारी भएर राष्ट्र सेवामा लाग्दै साहित्य जस्तो पवित्र क्षेत्रलाई पनि जिम्मेवारीपूर्ण रूपमा लिने राममणि ढुङ्गेलको साहित्यिक र साहित्येतर व्यक्तित्व निर्माण भएको हो । बहुसङ्ख्यक नेपाली जनताले भोग्नु परेका विभिन्न सामाजिक, आर्थिक आदि समस्याहरूको प्रस्तुतिमा उनको लेखकीय व्यक्तित्व प्रबल भएर आएको छ । यी समस्याहरूको अन्त्यका लागि उनी ऊर्जाशील साहित्यकार बन्न पुगेका देखिन्छन् भने उनका कृतिहरू त्यसको हतियार बन्न पुगेको भान हुन्छ । राममणि ढुङ्गेलको रचनामा हाम्रै समाजभित्रको तितो वास्तविकता लुकेर रहेको हुन्छ । उनका साहित्यमा कतै मानवीय संवेदना, कतै यौन कुण्ठा, कतै भ्रष्ट कर्मचारीतन्त्रको भण्डाफोर, कतै विकासका गीतहरू अनि कतै निर्दलीय व्यवस्था तथा द्वन्द्वले जनतामा सिर्जना गरेको पीडा लुकेको हुन्छ । यस्तै उनका साहित्यमा कतै त्यही निर्दलीय व्यवस्थाको विरुद्धमा आवाज उठाउँदै गरेको, बहुदलीय

व्यवस्था र त्यसले ल्याएको खुसी, कतै द्वन्द्वको व्यवस्थापनले जनतामा उठेको विकासको आशा, कतै प्राकृतिक दृश्यहरू र तिनको सौन्दर्यहरूको चित्रण गरेको पाइन्छ ।

साहित्यमा कविता र कथा विधामा विशेष दखल प्रदर्शन गरेका राममणि ढुङ्गेल साहित्यलाई समाजको ऐना र जीवनको मार्गदर्शन दिने साधनको रूपमा व्याख्या गर्दछन् । विभिन्न लेख रचनाहरू तथा नाटकहरू लेखेर नेपाली साहित्यको सेवामा लागेका राममणि ढुङ्गेलका प्रायः पात्रहरू, कथावस्तु, परिवेश आदि यही नेपाली समाजमा उनले भोगेका, देखेका घटनाहरूबाट सिर्जित भएका हुन्छन् । साहित्य जीवन जगत्को लागि हुनुपर्ने मान्यता राख्ने यी साहित्यकार साहित्यमा समाजमा घटेका वा घट्न सक्ने तथ्यहरूमा कल्पनाको पालिस लगाउँदा बन्ने चित्र नै साहित्य हो भन्दछन् । आफ्नो साहित्यमा आकाशको चरो मात्र नभएर आफूले टेकेको धर्ती, आफ्नो मातृभूमि आदिसँगै मितेरी साइनो गाँस्दै कल्पनाको फूलबुट्टा भरेर साहित्य सिर्जना गर्ने खुबी उनमा छ । समग्रमा यिनै कुराहरूले नै उनको जीवनी, व्यक्तित्व र साहित्य सिर्जना बीचको अन्तः सम्बन्धलाई प्रष्ट पार्छन् ।

## ३.६ निष्कर्ष

राममणि ढुङ्गेल एक व्यक्ति भए पनि अनेक व्यक्तित्व भएका प्रतिभा हुन् । आफ्नो जागिरे र अन्य व्यावहारिक व्यस्तताका बावजुद पनि साहित्य रचना गर्नु र कृतिहरू प्रकाशित गरेर नेपाली साहित्यमा स्थापित साहित्यकार बन्नुले पनि उनीभित्रको बहुमुखी व्यक्तित्वलाई प्रस्ट पार्दछ । नेपाली समाजमा भएका विकृति, विसङ्गति अन्याय, अत्याचार, सामन्ती शासनको तथा भ्रष्ट, घुसिया तथा ढिलासुस्ती गर्ने कर्मचारीतन्त्रको खुलेर विरोध गर्ने अनि राजनीतिक षड्यन्त्रको निडर भएर विरोध गर्ने काम राममणि ढुङ्गेल गर्दछन् । खास गरेर उनी वि.सं.२०३४ मा रेडियोबाट 'अब म कहिल्यै विदेसिन्न' नामक कथा प्रसारण गरी यस क्षेत्रमा लागेका हुन् । आफ्नो शुरुको कथामा नै मातृभूमि, राष्ट्रप्रति सधै जिम्मेवार हुनुपर्ने सन्देश दिएर उनी साहित्यमा औपचारिक रूपमा प्रवेश गरेका छन् । उनको कृतिहरूको विस्तृत रूपमा अध्ययन गर्दा कहीं मानवतावाद, कहीं राष्ट्रवाद, कहीं धार्मिक स्वर र कहीं सामाजिक तथा सांस्कृतिक आदि पक्षको चित्रण गहिरो रूपमा व्यक्त गरेको पाइन्छ । विभिन्न विधाहरू जस्तै नाटक, कथा, कविता, आदिमा सशक्त रूपमा कलम चलाएका ढुङ्गेलको कृतिहरूमा मानवीय स्वर पाउनुका साथै हत्या र हिंसाले नभएर शान्तिले देश बन्छ भन्दै अक्षरको क्रान्ति गर्नुपर्ने कुरामा जोड दिएका छन् । आफू जागिरे भए तापनि नेपाली साहित्यमा अतुलनीय योगदान पर्‍याउने ढुङ्गेलका कतिपय लेखहरूमा आर्थिक विकासको सन्देश पनि यत्रतत्र वर्णन गरिएको छ ।

समग्रमा उनको व्यक्तित्व र जीवनको अध्ययनबाट के स्पष्ट हुन्छ भने राममणि ढुङ्गेल एक व्यक्ति भएर पनि उनी भित्र कथाकार, कवि, नाटककार, सम्पादनशील, अनुसन्धानकर्ता, राजनीतिक, धार्मिक, सांस्कृतिक जस्ता व्यक्तित्वका विविध पाटाहरू लुकेर रहेका छन् । अतः यिनै कुराहरूबाट उनको व्यक्तित्व स्पष्ट रहेको छ भन्ने कुराको पुष्टि हुन्छ ।

चौथो परिच्छेद

# राममणि ढुङ्गेलको कृतित्व

## ४.१ विषय परिचय

प्रस्तुत परिच्छेदमा राममणि ढुङ्गेलको कृतिहरूको बारेमा अध्ययन गरिएको छ । कृतिहरूको अध्ययन गर्दा कथा सङ्ग्रह, कविता सङ्ग्रह, नाटक आदिको क्रमिक रूपमा छुट्टाछुट्टै शीर्षक, उपशीर्षक राखेर अध्ययन गरिएको छ । यसै गरी, आवश्यकता अनुसार विभिन्न आधारहरू बनाई कृतिहरूको अध्ययन क्रमैसँग गरिएको छ ।

## ४.२ राममणि ढुङ्गेलका कथा कृतिको समीक्षा

राममणि ढुङ्गेल स्कुले जीवनदेखि नै कथा रचना गर्न तिर आकर्षित भएको देखिन्छ । स्कुले जीवनमा उनी प्रायः जसो बालकथाहरू लेख्ने गर्दथे । आफ्नो स्कुले जीवनमा भएको साहित्यिक कार्यक्रममा सहभागिता जनाउनको लागि उनले तत्कालीन समयमा कथाहरू सिर्जना गरेको देखिन्छ (राममणि ढुङ्गेलसँगको अन्तर्वार्ताको आधारमा) । स्कुले जीवनमा लेखेका कथाहरू अप्रकाशित नै रहेको र हाल विभिन्न कारणवश उक्त कथाहरू भेटिंदैनन् । यसरी आफ्नो स्कुले जीवनमा नै कथा लेख्न सुरु गरेको भएर उनको कथा लेखनको आधार तयार भएको देखिन्छ ।

राममणि ढुङ्गेल कथाको क्षेत्रमा औपचारिक रूपमा २१ वर्षको उमेरदेखि लागेका हुन् । वि.सं.२०३४ पुस २० गते रेडियो नेपालबाट प्रसारित ‘अब म कहिल्यै विदेसिन्न’ ढुङ्गेलको सार्वजनिक भएको पहिलो कथा हो । साहित्य सिर्जनाको मुख्य स्रोत समाजलाई मान्ने ढुङ्गेलले प्रस्तुत कथामा पनि हाम्रै समाजमा भएको बेरोजगारी समस्याले उब्जाएको विदेसिनु पर्ने बाध्यात्मक अवस्था प्रस्तुत गर्न खोजेका छन् । हाम्रो जस्तो मुलुकमा भएको बेरोजगारी समस्या, त्यसबाट मुक्ति पाउन विदेसिनु पर्ने बाध्यता साथै अन्तिममा राष्ट्रप्रेमले आफ्नै देश फर्किनु पर्ने अवस्था प्रस्तुत कथामा कथाकारले बेजोड रूपमा उठाएका छन् । उक्त कथा पछि ‘प्रण’ शीर्षक राखेर **अनलाइन डट कम** कथा सङ्ग्रहमा सङ्कलित भएर आयो ।

राममणि ढुङ्गेलको अर्को कथा वि.सं.२०४० मा सार्वजनिक भयो । लगभग छ वर्षको अन्तरालमा उनको दोस्रो कथा ‘चकनाचूर’ **मिर्मिरे** पत्रिकामा प्रकाशन भयो । यो कथा तत्कालीन नेपाली समाजमा भएको बहुविवाहसँग सम्बन्धित छ । यस कथामा घरमा श्रीमती हुँदा-हुँदै पनि अर्की श्रीमती भित्र्याउनेको स्थिति देखाउन खोजिएको छ । यसैगरी वि.सं.२०४६ मा उनको अर्को कथा सार्वजनिक भयो । **मिलन सुधा** पत्रिकामा ‘जिउँदो भूत’ शीर्षकको कथा प्रकाशित भएको हो । प्रस्तुत कथा मनोविश्लेषणमा आधारित तथा नेपाली उखान ‘वनको बाघले नखाए पनि मनको बाघले खानु’ भन्ने सित मेल खान जान्छ । यो कथामा आफ्नै लोग्नेलाई नारी पात्रले भूतको कल्पना गर्दा गर्दै भएको हानि नोक्सानी देखाउन खोजिएको छ । यसमा नारी पात्रको डराएको मनोविश्लेषणको सफल चित्रण गरिएको छ । यसरी विभिन्न पत्रिकाहरूमा आफ्ना कथाहरू प्रकाशन गर्दा गर्दै ढुङ्गेलका वि.सं.२०५७ मा पहिलो कथा सङ्ग्रह **अँध्यारोभित्रको मान्छे** प्रकाशित भयो । उक्त कथा सङ्ग्रहमा यौनमूलक, प्रणयमूलक, मनोविश्लेषणात्मक जस्ता विविध खालका २१ वटा कथाहरू रहेका छन् । प्रस्तुत कथा सङ्ग्रह विभिन्न पत्रपत्रिकामा छरिएर रहेका कथाहरू संकलन गरेर तयार पारिएको छ भने केही अप्रकाशित कथाहरू पनि समावेश भएका छन् । नेपाली जनजीवनका घटनाहरू, नेपाली परिवेश, अनि प्रायः जसो ग्रामीण पात्रहरूको प्रयोग यस कथा सङ्ग्रहमा गरिएको पाइन्छ ।

राममणि ढुङ्गेलको अर्को कथा सङ्ग्रह वि.सं.२०६६ मा प्रकाशित भयो । जसको शीर्षक **अनलाइन डट कम** हो । प्रस्तुत कथा सङग्रहमा पनि विभिन्न पत्रपत्रिकामा छरिएर रहेका कथाहरूलाई संकलन गरेर तयार पारिएको देखिन्छ । यस कथा सङ्ग्रहको मुख्य विशेषता भन्नु नै एक्काइसौं शताब्दीमा फस्टाइरहेको साइबर संस्कृति को प्रयोग गरेर कथा लेखिनु हो । नेपाली

समाजमा भएका घटनाहरूलाई विषयवस्तु बनाएर, नेपाली परिवेश अनि पात्रकै प्रयोग यस कथा सङ्ग्रहमा गरिएको छ । नेपाली कथाको यात्रामा चार दशक विताएर दुईटा कथा सङ्ग्रह प्रकाशन गरेका ढुङ्गेलका कथाहरूले गहन तथा समसामयिक विषयवस्तु उठाउन खोजेको देखिन्छ । अनि कथाहरू पढ्दा पाठकको मन रहस्य नै रहस्यले भरिपूर्ण हुन्छ । प्रायः उनका कथाहरूमा नेपाली समाजको चित्रण पाइन्छ । ढुङ्गेलका कथाहरूमा नेपाली समाजमा भएका विविध विकृति विसङ्गतिहरूको यथार्थ चित्रण पाइन्छ । उनका कथाहरूमा कतै अन्धविश्वास र रूढिबाद ग्रसित हाम्रो समाजको मनोवैज्ञानिक कमजोरी प्रष्ट रूपमा झल्किएको पाइन्छ । 'जिउँदो भूत' र 'छटपटिएको रात' का पात्रहरूले प्रस्तुत कुराको प्रतिनिधित्व गरेका छन् । उनका कथाहरूमा यदाकदा यौन समस्या, कुण्ठा पनि छताछुल्ल रूपमा रहेको पाइन्छ । यसको उदाहरणको रूपमा 'भोक' कथालाई लिन सकिन्छ । प्रस्तुत कथाकी नारी पात्रलाई यौनको भोक लागेको देखिन्छ । उक्त भोक मेटाउन उनले आफ्नो श्रीमान्को साथीसँग शारीरिक सम्पर्क राख्ने इच्छा गरेको कुराबाट थाहा हुन्छ ।

राममणि ढुङ्गेल विविध विकृतिप्रति व्यङ्ग्य, विद्रोह र आक्रोश पोख्दै गरिबी, अशिक्षा, चेलीवेटी बेच-बिखन आदिप्रति सचेत रहन सन्देश दिने कथाकार हुन् । अनि कतै कतै प्रणय सम्बन्धको बारेमा कथा लेख्दै प्रेम भनेको आफैंमा हुने र त्यसलाई व्यक्त गर्दा मात्र प्राप्त हुने सन्देश दिन पुग्दछन् । राजनीति, कर्मचारीतन्त्र, समाज आदिमा हुने भ्रष्टाचार र विकृतिप्रति उनी दह्रो भएर आवाज उठाउँछन् । ढुङ्गेलका कथामा प्रयोग गरिएका भाषा शैली सरस, सरल अनि सहजै बुझ्न सकिने हुन्छन् । हाम्रै गाउँघर, सहरबजार अनि नेपाली जनजीवनको आवाज व्यक्त गर्न सक्नु उनका कथाहरूको एउटा विशेषता हो । नौलोपनको शैली प्रयोग गर्न खोजे पनि उनका कथाहरूमा प्रयोगात्मक जटिलता छैन । कतिपय रहस्यले परिपूर्ण भएका कारणले भावी घटनाप्रति पात्रहरूको तीव्र उत्सुकता जनाउने खुबी राममणि ढुङ्गेलमा छ । अनि आधुनिकताको नाममा विकास भएको साइबर संस्कृतिको प्रयोग गरेर कथा लेखे पनि त्यसमा नेपाली परिवेश र नेपाली चरित्रहरू नै झल्किन पुगेको देखिन्छ ।

समग्रमा वि.सं.२०३४ सालबाट नेपाली कथाका क्षेत्रमा प्रवेश गरेका राममणि ढुङ्गेलका दुइटा कथा सङ्ग्रहमा नेपालीपन, समाजमा हुने गरेका विकृति, विसङ्गति, अन्धविश्वास, यौन कुण्ठा, भ्रष्टाचार अनैतिक कार्य आदि नै सरल तथा सरस भाषामा व्यक्त गरिएको छ । नेपाली जनजीवन, रहनसहन, वातावरण आदि समेटेर कथा लेख्नु नै कथाकार राममणि ढुङ्गेलको प्रमुख प्रवृत्ति हो ।

### ४.२.१. अँध्यारोभित्रको मान्छे कथा सङ्ग्रहको समीक्षा

#### (क) कृति परिचय

**अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रह वि.सं.२०५७ सालमा नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौंबाट प्रकाशन भएको हो । प्रस्तुत कथा सङ्ग्रहमा जम्मा २१ वटा कथाहरू समावेश गरिएका छन् । जसमध्ये १८ वटा कथाहरू पहिले नै विभिन्न पत्रपत्रिकाहरू **गोरखापत्र, मधुपर्क, मिर्मिरे** आदिमा प्रकाशित भइसकेका थिए भने बाँकी रहेका ३ वटा कथा यस सङ्ग्रहमा आउनु भन्दा अघि अप्रकाशित थिए ।

नेपाली साहित्यको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएका राममणि ढुङ्गेलको **अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रह उनको कथा यात्राको पहिलो र लेखन यात्राको तेस्रो कृति हो । यस सङ्ग्रहमा भएका कथाहरूमध्येबाट 'अँध्यारोभित्रको मान्छे' शीर्षकको कथाबाट नै प्रस्तुत कथा सङ्ग्रहको नाम राखेको पाइन्छ । यसर्थ कथाकारले अँध्यारो भनेर तत्कालीन समयको विकृति, विसङ्गति, भ्रष्टाचार, राजनीतिकि बेइमानी आदिलाई सङ्केत गर्दै मान्छे त्यही अँध्यारोभित्र हराएको छ । अब ऊ त्यहाँबाट उज्यालो बाटोतिर लाग्नुपर्ने आशय प्रकट गरेको जस्तो देखिन्छ । अँध्यारो समाजमा केही पनि नभेटिने भन्दै समाजलाई उज्यालोतिर लानुपर्छ अनि मात्र सबै कुरा भेटिने तर्क कथाकारको छ । प्रस्तुत कथा 'अँध्यारोभित्रको मान्छे' मा कथाकारले यस्तै चेतना दिन

खोजेका छन् । ऊ पात्रको छोरो समाजमा उज्यालो ल्याउनको लागि निरङ्कुशता विरुद्ध लड्न गएको तर छोरो त्यही जुलुसमा हराएको भन्दै आन्दोलन सफल भएको र छोरो सहिद भएको कुरा व्यक्त गरिएको छ । मान्छेले समाजको अँध्यारो हटाउन सक्ने कुरा प्रस्तुत कथामा गरिएको छ ।

**अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रहको भूमिका तयार पार्दै प्रसिद्ध समालोचक राजेन्द्र सुवेदीले भूमिकाको शीर्षक नै "ऊर्जाशील कथाकार ढुङ्गेलका उर्वर कथाहरू' भनेर लेखेका छन् । यसैगरी उक्त भूमिकामा नेपाली समाजका विविध विकृति र विसङ्गतिका अनुहारहरू आफ्नो कथामा प्रस्तुत गर्दै समाजमा बढ्दै गएका सांस्कृतिक र सामाजिक कुरूपताहरू आर्थिक र राजनीतिक असमानताहरू कथाका माध्यमबाट प्रस्तुत गर्न सक्नु राममणि ढुङ्गेलको विशेषता भएको चर्चा पनि गरिएको छ ।

समालोचक हरिहर तिमिल्सना (२०५५) ले **अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रहको विशेषताको बारेमा समीक्षा गर्दै "सामाजिक विषयवस्तुलाई समेटेर अनि सरल घटना विधानमा अघि बढ्नु यी कथाहरूको साझा विशेषता हो । खास गरेर ढुङ्गेलका कथाहरू गुरुप्रसाद मैनालीले शिलान्यास गरेका सामाजिक यथार्थवादी कथाहरूकै परिवृत्तमा घुमे झैं प्रतीत हुन्छ । प्रायः कथाहरु निजात्मक निबन्ध शैलीमा लेखिएका सिधा सम्प्रेषण गर्न सक्नु अर्को विशेषता हो ।" भनेर कथा सङ्ग्रहको विशेषता दर्शाउन खोजेका छन् ।

प्रस्तुत कथा सङ्ग्रहमा हाम्रै गाउँघर अनि नेपाली जनजीवन बोलेको आभास पाइन्छ । विविध विषयवस्तु र घटनाहरूमा आधारित भएर कथाहरू लेखिए तापनि बुझ्नलाई त्यस्तो गाह्रो हुँदैन । यदाकदा रहस्यपूर्ण भएका कारणले भावी घटनाप्रति पाठकको तीव्र उत्सुकता जगाउने गर्छ । नेपाली समाजमा घटेका घटना र घट्न सक्ने राजनीतिक घटना, यौन कुण्ठा, प्रणय सम्बन्ध आदिसँग सम्बन्धित हुँदै प्रस्तुत कथा सङ्ग्रह तयार पारिएको छ । यिनका कथा घटना प्रधान हुनुका साथै प्रायः जसोमा पात्रका मानसिक अन्तर्द्वन्द्वको चित्रण पनि पाइन्छ । साथै पात्रले आफ्नो कर्म अनुसारको फल पाएका छन् । यस सङ्ग्रहका प्रायः जसो कथाहरूमा राममणि ढुङ्गेलले ऊ, उनी जस्ता सर्वनामको व्यापक प्रयोग पात्रलाई जनाउनको लागि गरेका छन् । यसका साथै प्रायः कथाहरू विगतका घटनाहरू पात्रले स्मरण गरेको आधारमा लेखिएको छ । पात्र आफैंले विगतको आफ्नो जिन्दगीमा घटेका घटना मनमनै सोच्ने र कथाको अन्तिमतिर मात्र वास्तविकता उजागर हुने गर्दछ । यदाकदा कथाका बिचबिचमा संवाद पनि प्रयोग गरिएको छ । प्रायः कथा र शीर्षकको बीचमा प्रतीकात्मक सम्बन्ध रहेको पाइन्छ ।

**अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रहमा भएका कथाहरूलाई निम्न विषयवस्तुका आधारमा वर्गीकरण गरिन्छ ।

(क) प्रणयमूलक कथाहरू

(ख) यौनपरक कथाहरू

(ग) राजनीतिक कथाहरू

(घ) मनोवैज्ञानिक कथाहरू

(ङ) आर्थिक कथाहरू

(च) समसामयिक कथाहरू

### (ख) विषयवस्तु

**अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रहमा विविध विषयवस्तु समेटिएका कथाहरू छन् । मुख्यगरी प्रस्तुत सङ्ग्रहमा प्रणयमूलक, यौनपरक, मनोवैज्ञानिक आदि प्रवृत्तिहरू झल्काउने कथाहरू रहेको पाइन्छ । 'विखण्डन', 'पाँच हजारको सौदा' र 'पूर्णविराम' कथाहरू प्रणय सम्बन्धलाई केन्द्रीयतामा राखेर रचना गरिएका छन् । प्रेमलाई मुख्य विषयवस्तु बनाएर रचना गरे

तापनि यी कथाहरू दुःखान्तमा टुंगिएका छन् । 'विखण्डन' कथामा एक जना केटा र केटीको बीचमा प्रेम बसेको तर एक अर्कोमा प्रेम व्यक्त गर्न नसक्दा छुट्टिनु परेको अवस्थाको बारेमा चित्रण गरिएको छ । विखण्डन शब्दले टुक्रिनु भन्ने अर्थ दिए झैं प्रस्तुत कथाकी नारी पात्रको मन पनि प्रेममा धोका खाएर टुक्रिएको छ । आफूले भित्री मनदेखि मन पराए पनि व्यक्त गर्न नसक्दा उनको मन टुक्रिएको हो । यसैगरी प्रस्तुत कथाको पुरुष पात्रले परिवारको मान राख्न आफूले मन पराएको केटीसित नभएर अर्की केटीसित विवाह गर्न पुगेको छ । 'पाँचहजारको सौदा' कथामा प्रेमको लागि पाँच हजारको सौदा भएको कुरा देखाउन खोजिएको छ । प्रस्तुत कथा काठमाडौंबाट वीरगञ्ज जाँदा एउटा रात्री बसमा घटेको घटनाको आधारमा रचना गरिएको छ र सुब्बा साहेब र युवती एउटै बसमा यात्रा गर्दा बसेको प्रेम, उक्त प्रेम विवाहमा परिणत गर्नु पर्ने दुवैको निष्कर्ष तर युवतीले धोका दिएको प्रसङ्ग नै प्रस्तुत कथाको मुख्य विषयवस्तु बनेर आएको छ । साथै एक रातको प्रेमले सुब्बा साहेबले उपहार स्वरूप पाएको एड्स तथा गुमाएको पाँच हजार रुपैयाले पनि शीर्षक र कथाबीच प्रतीकात्मक सम्बन्ध रहेको देखिन्छ । 'पूर्ण विराम' कथामा नारी पात्रको जिन्दगी दाइजोको लागि अन्त्य भएको छ । केटाकी आमाले विवाहको लागि स्वीकृति नदिंदा विभिन्न प्रलोभन देखाएर विवाह गरेको प्रसङ्ग नै मुख्य रूपमा प्रस्तुत कथामा आएको छ । स्कुलदेखि नै सँगै पढ्ने, एक अर्कोलाई मन पराउने, उनीहरूको कक्षा पनि एउटै, स्कुल पनि एउटै र पढाइको स्तर पनि एउटै भएको हुँदा उनी र म पात्र घुल्मिल हुँदा हुँदै एक अर्कामा गाढा प्रेम बस्न गएको कुरा व्यक्त गरिएको छ । साथै उक्त केटी गरिब भएकीले विवाह गर्ने अनुमति आमाले नदिएको तर अनेकौं बहाना पारेर विवाह गरेको प्रसङ्ग प्रस्तुत कथामा आएको छ । तर कथाको अन्त्यतिर दाइजोको झगडाले गर्दा बुहारीले आत्महत्या गरेको कुरा व्यक्त गरिएको छ । समग्रमा प्रस्तुत कथाहरूमा कसैले व्यक्त गर्न नसक्दा कसैले एकतर्फी प्रेम गर्दा तथा कसैले देखावटी पनमा लाग्दा प्रेम दुःखमा परिणत भएको छ । **अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रहमा 'भोक' र 'बगरेको शोकेसमा' कथामा यौन प्रवृत्ति देखा परेको छ । मान्छेलाई यौन तृष्णा लागेपछि कति गिर्दो रहेछ र नीच काम गर्दो रहेछ भन्ने कुरा 'भोक' कथाको नारी पात्र मार्फत् देखाउन खोजिएको छ । 'भोक' शीर्षकको कथामा नारी पात्रलाई यौनको भोक लागेको छ । यही कारणले ऊ आफ्नो श्रीमान् नभएको बेलामा परपुरुषलाई कोठामा बोलाएर अनेकौं बहाना पार्दै आफूसँग यौन सम्बन्ध राख्न अभिप्रेरित गर्दछे । तर उक्त पुरुष अस्वीकार गर्दै त्यहाँबाट फर्कन्छ । यो घटना घटेको केही समय पछि उक्त नारी आफ्नो श्रीमान् र बच्चाहरूलाई छोडेर मधेशी मास्टरसँग पोइल जान्छे । 'बगरेको शोकेसमा' कथामा एउटी सोझी नारी कसरी आफ्नो शरीर बेचेर यौनकर्मी बन्न पुग्दछे भन्ने कुरा देखाउन खोजिएको छ । सोझा सीधा नेपाली नारीहरू कसरी दलालको हातमा पुगी आफ्नो शरीर बेच्न बाध्य हुन्छन् भन्ने कुराको आधारमा प्रस्तुत कथा रचना गरिएको हो ।

प्रस्तुत कथाको पुरुष पात्रलाई एक दिन अचानक घरको र रहर लाग्दो यौवनले भरिपूर्ण श्रीमतीको यादले सताउँछ । जति भुलाउन खोजे पनि भुल्न सक्दैन र एउटा गल्लीमा छिरेर आनन्दपूर्वक सुत्ने निहुँमा रक्सीको सहारा लिन पुग्छ । रक्सी सेवन पछि उसको शरीरमा अचानक कामदेवको प्रवेश हुन्छ र ऊ आफ्नो कामेच्छा पुरा गर्न लाइसेन्स प्राप्त युवतीहरूको संसारमा पुग्छ । त्यहाँ पुगेपछि उसले आफ्नो यौन तृप्ति पुरा गर्छ र भोलि पल्ट उठेपछि सबै वास्तविक कुरा थाहा पाउँछ । समग्रमा 'भोक' कथाको माध्यमबाट यौन तिर्खा मेटाउन मानिस कति गिर्दो रहेछ कति निच काम गर्न सक्दो रहेछ भन्ने कुरा देखाउन खोजिएको छ । 'बगरेको शोकेसमा' कथामा नेपाली चेलीहरू कसरी दलालको हातमा परी आफ्नो शरीर बेच्न बाध्य हुन्छन् भन्दै महिला माथि हुने यौन शोषण देखाउन खोजिएको छ ।

**अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रहमा मनोविश्लेषणात्मक कथाहरू पनि भेटिन्छन् । 'जिउँदो भूत', 'छटपटिएको रात', 'छाप' जस्ता कथामा नेपाली जनजीवनका मनोवैज्ञानिक प्रवृत्तिहरू प्रशस्त मात्रामा प्रयोग भएको पाइन्छ । प्रस्तुत कथाहरूका माध्यमबाट कथाकारले नेपाली समाजमा भएको अन्धविश्वास र रूढिवादी परम्पराबाट मान्छेमा कसरी मनोवैज्ञानिक असर पर्छ भन्ने कुराको यथार्थ चित्रण गरेको देखिन्छ । 'त्रस्त', 'जिउँदो भूत' र 'छटपटिएको रात' कथा

वनको बाघले नखाए पनि मनको बाघले खान्छ भन्ने नेपाली उखानसित मिल्न गएको देखिन्छ । यसैगरी 'छाप' कथा नेपाली समाजमा विद्यमान भाँक्री परम्परामा आधारित भएर रचना गरिएको हो । 'जिउँदो भुत' कथामा आफ्नो श्रीमानलाई पर्खी झ्यालमा बसिरहेकी श्रीमतीको मनोविश्लेषणको चित्रण गरिएको छ । यसरी झ्यालमा बस्दा उसले जूनको धमिलो उज्यालोमा सेतो डल्लो नाचिरहेको देख्दा मनमा चिसो पसी एक्कासि मुखबाट भूत भन्ने शब्द निस्कन्छ । उसले अस्ति भर्खरै परको खोल्सामा मरेको मानिस सम्झिन पुग्छे । डरले पसिना पसिना भई भूतले आफ्ना लोग्ने, छोरा र आफूलाई पनि मार्ने भयो भन्दै मनमा अनेकौं कुराहरू खेलाउन थाल्छे । उक्त डल्लो उसको घरतिर जति जति अगाडि बढ्छ त्यति नै उसको डरको मात्रा बढ्दै जान्छ । निकै समय बितेपछि त्यो भूत उसको आँगनमा आइपुग्छ र लर्बरिएको स्वरमा बोल्छ । त्यसपछि त्यो डल्लो आफ्नो लोग्ने भएको चिन्दछे । 'छटपटिएको रात' कथामा एक जना पुरुष पात्र साथीको घरमा पुगेर बैठक कोठामा रात बिताउँदा घटेको घटनाको आधारमा उक्त पात्रको मनोविश्लेषण गरिएको छ । भूतको अस्तित्व संसारमा नभएको दाबी गर्ने उक्त पुरुष राति तन्द्राको अवस्थामा आफ्नो कोठामा एक जना पुरुष छिरे पछि भूतको कल्पना गर्दा गर्दै छटपटिएर निदाउन सक्दैन । उक्त युवकको बारे अनेकौं कल्पना गर्दा गर्दै ऊ निदाउँछ र सपना देख्छ । उसको सपनामा भूत आएर उसलाई "हिंड् तँलाई नलिई जाँदिन" भनेर पाखुरा समातेको भ्रम पर्छ । ऊ जान्न भन्दै झसङ्ग हुन्छ र उठेर हेर्दा उज्यालो भइसकेको हुन्छ । खास गरेर मानव मनमा उठेका विभिन्न कुराहरू र त्यसले पारेको प्रभाव प्रस्तुत कथाहरूमा देखाइएको छ । 'छाप' कथामा अन्धविश्वास र रूढिबाट ग्रसित नेपाली समाजको मनोवैज्ञानिक कमजोरी आइतराम प्रजाका माध्यउमबाट देखाउन खोजिएको छ । आफ्नो छोरो बिरामी हुँदा झाँक्रीको सल्लाह अनुसार घर भत्काउनु पर्ने थियो तर उसले सात दिन पछि मात्र घर भत्कायो । यही कारणले छोरो मृत्युको मुखमा पुगेको बुझाइ आइतरामको रहेको छ र छोरो विरामी हुँदा पनि आइतरामले अस्पताल नलगी झाँक्रीको विश्वास गर्दा छोरालाई गुमाएर पछुतोमा बाँच्न विवश छ । प्रस्तुत कथाको पात्रको माध्यमबाट अन्धविश्वास र रूढीवादी परम्पराको छाप अझै पनि हाम्रो समाजमा रहेको कुरा स्पष्ट पारिएको छ । साथै अन्धविश्वास र रूढिबाट ग्रसित हाम्रो समाजको मनोवैज्ञानिक कमी कमजोरी प्रस्तुत गर्दै आजको युगमा रोग लागेमा अस्पताल जानु पर्ने र झाँक्रीको विश्वास गर्न नहुने कुरा प्रस्तुत गरिएको छ ।

'त्रस्त' एउटा मनोविश्लेषणमा आधारित कथा हो । प्रस्तुत कथा जनकपुरबाट काठमाडौं आउँदा राति बसमा म पात्रले चढ्नु र ऊ दुर्घटना सम्बन्धी मानसिक शिकार हुनु नै मुख्य विषयवस्तु बन्न पुगेको छ । आफू चढेको गाडी दुर्घटना भएको सोच्दा सोच्दै मानसिक कमजोरीको शिकार बन्न पुगेको छ । ऊ तन्द्रा अवस्थामा छ । औंसीको रात भएकोले गर्दा बसका सीसाबाट बाहिर हेर्दा अँध्यारो मात्र देखिन्छ । उसले त्रिशूली नदी सम्झी उक्त नदीले हजारौं नाबालकहरूलाई टुहुरो पारेको, लाखौं स्त्रीको सिन्दूर पुछेको जस्ता विभिन्न कुराहरू सोच्न थाल्छ । आफ्नो मनमा विभिन्न कुराहरू खेलाउँदा खेलाउँदै बस त्रिशूली नदीमा खसेको आभाष हुन जान्छ । मृत्युको मुखमा पुग्ने भयो भन्दै छट्पटाइरहेको हुन्छ । यत्तिकैमा म पात्रको टाउको अगाडिको सिटमा ठोकिन्छ र ब्युँझिएर हेर्दा काठमाडौं आइपुगेको पाउँछ । समग्रमा प्रस्तुत कथाहरूका माध्यमबाट अनावश्यक सोच गरेमा हामी पनि मानसिक शिकार हुन्छौं भन्दै सकारात्मक सोच विचार गर्नु पर्छ भन्न खोजिएको छ । यस सङ्ग्रहमा 'फल' र 'अँध्यारोभित्रको मान्छे' कथाले राजनीतिक विषयवस्तुको प्रतिनिधित्व गरेका छन् । नेपाली राजनीतिमा आएको व्यवसायीकरण, राष्ट्रसेवक कर्मचारी भएर गरेको राजनीति तथा राजनीतिक उद्देश्य पूरा भएपछि उक्त कर्मचारीलाई दिएको सजाय जस्ता विषयवस्तुमा प्रस्तुत कथाहरू रचना गरिएका छन् । 'फल' कथाको पात्रको जिन्दगीमा आफूले गरेको कर्मको विपरीत फल दिइएको छ । ऊ सरकारी सेवामा हुँदा देश र जनताको मुक्तिको लागि आफ्नो नोकरीको वास्ता नगरी सरकार विरोधी आन्दोलनमा पटक पटक लागेको थियो । यसको केही समयपछि तत्कालीन शासक वर्गले घुँडा टेकेर देशमा प्रजातन्त्रको स्थापना भयो । त्यसपछि कर्मचारीले विभिन्न माग राखी आन्दोलन गर्दा सत्ता पक्षले विभिन्न प्रलोभन दखाएर उक्त आन्दोलनलाई असफल पारिदिए । उसलाई सजाय स्वरूप अवकाश

पत्र दिइयो । प्रस्तुत कथामा पहिला विभिन्न राजनीतिक दलले उसलाई आफ्नो गोटी बनाएर स्वार्थ पूरा गरेको तथा पछि उसलाई नै सजाय दिएकोले उसको जिन्दगीमा फल झरेर काँडा बनेको छ । 'अँध्यारोभित्रको मान्छे' कथामा राजनीतिमा भएको विकृति देखाउँदै सहिदको सपनालाई खाडलमा पुरिदिएको प्रसङ्ग उल्लेख गरिएको छ । गाउँबाट आफ्नो एक्लो छोरो सहर पढ्न आएको र त्यहाँ ऊ सहिद भएको कुरा व्यक्त गर्दै आफ्नो एक्लो छोरो हराउँदा बाबुको अवस्था विक्षिप्त भएको कुरा व्यक्त गरिएको छ । साथै आफ्नो छोरोको बलिदानको कदर नेता भनाउँदाहरूले नगरेको भन्ने बाबुको दुःखेसो छ । यही कारणले बाबुलाई निद्रामा कराउने रोग लागेको छ । साथै प्रस्तुत कथाको शीर्षक कृतिको नामबाट राख्नाले पनि विशेष महत्व राख्दछ । समग्रमा 'फल' र 'अँध्यारेभित्रको मान्छे ' कथाका माध्यमबाट वर्तमान अवस्थाको नेपाली राजनीति, त्यसमा आएको विकृति तथा व्यवसायीकरणले सहिदको सपना चकनाचूर भएको र यस्तै विकृतिका कारण नेपाली समाजको अवस्था झन् गिर्दै गएकोतर्फ सङ्केत गरिएको छ ।

**अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रहमा 'दशैं?दशा', 'समयको घाउ', 'जागिर' र निजीकरण कथाहरूमा आर्थिक पक्षसँग सम्बन्धित छन् । नेपाली समाजमा हुने गरेको आर्थिक असमानता, आर्थिक विभेद, विसङ्गति देखाउनु प्रस्तुत कथाहरूका महत्पूर्ण पक्षहरू हुन् । 'दशैं?दशा' र 'समयको घाउ' कथामा आर्थिक असमानताको शिकार बनेर जीवन तहसनहस भएको कुरा देखाउन खोजिएको छ । यसैगरी 'जागिर' र 'निजीकरण' कथामा जागिरे मानसिकताले जन्माएको नराम्रो प्रवृत्ति, कमजोरी र हाकिमले गर्ने शोषणका बारेमा चित्रण गरिएको छ । नेपाली समाजमा भएको अर्कोको सिको गर्ने प्रवृत्ति, देखावटीपन र सार्वजनिक सम्पत्ति आफ्नो बनाउने प्रवृत्ति देखाउन यी कथाहरू सफल भएका छन् । 'दशैं ? दशा' कथाको पात्रको जिन्दगीमा दशैं चाड दशा बनेर आएको छ । तलब आए पछि आफ्नो जहान, परिवारको इच्छा पूरा गर्ने आश्वासन उसले दिएको छ । तर तलब आएको दिन ऊ घरमा आइपुग्दा छोरो बिरामी भएको हुन्छ र औषधि किन्न जान्छ । उसका केही नोटहरू डाक्टरको खल्तीमा र केही मेडिकलमा जान्छन् । दशैंको दशमीको दिन सबै घरपरिवारमा खुसी छाएको समयमा उसको जिन्दगीमा एउटा ठूलो भूकम्प आउँछ । बिरामी छोरो कहिल्यै नउठ्ने गरी लड्दछ । बनारसी सारी लगाउने शरीर, जिन्स पाइन्ट लगाउने शरीर, खसीको मासु खाएर सबै आफन्तसँग हाँसी खुसी रहने दशैं पर्व म पात्रको लागि केवल दशा मात्र बन्छ । 'समयको घाउ' कथामा आर्थिक महत्वाकांक्षी हुँदा हुन सक्ने घटना तथा अरुको देखासकी गर्दा हुन सक्ने हानीको बारेमा चर्चा गरिएको छ । कथामा भएको म पात्रको सामान्य जागिर छ । उसको तलब तथा एउटा सानो टुक्रा खेतले परिवार सामान्य रूपमा चलाउन पुगेकै छ । तर उसकी श्रीमती देखासिकी गर्नु पर्ने जिद्दी स्वभावकी छे । यही कारणले गर्दा उक्त खेत श्रीमतीको आँखाको तारो बनेको छ । जहिले पनि उसलाई आफ्नी श्रीमतीले खेतमा कम गर्न नसक्ने, जागिरको तलबले केही गर्न नपुग्ने भन्दै जग्गा बेचेर घर बनाउनु पर्ने तथा आफूले पनि सुनका गहना लगाउने इच्छा व्यक्त गर्दै किचकिच गरिरहन्छे । तर उसले जग्गा बेचेको पैसाले केही गर्न नपुग्ने भन्दै श्रीमतीलाई सम्झाउँछ । श्रीमतीको सामुन्ने केही नचले पछि उसले चार लाख रुपैयाँमा जग्गा बेचिदिन्छ । चार लाख आए पछि श्रीमती सुनका गहना लगाउन तथा सिंगार पटार गर्नमा मात्र व्यस्त हुन्छे । छोरीको विवाह हुन्छ, घर सिंगार्ने कार्य हुन्छ, छोरालाई साथी भाइको अगाडि मन फुकाएर खर्च गर्ने वातावरण मिल्छ । यो घटना घटेको केही समयपछि म पात्रसँग जग्गा बेचेको चार पैसा पनि हुँदैन ।

'जागिर' कथामा हाकिमले गर्ने शोषणका पक्षहरू, जागिरे मानसिकताले जन्माएका कमजोरीहरूको बारेमा चित्रण गरिएको छ । प्रस्तुत कथामा सोझो, सीधा तथा नियमानुसार काम गर्ने कर्मचारी हाकिमको शोषणमा परी शिकार बनेको कुरा व्यक्त गरिएको छ । ऊ सीधा, सोझो, मेहेनती तथा अफिसको नियमानुसार काम गर्ने कर्मचारी भए तापनि हाकिमको आँखाको तारो बनेको छ । यही कारणले गर्दा उसले आफूले पाउनु पर्ने सुविधा नपाएर हाकिमलाई स्पष्टीकरण दिनु परेको छ । उसले मागेको बेलामा पनि छुट्टी पाउँदैन । तर एक चोटि उसको अत्यावश्यक काम परेको कारणले एक जना नजिकको साथीको सल्लाह अनुसार चिठी लेखी अफिसमा छोडेर

जान्छ । ऊ काम सकेर फर्किएपछि हाकिमले विभिन्न सुविधा कटौती गरिदिन्छ । एक दिन हाकिमले उसलाई फकाएर काठमाडौं स्थित मन्त्रालय जाने तथा त्यहाँको मन्त्रीको पी.ए.सँग चिना परिचय गराउन आग्रह गर्दछ । साथै हाकिमले उसको सबै सुविधा मिलाइदिन्छ । यसरी प्रस्तुत कथामा हाकिमले सोभ्रो सीधा कर्मचारीलाई सिकार बनाउँदै आफ्नो स्वार्थ पूरा गर्न जस्तो सुकै कदम उठाउन सक्छ भन्ने देखाउन खोजिएको छ । 'निजीकरण' कथामा सार्वजनिक जग्गा आफ्नो पहुँच तथा जागिरे मानसिकताले जन्माएको कुबद्धिले गर्दा व्यक्तिगत बनाएको प्रसङ्ग उल्लेख गरिएको छ । समाज सेवाको नाममा सार्वजनिक जग्गा आफ्नो बनाउने कुरा व्यक्त गरिएको छ । कीर्तिनाथ र म पात्रले दुवै साथी मिलेर गरिब पिउन रामशंकरको लागि केही रकम सहयोग गरी सार्वजनिक चउरमा एउटा सानो चिया पसल राखिदिन्छन् । केही समयपछि म पात्र नभएको मौका छोपी कीर्तिनाथले पञ्चवीरको सहयोग लिएर रामशंकरको छाप्रो भत्काएर जरिवाना समेत गराउँछन् । म पात्र पछि त्यो ठाउँमा आइ पुग्दा छक्क पर्छ । रामशंकरको छाप्रो भएको ठाउँमा कीर्तिनाथको भव्य महल देख्छ । उसले सबै वास्तविकता थाहा पाउँछ । गरिबलाई हतियार बनाएर आफ्नै साथीले जग्गा लिएको सम्भ्री साह्रै दुःखी हुन्छ । कीर्तिनाथको न्यायलाई सम्भ्रिँदै त्यो त कागतमा मात्र सीमित रहेको तर्क गर्छ । प्रस्तुत कथामा सरकारी कर्मचारीले सार्वजजिक जग्गा कसरी आफ्नो बनाउँछन् भन्ने कुरा देखाउन खोजिएको छ । समग्रमा 'दशैं ? दशा' र 'समयको घाउ' कथामा आर्थिक असमानता तथा धेरै महत्वाकांक्षी हुँदा घट्न सक्ने घटना देखाउन खोजिएको छ भने 'जागिर' र 'निजीकरण' कथामा जागिरे मानसिकताले जन्माएको कमजोरी, कु-प्रवृत्ति तथा हाकिमले पिउनलाई गर्ने शोषण देखाउन खोजिएको छ ।

**अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रहमा 'चकनाचूर', 'इज्जतको काँटा', 'पराकाष्ठा', 'बाटै फुक्यो', 'मोडहरू' कथाहरूमा समसामयिक नेपाली समाजका घटनाहरू पाइन्छन् । कथाकारले नेपाली समाजमा घटेका र घट्न सक्ने विषयवस्तुलाई समेटेर प्रस्तुत कथाहरू तयार पारेका हुन् । 'चकनाचूर' कथा नेपाली समाजमा यदाकदा हुने गरेको बहुविवाह प्रथामा आधारित छ । साथै भावुक निर्णयबाट हुन सक्ने घटना र बहुविवाह गर्दा हुन सक्ने सम्भावित दुर्घटना देखाउनु नै प्रस्तुत कथाको मुख्य विषयवस्तु रहेको पाइन्छ । यो कथामा सीता हर्कबहादुरले देखाएको विभिन्न प्रलोभनमा परेर सौता बन्न गएकी छे जसले गर्दा कथाको शीर्षक अनुसार उसको सपना चकनाचूर भएको छ । सावित्रीकी सौता बन्न पुगेकी सीता आफ्नो खाटमा पल्टेर अनेकौं कुराहरू खेलाउन थाल्छे । हर्कबहादुरले आफूसँग पहिला गरेको बाचा र अहिले गरेको व्यवहार सौता सावित्रीले गरेको अपमानपूर्ण व्यवहार, आफ्नो यौनेच्छा तृप्ति गर्नु बाहेक अरु समयमा श्रीमानले नसम्भ्रेको कुरा ऊ सम्भ्रिन थाल्छे । साथै हर्कबहादुर आफ्नो श्रीमान भएकोले भोलि उसलाई मेरो कोठामा सुताउँछु भन्दै घरै उचाल्ने गरी कराइदिन्छु भनरे सोच्न थाल्छे । यसरी आफ्नो मनमा अनेकौं कुराहरू सम्भ्रिंदा सम्भ्रिँदै सीता निदाउन पुग्छे । भोलिपल्ट बिहानै उसको आँगनमा पुलिसहरू आउँछन् । हर्कबहादुरले बहुविवाह गरेको उजुरी परेकोले गर्दा पुलिसले उसलाई अनुसन्धान गर्न लान्छ । सावित्रीले सीतालाई उल्टै गाली गर्दै उक्त घरमा बस्न पर्दैन भन्छे । यसपछि सीता भयभीत हुन्छे र उसको सपना चकनाचूर हुन्छ ।

'बाटै फुक्यो' कथाकी नारी पात्रले आफ्नो पतिको मृत्यु भएपछि छोरा छोरीलाई छाडेर रामचासँग पोइल गएकी छे । कथाको विषवस्तु म पात्रले यही घटना सम्भ्रेको वरपर घुमिरहेको छ । प्रस्तुत कथाको पुरुष पात्र आठ वर्षको हुँदा उसको बाबुको रहस्यमय मृत्यु भएको हुन्छ । मृत्युको बारेमा गाउँलेहरूले एउटै टिप्पणी गरेका हुन्छन् । उसको आमा र रामचा बीच गोप्य सम्बन्ध थियो र रामचा आमाको माइती गाउँले भएकोले उसको घरमा सजिलै आउने गर्दथ्यो । बुबालाई यिनीहरूको नियतमा शंका लाग्न थाल्नु र एकदिन कामबाट चाँडै घर फर्किंदा बुबाले आमा र रामचा बीच जे सम्बन्ध भएको त्यही देख्नु भयो । उक्त घटना घटेको पर्सिपल्ट बुबाको रहस्यमय मृत्यु भयो । त्यसपछि आमा पतिको जूठो तेह्र दिन बारेर रामचा भन्ने भट्टी पसलेसँग पोइल गई केहि महिनामा नै आफ्नो पेटमा समेटेर राखेको रामचाको पापको डल्लो धर्तीमा खसाल्न पुगिन्, जुन पाप आज हाकुचा बनेर चौबीसै घण्टा स्म्याकको नसामा डुब्छ । म पात्र

एक दिन रामचाको भट्टीमा गएको समयमा उसकी आमाले आफूले गरेको पापको पछुतो गर्दै हाकुचालाई सुधार्ने आग्रह गरिन् । यत्तिकैमा म पात्रको तन्द्रा भंग हुन्छ र चिटचिट पसिना आइरहेको हुन्छ । 'बाटै फुक्यो' भन्नाले आमा पात्र र रामचाबिच सम्बन्ध भएको र उक्त सम्बन्ध एउटा निष्कर्षमा पुऱ्याउन खोज्दा श्रीमान बाधाको रूपमा आएकोले उसको रहस्यमय तरिकाबाट हत्या गरी रामचा र आमाको बाटो फुकेको सङ्केत दिन खोजिएको छ । 'इज्जतको काँटा' कथा हाम्रो समाजमा खेल्ने गरेको तास, जुवा आदिसँग सम्बन्धित छ । साथै प्रस्तुत कथा बलेको आगो मात्र ताप्ने परम्परामा आधारित छ । माधव प्रसादका दुई छोरा कमल र कपिलमा प्रस्तुत कथा घुमेको छ । एउटै रुखका दुई हाँगो भए तापनि एउटामा अमृत र अर्कामा विष फलेकोले माधवप्रसाद अचम्ममा परेका छन् । जेठो छोरो कपिल स्कूल गएर पढ्ने, कसैसँग झै-झगडा नगर्ने सोझो प्रवृत्तिको छ । यही कारणले उसले बी.ए. पास गऱ्यो र जागिर पनि खायो । समाजले उसको खुब तारिफ गर्न थाल्यो । कान्छो कमल तरुनी जिस्काउने, झगडा गर्न पनि नहट्ने, चुरोट पिउने गर्दछ । ऊ केही न केही अपराध गरिरहन्थ्यो । एक दिन कमल आफ्नो घरको धनमाल हात लगाएर उक्त गाउँ नै छोडेर भाग्यो । माधवप्रसाद कुचो लगाउनु पर्ने कसिङ्गर हावाले उडायो भन्दै खुसीका साथ बसिरहेका थिए । बुबाको मृत्यु भएपछि एकदिन कमल अचानक गाउँमा प्रवेश गऱ्यो । सबै गाउँले उसको पछि लाग्न थाले । कमल भट्टी नगएर पाटीमा जान्छ । विभिन्न संघ संस्थाहरूलाई चन्दा दिन्छ । उसको नाम चर्चित हुन पुग्छ र राजनीतिक दलले पनि उसलाई नेता बनाउँछन् । उसले गैरकानुनी काम गरेर पैसा कमाएको कसैले बुझ्दैन । यो सबै कुरा बुझेर गाउँका एक जना वृद्ध मानिस चकित पर्दछन् । सुरुमा कपिलको इज्जत गर्ने समाज पछि कमलको इज्जत गर्न पुग्छ । वर्तमान नेपालका राजनीतिक दलहरू आफ्नो नेता तथा गुन्डालाई कसरी संरक्षण गर्दछन् भन्ने कुरा घुमाउरो रूपमा प्रस्तुत गरिएको छ । साथै समाजले सम्पत्ति हुनेको मात्र इज्जत गर्दछन् भन्दै सम्पत्तिलाई इज्जत जोख्ने काँटाको रूपमा लिइएको छ ।

'पराकाष्ठा' कथामा जुवा तास खेल्नाले र नसा सेवन गर्नाले सँगै मिल्ने साथीहरू बीचमा कसरी झगडा पर्दो रहेछ र हानि पुऱ्याउँदो रहेछ भनेर देखाउन खोजिएको । बेलुकाको पाँच बजेपछि अफिस छुट्टी भयो । मिल्ने केही साथीहरू सल्लाह गरेर एक छिन रक्सी पिउने तथा तास खेल्ने सहमतिमा पुगे । सुरुमा वातावरण रमाइलै थियो , बिस्तारै बिस्तारै एक अर्कोको परिवारको कुरा, अफिसका कुरा लगायत अन्य चाहिंदा-नचाहिंदा कुराहरू हुन थाले । यसरी भनाभन हुँदा हुँदै त्यहाँ हात हाल्ने स्थिति सिर्जना भई एकले अर्कोलाई प्रहार गरि नै रहे । उक्त दृश्य देखेर परिस्थिति आफैं डराइरहेको थियो । प्रस्तुत कथामा जुवा, तास र मदिराको नकारात्मक पक्ष देखाउँदै त्यसलाई समाजबाट हटाउनु पर्ने कुरा व्यक्त गरिएको छ । साथै नेपालको प्रशासननिक क्षेत्रमा मोलाउँदै गएको भ्रष्टाचार, अन्याय, अत्याचार, अनियमितता, चाकडी र चाप्लुसीको पर्दाफास पात्रहरूको आ-आफ्नै मुखबाट गर्न कथाकारले पात्रहरूलाई रक्सीको नसामा चुर्लुम्म डुबाएका छन् । 'मोडहरू' एउटा पारिवारिक समस्यामा अल्झेको विकृति देखाउने कथा हो । यो कथामा नेपाली जन-जीवनका विकराल असङ्गतिहरू देखाइएको छ । एक जना नारी पात्रको जिन्दगीमा आएका अवरोहहरूलाई कथाकारले मोडहरू भन्दै प्रस्तुत गरेका छन् । नारीको जीवनमा घटेका घटनाहरूको आधारमा रचना गरिए तापनि नेपालमा भएको अरु समसामयिक समस्याहरू देखाउन कथा सफल भएको छ । प्रस्तुत कथाकी नारी पात्र दुई जना स-साना छोरासित चुहिने घरमा रातको समयमा बसिरहेकी छे । लोग्ने भट्टीमा गएको छ । ऊ खाना खाएर खाटमा गई निदाउन कोसिस गरे तापनि विगतका आफ्ना दिनहरू सम्झिन पुग्छे । पानी एकनासले परिरहे तापनि त्यसको कुनै मतलब नगरी पँधेरोमा पानी लिन जान्छे । चुनावमा नेताले नेपाल पानीको दोस्रो धनी देश भएकोले घरघरमा पानी दिने आश्वासन दिएको कुरा सम्झिन पुग्छे । यस्तै यस्तै कुरा सम्झेर ऊ घर आइपुग्दा उसले थापेका भाँडाहरू भरिएकाले बाहिर पानी फाली पुनः थाप्न पुग्छे । लोग्ने भट्टीबाट फर्की आँगनमा सुतिरहेको हुन्छ । पानी परी घर भित्र छिरेकोले गर्दा उसले दुइटा छोराहरू काखमा च्यापेर बाहिर निस्कन्छे । यत्तिकैमा उसको घरको गाह्रो ढल्छ र भर्खरै बिसाएको पानीको गाग्रो पल्टिन्छ । ऊ चूपचाप प्रस्तुत दृश्य हेरिरहन्छे । प्रस्तुत कथामा मान्छेको जिन्दगीको विसङ्गत पक्ष देखाइएको छ । मान्छे भएर जन्म लिइसके पछि जिन्दगीमा अनेकौं

मोडहरू आउने गर्दछन् र ती मोडहरू सामना गर्नु पर्ने तीतो यथार्थ प्रस्तुत गरिएको छ । समग्रमा 'चकनाचूर' कथामा बहुविवाह तथा भावुक निर्णयबाट हुन सक्ने घटना, 'इज्जतको काँटा' कथामा बलेको आगो मात्र ताप्ने परिपाटीको स्थिति, 'पराकाष्ठा' कथामा जुवा तासको नकारात्मक पक्ष तथा समसामयिक नेपाली राजनीति तथा प्रशासनमा भएको भ्रष्टाचार, चाकरी, नातावाद आदि देखाउन खोजिएको छ । साथै 'बाटै फुक्यो' कथामा विसङ्गत जीवन र आफूले गरेको पापको पछुतो तथा 'मोडहरू' कथामा नेपाली महिलाले भोग्नु परेको समस्या, समसामयिक राजनीतिक समस्या, विकराल जीवन तथा नारीको जीवनमा घटेका आरोह अवरोह देखाउन प्रस्तुत कथाहरू सफल भएको देखिन्छ ।

**(ग) चरित्र चित्रण**

**अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रहमा पात्रहरू जनाउनको लागि प्रायः जसो उनी, ऊ, जस्ता सर्वनाम पदको प्रयोग गरिएको छ । तर कुनै कुनै कथाहरूमा नाम पदको पनि प्रयोग गरिएको पाइन्छ । कथाकारले नेपाली जनजीवन, परिवेश सन्दर्भ सुहाउँदो पात्रहरूको प्रयोग गरेका छन् । 'विखण्डन' कथामा पात्रको रूपमा 'म' र 'उनी' प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा पुरुषको रूपमा म र महिलाको रूपमा उनी पात्रको प्रयोग गरिएको देखिन्छ । म पात्रलाई घमण्डी, अन्तरमुखी स्वभाव भएको तर आमा बुबाको आज्ञाकारी छोराको रूपमा चित्रण गरिएको पाइन्छ । साथै ग्रामीण युवाको प्रतिनिधि पात्र पनि हो । उनी पात्रलाई सहनशील, धैर्यवान्, प्रेममा असफल नारीको रूपमा चित्रण गरिएको छ । साथै नेपाली ग्रामीण नारी, आदर्शवादी नारी, प्रेमको प्रतिमूर्तिको रूपमा चिनाइएको छ ।

'पाँच हजारको सौदा' कथामा म, सुब्बासाहेब र युवती गरी तीन जना पात्रको प्रयोग भएको छ । म पात्रलाई क्षमतावान्, कर्तव्यनिष्ठ र त्यागीको रूपमा चित्रण गरिएको छ । साथै आवश्यक परेको समयमा साथीलाई उचित सर-सल्लाह दिने खुबी छ । सुब्बा साहेबलाई धोका पाएको, केटी देखेपछि हुरुक्कै हुने र आफ्नो हठ नछोड्ने पात्रको रूपमा चिनाइएको छ । ऊ आत्मिक प्रेममा विश्वास गर्ने गर्दछ । साथै उसमा जिद्दी गर्ने प्रवृत्ति हावी भएको देखिन्छ । युवती हेर्दा राम्री तथा अरुलाई दुःख दिने, झुटो प्रेममा फसाएर पैसा मात्र कमाउने खालकी छे । साथै पैसाको प्रलोभनमा परेर देह व्यापार गर्ने भौतिक प्रेमलाई विश्वास गर्ने प्रवृत्ति युवतीमा छ । 'पूर्णविराम' कथामा ऊ, उसकी श्रीमती र उसकी आमा पात्रको रूपमा आएका छन् । ऊ प्रस्तुत कथाको मुख्य पात्र हो । ऊ कर्तव्यनिष्ठ छोरो, सफल प्रेमी, पढेलेखेको तथा सत पात्र हो । आफ्नो प्रेमलाई विवाहमा परिणत गर्न सफल भए तापनि ऊ श्रीमती विहीन हुन पुगेको छ । उसकी श्रीमती असल, राम्री, आत्मिक प्रेममा विश्वास गर्ने तथा सहनशील नारी हो । तर पनि उसकी श्रीमती आत्महत्या गर्न विवश बनेकी छे । साथै अन्तमुर्खी र सन्तुष्ट स्वभाव उसमा छ । उसकी आमा खल पात्रको रूपमा चित्रित छे । समाजको देखावटी पनमा लाग्नु, बुहारीलाई आत्महत्या गर्न बाध्य बनाउनु जस्ता प्रवृत्तिले उसलाई घमण्डी तथा अबुझ गाउँले पात्रको रूपमा चित्रण गरिन्छ ।

'भोक' कथामा म, उसको साथी र श्रीमती गरी तीन जना पात्रहरूको मुख्य उपस्थिति देखाइएको छ । म सोझो, सीधा, छलकपट नगर्ने, निस्वार्थी, धोका पाएको, दुःखी पात्र हो । आफ्नी श्रीमती तथा साथीलाई विश्वास गर्ने जागिरे पात्रको रूपमा उसलाई कथामा देखाइएको छ । उसको साथी पनि सीधा, सोझो, त्यागी, निस्वार्थ भाव भएको शिक्षित तथा जागिरे पात्र हो । उसकी श्रीमतीलाई छलकपट गर्ने, बाहिरी परपुरुषसँग आफ्नो यौन तृप्ति पूरा गर्ने चरित्र भएकी महिलाको रूपमा प्रस्तुत गरिएको छ । साथै आफ्नो कर्तव्य र जिम्मेवारीबाट पछि हट्ने प्रवृत्ति उसमा छ । मधिसे मास्टर, उसका छोराछोरी, चिया पसले जस्ता गौण पात्रहरू पनि रहेका छन् । 'बगरेको शोकेसमा' कथामा मुख्य पात्र ऊ र उसकी श्रीमती हुन् । उसलाई गतिशील पात्रको रूपमा चित्रण गरिएको छ । साथै पीडित, सोझो, सीधा, दुःखी पात्रको रूपमा देखाइएको छ । उसकी श्रीमती बेचिएकी गाउँकी सोझी नारीको प्रतिनिधित्व गर्ने पात्र हो । उसमा धैर्यता,

सहनशीलता हुँदा हुँदै अन्तिममा मृत्यको मुखमा पुगेकी छे । यस बाहेक दलालहरूलाई असत् खल सहायक पात्रको रूपमा चिनिन्छ । साथै पुलिसहरूको उपस्थिति गौण रूपमा गरिएको छ ।

'फल' कथामा ऊ पात्रको उपस्थिति मुख्य रूपमा आएको छ । उसलाई जागिरे, त्यागी, समाजसेवी, पीडित, रक्स्याहा तथा असफल पात्रको रूपमा देखाइएको छ ।

'अँध्यारोभित्रको मान्छे' कथामा ऊ पात्रको मुख्य भूमिका रहेको देखिन्छ । उसलाई विक्षिप्त पात्र, छोरो गुमाएको बाबु, मनोरोगी चरित्र भएको व्यक्तिको रूपमा चित्रण गरिएको छ । उसको छोरो सीधा, सोझो, लेखपढ गर्न सक्षम खालको छ । साथै ऊ त्यागी भएकोले सहिद बन्न पुगेको छ । 'जिउँदो भूत' कथामा एउटी नारी, श्रीमान् गरी दुई पात्र छन् । नारीलाई धैर्यवान्, सहनशीलता भएकी, डराएकी पात्रको रूपमा चित्रण गरिएको छ । साथै उक्त नारी आफ्नो कर्ममा विश्वास गर्ने सोझी, श्रीमानको अन्याय अत्याचार सहने एउटा सफल आमाको प्रवृत्ति भएकी पात्र हो । श्रीमान्लाई जडिया, आफ्नो स्वास्नी कुट्ने प्रवृत्ति भएको पात्रको रूपमा लिइन्छ । छोरा, च्यान्टे, उसकी छोरी पात्रहरू नेपथ्यमा आएका छन् । 'छटपटिएको रात'कथामा म पात्र मुख्य रूपमा आएका छन् । उसलाई मन कमजोर भएको, झुटो, अन्धविश्वास नगर्ने चरित्रको रूपमा प्रस्तुत गरिएको छ । साथै सहरिया चरित्रको प्रतिनिधित्व गर्ने प्रवृत्ति उसमा छ । उसको साथी सोझा, सीधा अन्धविश्वास गर्ने एउटा सफल जागिरे तथा जिम्मेवार पतिको रूपमा रहेको छ । साथै उसमा सहयोगी भावना रहेको पाइन्छ । चोर, पुलिस, उसकी श्रीमतीको उपस्थिति गौण रूपमा देखाइएको छ । 'छाप' कथामा आइतराम, म र झाँक्री गरी तीन चरित्रहरू प्रमुख रूपमा आएका छन् । आइतरामलाई अनपढ, पीडित, अन्धविश्वासी र रुढीवादी पात्रको रूपमा चित्रण गरिएको छ ।

साथै डाक्टरलाई भन्दा धामी झाँक्रीलाई विश्वास गर्ने प्रवृत्ति आइतराममा रहेको छ । म सहयोगी, मिलनसार, समाजसेवी, सक्षम पात्रको रूपमा देखाइएको छ । साथै अन्धविश्वास र रूढीवादी परम्पराबाट मुक्त हुनु, सहरिया चरित्रको प्रतिनिधित्व गर्नु नै उसको मुख्य प्रवृत्ति हुन आउँछ । झाँक्रीले नेपाली झाँक्री परम्पराको प्रतिनिधित्व गरेको पाइन्छ । साथै सोझा सीधा मान्छेको आँखामा छारो हाल्ने प्रवृत्ति उसमा हावी भएको देखिन्छ । उसलाई खल पात्रको रूपमा चिनिन्छ । आइतरामको छोरो, घरपरिवार, डाक्टर जस्ता पात्रहरूको पनि सङ्केत गरिएको छ ।

'त्रस्त' कथामा मुख्य पात्रको रूपमा म आएको छ । म अन्तरमुखी स्वभाव भएको पात्र हो । यो कथाको पात्र मानसिक रूपमा ग्रसित भएको छ । गाडी चढ्दा नकारात्मक सोच राख्नु उसको प्रमुख विशेषता बन्न गएको देखिन्छ । प्रस्तुत कथमा गाडी चालक अरु यात्रुहरूको उपस्थिति गौण मात्रामा देखाएको छ ।

'दशैं? दशा' कथामा म भन्ने पात्र मुख्य रूपमा आएको छ । ऊ सोझो, सीधा, जिम्मेवार तथा जागिरे र पीडित पात्र हो । तलब आएपछि आफ्नो परिवारको इच्छा पूरा गर्ने आश्वासन दिए तापनि छोरोको मृत्यु हुँदा ऊ असफल बन्न पुगेको छ । साथै ऊ देखावटीमा भन्दा पनि वास्तविकतामा रमाउने प्रवृत्ति भएको पात्र हो । उसका श्रीमती, छोराछोरीहरू महत्वाकांक्षी तथा देखावटीपनमा खुसी हुने प्रवृत्ति बोकेका सहायक पात्रहरू हुन् । 'समयको घाउ' कथामा मुख्य गरी म र श्रीमती दुई जना पात्रहरू छन् । म सामान्य जागिरे तथा जे कुरामा पनि सन्तुष्ट हुने सोझो प्रवृत्ति भएको पात्र हो । साथै ऊ मिलनसार, सहयोगी, छलकपट नगर्ने र आफ्नो पुर्खौली सम्पत्ति बचाउनु पर्छ भन्ने भावना भएको पुरुष पात्र हो । श्रीमती देखासिकी गर्नुपर्ने, जिद्दी तथा महत्वाकांक्षी चरित्र भएकी महिला पात्र हो । साथै ऊ घमण्डी पनि छे । प्रस्तुत कथामा दलालहरू सहायक पात्रको रूपमा उपस्थिति भएका छन् ।

'जागिर' कथामा हाकिम र ऊ मुख्य पात्रको रूपमा आएका छन् । हाकिम धूर्त, चलाख तथा सरकारी सम्पत्ति दुरुपयोग गर्ने खालको छ । साथै उसले आफ्नो कर्मचारीको शोषण गरेको पाइन्छ । ऊ सीधा, सोझो, मिहिनेती तथा हाकिमको शिकार भएको पात्र हो । उसमा छलकपटको भावना छैन । प्रस्तुत कथामा उसको दाजु मन्त्रीको उपस्थिति गौण रूपमा देखाएको छ ।

'निजीकरण' कथामा कीर्तिनाथ, म, रामशंकर गरी मुख्य रूपमा तीन जना पात्रहरू छन् । कीर्तिनाथ गतिशील स्वभाव भएको खलपात्र हो । उसको स्वभाव, भ्रष्टाचारी, धूर्त, छलकपट खालको छ । समय अनुसार ऊ परिवर्तन भएको छ । म सीधा सोझो तथा गरिबको सेवा गर्ने स्वभाव भएको पात्र हो । उसमा छलकपट केही छैन । साथै उसमा आफ्नो विचारमा अडिग रहने प्रवृत्ति छ । रामशंकर एउटा सामान्य पिउन तथा चिया पसले हो । ऊ गतिशील र पीडित पात्रको रूपमा चिनिन्छ । पञ्चवीर सहायक पात्रको रूपमा आएको छ । ऊ खल पात्रको रूपमा रहेको छ ।

'चकनाचूर' कथामा सीता, सावित्री र हर्कबहादुर गरी तीन जना पात्रहरू मुख्य रूपमा रहेकी छन् । सीता अरुको प्रलोभनमा फस्ने भावुक तथा अन्तरमुखी स्वभावकी पात्र हो । ऊ सावित्रीको सौता तथा तथा श्रीमानको मायाबाट टाढा रहेकी भयमा बाँचेकी महिला हो । सावित्री दुई बच्चाकी आमा हर्कबहादुरकी जेठी स्वास्नी तथा सौतालाई वशमा राख्ने प्रवृत्ति भएकी महिला पात्र हो । हर्कबहादुर घरमा स्वास्नी हुँदा हुँदै अरुलाई फसाएर दोस्रो विवाह गर्ने व्यक्ति हो । उसको उपस्थिति सहायक पात्रको रूपमा देखाएको छ । साथै अरुलाई झुटा आश्वासन दिने प्रवृत्ति उसमा रहेको छ ।

'इज्जतको काँटा' कथामा माधवप्रसाद, कपिल र कमल गरी तीन पात्रहरू मुख्य रूपमा रहेका छन् । माधवप्रसाद असल बाबु, धैर्यवान्, सहनशील प्रवृत्ति भएका गाउँका सोझा व्यक्ति हुन् । कपिल कमलको दाजु माधवप्रसादको जेठो छोरो हो । ऊ सोझो, इमान्दार, सक्षम तथा जागिरे पात्र हो । उसको स्वभाव मिलानसार, सहयोगी खालको छ । कमल माधवप्रसादको कान्छो छोरो परिवर्तनशील पात्र हो । कथाको सुरुमा ऊ बदमास हरामी तथा गुण्डागर्दी गर्ने खालको भए तापनि कथाको अन्तिम तिर ऊ समाजसेवी, धनी, सहयोगी पात्रको रूपमा रहेको पाइन्छ । 'बाटै फुक्यो' कथामा म, दिदी र आमा गरी तीन जना पात्रहरू आएका छन् । म सीधा, सोझो तथ टुहुरो पात्र हो । आफूलाई अन्याय पर्दा समेत केहि गर्न नसक्ने स्वभाव भएको व्यक्ति हो । दिदी खासगरी सहायक रूपमा आएकी छे । उसको खासै त्यति क्रियाकलाप कथामा देखिँदैन । आमालाई आफ्नो बच्चामाथि अन्याय गर्ने आफ्नै पतिको हत्या गर्ने, परिवर्तनशील, असत् चरित्रको रूपमा देखाइएको छ । उनको स्वभाव अन्तरमुखी खालको छ । साथै आफूले गरेको पापको पछुतो गर्ने पात्रको रूपमा देखाइएको छ । रामचालाई सहायक खलपात्र, भट्टी पसले तथा अर्कोको स्वास्नीसँग सम्पर्क गरी लोग्नेको हत्या गर्न सहयोग गर्ने पात्रको रूपमा देखाइएको छ । 'मोडहरू' कथामा मुख्य रूपमा एक जना नारी पात्र रहेको पाइन्छ । उक्त नारी पात्रलाई परिवर्तनशील स्वभावको रूपमा चित्रण गरिएको छ । दुई जना छोराकी आमा, गरिब, सहनशील, धैर्यवान्, कर्तव्यनिष्ठ पात्रको रूपमा उनलाई लिइन्छ । उसको लोग्ने सहायक पात्रको रूपमा आएको छ । ऊ संधै भट्टीमा गएर रक्सी पिउने खल पात्र हो । साथै उक्त नारीको दाजु, भाउजु, बाबुको उपस्थिति गौण रूपमा देखाएको छ ।

समग्रमा प्रस्तुत सङ्ग्रहका कथाहरूमा हाम्रै नेपाली जनजीवनका पात्रहरू प्रयोग गरेको आभाष पाइन्छ । साथै प्रायः सबै कथाहरूमा ऊ, उनी जस्ता सर्वनामको प्रयोग गरी पात्रहरूको सङ्केत गरिएको छ । यदाकदा केही कथाहरूमा पात्र बुझाउन नाम पदको प्रयोग पनि गरिएको छ । नेपाली जनजीवनमा घटेका घटना देखाई त्यही अनुसार पात्रहरूको छनौट गर्न सक्नु कथाकारको महत्वपूर्ण विशेषता हुन आउँछ ।

**(घ) परिवेश**

**अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रहमा परिवेशको रूपमा विभिन्न स्थानहरू आएका छन् । 'विखण्डन', 'फल', 'निजीकरण' , 'जागिर' जस्ता कथाहरू मुख्य रूपमा एउटा अफिसमा घटेको घटनाको आधारमा तयार गरिएको छ । 'विखण्डन' कथा एउटा अफिसमा घटेको घटनाको आधारमा तयार गरिएको छ । साथै अफिस बाहेक नेपालको एउटा गाउँ नेपथ्यमा आएको छ ।

'निजीकरण', 'जागिर' र 'पूर्णविराम' कथामा घर, मन्त्रालय, चौर जस्ता विभिन्न स्थान परिवेशको रूपमा चित्रण गरिएको छ ।

'पाँच हजारको सौदा', 'पूर्णविराम', 'त्रस्त' कथा मुख्य गरेर एउटा रात्री बसमा भएको घटना नै परिवेश बनेर आएको छ । यसका साथै उक्त रात्री बस काठमाडौंबाट बाहिर जाँदा बाटोमा पर्ने नदी, मुग्लिङ्ग जस्ता ठाउँहरू सहायक रूपमा चित्रण गरिएको छ । 'भोक', 'बगरेको शोकेसमा', 'पराकाष्ठा', 'मोडहरू', 'जिउँदो भूत', 'छटपटिएको रात' कथाहरूमा एउटा कोठा मुख्य रूपमा आएको छ । भोकमा कोठा बाहेक क्याम्पस, नेपालको कुनै दुर्गम गाउँ प्रस्तुत गरिएको छ । 'बगरेको शोकेसमा' नेपालको बोर्डर पारिको बाटो, गल्ली उपस्थित गरिएको छ । 'मोडहरू' कथामा कोठा बाहेक धारा बाटो आएको छ । 'जिउँदो भूत' कथामा बाटो, खोल्सा जस्ता ठाउँको पनि चित्रण गरिएको भेटिन्छ । 'छटपटिएको रात' कथामा एउटा कोठा, पुलिस चौकी, होटेल जस्ता ठाउँहरूको उपस्थिति देखाइएको छ ।

'छाप' कथामा चेपाङ समुदाय र वस्ती मुख्य परिवेश बनेर आएका छन् । साथै नेपथ्यमा शहर अस्पताल पनि आएका छन् । 'दशै ? दशा' कथामा अफिस लगायत अस्पताल, डेरा परिवेशको रूपमा चित्रण गरिएको छ । समयको घाउमा एउटा घर, खेत तथा अफिामा घटेको घटना नै प्रमुख बनेर आएको छ । 'चकनाचूर' कथामा एउटा घर मुख्य रूपमा कथाको परिवेश बनेर आएको छ । साथै पुलिस चौकी नेपथ्यमा आएको छ ।  'बाटै फुक्यो' कथामा एउटा घर, भट्टी मुख्य रूपमा आएको छ । साथै नेपथ्यमा अफिसको उपस्थिति देखाइएको छ । समग्रमा प्रस्तुत कथा सङ्ग्रहमा खास गरेर त्यति लामो समय तथा व्यक्ति धेरै ठाउँहरू परिवेह बनेर आएको देखिँदैन । केवल थोरै समयमा र सीमित ठाउँ मात्र प्रस्तुत संङ्ग्रहका कथाहरूमा परिवेश बनेर आएको पाइन्छ ।

### (ङ) उद्देश्य

**अँध्यारोभित्रको कथा** सङ्ग्रहमा भएका कथाहरूको फरकफरक उद्देश्यहरू रहेको पाइन्छ । प्रस्तुत कथा सङ्ग्रहमा भएका प्रणयमूलक कथाहरू 'विखण्डन', 'पूर्णविराम', 'पाँच हजारको सौदा' मा आत्मिक प्रेम र भौतिक प्रेम बिच फरक देखाउन खोजिएको छ । साथै 'विखण्डन' कथामा प्रेम व्यक्त गर्नु पर्छ नत्र टुक्रिन पुग्छ । 'पूर्णविराम' कथामा देखावटीपनमा लाग्दा प्रेम खोसिन पुग्छ र 'पाँच हजारको सौदा' कथामा एकतर्फी प्रेम गर्नु हुँदैन भन्ने कुरा देखाउनु मुख्य उद्देश्य रहेको पाइन्छ ।

यौनपरक कथाहरूमा यौन विकृति, महिलामाथि हुने यौन हिंसा देखाउनु नै मुख्य उद्देश्य बनेर आएको छ । 'भोक' कथामा यौन तिर्खा मेटाउन गरेको अनैतिक कार्य देखाउन खोजिएको छ । 'बगरेको शोकेसमा' कथामा विवशता र बाध्यताले एउटी नारी यौनकर्मी कसरी बन्दछे देखाइएको छ । प्रस्तुत सङ्ग्रहमा राजनीतिक विषयवस्तुका कथाहरूमा नेपाली राजनीतिमा आएको व्यवसायीकरण, स्थायीपन देखाउनु नै मुख्य उद्देश्य रहेको पाइन्छ । 'फल' कथाले नेपाली राजनीतिको स्वार्थीपन तथा 'अँध्यारोभित्रको मान्छे' कथाले नेपाली राजनीतिको व्यवसायीकरण देखाउन खोजेको छ । मनोविश्लेषणात्मक कथाहरूमा 'जिउँदो भूत', 'छटपटिएको रात', 'छाप' जस्ता कथाहरू पर्दछन् । यी कथाहरूको उद्देश्य मुख्य गरी वनको बाघले नखाए पनि मनको बाघले खान्छ भनेर देखाउनु हो । 'छाप' कथाको प्रमुख उद्देश्य नेपाली समाजमा भएको अन्धविश्वास र रूढीवादी परम्पराको असर छाप जस्तै बनेर बसेको छ भनेर देखाउनु रहेको पाइन्छ । 'जिउँदो भूत' र 'छटपटिएको रात' कथामा मनोबल उच्च राख्नु पर्ने कुरा व्यक्त गरिएको छ । 'त्रस्त' कथामा यात्रा गर्दा सकारात्मक सोच राख्नु पर्छ भन्ने कुरा व्यक्त गरिएको छ । प्रस्तुत कथा सङ्ग्रहका आर्थिक कथाहरूले नेपाली समाजमा हुने गरेको आर्थिक असमानता, आर्थिक विभेद, विसङ्गति बोकेर प्रष्टसँग देखाउनु नै यी कथाहरूको मुख्य उद्देशय बनेर आएको देखिन्छ । 'दशैं ? दशा' कथाले र 'समयको घाउ' कथाले घाँटी हेरि हाड निल्नु पर्ने देखावटीमा लाग्न नहुने

कुरालाई मुख्य रूपमा आफ्नो उद्देश्य बनाएका छन् । 'जागिर' र 'निजीकरण' कथाले हाकिमले गर्ने शोषणका बारेमा यथार्थ रूपमा चित्रण गरेका छन् ।

प्रस्तुत सङ्ग्रहका समसामयिक विषयका कथाहरूले नेपाली जनजीवन विविध पक्षहरूको यथार्थ रूपमा समाजमा देखाउने उद्देश्य बोकेका छन् । 'मोड' कथाले नेपाली नारीको अवस्था समाजमा अझै पनि दयनीय अवस्थामा रहेको कुरा देखाउन खोजेको पाइन्छ । 'चकनाचूर' कथाको उद्देश्य बहुविवाह गर्दा हुने हानी नोक्सानी देखाउनु, 'पराकाष्ठा' कथाको उद्देश्य जाँड, जुवाको लत देखाउनु र 'बाटै फुक्यो' कथाको उद्देश्य महिलाले कसरी आफ्नो घर परिवार त्याग गरी अर्कोसित पोइल जान्छन् भन्ने मुख्य रूपमा आएको पाइन्छ ।

### (च) भाषाशैली

**अँध्यारोभित्रको मान्छे** कथा सङ्ग्रह कथाहरूमा विशेष गरी हाम्रै गाउँघर तथा नेपाली जनजीवनमा बोलिने भाषाको प्रयोग गरिएको छ । वाक्यहरू प्रायः सामान्य आदरार्थी खालका छन् । 'मोडहरू', 'अँध्यारोभित्रको मान्छे', 'छाप', 'जागिर' जस्ता कथाहरूमा दुई चार वटा अङ्ग्रेजी शब्दको प्रयोग गरिएको पाइन्छ । प्रायः कथाहरू पात्रले विगतका घटनाहरू स्मरण गरी रचना गरिएकाले ठाउँ ठाउँमा मनोवाद शैलीको पनि प्रयोग गरिएको छ । यसै गरी 'विखण्डन', 'छटपटिएको रात', 'समयको घाउ' जस्ता कथाहरूमा केही मात्रामा संवाद शैलीको प्रयोग गरिएको छ । तर पनि प्रायः कथाहरूमा निबन्धात्मक शैलीको प्रयोग गरिएको छ । 'विखण्डन', 'चकनाचूर', 'त्रस्त', 'जागिर' जस्ता कथाहरूमा केही मात्रामा प्रश्नवाचक वाक्यहरू प्रयोग भएको पाइन्छ । प्रस्तुत कथाहरूमा प्रायः सबै रहस्यात्मक भएकोले गर्दा भावी घटनप्रति उत्सुकता जगाउने खुबी भए तापनि कथाहरू सहजै बुझ्न सकिन्छ । नयाँ नयाँ किसिमको प्रयोग गरी कथाहरू रचना गरिए तापनि शैलीमा प्रयोगात्मक जटिलता छैन । वाक्यहरू सरल किसिमका छन् । समग्रमा नेपाली जनजीवनमा प्रयोग गरिने बोलीचालीको भाषा प्रयोग गरी कतै कतै अङ्ग्रेजी शब्द, कतै संवाद शैली, कतै प्रश्नोत्तर शैली, आदिको प्रयोग प्रस्तुत कथा सङ्ग्रहमा प्रयोग गरिएको पाइन्छ ।

## ४.२.२ अनलाइन डट कम कथा सङ्ग्रहको समीक्षा

### (क) कृति परिचय

**अनलाइन डट कम** कथा सङ्ग्रह वि.सं. २०६६ मा साझा प्रकाशन, ललितपुरबाट प्रकाशन भएको हो । प्रस्तुत कथा सङ्ग्रहमा जम्मा १४ वटा कथा समावेश गरिएका छन् ।  जसमध्ये १२ ओटा कथा पहिले नै विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका थिए भने बाँकी रहेका २ वटा कथा यो सङ्ग्रह आउनु भन्दा अगाडि अप्रकाशित नै थिए ।

राममणि ढुङ्गेलको **अनलाइन डट कम** कथा सङ्ग्रह कथा यात्राको दोस्रो र लेखन यात्राको सातौं कृति हो । यस सङ्ग्रहमा ढुङ्गेलको सबैभन्दा पहिला सार्वजनिक भएको कथा पनि राखिएको छ । उक्त कथा वि.सं. २०३४ पुस २० गते रेडियो नेपालबाट 'अब म कहिल्यै विदेसिन्न' शीर्षक राखी प्रसारित भएको देखिन्छ । पछि ढुङ्गेलले उक्त शीर्षक परिवर्तन गरेर 'प्रण' राखी यस सङ्ग्रहमा संकलित गरेका हुन् । आफ्नो सुरुको कथामा नै उनले देश भक्ति देखाएका छन् । खास गरेर नेपालमा भएको बेरोजगारी समस्या देखाई उक्त समस्याबाट मुक्ति पाउन हजारौं नेपाली युवा विदेश गएर त्यहाँ आफ्नो ऊर्जाशील शक्ति खर्च गरे पनि बुढेसकालमा नेपाल फर्किनु पर्ने बाध्यता नै यो कथाको मुख्य विषयवस्तु रहेको छ । साथै विदेशमा गर्ने दुःख स्वदेशमा गर्न सके आफ्नो देश विकास हुने र बेरोजगारी समस्या पनि हट्दै जाने कुरा व्यक्त गरिएको छ ।

राममणि ढुङ्गेलको प्रस्तुत कथा सङ्ग्रहलाई साइबर संस्कृतिको उपज पनि मानिन्छ । यसमा भएका प्रायः जसो कथाहरू नाटकको जस्तो अंक-अंक शैलीमा लेखिएको छ । उत्तर आधुनिक कालले स्वीकार गरेको साइबर संस्कृतिको प्रयोग गरी एउटै कथामा पनि विभिन्न उपकथाहरू जोडिएका छन् । कथा पढ्दा खेरी सामान्य विषयवस्तुमा कथा रचना गरे जस्तो लागे पनि यो सङ्ग्रहका कथाहरू निक्कै चोटिला र रसिला छन् । यस सङ्ग्रहका कथाहरूले हाम्रो

समाजलाई नै अन्तिम सत्य मान्दै सामाजिक जीवनका कटुता, व्यवहार, विसङ्गत भोगाइ, भ्रष्ट आचारण आदिको चिरफार गरेका छन् । कथाको संरचना, शैली, शिल्प, भाषा आदि फरक किसिमले प्रयोग गर्दै कथाहरूमा नौलोपन देखाउन खोजिएको छ । नेपाली जनजीवनका बोलीचालीका सामान्य भाषा प्रयोग गर्दै यदाकदा आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको छ । यसैगरी प्रायः कथाहरूमा ऊ, उनी जस्ता सर्वनाम पात्रहरू जनाउनको लागि प्रयोग गरिए तापनि यदाकदा नाम पनि प्रयोग गरिएको छ । ढुङ्गेलका कथाहरूमा प्रशासनमा भएका भ्रष्टाचार, पारिवारिक समस्याहरू तथा नेपाली समाजमा घटेका घटनाहरू नै मुख्य विषयवस्तु बनेर आएका हुन्छन् । **अनलाइन डट कम** कथा सङ्ग्रहमा भएका कथाहरूलाई निम्न विषयवस्तुका आधारमा वर्गीकरण गरिन्छ ।

क) आर्थिक समस्याका कथाहरू

ख) पारिवारिक समस्याका कथाहरू

ग) अपराधिक गतिविधिका कथाहरू

घ) राष्ट्रप्रेमका कथा

ङ) प्रणयमूलक कथा

च) समसायिक कथाहरू

**(ख) विषयवस्तु**

**अनलाइन डट कम** कथा सङ्ग्रहकमा कथाहरूमा विविध विषयवस्तु समेटिएको पाइन्छ । प्रस्तुत सङ्ग्रहका कथाहरूले कतै राष्ट्रप्रेम, कतै आराधिक गतिविधि कतै पारिवारिक समस्या जस्ता विषयवस्तु गहन रूपमा उठाएको देखिन्छ ।

**अनलाइन डट कम** कथा सङ्ग्रहमा भएका 'परिभाषा', 'बिर्सिएको बाटो', 'परिधिभित्र परिधिबाहिर', 'बेमौसमी कित्ता' कथाहरू मुख्य रूपमा आर्थिक पक्षलाई जोड दिएका छन् । प्रस्तुत कथाहरूमा कतै आर्थिक असमानताले गर्दा जीवन तहसनहस भएको, कतै आर्थिक महत्वाकांक्षी योजना बनाउँदा भएको भ्रष्टाचार तथा उक्त भ्रष्टाचारबाट जोगिन सीधा सोझा कर्मचारीलाई गरेको शोषण, कतै पैसा कमाउन अनैतिक कार्य गर्दा भएको दुर्घटना देखाउन खोजिएको छ । 'परिभाषा' कथामा पैसाको प्रलोभनमा परेर हाकिमले भ्रष्टाचार गरेको तथा उक्त भ्रष्टाचार लुकाउन उसले सोझो र इमान्दार खरदार जोगबहादुरको काँध चढेको प्रसङ्ग उल्लेख गरिएको छ । साथै हाकिमले आफ्नो अफिसको सामान दुरुपयोग गर्नु हुँदैन भन्दै खरदारलाई स्पष्टीकरणको फाइल हातले नै तयार गर्न लाउँछ । आफू भने अफिसको गाडीमा सिमेन्ट बोक्न घरमा लान्छ । प्रस्तुत कथा एउटा कार्यलयमा हाकिमले गरेको भ्रष्टाचार तथा उक्त हाकिमलाई सम्बन्धित संस्थाले स्पष्टीकरण मागेपछि हाकिमले खरदारलाई गरेको शोषण र आदर्शवादी कुरा हाकिमले गरे तापनि व्यवहारमा लागू नभएको प्रसङ्गमा आधारित छट । 'बिर्सिएको बाटो' पैसा कमाउने उद्देश्यले अनैतिक रूपमा हिंडेका गाडी चालक र एक जना पेसेन्जरको कथामा आधारित छ । प्रस्तुत कथा श्रीगणेश, एउटा कथा बिर्सिएको बाटो-आरम्भ विन्दु, बिर्सिएको बाटो मध्यान्तर र बिर्सिएको बाटो उत्कर्षतर्फ गरी चार उप शीर्षकमा रचना गरिएको छ । पहिलो उप-शीर्षकमा निर्जीव पात्र सडकको चिनारी, दोस्रो उप-शीर्षकमा गाडी चालकको चिनारी तेस्रो उप-शीर्षकमा पेसेनजरको चिनारी दिंदै वर्णन गर्नु र चौथो-उपशीर्षकमा उक्त गाडी अचानक दुर्घटनामा भई दुई जना मानिस घाइते भएको र दुई दिनपछि मृत्यु भएको प्रसङ्ग उल्लेख गरिएको छ । प्रस्तुत कथामा तस्करहरूले पैसा कमाउने नाममा गरेको कालो बजारी तथा अनैतिक सामानको देश विदेशमा ओसार पसार गरिरहेका छन् भन्ने कथावस्तुको वर्णन गरिएको छ ।

'फूलको छिटा' कथा आर्थिक प्रशासनिक गतिविधिसँग सम्बन्धित छ । आफ्नो साथी बिनुवाले दिइएको काँडाको उपहारलाई मनुवाले फूलको थुँगा सम्झी बिनुवालाई त्यही थुँगा

दिएको छ । एउटै कुवामा बसि खेली हुर्केका मनुवा र बिनुवा समय बित्दै जाँदा दुवैले, एकै चोटि नोकरीमा प्रवेश गरे । केहि वर्षपछि बिनुवाको प्रमोसन भई हाकिम भयो । मनुवाले बिनुवालाई भन्सारमा सरुवा गर्न आग्रह गर्दा बिनुवाले माथिको आदेश भन्दै अवकाश पत्र दियो । पाँच वर्षपछि मनुवा मन्त्री भयो र बिनुवाको भ्रष्टाचारसम्बन्धी फाइल मन्त्रीज्यूकहाँ पेस भयो । मनुवाले आफ्नो साथीको अनुहार सम्झी विभिन्न बहानामा कारबाही रोकिदियो । प्रस्तुत कथामा आफ्नो घनिष्ठ मित्रको मित्रता पूरा गर्दै पत्थरले हान्नेलाई फूलको जवाफ दिनु पर्छ भन्न खोजिएको छ । 'परिधिभित्र परिधि बाहिर' कथामा हाकिमहरूले आफ्नो भ्रष्टाचार लुकाउन सोझो खरदारलाई फसाएका छन् । साथै खरदारको कमजोरीको फाइदा उठाउँदै उसकी श्रीमतीको सतीत्व हाकिमले लुटेको छ । यो कथा परिधि, पचहत्तर दिन पहिले, पूर्व पृष्ठभूमि घटनाविवरण, उपलब्धि, परिधिभित्र, परिधिबाहिर, मूल्य, सुरुआत गरी विभिन्न उपशीर्षकमा विभाजन गरे तापनि प्रत्येक उपशीर्षकको एक अर्कोसँग सम्बन्ध जोडिएको छ । सोझो खरदारलाई मृतक व्यक्तिको जग्गा पास गरेको भन्दै हाकिमहरूले आफ्नो कूकर्म लुकाएर खरदारलाई फसाइदिएका छन् । साथै खरदारलाई जेलबाट बाहिर ल्याउन हाकिमले उसकी श्रीमतीको सतीत्व लुटपछि मात्र सहयोग गरेको देखिन्छ । प्रस्तुत कथामा परिधिभित्र र परिधिबाहिर भनेर जेलभित्र र जेलबाहिरको संसारलाई जनाएर हाकिमले आफूले गरेको कुकृत्यबाट बच्न अर्कोलाई फसाएको कुरा व्यक्त गरिएको छ । 'बेमौसमी किस्ता' कथा आर्थिक महत्वाकांक्षी हुँदा आर.सी. दादाले तिर्नु परेको जरिवाना साथै गरेको भ्रष्टाचारसँग सम्बन्धित छ । प्रस्तुत कथा बेर्ना, उपज, कटान र भण्डारण गरी विभिन्न उपशीर्षकमा विभाजन गरिएको छ । बेर्ना उपशीर्षक भित्र आर.सी. दादा र म पात्र बिच मित्रता गाँसिएको प्रसङ्ग, उपज उपशीर्षक भित्र दुवैले नायब सुब्बा आयोगको परीक्षा दिई पास भएको प्रसङ्ग र आर.सी. दादाले भ्रष्टाचार गरी घर जग्गा किनेको प्रसङ्ग व्यक्त गरिएको छ । कटान उपशीर्षकमा भ्रष्टाचारको मुद्दामा मुछिए पछि म पात्रलाई भेट्न आएको, सफाइको लागि सहयोग गर्न गरेको आग्रह र भण्डारण उप शीर्षकमा आर.सी. दादाले एक करोड रुपियाँ जरिवाना तिरी एक वर्ष कैद भुक्तान गर्नु परेको कुरा उल्लेख गरिएको छ । समग्रमा प्रस्तुत कथाहरूले आर्थिक महत्वाकांक्षी हुँदा भोग्नु परेको समस्याहरूलाई प्रस्तुत गरेका देखिन्छन् ।

'खोलो तरेपछि' र 'कोलाहल' पारिवारिक समस्यामा अल्झेका कथाहरू हुन् । प्रस्तुत कथाहरूमा नेपाली जनजीवनका पारिवारिक समस्याहरू संयुक्त परिवार हुँदा भोग्नु परेका पीडा, व्यथा, भाइ भाइ बीच हुने गरेको मनमुटाव आदि देखाइएको छ । 'खोलो तरेपछि' कथामा दाजुले आफ्नो भाइ माथि गर्नु पर्ने कर्तव्य पूरा गरे तापनि बुहारी विवाह गरे पछि उक्त परिवारमा मनमुटाव सुरु भई परिवार टुक्रिन पुगेको छ । बाबुले अन्तिम अवस्थामा दिएको वचन राजनले पूरा गरेको छ । आफ्नो भाइलाई पढाएर राजनले जागिर समेत खुवाएको छ र विवाह पछि भाइ छुटेर बस्दा राजन दुःखी भएका छ । 'कोलाहल' पनि पारिवारिक समस्यामा अल्झेको कथा हो । प्रस्तुत कथाको ऊ पात्रले शहरमा पढ्ने मौका पाएको छ । ऊ परिवारको साइलो छोरो हो । एक दिन आमा बिरामी भएको थाहा पाएर साइलो घर तिर लाग्छ । घर पुगेपछि साइलोलाई श्रीमतीले अनेकौं झुट्टा कुरा गर्दछे । त्यसपछि त्यहाँ कोलाहल सुरु हुन्छ । साइलोकी आमा अन्तिम अवस्थामा पुगेकी हुन्छिन् र केहि बोल्न सक्दिनन् । एउटा संयुक्त परिवारमा एउटी महिलाले गरेको व्यवहारले गर्दा झैं झगडा हुन कुरा व्यक्त गरिएको छ ।

'सानी कान्छी' र 'बयान कागत' कथा अपराधिक गतिविधिमा आधारित छ । प्रस्तुत कथाहरूमा चेलीबेटी बेचबिखन सम्बन्धी जघन्य अपराध देखाउन खोजिएको छ । कथाकारले 'सानी कान्छी' कथामा एउटा नौलो प्रयोग गरेका छन् । नेपालमा बालविवाह र अनमेल विवाह विरुद्ध विभिन्न कार्यक्रमहरू भइरहेको समयमा बाह्र वर्षीया सानी कान्छी र पैंतीस वर्षीया दुलाहा बिच विवाह हुन्छ । मन्त्रीले मानव अधिकारको कुरा गरिरहँदा मुकुन्डो लगाएका एक समूह आएर लछार पछार गर्दै सानी कान्छीलाई घरबाट निकालिदिन्छन् । सानी कान्छी दयाको भीख माग्दै हिंड्दा अचानक एक दिन आफ्नो घर सम्पत्ति फर्काइदिने एक जना न्यायकर्तालाई भेट्न पुग्छे । नेपाल विरुद्ध एक विदेशीले दिएको अभिव्यक्तिले सिङ्गो नेपाल आक्रोशित बन्दा सानी कान्छी

आफ्नो शरीर बाधयतावश अपरिचितहरूलाई सुम्पिरहेकी हुन्छे । एक दिन एउटा राष्ट्रप्रेम युवकको सहयोगमा ऊ त्यहाँबाट उम्की । प्रस्तुत कथामा दुइवटा छुट्टाछुट्टै उपकथा जोडिएको पाइन्छ । सोझो रूपमा हेर्दा चेली बेटी बेचविखनसँग सम्बन्धित रहको देखिन्छ तर लाक्षणिक अर्थमा प्रस्तुत कथाले राष्ट्रप्रेम खतरामा रहेको सङ्केत गरिएको पाइन्छ ।

'बयान कागत' आपराधिक गतिविधिको आधारमा रचना गरिएको कथा हो । प्रस्तुत कथा चेलीबेटि बेचविखन सँग सम्बन्धित छ । सरला के.सी भन्ने मुख्य पात्र आत्मकथामा प्रस्तुत कथा आधारित छ । धादिडमा जन्मिएकी सरला प्रवेशिका परीक्षा पास भए पछि काठमाडौं पढ्न आउँदा गाउँको एक जना दाजु पर्नेसँग भेट हुन्छ । सरला उसलाई विश्वास गर्न पुग्छे । फलस्वरूप उसले एक दिन अनेकौं प्रलोभन देखाएर एउटा विदेशीको साथमा उसको देश पठाइदिन्छ । सुरुमा माया गरे तापनि एक दिन विदेशीले सरलालाई बेचिदिन्छ । केही समयपछि नेपाली युवकको समपर्कमा सरला आइपुग्छे र त्यहाँबाट मुक्त भई नेपाल फर्किन्छे । समग्रमा प्रस्तुत कथाहरूको माध्यमबाट नेपाली समाजमा भएका घटेका अपराधिक घटनाहरू देखाई नेपाली चेली कसरी दलालीको हातमा परेर वेश्यालयमा पुगी शरीर बेच्न बाध्य हुन्छन् भनेर देखाएको छ । 'प्रण' कथामा राष्ट्रप्रेम देखाउन खोजिएको छ । यो कथाकार ढुङ्गेलको लेखन यात्राको क्रममा सर्वप्रथम सार्वजनिक भएको रचना हो । प्रस्तुत कथाको पात्रलाई एक दिन अचानक आफ्नी आमा र मातृभूमिको सम्झनाले पिरोल्न थाल्छ । साथै उसलाई घर, गोड, गाई, बाखा, पाटी पौवा सबैले डाकिरहे झैं लाग्छ । त्यसपछि सन्तेले आफ्नो साहूलाई साँचो दिई साहूको कुरा नसुनी आफ्नै देश जाने जानकारी गराउँदै ऊ हिंड्छ । सन्ते झमक्क रात पर्दा आफ्नो घर पुग्छ । एक्कासि छोरोलाई दैलोमा देख्दा सन्तेकी आमालाई रातमै सूर्योदय भएको अनुभव हुन्छ । सन्ते कहिल्यै विदेश नजाने प्रण गर्दछ । प्रस्तुत कथामा नेपाल जस्तो गरिब मुलुकमा भएको बेरोजगारी समस्या देखाउँदै उक्त समस्याबाट मुक्ति पाउन विदेसिए तापनि आखिरमा स्वदेश नै पर्किनु पर्ने बाध्यता देखाउन खोजिएको छ । साथै हालका दिनमा हजारौं युवाहरू विदेसिरहेको परिप्रेक्ष्यमा यो कथा राष्ट्रप्रेमको अनुपम नमूना बनेको छ र आजको युवालाई विदेशमा जवानी बेच्नु भन्दा आफ्नो देशमा केही गर भन्ने प्रेरणा प्रदान गर्न सक्षम रहेको छ ।

'पर्दाहरू' कथा एक जना केटा र केटी बीच बसेको प्रेम सम्बन्धमा आधारित छ । प्रस्तुत कथाकी नायिकाले नायकलाई धोका दिएकोले प्रसङ्गले गर्दा यो कथा विछोडमा टुगिंएको छ । म र उनी एउटै अफिसमा काम गर्ने कर्मचारी मित्र हुन्छन् । यही कारणले गर्दा उनीहरू दुई बीच प्रेम बस्न पुग्दछ । म पात्रले एक दिन उनको कोठामा जाँदा त्यहाँको सजावट देखेर प्रश्न गर्दछ । उसको प्रश्नको प्रति उत्तरमा मामा विदेशबाट आउनु भएकोले यो सबै कुरा सम्भव भएको कुरा बुझिन्छ । म पात्र सडकमा हिंडिरहेको समयमा एक जना साथीसँग भेट हुन्छ । त्यसपछि दुवै जना कोठामा गई रमाइलो गर्न पुग्दछन् । यसरी रमाइलो गर्दा गर्दै म पात्रको हात आफ्नो खल्तीमा पुग्छ र कि-ब्याग फेला पर्दैन । म पात्रले अफिसबाट निस्केर गएका ठाउँहरू सम्झिन थाल्छन् । यत्तिकैमा उनको डेरामा दुवै जना पुग्छन् । त्यहाँ केही गुनगुन सुनिन्छ । म पात्रको मित्रको आँखा झ्यालमा पर्छ जहाँ झ्यालको पर्दाले धर्म छोडेको हुन्छ । यसपछि त्यहाँको सबै कुराहरू बुझेर दुवै जना फर्किन्छन् । म पात्रले आफ्नो कन्चन माया धमिलो भएको सम्झिन पुग्छन् । प्रस्तुत कथामा मान्छेले पैसाको प्रलोभनमा फसेर आफ्नो प्रेम बेचेको प्रसङ्ग उल्लेख गरिएको छ । साथै केटाकेटी बीच भएको प्रणय सम्बन्ध देखाउँदै उक्त सम्बन्धलाई रहस्यमय तरिकाले बिछोड गराएको छ । समग्रमा हिजोआजको प्रेम आत्मामा भन्दा पनि पैसामा बसेको हुन्छ भन्ने कुरा देखाएको छ । चोखा माया प्रेम गर्नेको संधै विछोड हुने कुरा व्यक्त गरिएको छ ।

'अन लाइन डट कम', 'अर्को भ्रूण' र 'घटना-दुर्घटना' समसामयिक विषयवस्तुमा लेखिएका कथाहरू हुन् । खास गरेर नेपाली जनजीवन, समसामयिक राजनीतिक अपराधिक घटनाहरू आदिलाई आधार मानेर प्रस्तुत कथाहरू रचना गरिएका छन् । यी कथाहरूमा साइबर संस्कृतिको प्रयोग पनि पाइन्छ । 'अनलाइन डट कम' कथामा नेपाली परिवेशमा घटेका समसामयिक ताजा राजनीतिक, अपराधिक आदि घटनाहरू प्रस्तुत गरिएको छ । यो कथा

अनलाइन एकदेखि अनलाइन नौसम्म, अनलाइन डट कम अर्थात शून्य र पृष्ठभूमि गरेर विभिन्न उपशीर्षकमा विभाजन गरिएको छ । प्रत्येक उपशीर्षकको विषयवस्तु फरक फरक रहेको पाइन्छ । साथै ती विषयवस्तु एक अर्कोसँग अन्तरसम्बन्धित छैनन् । एउटा कथा उपलब्ध गराउन पृष्ठभूमि उपशीर्षकमा म पात्रलाई रामचन्द्र सञ्जेल ल्यापटप खोलेर अनलाइनमा बसेका हुन्छन् । अनलाइन एक उपशीर्षकमा सत्तापक्षको निरंकुशताको विरुद्धमा विरोधी पक्षबाट सत्याग्रहको घोषणा, बम पड्कियो सिंहदरबारमा, संसद् भवनमा जस्ता कुराको बयान गर्दै कसले किन पड्कायो भन्ने कुरा थाहा हुँदैन । अनलाइन दुईमा पत्रकारको टाउकोमा गोली लागे तापनि बाँच्न सफल हुनु, भूमिगत गिरोहले गोली हानेको हल्ला चल्नु जस्ता कुराहरू छन् । अनलाइन तीनमा पोखराको फेवातालमा सम्भ्रान्त व्यक्तिबाट यौवन लुटिएर दुई किशोरीको लास फेला परे तापनि हत्यारा पत्ता लगाउन नसकी अनुसन्धान नै तुहिंदै जानु जस्ता जघन्य यौन अपराधको कुरा व्यक्त गरिएको छ । अनलाइन चारमा कर्तव्यनिष्ठ, निडर र जुझारु स्वभाव भएको सञ्चारकर्मीलाई वीर अस्पचाल नजिक मोटरले हान्दा मृत्यु भएको प्रसङ्ग उल्लेख गरिएको छ । अनलाइन पाँचमा एक जना लोकप्रिय सङ्गीतकारलाई चिल्लो गाडीले मुख्य सडकमा हानेको र उक्त घटनाप्रति भएको विरोधका कार्यक्रमहरू उल्लेख गरिएको छ । अनलाइन छ मा एउटा मुख्य र लोकप्रिय पार्टीको जुझारु नेता, प्रखर वक्ता तथा महासचिवलाई रहस्यमय ढङ्गबाट सवारी दुर्घटना गराई त्रिशूली नदीमा खसालेर मृत्युको मुखमा पुऱ्याएको प्रसङ्ग उल्लेख गरिएको छ । अनलाइन सातमा दास ढुङ्गा दुर्घटनाको योजनाकारहरू खोज्नु, जिप चालकलाई समपूर्ण जानकारी भए तापनि रहस्य नखोल्नु, एक दिन उसलाई पनि मृत्युको मुखमा पुऱ्याई घटना अझै रहस्यमय बन्दै गएको कुरा व्यक्त गरिएको छ । अनलाइन आठ राजदरबार हत्याकाण्डसँग सम्बन्धित छ । अनलाइन नौमा धर्मका ठेकेदार, पुराणका नायक, महापण्डित मारिएको घटना प्रस्तुत गरिएको छ । अफलाइनमा एकाएक बिजुली चम्केर ल्यापटप निभेको कुरा व्यक्त गरिएको छ । यसरी प्रस्तुत कथामा नेपालमा भएका केही महत्वपूर्ण राजनीतिक, आपराधिक घटनाहरू प्रस्तुत गर्दै कथाकारले एउटा पत्रिकामा कथा दिनको लागि अनलाइनमा बसेको र अन्तिममा विविध कारणले ल्यापटप आफैं बन्द भएको कुरा व्यक्त गरिएको छ ।

'घटना-दुर्घटना' कथामा स्वर्ग र नर्कको कुरा गर्दै काठमाडौंको स्वर्गीय कुकृत्यहरू र नारकीय बाध्यताहरू प्रस्ट पारिएको छ । प्रस्तुत कथामा मान्छेले गरेको कर्मको आधारमा नर्क र स्वर्ग बन्ने कुरा व्यक्त गरिएको छ । ऊ पात्र रत्नपार्कको धुपीको छहारीमा बस्दा बस्दै निदाएर स्वर्ग पुग्छ । त्यहाँ उसको बस्ने बेला सकिए पछि नर्कमा पुग्छ । त्यहाँ उसको बस्ने बेला सकिए पछि नर्कमा पुग्छ । जहाँ उसले विसङ्गति मात्र देख्छ । यसरी सपना देख्दा देख्दै ऊ ब्युँझिन पुग्छ र आफू रत्नपार्कमा भएको चाल पाउँछ । खास गरेर प्रस्तुत कथामा मान्छे कहीं पनि सुखी नहुने, जतातते मान्छेको जीवन विसङ्गत रहेको कुरा व्यक्त गर्दै स्वर्ग र नर्क यहीं रहेको छ भनेर देखाउन खोजिएको छ । 'अर्को भ्रूण' समसामयिक राजनीतिक विषयमा आधारित कथा हो । नेपालमा भएको दोस्रो जनआन्दोलन, संविधान सभाको निर्वाचन र गणतन्त्रमा देशलाई लैजाने कुराम उक्त संविधान सभा भ्रूण बनेको आशयमा प्रस्तुत कथा रचना गरिएको देखिन्छ । अवतरण कथा, सम्भ्रम कथा, संकेत कथा, आशय कथा, विश्लेषण कथा र भ्रूण कथा गरी विभिन्न उपशीर्षकहरूमा विभाजन गरे तापनि कथावस्तु भने एक अर्कोमा सम्बन्धित रहेको पाइनछ । म भन्ने पात्र संविधानसभा निर्वाचनमा मतदान अधिकृतका रूपमा कार्य सम्पन्न गरी नियमानुसार बाकस बुझाएर घर फर्की बेलुका आराम गर्नका लागि पल्टिएको अवस्थामा विगतका घटनाहरू सम्झिदै प्रस्तुत कथाको विषयवस्तु बुनिएको छ ।

'अवतरण' कथामा निर्वाचन भएपछि मतदान अधिकृतले बेलुका पल्टेर अतीतका पानमा डुब्न पुगेको घटना छ ।  सम्भ्रम कथामा विभिन्न समयमा भएका निर्वाचनसम्बन्धी घटनाहरू, तराईमा भएको आन्दोलन आदि कुराको बयान गरिएको छ । 'संकेत' कथामा दोलखा भिमसेनलाई पसिना आएको, मच्छिन्द्रनाथको रथ ढलेकोले देशमा अनिष्ट हुने भयो भन्दै बुढापाकाहरूले भनेको कुरा पत्रपत्रिकाहरूमा छापिएका छन् । आशय कथामा विभिन्न दलका नेताहरूले गरेका भाषणहरू

राखिएको छ । 'विश्लेषण' कथामा गणतन्त्र बीस प्रतिशत नभएर सय प्रतिशत आउनु पर्छ भनिएको छ । अवधारणा कथामा गणतन्त्र भन्ने शब्द सुनिए तापनि निमुखा जनताहरूको मौलिक हक पूरा हुन नसकेको कुरा व्यक्त गरिएको छ । 'भ्रूण' कथा दस वर्षे युद्ध र उन्नाइस दिने जनआन्दोलनले दिएको जनभावना अनुसार संविधान सभा मार्फत् चाँडै गणतान्त्रिक संविधान निर्माण गर्नु पर्ने कुरा व्यक्त गरिएको छ ।

समग्रमा **अनलाइन डट कम** कथा सङ्ग्रहमा समसामयिक, आर्थिक, पारिवारिक, प्रणयमूलक आदि विषयवस्तुमा रचना गरिएका कथाहरू राखिएका छन् । सुन्दा र पढ्ददा सामान्य लागे तापनि विषयवस्तुको गहिराइ बुझ्दा निकै गहन तथा वर्तमान समय सापेक्ष रूपमा प्रस्तुत गरिएको छ  प्रस्तुत कथा सङ्ग्रहमा हाम्रै जीवनका भोगाइ, राजनीतिमा हुने गरेका खिचातानी, भ्रष्टाचार जस्ता पक्षको टड्कारो चित्रण गरिएको पाइन्छ । अतः राममणि ढुङ्गेललाई नेपाली कथाको एउटा सशक्त प्रगतिशील कथाकारको रूपमा राख्न सकिन्छ ।

**(ग) चरित्र चित्रण**

**अनलाइन डट कम** कथा सङ्ग्रहमा विभिन्न विशेषताहरू बोकेका पात्रहरूको प्रयोग गरेको भेटिन्छ । प्रस्तुत कथा सङ्ग्रहका प्रत्येक कथानक अनुसार पात्रहरूले छुट्टाछुट्टै चारित्रिक विशेषताहरू देखाएका छन् । 'परिभाषा' कथामा खरदार जोगबहादुर र हाकिम गरी मुख्य रूपमा दुई जना पात्रको उपस्थिति रहेको छ र जोगबहादुरलाई सोझो, इमान्दार, कर्तव्यनिष्ठ, धैर्यवान् तथा पीडित पात्रको रूपमा चित्रण गरिएको पाइन्छ । साथै खरदार जोगबहादुर हाकिमबाट शोषण भएको पात्र हो । हाकिमलाई स्वार्थी, भ्रष्टाचारी, शोषण गर्ने चरित्रको रूपमा प्रस्तुत कथामा देखाइएको छ । हाकिम आफ्नो पदको दुरुपयोग गर्ने पात्र हो । हरिशंकर र मन्त्रीलाई गौण रूपमा प्रस्तुत गरिएको छ । मन्त्रीको उपस्थिति नेपथ्यमा मात्र रहेको र हरिशंकर भन्ने मिलनसार पात्रको रूपमा चित्रित छ । 'बिर्सिएको बाटो' कथा गाडी चालक र एक पेसेन्जर मुख्य रूपमा आएका छन् । गाडी चालकलाई प्रलोभनमा फस्ने, बहुविवाह गर्ने चलाख पात्रको रूपमा लिइन्छ । उसले आफ्नो जहान परिवार हुँदा हुँदै एउटी प्रमिका बनाएको छ । साथै गाडी चालक अन्तरमुखी चरित्र भएको व्यक्ति हो । एक पेसेन्जरलाई दलाली, तस्करको रूपमा लिइन्छ । ऊ पनि अन्तरमुखी र महत्वकांक्षी भएको पात्र हो । साथै गाडी चालकको श्रीमती, छोरा छोरी, प्रेमिका, पेसेन्जरकी श्रीमती गौण सबैको उपस्थिति मात्रमा रहेको छ । उनीहरू कथानकको बिचमा आए तापनि केहि पनि भूमिका निर्वाह गरेका छैनन् । 'फूलको छिटा' कथामा मनुवा बिनुवा गरी दुई पात्रको उपस्थिति रहको पाइन्छ । मनुवालाई सहनशीलता, कर्तव्यनिष्ठ, इमान्दार तथा सहयोगी पात्रको रूपमा चित्रण गरिएको छ । साथै ऊ आफ्नो साथीको दुःखमा साथ दिने पात्र हो । बिनुवा एकलकाँटे, असहयोगी, स्वार्थी तथा भ्रष्टाचारी चरित्र भएको व्यक्ति हो । ऊ धुर्त भएकोले आफ्नो साथीको गुण नदेख्ने पात्रको रूपमा चित्रण गरिएको पाइन्छ ।

मनुवाको श्रीमती, हाकिम र मन्त्रीज्यूको उपस्थिति देखाए तापनि उनीहरूलाई नेपथ्यमै राखिएको छ । 'परिधिभित्र र परिधिबाहिर' कथामा खरदार, उसकी श्रीमती र हाकिमको मुख्य भूमिका रहेको छ । प्रस्तुत कथाको खरदारले सोझो, इमान्दार तथा अरुलाई चाँडै विश्वास गर्ने विशेषता बोकेको छ । साथै आर्थिक महत्वाकांक्षी हुँदा ऊ फस्न पुगेको छ । हाकिम जाली, फटाहा, कृत्य काम गर्ने भ्रष्टाचारीको रूपमा चित्रित छ । साथै गरिबीको फाइदा उठाउँदै खरदारलाई फसाएर उसले खरदारकी श्रीमतीको यानै शोषण गरेको छ । खरदारकी श्रीमतीलाई सोझी, पीडित, गरिब तथा गाउँले नारीको चरित्र भएको पात्रको रूपमा चित्रण गरिएको छ । 'बेमौसमी कित्ता' कथामा आर.सी.दादा र म पात्रको मुख्य उपस्थिति रहेको पाइन्छ । आर.सी.दादा घुस्याहा, सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्ने, चलाख, धुर्त हाकिमको रूपमा चिनिन्छन् । साथै उनी आर्थिक महत्वाकांक्षी बोकेका खल पात्र हुन् । म पात्रलाई कर्तव्यनिष्ठ, असल, सहयोगी सुब्बाको रूपमा चित्रण गरिएको छ । साथै ऊ आफ्नो जिम्मेवारी निर्वाह गर्ने, विवेकशील, धैर्यवान

तथा सन्तुष्ट पात्रको रूपमा रहेको छ । आर.सी. दादाको जहान पविार, हाकिम आदिको उपस्थिति मात्र देखाइएको छ ।

'खोलो तरेपछि' कथामा राजन, राजनकी श्रीमती तथा उसका भाइ र बुहारी गरी मुख्य रूपमा चार जना पात्रहरूको उपस्थिति देखाइएको छ । राजनलाई कर्तव्यनिष्ठ, जिम्मेवार, सहनशील, धैर्यवान् श्रीमान् तथा दाजुको रूपमा चित्रण गरिएको छ । बाबु आमाको मृत्यु भए तापनि उसले भाइप्रति गर्नुपर्ने सम्पूर्ण व्यवहार पूरा गरेको छ । राजनकी बुढीलाई सहनशील, धैर्यवान्, आदर्शकी प्रतिमूर्ति, ग्रामीण चरित्रकी नारी पात्रको रूपमा चित्रण गरिन्छ । उसले पनि देवरप्रतिको कर्तव्य पूर्ण रूपमा निर्वाह गरेकी छे । राजनको भाइलाई गतिशील पात्रको रूपमा चित्रित गरिएको छ । सुरु सुरुमा आफ्नो दाजुको सुख दुःखमा साथ दिए तापनि कमाउने र विवाहपछि उसको चरित्र असत् बन्न गएको छ । साथै ऊ अन्तरमुखी र स्वार्थी प्रवृत्तिको छ । राजनका छोराछोरीहरू, बुबा, आमाको उपस्थिति गौण रूपमा देखाइएको छ । 'कोलाहल' कथामा साइँलो मुख्य पात्रको रूपमा आएको छ । प्रस्तुत कथाको ऊ पात्र शिक्षित, झगडालु, अबुझ, शहरिया पात्रको रूपमा चित्रित छ । साथै उसमा शंकालु प्रवृत्ति भेटिन्छ । साइँलोकी स्वास्नी एकलकाँटे, कुरौटे, चरित्रहीन, गतिछाडा पात्रको रूपमा चिनिन्छे । साथै अहम्, घमण्डी प्रवृत्ति हावी छ । साइँलोको भाइ सोझो, इमान्दार, सहनशीलताको प्रतिमूर्ति हो । आफूले दाजुको कुटाइ खाँदा पनि उसले कुनै प्रतिकार गरेको छैन । साइँलोका अरु दाजुहरू र गाउँलेहरूलाई सहायक पात्रको रूपमा उपस्थिति जनाएको छ । साइँलोकी आमा र धुवेको उपस्थिति देखाए तापनि उनीहरूको कुनै कार्यव्यापार देखिंदैन । 'सानी कान्छी' कथामा मुख्य गरी सानी कान्छीको नै भूमिका रहेको छ सानी कान्छीलाई गाउँले सोझी, सीधी, विश्वासिली, तिरस्कार गरिएको व्यक्ति, बेचिएकी, अनपढ, यौन शोषित चरित्रको रूपमा देखाइएको छ । सानी कान्छी सरल, सोझी तथा अनमेल विवाहको चपेटामा परेकी केटीको प्रतिनिधित्व गर्ने गतिशील, अबला नारी, तथा अन्तर्मुखी स्वभाव भएकी पात्र हो । कथामा उसको बुढोको उपस्थिति गौण मात्रामा देखाइएको छ । साथै उसको प्रेमीलाई केटी बेच्ने दलाल, अन्तरमुखी, अविश्वासिलो पात्रको रूपमा चित्रण गरिएको छ । साथै कथाको अन्तिममा आएको एक जना युवक आदर्शवान्, सहयोगी, मिलनसार प्रवृत्तिको रहेको पाइन्छ ।

'बयान कागत' कथामा मुख्य गरी सरला के.सी.को भूमिका रहको छ । प्रस्तुत कथामा सरला के.सी.लाई बहिर्मुखी चञ्चले स्वभाव, गरिब, महत्वाकांक्षा भएकी, अबुझ, अरुलाई चाँडै विश्वास गर्ने, बेचिएकी एकली छोरीको रूपमा चित्रण गरिएको छ । साथै सरलाले ग्रामीण नारीको प्रतिनिधित्व गरेकी पाइन्छ । एक युवक भन्ने पात्र स्वार्थी, केटी बेच्ने दलाल, अन्तर्मुखी, जसलाई पनि फसाउने खुबी भएको व्यक्ति हो । विदेशी पात्र पनि आदर्शवादी कुरा गरेर अरुको जिन्दगी बरबाद पार्ने दलाली चरित्र भएको व्यक्ति हो । नेपाली युवक सहयोगी, मिलनसार पात्रको रूपमा आएकोले सरलाको उद्धार गरेको देखिन्छ । अतःऊ सेवा गर्ने प्रवृत्तिको पात्र हो । सरलाको बुबा, आमा, गरिब, निमुखा, दुःखी पात्र हुन् । उनीहरूको उपस्थिति नेपथ्यमा रहेको पाइन्छ । 'प्रण' कथाको मुख्य पात्र सन्ते हो । सन्तेलाई जिम्मेवार, सहनशील, आर्थिक प्रलोभनमा नफस्ने, कर्तव्यनिष्ठ, गतिशील पात्रको रूपमा चित्रण गरिएको छ । साथै ऊ विदेसिएका युवाहरूको प्रतिनिधित्व गर्ने र राष्ट्रिय भावन ओतप्रोत भएको पात्र हो । सन्तेकी आमा बुढी भए तापनि आशावादी, धैर्यवाद्, सहनशीलता भएकी नारी हुन् । साथै सम्पूर्ण नेपाली आमाको प्रतिनिधित्व गर्ने आदर्श नारीको रूपमा चित्रण गरिएको छ । 'पर्दाहरू' कथामा मुख्य नारी म, उनी पात्रहरूको उपस्थिति देखाइएको छ । म पात्रलाई त्यागी, असफल, धोका खाएको, जिम्मेवार चरित्रको रूपमा चित्रण गरिएको छ । साथै ऊ मिलनसार, सहयोगी, बहिर्मुखी, भावुक प्रवृत्तिको छ । आफ्नो प्रेम बेचिंदा पनि ऊ सहेर बसेको छ । उनी पात्रलाई प्रलोभनमा फस्ने, ढुल्मुले, महत्वाकांक्षी, अन्तर्मुखी, असत्को रूपमा चित्रण गरिएको छ । आफ्नो साँचो प्रेमको घाँटी काटी पैसाको लागि शरीर बेचेकी छे । म पात्रको साथी सहयोग, अरुलाई सल्लाह दिन सक्ने चरित्र भएको छ ।

(घ) परिवेश

**अनलाइन डट कम** कथा सङ्ग्रहमा विभिन्न स्थानहरू परिवेशको रूपमा आएका छन् । खास गरेर कतै अफिस, कतै कोठा, कतै बाटो, कतै गाउँघर जस्ता ठाउँहरू नै प्रस्तुत कथा सङ्ग्रहमा परिवेशको रूपमा चित्रण गरिएको पाइन्छ । 'परिभाषा' कथामा मुख्य रूपमा एउटा अफिसमा घटेको घटनाको आधारमा रचना गरिएकोले उक्त अफिस मुख्य परिवेश बनेर आएको छ र यसका साथै विभाग, मन्त्रालय, हाकिमको घरको उपस्थिति नेपथ्यमा रहेको छ । 'बिर्सिएको बाटो' कथामा सहरको चिल्लो सडक मुख्य रूपमा परिवेश बनेर आएको छ । उक्त कथाको समय दिउसो रहेको छ । साथै एयरपोर्ट, अस्पताल, घर को उपस्थिति नेपथ्यमा देखाइएको छ ।'फूलको छिटा' कथाको समय लगभग बीस /तीस वर्षको रहेको पाइन्छ । कथाकारले प्रमुख रूपमा अफिसलाई नै कथाको घटना घटेको मुख्य स्थान बनाए तापनि सहायक रूपमा एउटा गाउँ, मन्त्रीज्यूको कार्यालयको उपस्थिति देखाएका छन् । 'परिधिभित्र र परिधिबाहिर' कथामा जेल, अफिस, होटेल जस्ता स्थानहरू मुख्य रूपमा आएका छन् । लगभग पचहत्तर दिनको घटना नै प्रस्तुत कथामा भेटिन्छ । यसैगरी हाकिमको घर पनि चित्रण गरिएको छ । 'बेमौसमी कित्ता' कथाको समयावधि लगभग बीस पच्चीस वर्षको देखिन्छ । लोक सेवा आयोग, एउटा सरकारी अफिस मुख्य स्थान बनेर आएको छ । साथै काठमाडौं, विराटनगर, सुनसरी जस्ता ठाउँहरू नेपथ्यमा देखाइएको छ ।

'खोलो तरेपछि' कथाको सेरोफेरो लगभग बीस बाईस बर्षको समय र एउटा परिवार भित्र सीमित रहेको देखिन्छ । साथै कथाकारले विद्यालय, क्याम्पस, अफिस जस्ता कुराको सङ्केत गर्न खोजेका छन् । 'कोलाहल' कथाको समय एक दुई दिनको रहेको पाइन्छ । प्रस्तुत कथा सहर तथा एउटा गाउँको संयुक्त परिवारभित्र सीमित रहेको पाइन्छ । साथै नगन्य कार्यलय, स्कूल बाटो पनि प्रस्तुत कथामा परिवेशको रूपमा सङ्केत गरिएको छ । 'सानी कान्छी' कथामा लगभग बीस/तीस वर्षको रहेको आभाष पाइन्छ । राजधानीको एउटा भव्य महल, नेपालको एउटा दुर्गम गाउँ, काठमाडौं शहर, बोर्डर पारि, माइती नेपाल जस्ता स्थानहरू नै प्रस्तुत कथामा चित्रण गरिएको पाइन्छ । 'बयान कागत' कथामा लगभग एक दुई वर्षको समय रहेको देखिन्छ । प्रस्तुत कथामा धादिङ, काठमाडौं, युरोप जस्ता स्थानहरू आएका छन् । साथै कलेज, स्कूल जस्ता स्थानहरूको संकेत गरिएको छ । 'प्रण' कथामा बीस वर्षको समय देखिन्छ । विदेशी भूमि, नेपालको कुनै गाउँ मुख्य स्थानको रूपमा आएका छन् । साथै घर, गोठ, बोटविरुवा, पाटी, पौवा आदिको उपस्थिति गौण रूपमा देखाइएको छ ।

'पर्दाहरू' कथाको समय लगभग एक/दुई वर्षको देखिन्छ । एउटा कार्यालय, राजधानीको प्रमुख बजार, सडक, कोठा जस्ता स्थानहरू प्रस्तुत कथामा आएका छन् । 'घटना दुर्घटना' कथाको समय दिउसोको रहेको पाइन्छ । स्वर्ग, नर्क, रत्नपार्कको धूपी जस्ता स्थानमा घटेको घटनाका आधारमा प्रस्तुत कथा तयार पारिएको देखिन्छ । समग्रमा **अनलाइन डट कम** कथा सङ्ग्रह विभिन्न समय र स्थानमा घटेका घटनाहरूको आधारमा तयार पारिएको देखिन्छ । साथै प्रस्तुत सङ्ग्रहमा कतै अफिस, कतै बाटो, कतै स्वर्ग, कतै जेल जस्ता ठाउँहरू स्थानको रूपमा आएका छन् ।

(ङ) उद्देश्य

**अनलाइन डट कम** कथा सङ्ग्रहमा भएका कथाहरूको आ-आफ्नै उद्देश्य रहेको पाइन्छ । 'परिभाषा' कथामा सोझो, सीधा खरदारलाई हाकिमले गर्ने आर्थिक, मानसिक शोषण तथा भ्रष्टाचारबाट बच्न भ्रष्टाचारीले गर्ने अनेक उपायहरू देखाउनु नै मुख्य उद्देश्य बनेर आएको छ । 'बिर्सिएको बाटो' कथामा अनैतिक रूपमा पैसा कमाउन हिंड्दा आउन सक्ने परिणाम देखाउन खोजिएको छ । साथै तस्करहरूले व्यापारका नाममा अनैतिक सामानको देश विदेशमा कसरी ओसार पसार गरिरहेका छन् र यसको जालो कुन तहसम्म फैलिएको छ भन्ने कुरा देखाउन खोजिएको छ । 'फूलको छिटा' कथामा साथीले दिएको पत्थरको निसानी साक्षी राखी आफूले

त्यसको जवाफ फूलको छिटाबाट दिएको कुरा उल्लेख गरिएको छ । साथै हाकिमले गर्ने भ्रष्टाचार र उक्त भ्रष्टाचारबाट आफ्नो साथीले गरेको प्रयास पनि मुख्य रूपमा जोगाउन आएको छ । 'परिधिभित्र परिधिबाहिर' कथामा हाकिमले आफूले गरेको कुकृत्यबाट बच्न अर्कोलाई फसाएको तथा विवशताको फाइदा उठाएर अर्कोकी श्रीमतीको सतीत्व लुटेको प्रसङ्ग देखाइएको छ । 'बेमौसमी कित्ता' कथामा आफू हाकिम हुँदा गरेको शोषण, सार्वजनिक पदको दुरुपयोग तथा साथी सुब्बालाई गरेको तुच्छ व्यवहार तर अप्ठ्यारो पर्दा उक्त सुब्बालाई गरेको चाकरी प्रस्तुत गर्दै नेपाली समाजमा भएको चाकरी चाप्लुसी प्रवृत्तिको भण्डाफोर गरिएको छ । 'खोलो तरेपछि' कथाले मुख्य गरेर संयुक्त परिवारको संरचना देखाइ, श्रीमती विवाह गरेपछि भाइ भाइ बीच हुने गरेको मनमुटाव साथै बलेको आगो मात्र ताप्ने  प्रवृत्ति देखाएको छ । यसैगरी 'कोलाहल' कथाले पनि संयुक्त परिवार बीचमा हुने गरेको झैझगडा, मनमुटाव देखाउँदै नेपाली समाजमा विवाह गरेपछि श्रीमतीको कारणबाट कसरी दाजु भाइ बिच फाटो आउँछ भनेर देखाउनु नै प्रस्तुत कथाको मुख्य उद्देश्य रहेको पाइन्छ । 'सानी कान्छी' कथामा सीधी, सोझी नेपाली छोरीहरू कसरी दलालको हातमा परेर विदेशमा गई आफ्नो शरीर बेच्न बाध्य हुन्छन् र त्यहाँबाट अनेक जुक्ति लगाई स्वदेश फर्किन्छन् भन्ने कुरा व्यक्त गरिएको छ । यस्तै 'बयान कागत' कथा गाउँबाट सहर पढ्न आएकी एक जना चेली आफन्तको विश्वासमा परी दलालको मार्फत् युरोपमा बेचिए तापनि स्वदेश फर्किएको प्रसङ्ग देखाइएको छ । साथै यी दुई कथाले समाजमा बढ्दै गएको जघन्य अपराधका बारेमा चित्रण गरेको पाइन्छ । 'प्रण' कथाको मुख्य उद्देश्य नेपल जस्तो मुलुकमा भएको गरिबी समस्या, उक्त समस्याबाट मुक्ति पाउन विदेसिनु पर्ने बाध्यता तथा अन्तिम समयमा आफ्नै देश फर्किनु पर्ने विवशता दर्साउनु नै रहको पाइन्छ । 'पर्दाहरू' कथामा मान्छेले पैसाको प्रलोभनमा परेर आफ्नो आत्मिक प्रेम पनि बेच्न सक्छ भन्दै त्यस्ता प्रेमीहरूबाट सतर्क रहनु पर्ने कुरा देखाउनु नै मुख्य उद्देश्य बनेर आएको छ । 'घटना दुर्घटना' मा स्वर्ग र नर्कको कुरा गर्दै काठमाडौंको स्वर्गीय कुकृत्यहरू र नारकीय बाध्यताहरू छरपष्ट पार्दै मान्छेको जीवन विसङ्गत रहेको कुरा देखाउनु नै प्रस्तुत कथाको मुख्य उद्देश्य रहेको पाइन्छ ।

**(च) भाषाशैली**

**अनलाइन डट कम** कथा सङ्ग्रहमा सामान्यतया नेपाली जनजीवनका बोलीचालीका भाषा प्रयोग गर्दै यदाकदा आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको छ । 'परिभाषा', 'सानीकान्छी', 'फूलको छिटा' जस्ता कथाहरूमा काहीं काहीं अंग्रेजी शब्दहरू पनि भेटिन्छन् । 'कोलाहल' र 'खोलो तरेपछि' कथामा नेपाली ग्रामीण भेगमा बोलिने भाषा तथा शब्दहरूको वर्चस्व रहेको देखिन्छ । 'परिभाषा' , 'बिर्सिएको बाटो', 'परिधिभित्र परिधिबाहिर', 'बेमौसमी कित्ता' कथाहरूमा प्रशासनमा प्रयोग हुने शब्दहरूको तथा वाक्यहरूको प्रयोग गरेको देखिन्छ । 'प्रण', 'परिभाषा', 'कोलाहल' जस्ता कथामा दुई चार प्रश्नवाचक वाक्यहरूको प्रयोग गरिएको छ । साथै यदाकदा नेपाली उखान टुक्काहरूको पनि प्रयोग गरिएको छ । 'पर्दाहरू', 'बेमौसमी कित्ता' कथामा कतै कतै संवाद शैलीको प्रयोग गरिएको छ । 'बयान कागत', 'सानी कान्छी' कथा मुख्य गरी मनोवाद शैलीमा रचना गरिएको देखिन्छ । प्रस्तुत संग्रहका प्रायः कथाहरू रहस्यात्मक रूपमा रचना गरिएका छन् । कतिपय वाक्यहरू दुर्वोध्य किसिमका छन् । साथै सरल वाक्यहरूको वर्चस्व रहे तापनि मिश्र, संयुक्त वाकयहरू पनि भेटिन्छन् ।  कथाकारले वाक्यहरू निर्माण गर्दा नेपाली भाषा तथा शब्द नै प्रयोग गर्न खोजे तापनि परिस्थिति अनुसार अरु भाषाका वाक्यहरू, शब्दहरू पनि प्रयोग गरिएको पाइन्छ । कथाको संरचना, भाषा शैली आदि फरक देखाइ नौलोपन देखाउन खोजेको देखिन्छ । साथै कुनै कुनै कथा पढ्दा धेरै किसिमका अर्थ लाग्ने देखिन्छ । प्रस्तुत सङ्ग्रहका प्रायः कथाहरू सबै नपढेसम्म स्पष्ट रूपमा बुझ्न सकिंदैन । कथाहरू पढ्दा पाठकमा उत्सुकता जाग्नुका साथै रहस्यको पर्दाफास अन्तिममा मात्र हुन्छ । **अनलाइन डट कम** कथा सङ्ग्रहका प्रायः कथा दुर्वोध्य खालका भए तापनि कथाहरू पढेपछि एउटा निष्कर्षमा पुग्न सकिन्छ । साथै वाक्यहरू प्रायः सामान्य आदरार्थी खालका छन् । समग्रमा प्रस्तुत कथा सङ्ग्रहमा नेपाली जनजीवन, ग्रामीण भेगमा बोलिने वाक्यहरू प्रशासनमा प्रयोग गरिने शब्द वाक्यहरू आदिको वर्चस्व रहे तापनि

यदाकदा आगन्तुक शब्द, वाक्यहरू पनि प्रयोग गरेको भेटिन्छ । यसरी विभिन्न शब्द, वाक्यहरू प्रयोग गरे तापनि कथाहरू दुर्बोध्य अर्थ दिने खालका भए तापनि बुझ्नको लागि त्यति कठिन देखिंदैन ।

## ४.३ राममणि ढुङ्गेलका कविता कृतिको समीक्षा

नेपाली कविताको क्षेत्रमा लगभग चारदशक समय बिताइसकेका राममणि ढुङ्गेलले अनौपचारिक रूपमा स्कुले जीवनदेखि नै कविता लेख्न सुरु गरेको देखिन्छ । वि.सं. २०२६ मा 'मेरो देश' शीर्षकको चार हरफे कविता रचना गरी ढुङ्गेल नेपाली कविताको क्षेत्रमा पाइला टेकेको पाइन्छ । तर त्यसबेला उनी स्कुल पढ्दै गरेका कारणले गर्दा उनको उक्त कविता अप्रकाशित नै रह्यो । खास गरेर विद्यार्थी जीवनमा कविता लेख्नुको उद्देश्य विद्यालयमा हुने विभिन्न साहित्यिक कार्यक्रममा सहभागिता जनाउनु थियो । उनको 'मेरो देश' कविताले विद्यालयमा निकै चर्चा पाएको थियो । साथै उक्त कविता स्कुलमा वाचन गरेपछि शिक्षकहरूले ढुङ्गेललाई उदाउन लागेको तारा भनेर संज्ञा दिएको पाइन्छ (राममणि ढुङ्गेलसँगको अन्तर्वार्तामा आधारित) । आफ्नो स्कुले जीवन सकिएपछि जागिरे जीवनतिर प्रवेश गर्नु पर्ने बाध्यताले गर्दा साहित्यतिर त्यति समय दिन नसकेकोले केही कविताहरू लेखे पनि अप्रकाशित नै रहे । राममणि ढुङ्गेल कविताको क्षेत्रमा औपचारिक रूपमा २८ वर्षको उमेर देखि उदाएका देखिन्छन् । वि.सं.२०४१ मा उनको पहिलो कविता **समस्टि** पत्रिकामा प्रकाशित भयो । जसको शीर्षक 'जीवनयात्रा' हो । उक्त कवितामा कविले मान्छेले आफ्नो जिन्दगीको यात्रा गर्दा अनेकौं वाधाहरू आइ पर्छन् भन्दै त्यस्ता गतिरोधसँग लड्दै विकासको बाटोमा हिंड्नुपर्ने कुरा व्यक्त गरेका छन् । यस कवितामा कविले मान्छे सुन्सान मन्दिरभित्र मूर्ति बसे झैं बस्न नहुने भन्दै विकासको घण्टा बजाउँदै विकास निर्माण तिर लाग्नु पर्ने कुरा व्यक्त गरेका छन् । यसैगरी कविले उक्त कविता मार्फत आफ्नो नङ्ग्रा खियाएर विकासको मूल फुटाउन र देश अघि बढाउन सबै देशवासीहरूमा अनुरोध गरेका छन् । यसरी कविले आफ्नो पहिलो प्रकाशित कविताबाट नै देश प्रेम जगाएका र देशभक्ति देखाएका छन् ।

राममणि ढुङ्गेलका हालसम्म दुइटा कविता संङ्ग्रह सार्वजनिक भएका छन् । जसमा **आस्थाको बगैंचा** (२०५३) र **अक्षर भ्रूण र अर्को बुद्ध** (२०६८) रहेका छन् । पहिलो कविता सार्वजनिक भएको लगभग बाह्र वर्षपछि मात्र उनको **आस्थाको बगैंचा** (२०५३) प्रकाशन भएको हो । प्रस्तुत कविता सङ्ग्रह तयार पार्न ढुङ्गेलले लामो साधना र परिश्रम गरेको देखिन्छ । यस कविता सङ्ग्रहमा कविले विभिन्न भावहरू समेटिएका कविताहरू रचना गरेर संकलन गरेका छन् । राष्ट्रियता, प्रकृतिप्रेम, मानवता जस्ता विषयवस्तुहरू समेटेर कविले प्रस्तुत सङ्ग्रहका कविताहरू तयार पारेका छन् । नेपाली समाजमा मानवताको स्थिति र राष्ट्रियताको स्थिति निक्कै कमजोर हुदै गएको भन्दै त्यस्ता विषयहरूमाथि गम्भीर हुन सबैलाई आग्रह गर्नु नै प्रस्तुत सङ्ग्रहमा भएका कविताहरूको मुख्य उद्देश्य रहेको छ । यसैगरी नेपाली समाजमा भएको विसङ्गति, विकृति, जस्ता पक्षहरूलाई कतै हास्यात्मक ढङ्गले र कतै व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गर्नु पनि रहेको छ । यस्तै आस्थाको बगैंचामा भएको फूल र फललाई चिनाउँदै तिनलाई बिगार्ने र हुर्कन नदिने विषालु तत्वहरूप्रति सचेत रहनु पर्ने कुरा पनि बेजोड रूपमा उठाइएको छ । ढुङ्गेलको अर्को कविता सङ्ग्रह **अक्षरभ्रूण** र **अर्को बुद्ध** मा पनि कविले मानवतावादी स्वर, राष्ट्रियता, प्रकृतिप्रेम जस्ता कुराहरू गम्भीर रूपमा उठाएका छन् । तत्कालीन समयमा नेपालमा भएको युद्धलाई नै केन्द्रीय विषयवस्तु बनाएर कविले कविताहरू रचना गरी प्रस्तुत सङ्ग्रह तयार पारेका हुन् । यस सङ्ग्रहको मुख्य उद्देश्य अक्षरको बीउ रोपेर नयाँ बुद्ध जन्माउने कल्पना गरेका छन् । उनले जन्माउने अर्को बुद्ध शान्तिको प्रतीक हो ।

राममणि ढुङ्गेलका कविताहरूमा नेपाली समाजभित्रको विसङ्गति, असमानता, अन्याय अत्याचार जस्ता पक्षको व्यापक चित्रण भएको पाइन्छ । यसैगरी देशमा व्याप्त भएको अराजकता, अनुशासनहिनता, गरिबी, भ्रष्टाचार, जस्ता कुराको पनि पर्दाफास गरेको भेटिन्छ । ढुङ्गेलले आफ्नो

कविताहरू मार्फत हाम्रो परिवेश, सुख-दु:ख जीवन आदिका बारेमा विस्तृत रूपमा हामीलाई चिनाउन खोजेका छन् । अनि कतिपय ठाउँमा प्रकृतिसँग मितेरी साइनो गाँस्दै प्रकृतिको रमणीयताको चित्रण गरेका छन् । उनी आफ्ना कविताहरूमा उडन्ते कल्पनामा डुबेर आकाशको चरो मात्र नभएर आफूले टेकेको धर्तीको यथार्थ वर्णन गर्न पुग्दछन् । एक्काइसौ शताब्दीमा नेपाली समाज पुगे पनि मानिसमा मानवता भन्ने कुरा नभएकोमा दु:ख पोख्दछन् । आजको मानिसले मानवताको खोल मात्र ओडेको र मानवतालाई एउटा कागतमा मात्र सीमित राखेको व्यवहारप्रति कवि रुष्ट हुँदै त्यस्ता कुराप्रति कठोर भएर शब्दका वाणहरू प्रहार गर्दछन् । राष्ट्रियताको सवाल उठाउँदै देश बनाउनको लागि युद्ध नभएर शान्तिको कामना गर्दै बुद्धलाई महामानव मानी उनले देखाएको त्याग र अहिंसाको बाटोमा हिंड्नु पर्ने कुरा ढुङ्गेलका कविताहरूमा छताछुल्ल रूपमा पोखिएका हुन्छन् । साथै उनका कतिपय कविताहरूमा निरंकुश शासनको विरुद्ध लड्नु पर्ने धारणा व्यक्त भएको पाइन्छ । अनि प्रजातन्त्रको स्वरहरू लुकेको पाइन्छ । तत्कालीन समयमा नेपालमा द्वन्द्व भएको र उक्त द्वन्द्वमा हजारौं निर्दोष सर्वसाधारण जनता मारिएकोतर्फ संकेत गर्दै नेपाल आमाको काख नउजाड्न सम्बन्धित निकायहरूलाई आग्रह गर्दै शान्तिको विगुल फुक्न सबैसमक्ष अनुरोध गर्दछन् । आधुनिकताको नामममा भित्रिएको कतिपय कुरामा असहमति जनाउदै त्यस्ता कुराहरू स्वीकार गर्न नहुने तर्फ सबैको ध्यान केन्द्रित गर्दछन् । अतः समग्रमा हामी राममणि ढुङ्गेललाई मानवतावादी, शान्तिप्रेमी, देशप्रेमी, प्रकृतिप्रेमी, कवि भनेर चिन्न पुग्दछौं ।

राममणि ढुङ्गेलका प्राय: कविताहरू सरल, सहज बोधगम्य किसिमका नै रहेको पाइन्छ । यदाकदा कतिपय कविताहरू दुर्वोध्य खालका पनि छन् । तर पनि कविताहरू पढ्दा निकै रसिला र कसिला छन् । अनि तिनीहरूले दिन खोजेको सन्देश पनि निकै मार्मिक र भावपूर्ण रहेको पाइन्छ । उनका कविताहरूमा प्राय: जसो नेपाली शब्दहरूको वर्चस्व रहे तापनि यदाकदा आगन्तुक शब्दहरू र तत्सम शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । गद्य शैलीमा कविताहरू लेखे पनि उनका कविताहरू विम्ब, प्रतीक, अलङकार जस्ताको उचित संयोजनले गर्दा निक्कै ओजपूर्ण र अर्थपूर्ण बन्न पुगेका छन् ।

## ४.३.१. आस्थाको बगैंचा कविता सङ्ग्रहको समीक्षा

### (क) कृति परिचय

**आस्थाको बगैंचा** कविता सङ्ग्रह वि.सं.२०५३ मा प्रकाशन भएको हो । प्रस्तुत कविता सङ्ग्रहमा जम्मा ३८ ओटा कविताहरू समावेश गरिएका छन् । प्रस्तुत सङ्ग्रहका केही कविताहरू पहिले नै विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका थिए भने केही अप्रकाशित रूपमा नै थिए । यसरी दुवैलाई समेटेर ढुङ्गेलले प्रस्तुत सङ्ग्रह तयार पारेका छन् । ढुङ्गेलको यो कविता सङ्ग्रह समग्र साहित्य यात्राको पहिलो र लेखन यात्राको दोस्रो कृति हो । उनको पहिलो प्रकाशित कविता 'जीवनयात्रा' (२०४१) पनि यसै सङ्ग्रहमा संकलित छ । प्रस्तुत सङ्ग्रह प्रकाशन गर्न कविले लगभग बाह्र वर्षको साधना गरेको देखिन्छ । मुख्य गरेर मानवता, व्यङ्ग्यात्मकता, प्रकृतिचित्रण जस्ता विषयवस्तुका कविताहरू यसमा सङ्कलित रूपमा रहेका छन् । सिङ्गो कृतिको उद्देश्य मानवता दर्साउदै देशप्रेम यथास्थितिबाट प्रगतितर्फ उन्मुख हुनु रहेको छ । 'आस्थाको बगैंचा' भन्ने कविताले प्रस्तुत सङ्ग्रहको प्रतिनिधित्व गरेको देखिन्छ । उक्त कवितामा कविले मानवतावादी दर्शन देखाउँदै देशलाई बगैंचा, जनतालाई फूल र फल मान्दै कवि स्वयं बगैचाको माली बनी तिनलाई बिगार्ने र हुर्कन नदिने विषालु तत्त्वहरू प्रति सचेत हुनुपर्ने कुरामा जोड दिएका छन् । अनि यदाकदा उनको 'आस्थाको बगैचा' विश्वयुद्धको चक्रव्यूहमा अभिमन्यु बनेर हराएकोमा कवि दु:खी हुन पुग्छन् । अतः ढुङ्गेलको प्रस्तुत सङ्ग्रहको उद्देश्य राष्ट्रियता झल्काउँदै यसको संरक्षणमा लाग्नु पर्ने कुरा दर्साउनु नै हो ।

**आस्थाको बगैंचा** प्रकाशित भएपछि 'राममणि ढुङ्गेलको बारेमा टिप्पणी गर्दै प्रसिद्ध लेखक घटराज भट्टराई (२०५३ ) ले लेखेका छन् "भक्तपुरको कटुञ्जेमा जन्मी उच्च शिक्षा लिई सेवारत हुने राममणि ढुङ्गेल पछिल्लो दशकमै देखा परेका प्रतिभा हुन् । **चेपाङ समुदाय र संस्कृति**

(२०५१) र **आस्थाको बगैचा** (२०५३) दुई पुस्तकको माध्यमबाट पनि उनको प्रतिभालाई आसलाग्दो रूपमा नियाल्न सकिन्छ । संस्कृति र कविता दुवै उनका लेखनका विषय हुन् ” भन्दै ढुङ्गेलको प्रतिभाको कदर गरेको देखिन्छ ।

यस कविता सङ्ग्रहको भूमिका तयार पार्दै प्रसिद्ध समालोचक कृष्ण गौतमले “कवि ढुङ्गेललाई पढ्नु भनेको हामीले हामी सबैलाई पढ्नु हो र हाम्रो वरिपरिको वातावरणको अध्ययन गर्नु पनि हो । कविता भनेको कुनै विषयलाई रूप दिनु हो र त्यसको सौन्दर्यले प्रभावित पार्नु हो । यस कलामा राममणि ढुङ्गेलको कलम सक्षम भएर झुल्किएको छ” भन्दै ढुङ्गेललाई ‘उदाइरहेका जून’ को संज्ञा दिई कविताको प्रशंसा गरेका छन् ।

प्रस्तुत कविता सङ्ग्रहमा कवि आफूले टेकेको धर्तीको प्रतीकात्मक रूपमा यथार्थ वर्णन गर्न सक्षम देखिन्छन् । उनी आकाशको चरो भएर मात्र उड्न रुचाउँदैनन् । आफ्नो माटो, परिवेश आदिसँग मितेरी साइनो गाँस्दै हाम्रै समाजको वर्णन गर्न पुग्छन् । नेपाली समाजमा भएको सामाजिक वेथिति, विकृतिको चित्रण उनी आफ्नो कवितामा पोख्न पुग्छन् । यसैगरी प्रकृतिसँग साइनो गास्दै प्रकृतिको रमणीयताको चित्रण पनि गर्दछन् । अनि हाम्रो समाजमा भएको धनी र गरिब बीचको विभेदकारी नीति र समाजको असङ्गत स्थितितिर पनि कविको कलम गएको छ । समग्रमा कतै मानवतावादी स्वर, कतै राष्ट्रप्रेम प्रतिको आह्वान, कतै प्रकृतिप्रेमलाई जोड दिन पनि प्रस्तुत सङग्रह पोख्त रहेको छ ।

**(ख) भाव**

**आस्थाको बगैंचा** कविता सङ्ग्रहमा छताछुल्ल रूपमा राष्ट्रिय भावनाहरू व्यक्त गरिएको छ । कविले राष्ट्रिय भावनाहरू व्यक्त गर्दा कतै राष्ट्र विकास गर्नु पर्ने आह्वान गरेका छन् भने कतै देश बिगार्ने तत्व प्रति सचेत रहनु पर्ने कुरा व्यक्त गरेका छन् । यसैगरी कविले निरङकुश शासकको विरोधमा लागी देश निर्माण गर्नु पर्ने कुरा व्यक्त गर्दै शहिदको सपना पूरा गरी आफ्नो देश सुन्दर, शान्त र विकसित बनाउनु पर्ने कुरामा जोड दिएका छन् । यस कविता सङ्ग्रहमा भएका राष्ट्रप्रेम सम्बन्धी कविताहरूको उद्देश्य देश र जनताको लागि सामन्ती शासनसँग लड्नु पर्ने र आफ्नो स्वाधीनता, राष्ट्रियता अनि राष्ट्रको सुरक्षा गर्नु पर्ने भन्दै देश बिगार्ने विषालु तत्त्वहरू प्रति सचेत रहन आग्रह गर्नु रहेको छ । **आस्थाको बगैंचा** कविता सङ्ग्रहमा राष्ट्रिय भावनाले ओतप्रोत भएका कविताहरूमा ‘जीवनयात्रा’, ‘आस्थाको बगैचा’, ‘ऊ र म’, विकासको इँटा, ‘घोडाको कथा’ ‘इतिहास इतिहासहरू’, नेपाली हामी जस्तै हुन् । यी कविताहरूमा कविले राष्ट्रिय भावनाहरू व्यक्त गर्दै राष्ट्र आफैंले बनाउनु पर्ने अनि विकासको मूल फुटाएर देश र जनतालाई सताउने बिगार्ने निरंकुश शासक प्रति सचेत रहनु पर्ने आशय प्रकट गरेका छन् । ‘जीवनयात्रा’ कवितामा कविले मान्छेलाई विकासको लागि अब उठ भनेर राष्ट्रप्रेम देखाउन खोजेका छन् । मान्छे सुन्सान मन्दिरको मूर्ति बसे झैं बस्न नहुने भन्दै कविले अब विकासको घण्टा बजाउँदै विकास निर्माणतिर लाग्नुपर्ने कुरा व्यक्त गरेका छन् । आफ्नो नङ्ग्रा खियाएर विकासको मूल फुटाउन र देश अघि बढाउन कविले अनुरोध गरेका छन् ।

‘आस्थाको बगैंचा’ कवितामा कविले देशलाई एउटा सुन्दर, शान्त र हरियालीपूर्ण बगैंचा मान्दै जनतालाई बगैंचामा भएका फूल र फलको रूपमा व्याख्या गरेका छन् । कवि स्वयं फूल र फललाई हेरविचार गर्ने माली बन्दै तिनलाई बिगार्ने र हुर्कन नदिने विषालु तत्त्वहरू प्रति सचेत हुनुपर्ने कुरामा जोड दिन्छन् । यस कवितामा कवि स्वयं सचेतक अनि विषालु तत्वको अर्थ जनताको पीरमर्का नबुझ्ने र संधै निरीह जनताप्रति दमनमा उत्रिने शासक भन्न खोजिएको देखिन्छ । ऊ र म सँगै हिंड्दा हिड्दै ऊ देशको स्वतन्त्रताको लागि लडेर सहिद भएको आफूले केही गर्न नसकेको भन्दै पछुतो मानेका छन् । म र ऊ मिल्ने साथी भएको, देशमा प्रजातन्त्र ल्याउनुपर्छ भन्दै ऊ निरङ्कुश शासकहरूको विरोध लागेको, अनि सहिद भई सबै नेपालीको ढुकढुकीमा बास बस्न सफल भएको कुरा व्यक्त गरेका छन् । ‘घोडाको कथा’ कवितामा कविले एउटा घोडा र घोडा मालिकको सम्बन्ध देखाउँदै देशप्रेम झल्काएका छन् । यहाँ मालिक भन्नाले

नेपाली जनता र घोडा भन्नाले नेतालाई संकेत गरिएको छ । जसरी घोडाले आफ्नो मालिकलाई लात हानी अर्केतिर भारी बोक्न गयो त्यसरी नै नेताहरू चुनाव जितेपछि जनताको सेवा नगरेर विदेशीको सेवा गर्न तत्पर हुन्छन् भन्दै कविले लाक्षणि व्यङ्ग्य गर्दै  देशप्रेमको खाँचो देखाउन खोजेका छन् । 'इतिहास र इतिहासहरू' कवितामा राष्ट्रियता झल्किएको पाइन्छ । नेपाली इतिहासका केही नायक नायिकालाई समेटेर कविले प्रस्तुत कविता सिर्जना गरेका छन् । नेपाली वीरहरूको सम्झना र कार्यप्रति कविले कविता रचना गर्दै राष्ट्रियता झल्काउन खोजेका छन् । भक्ति, अमर र बलभद्र जस्ता व्यक्तिले आफ्नो देश रक्षा गर्नको लागि एकमुठी श्वास रहेसम्म लडेको भन्दै कविले प्रशंसा गरेका छन् । तर अहिले आएर सहिदहरूले देखेको सपना अझ चकनाचूर भएको र वीर पुर्खाको इतिहास केवल गर्वमा मात्र सीमित गएको तर्फ ध्यान दिँदै राष्ट्रियता सम्बन्धी आवाज बुलन्द गरेका छन् ।

**आस्थाको बगैंचा** कविता सङ्ग्रहमा मानवतावाद यत्रतत्र रहेको पाइन्छ । कवि वर्तमान समयमा मान्छेमा मानवता नभएको प्रति दुःखी छन् । एक्काइसौं शताब्दीमा मान्छेले मानवता केवल कागजमा मात्र सीमित राखेको देखिन्छ । आजको मानिसले मानवताको खोल मात्र ओडेको र मानवतालाई एउटा कागतमा मात्र सीमित राखेको व्यवहारप्रति कवि रुष्ट भएका छन् । 'याचनाको भाषा' यस्तै घटनामा आधारित भएर रचना गरिएको कविता हो । यो कवितामा एउटा वेवारिसे अवस्थामा टुकुचाको पुलमुनि कसैले फ्याकिंदिएको शिशुको मार्मिक एवं कारुणिक घटना प्रस्तुत गरिएको छ । उक्त पुलबाट हजारौं मान्छे ओहोरो दोहोरो गरिसकेका छन् तर कसैले पनि उक्त बालकप्रति कुनै चासो देखाएका छैन । केवल आफ्नो खोक्रो आश्वासनमा मात्र मान्छेहरू सीमित रहेका छन् । आफूलाई मानव  अधिकारकर्मी भन्नेहरू पनि उक्त दृश्य हेरेर बसेका छन् । तर पनि केही गरेका छैनन् । उक्त बालकको त्यो चीत्कार त्यो पुकार सुन्ने हजारौं मानिसहरू भए तापनि कसैले उसको वास्ता गरेको छैन । बालक सहाराको खोजीमा वारम्बार चीत्कार गरिरहेको छ । मान्छेहरू भने सबै ट्वाल्ल परेर हेरि मात्र रहेका छन् । कविले स्वयम्भूका आँखाहरू भनेर मानव अधिकारकर्मीलाई भन्न खोजे पनि उक्त आँखाहरूले पनि नहेरेको प्रति दुःख व्यक्त गरेका छन् ।

'ढुङ्गा र खाल्टो' कवितामा कविले मानवतावादी स्वर दर्साउन खोजेको पाइन्छ । प्रस्तुत कविता नेपालमा तत्कालीन समयमा भएको द्वन्द्वलाई आधार मानेर लेखिएको देखिन्छ । उक्त द्वन्द्वले हजारौं मानिसको बाँच्न पाउने हक, मानवताको विनास आदि भएकोले कविता मार्फत कविले युद्ध सम्झौतामा गएर टुंग्याउन सकेमा मानवताको रक्षा हुने कुरा व्यक्त गर्न खोजेका छन् । यो कवितामा कविले 'ढुङ्गा र खाल्डो' को सम्झौता देखाउदै नेपालमा भइरहेको युद्ध सम्झौतामा गएर टुंगिएमा सबै मान्छेको हकहित हुने कुरा व्यक्त गर्दै मानवतावादी सोच राखेका छन् । कविले 'ट्रेडमार्कले' म पात्रलाई बाँच्न नदिएको प्रसङ्ग 'टेडमार्क' कवितामा उल्लेख गरेका छन् ।  ट्रेडमार्क भनेर कविले प्रतीकात्मक रूपमा शक्ति हातमा लिने दम्भी शासक तथा प्रशासकहरू तर्फ संकेत गरेका छन् । म पात्रलाई लुटेको र लुट्दा लुट्दै ऊ पूर्ण रूपमा रित्तो भइसकेको छ । अनि म पात्र आफ्नै संसारमा बाच्नको लागि ट्रेडमार्कसित दयाको भीख माग्दै छ । यसरी कविले मानवतावादी स्वर म पात्र मार्फत देखाएका छन् ।

'कविताको कवितामा' कविले आफ्नो कविता सबैको भलाइको लागि हुनुपर्ने कुरामा जोड दिएका छन् । कविको कविता अमर रहनु पर्छ भन्दै कविले आफ्नो कविता दुःखी गरिबहरूको गाँस बस्नुपर्ने शान्ति सम्झौताको माध्यम बन्नु पर्ने र आफ्नै कविताको माध्यमबाट देश रामराज्य बन्नुपर्ने कुरामा जोड दिएका छन् । यसरी देश रामराज्य बन्नुको अर्थ मानवतावादी सोच सुदृढ हुने आशय प्रकट गर्दै कविले आफ्नो कविता मानवताको हितमा हुनुपर्ने कुरामा जोड दिएका छन् । 'सूर्यले बास बसेको बेला' कवितामा अँध्यारो समयको वर्णन गर्न खोजिएको छ । प्रस्तुत कवितामा सूर्यले बास बसेपछि गोमन सर्प निस्केर परेवाको जोडीलई डस्न सक्ने भन्दै प्रतीकात्मक रूपमा मान्छेलाई परेवा र गोली तथा बन्दुकलाई गोमन सर्पको विष अनि हतियार चलाउनेलाई सर्पको रूपमा लिइएको छ । सर्पले डसेर परेवाको जोडी सकिन्छन् । अनि गोली तथा बम लागेर

मान्छेहरू मर्ने गर्दछन् भन्दै मान्छेमा मानवता नभएको कुरा कविले व्यक्त गरेका छन् । अतः प्रस्तुत सङ्ग्रहमा कविले नेपालमा मानवतावादको स्थिति कमजोर भएको देखाउँदै मानव अधिकारकर्मीले पनि आफ्नो नियम पालना नगरेको र सबैले मानव अधिकारका सम्बन्धमा सचेत रहनु पर्ने कुरा व्यक्त गरेका छन् ।

**आस्थाको बगैचा** कविता सङ्ग्रहमा नशा', 'पन्ध्र गते', 'भेल', 'गजबारहरू' जस्ता कविताहरू आर्थिक भावनाले ओतप्रोत भएका कविताहरू हुन् । प्रस्तुत कविताहरूमा कतै आर्थिक विसङ्गति र विकृतिका बारेमा व्यापक चित्रण गरिएको छ भने कतै कमजोर आर्थिक स्थिति हुँदा झेल्नु पर्ने समस्याहरूको बारेमा स्पष्ट पारिएको छ । यस्तै धनी झन् धनी र गरिब झन् गरिब हुँदै गएको आर्थिक असङ्गत स्थिति पनि रहेको छ । कविले 'नशा' कवितामा जागिरको नशाका बारेमा देखाउन खोजेका छन् । गाँजा, भाङ र चरेसको भन्दा पृथक् नशा जागिरको रहेछ भन्न खोजेका छन् । व्यवहार चलाउन जागिर चाहिने तर गाँजा र भाङ जस्तो गरी सजिलै नपाइने हुनाले कवि त्यसमा दुःख पोख्दछन् । यसरी कविले **'**पन्ध्र गते' कवितामा आर्थिक स्थिति कमजोर भएको व्यक्तिको बारेमा चर्चा गरेका छन् । प्रस्तुत कवितामा एउटा जागिरे मानिस जसको आर्थिक स्थिति निकै दयनीय छ उसको पीडा व्यथा कोर्न कवि सफल भएका छन् । म पात्र मार्फत उनले प्रस्तुत कवितामा जागिरे मानिसको पीर व्यथा पोखेका छन् । आज पन्ध्र गते भएको तलब आउन अझै चौध दिन बाँकी रहेको भन्दै म पात्र 'पन्ध्र गते' कवितामा कल्पनामा डुब्न पुग्छन् ।

'भेल' कवितामा कविले राष्ट्रिय बजेटको दुरुपयोगसम्बन्धी कुरा व्यक्त गर्न खोजेका छन् । खास गरेर नेपालमा वर्षेनी बजेट भाषण भए पनि उचित ठाउँमा खर्च नभएको प्रति कविको गहिरो दुःख छ । बजेट भाषण हुँदा जनताहरूलाई राहत दिने कुरा गरिन्छ, विदेशीहरूसँग पनि सहयोग जुटाउने उद्घोष हुन्छ अनि त्यो वर्षाको भेल बनेर बग्दछ, भन्दै वर्षाको पानीले उर्वर माटो बगाए झैं उक्त बजेट पहुँचवालाहरूले आफूखुसी खर्च गर्छन् तर जनताले केही राहत पाउँदैनन् । आकाशको फल हेर जस्तै मात्र जनता बाँच्दछन् । 'गजबारहरू' कवितामा कविले भ्रष्टाचार गर्नेलाई गजबारले पनि छेक्न नसक्ने कुरा व्यक्त गरेका छन् । भ्रष्टाचार र बेरुजू विकासका लागि छेक्ने गजबार भएको कुरा उल्लेख गरेका छन् । अनि विकासका लागि छेक्ने ती गजबारहरू खोज्दै जाँदा घुम्ने मेच माथि बसेको मान्छे नै हो भनेर देखाउन खोजिएको छ । देश विकास र आर्थिक विकासको रोक्ने नकारात्मक यन्त्रलाई कविले यस कवितामा प्रतीकात्मक रूपमा गजबारको संज्ञा दिएका छन् । खासगरेर यो कवितामा भ्रष्टाचारीलाई सतर्क गराएको देखिन्छ । अतः प्रस्तुत कविताहरूमा कविले कहीं जागिर नहुँदाको नसा, कतै आर्थिक स्थिति कमजोर हुँदाको दशा, कहीं उचित व्यवस्थापन नहुँदा भोग्नु परेका समस्या अनि कहीं भ्रष्टाचारलाई छेक्न गजबार चाहिएको कुरा व्यक्त गरेका छन् ।

**आस्थाको बगैचा** कविता सङ्ग्रहमा कविले प्रकृतिको रमणीयताको पनि चित्रण गरेका छन् । प्रस्तुत सङ्ग्रहमा विशेष गरी एउटा कवितामा प्रकृति प्रेम मुख्य गरेर आएको छ । कविले 'मेरो गाउँ' कविता रचना गरी उक्त कवितामा प्रकृतिक सौन्दर्य र रमणीयताको व्यापक रूपमा चित्रण गरेका छन् । यसैगरी कविले आफ्नो गाउँको प्रकतिको चित्रण गर्दा बरपीपल बनेर हावासँग मितेरी साइनो गास्दै, बाँसको झ्याङ बनेको गाउँ भन्दै आफ्नो गाउँमा भएको बोटविरुवाको रूपमा गाउँलाई चित्रण गर्न पुगेका छन् । यसरी आफ्नो गाउँमा बकैना, टुनी, उम्रिँदै मंसिर महिनामा धानको बाला सुन जस्तै हुने अनि तोरीको फूल फुलेर गाउँ नै सजिसजाउ हुने भन्दै कविले प्राकृतिक दृश्यहरूको बारेमा व्यापक चित्रण गरेका छन् ।

**आस्थाको बगैंचा** कविता सङग्रहका केही कवितामा आधुनिकता देखाउन खोजिएको छ । कविले यस सङ्ग्रहका कतिपय कवितामा आधुनिक समयमा विज्ञानले गरेको चमत्कारका बारेमा चर्चा गरेका छन् । ढुङ्गेलले हरेक कुरामा समयानुसार परिवर्तन भई आधुनिकतातिर गएको कुरा व्यक्त गरेका छन् । तर आधुनिकताको नाममा विकृति हुन नहुने कुरामा कवि समाजलाई सचेत गराउँछन् । विज्ञानले विभिन्न प्रवृत्तिहरूको विकास गरेर मानव समाजको कल्याण गरेको भन्दै

विज्ञानले बनाएका विभिन्न साधनहरूलाई मानव विकासको क्षेत्रमा लगाउनु पर्ने धारणा कविको छ । यस्तै यस्तै भाव अनुसार कविले 'बाइनाकुलर' नामक कविता लेखेका छन् । बाइनाकुलर कविता प्रतीकात्मक कविता हो । कविले निरीह मानवलाई बाइनाकुलरले जस्तै हेरि मात्र रहने र आफूमाथि खसेको अन्याय, अत्याचार सहिरहने अर्थ व्यक्त गरेका छन् । यस कवितामा कविले बाइनाकुलरले हेर्न मात्र सक्छ, बोल्न सक्दैन, जे घटना घटे पनि हेररे बसिरहन्छ भनेका छन् । कविले यस कवितामा बाइनाकुलरलाई आधुनिकताको उपज मान्दै बाइनाकुलर निर्जीव भएको अनि उसले एउटा कुनमा बसेर संसारमा भएको घटना हेरिरहेको प्रसङ्ग व्यक्त गरेका छन् । यस्तै गरी 'आधुनिकता' नामक कवितामा कविले आधुनिकताको परिभाषा दिन खोजेका छन् । आधुनिकताको नाममा हराभरा, सुन्दर र स्वच्छ नारा केवल नारामा मात्रै सीमित भएको कुरा व्यक्त गरिएको छ । यसैगरी वातावरण सफा र सुन्दर राख्ने नाममा सिमेन्ट र वालुवा झिक्ने निहुँमा जथाभावी खानी सञ्चालन गरेको प्रति कवि दुःख पोख्छन् । यसैगरी चौबन्दी चोलीभित्र कैद गरेर राखेको चेलीको चोखो अस्मितालाई बेचेर मान्छे आधुनिक हुन्न खोजेको छ भन्दै कविले दुःख व्यक्त गरेका छन् । खास गरेर यस कविता सङ्ग्रहमा आधुनिकताको नाममा हुने विभिन्न विकृतिहरूको बारेमा वर्णन गर्दै आधुनिकता आजको विनाश नभई विकास बनाउनु पर्ने तर्क गरिएको छ ।

**आस्थाको बगैंचा** कविता सङ्ग्रहका केही कविताहरूमा व्यङ्ग्य प्रहार गरेको देखिन्छ । कविले व्यङ्ग्य गर्दा समाजमा भएका र घटेका सत्य घटनालाई नै आधार बनाएका छन् । शिष्ट, सरल भाषा प्रयोग गरी कविले व्यङ्ग्य गरेका छन् । काल्पनिक कुरा भन्दा बढी यथार्थप्रति नै व्यङ्ग्य छ । नेपाली समाजमा भएको विभेदकारी नीति, अफिसमा हुने गरेको भ्रष्टाचार, मान्छेको जिन्दगी आदिप्रति व्यङ्ग्य गरिएको छ । प्रस्तुत सङ्ग्रहमा व्यङ्ग्यात्मक विशेषता पाइने कविताहरूमा 'रत्नपार्क' 'घायल समय', 'महाशहर' 'लाइसेन्स साक्षी छ', 'बुख्याचा', 'चिप्लेटी डाँडा' जस्ता कविताहरू छन् । 'रत्नपार्क' नामक कवितामा कविले रत्नपार्क जस्तो राजधानीको एउटा ठाउँमा भएको विकृतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । राजधानीको एउटा ठाउँ जहाँ सफा सुग्घर हुनु पर्ने अनि सबै थोकको सुविधा हुनु पर्ने ठाउँमा मान्छेहरू सुंगुरका पाठा जस्तै गरी फोहर नाली टेक्दै हिंड्न विवश भएको कुरा व्यक्त गरिएको छ । यसै गरी गाडीहरू कार्बनडाइअक्साइड उडाउँदै रत्नपार्कको कालो सडकमा हिडिंरहेका छन् भन्दै कविले त्यस्तो प्रदुषण सहेर पनि उक्त शहर रत्नपार्क आकासतिर हेरी बाध्य भएर बसिरहेको प्रसङ्ग उल्लेख गरेका छन् ।

'महाशहर' नामक कवितामा भनाइ र गराइमा फरक भएको कुरा व्यक्त गरेका छन् । महाशहर सफा, सुग्घर, स्वच्छ हुनुपर्छ अनि सबै कुराहरू एउटा प्रणाली र नियममा सञ्चालन हुनु पर्ने तर आफू खुसी भएकोप्रति तीखो रूपमा व्यङ्ग्य गर्न पुग्दछन् । प्रस्तुत कवितामा महाशहर बनाउन र विकास गर्न भनी बनाएका विभिन्न योजनाहरूको फाइलले सगरमाथाको चुचुरो चढिसकेको तर महाशहर भने उस्ताको उस्तै रहेको कुरा व्यक्त गरिएको छ । खास गरेर महाशहरमा हुने गरेका विकृतिप्रति नै कविले व्यङ्ग्य गरेको छन् । 'बुख्याचा' कवितामा कविले मान्छे प्रति नै व्यङ्ग्य गरेका छन् । मान्छे भनेको अस्तित्वहीन मूर्ति जस्तै भएको छ भन्दै मान्छेका विभिन्न अंगको वर्णन व्यङ्ग्यात्मक शैलीमा गरेका छन् । समग्रमा आजको मान्छेको शरीर हाड र मासुबाट मात्र बनेको भन्दै कविले मान्छेलाई आलुबारीको बुख्याचासँग जोड्न पुगेका छन् । आलुबारीको बुख्याचा पनि हलचल नगरी केही नसोची जहाँ तही रहन्छ र जे घटना देखे पनि भोगे पनि चूपचाप बसी रहन्छ त्यस्तै मान्छे पनि बुख्याचा जस्तो भइसकेको कविको तर्क छ । अनि उक्त बुख्याचा देख्दा मानिसलाई हाँसो लाग्छ भन्दै कविले मान्छे प्रति नै व्यङ्ग्य प्रहार गरेका छन् ।

'लाइसेन्स साक्षी छ' मा कविले कर्मचारीप्रति व्यङ्ग्य प्रहार गरेका छन् । लोकसेवा आयोग पास गरेर ऊ कर्मचारी भएको छ । एउटा सानो कर्मचारी तथा तलब पनि खासै नभए तापनि उसँग आज सबै कुरा छ । उसले राष्ट्रको सेवा गरेको छ । उसले भ्रष्टाचार गरेको छैन भन्दै

यसको प्रमाणस्वरूप लोक सेवा आयोगले दिएको लाइसेन्स साक्षी छ भनेको कुराबाट कविले घुमाउरो भाषामा कर्मचारीहरूको तलबले सबै गर्न पुग्छ कि पुग्दैन भन्ने आशयका साथ भ्रष्टाचारीप्रति तीखो व्यङ्ग्य गरेका छन् । यसै गरी धनी मान्छेको नियति कस्तो हुँदै जान्छ भन्ने कुरा 'परिवेश र परिणति' नामक कवितामा व्यंग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । एउटा धनी व्यापारी हुन्छ । ऊ कार चढेर हिंड्छ । अनि त्यही आफ्नो कार दुर्घटना हुँदा अपाङ्ग भएर ऊ लडिरहन्छ । उसकी छोरी कारखानाको कालेसित पाइल जान्छे भने छोरो लागू औषधिको सेवनले मर्छ, अनि श्रीमतीलाई एड्सले चुम्बन गर्छ । आज आम मान्छे पैसाको पछि दौडिरहेको र पैसाका लागि कुनै पनि अपराध गर्न पछि नपर्ने गरेकोप्रति व्यङ्ग्य गर्दछन् । यसरी व्यङ्ग्यात्मक चित्रण गर्नुमा ढुङ्गेलको कलम सफल भएको देखिन्छ । समग्रमा प्रस्तुत सङ्ग्रहमा राष्ट्रप्रेम, मानवतावाद, प्रकृतिप्रेम जस्ता पक्षको चित्रण गरिएको छ । साथै समाजमा भएका आर्थिक विसङ्गति, आधुनिकताको नाममा भएको विकृति, भ्रष्टाचार र विकासको नाममा हुने अनैतिक कार्यलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

(ग) **उद्देश्य :**

**आस्थाको बगैंचा** कविता सङ्ग्रहका कविताहरूले छुट्टाछुट्टै उद्देश्यहरू बोकेका छन् । प्रस्तुत सङ्ग्रहका कविताहरूले कतै राष्ट्रप्रेम देखाउनु, कतै मानवतावादको खाँचो रहेको कुरा व्यक्त गर्नु, कतै प्रकृतिप्रेम देखाउनु जस्ता विविध उद्देश्यहरू रहेका छन् । 'जीवनयात्रा' कविताले मुख्य रूपमा राष्ट्रप्रेम देखाउँदै राष्ट्र विकासमा जोड दिएको पाइन्छ । 'आस्थाको बगैंचा' कविताको केन्द्रीय उद्देश्य निरङ्कुश शासकप्रति सोच रहनु पर्छ भन्ने हो । 'ऊ' र 'म' कविताले देशको लागि सहिद हुन पनि पछि हट्न नहुने कुरामा जोड दिएको छ । 'इतिहास हतिहासहरू' कविताले नेपाली इतिहास परम्परामा वीर तथा अमर व्यक्तिहरूको चर्चा गरेको पाइन्छ । 'घोडाको कथा' कविताले मुख्य गरेर विदेशीको सेवा गर्ने नेताप्रति सचेत रहनू पर्ने कुरा व्यक्त गरेको देखिन्छ । 'याचनाको भाषा' कविताको उद्देश्य मानवतावादी स्वर दर्साउँदै आजको मानिसमा मानवाता नभएप्रति व्यङ्ग्य गर्नु हो । 'ढुङ्गा र खाल्टो' कवितामा मुख्य गरी आवश्यक परेको समयमा दुई विपरीत तत्वहरू पनि मिलेर समाज अगाडि बढाउनु पर्छ भन्ने रहेको छ । 'कविताको कविता' मा कविताले देश रामराज्य बन्नु पर्ने तर्फ संकेत गरेको छ । 'सूर्यले बास बसेको बेला' कविताले मान्छेमा मानवता नभएको प्रति सचेत गराइएको छ । 'नशा' कविताले जागिरको नशा देखाउन खोजेको पाइन्छ । 'पन्ध्र गते' कविताले आर्थिक स्थिति कमजोर भएको व्यक्तिको पीडा प्रस्तुत गरिएको देखिन्छ । 'भेल' कविताले राष्ट्रिय बजेट दुरुपयोग भएको प्रति जनतामा चेतना दिएको पाइन्छ । भ्रष्टाचार गर्नेहरूलाई छेक्ने उद्देश्य 'गजबार' कवितामा रहेको पाइन्छ । आफ्नो गाउँको प्राकृतिक सौन्दर्य र रमणीयताको चित्रण गर्दै आफ्नो गाउँलाई प्रकृतिको अनुपम उपहार मान्नु 'मेरो गाउँ' कविताको उद्देश्य रहेको देखिन्छ । आधुनिकताको नाममा भएको विकृति र विसङ्गति देखाउँदै आधुनिकतालाई विज्ञानको उपज मान्नु पर्ने उद्देश्य बोकेको कविता 'आधुनिकता' हो । यसै गरी मान्छे बाइनाकुलर जस्तै जे घटना घटे पनि मात्र हेरिरहन्छ भन्दै व्यङ्ग्य गर्न 'बाइनाकुलर' कविताको उद्देश्य बन्न पुगेको देखिन्छ ।

'रत्नपार्क' कवितामा राजधानीको व्यस्त बजार सफा सुग्घर हुनु पर्ने भन्दै त्यसो नभएको प्रति दुःख पोख्नु मुख्य उद्देश्य बनेर आएको छ । यसैगरी 'महाशहर' कवितामा महाशहर एउटा प्रणाली र नियममा सञ्चालन नभएर आफू खुसी चलेको प्रति व्यङ्ग्य प्रहार गरिएको छ । आलुबारीको बुख्याचा जस्तै मान्छेको जिन्दगी अस्तित्वहीन मूर्ति भएको प्रसङ्ग व्यक्त गर्नु 'बुख्याचा' कविताको मुख्य उद्देश्य हो । कर्मचारीहरूले भ्रष्टाचार गर्छन् उनीहरूसँग लोक सेवा आयोगको लाइसेन्स साक्षी भएको तर्क गर्दै व्यङ्ग्य गर्नु 'लाइसेन्स साक्षी छ' भन्ने कविताको मुख्य उद्देश्य बनेको छ । धनी मान्छेको अवस्था कस्तो हुँदै जान्छ भन्ने कुरा देखाउन 'परिवेश र परिणति' कविता सफल भएको छ । समग्रमा **आस्थाको बगैंचा** कविता सङ्ग्रहमा भएका कविताहरूले विभिन्न उद्देश्य देखाउन खोजेको पाइन्छ । सिङ्गो सङ्ग्रहको उद्देश्य देश विकास गर्नु पर्ने देशलाई

आस्थाको बगैंचा मान्दै उक्त बगैंचालाई विषालु तत्वहरूले बिगार्न सक्नेप्रति सचेत हुनुपर्छ भन्ने कुराको उजागर गर्नु नै रहेको पाइन्छ ।

### (घ) भाषाशैली

**आस्थाको बगैंचा** कविता सङ्ग्रहका कविताहरूमा प्राय जसो सहजै बुझ्न सकिने भाषाको प्रयोग गरिएको छ । गद्य शैलीमा रचना गरिएका कविताहरू भए तापनि निकै रसिला कसिला र चोटिला वाक्यहरूले प्रयोग गरिएको पाइन्छ । प्रस्तुत सङ्ग्रहका कविताहरूमा प्राय जसो नेपाली शब्दहरूको बाहुल्यता रहेको पाइन्छ । प्रायः जसो कविताहरू सरल, सहज, बोधगम्य किसिमका रहे तापनि यदाकदा कतिपय कविताहरू दुर्वोध्य खालका पनि छन् । साथै कतिपय ठाउँहरूमा द्वित्व शब्दहरूको प्रयोग, कतिपय ठाउँहरूमा अनुकरणात्मक शब्दहरूको उचित प्रयोगले गर्दा कविताहरूमा अझै मिठास थप्न पुगेको देखिन्छ । बिम्व, प्रतीक, अलङ्कार जस्ताको उचित संयोजनले गर्दा कविताहरू निक्कै ओजपूर्ण बन्न पुगेका छन् ।

## ४.३.२ अक्षरभ्रूण र अर्को बुद्ध कविता सङ्ग्रहको समीक्षा

### (क) कृति परिचय

**अक्षरभ्रूण र अर्को बुद्ध** कविता सङ्ग्रह राममणि ढुङ्गेलको कविता सङ्ग्रह मध्येको दोस्रो र लेखन यात्राको आठौं कृति हो । यो सङ्ग्रह **आस्थाको बगैंचा** कविता सङ्ग्रह प्रकाशन भएको झण्डै प्रन्ध वर्षपछि मात्र प्रकाशन भएको देखिन्छ । कविले लगभग प्रन्ध वर्षको  साधना र परिश्रमपछि प्रस्तुत सङ्ग्रह प्रकाशन गरेका हुन् । यस सङ्ग्रहका कविताहरूमध्ये केही जनआन्दोलन पूर्व रचना गरिएका, केही जनआन्दोलन पश्चात् रचना गरिएका र बाँकी कविता जनआन्दोलन ०६२।६३ का समयमा रचना गरिएका देखिन्छन् । प्रस्तुत सङ्ग्रहमा भएका कविताहरूमध्ये अधिकांश विभिन्न पत्रपत्रिकाहरूमा पहिले नै प्रकाशित भइसकेको तथ्य प्रस्तुत सङग्रहबाटै थाहा हुन्छ । यस सङ्ग्रहका धैरै जसो कवितामा सत्ता परिवर्तन भए पनि देशमा परिवर्तन हुन नसकेको र लोकतन्त्रको नाममा उही कौवालाई सेतो रंग लगाएर बकुल्ला बनाएको स्वर बुलन्द गरिएको छ । शहिदका सपना मूर्छित भएको चित्रण गर्दै व्यङ्ग्य र विद्रोहको आवाज पाइन्छ । प्रस्तुत सङ्ग्रहको प्रमुख उद्देश्य अक्षरका भ्रूण रोपेर अर्को बुद्ध जन्माउने र त्यही बुद्धले देशलाई अगाडि बढाउदै लैजान्छ भन्ने कल्पना गर्नु नै हो । आज देशलाई बुद्धको खाँचो परेको भन्दै लाक्षणिक अर्थमा अक्षरको भ्रुण रोपेर शान्तिको बीऊ उमार्ने प्रयास गरिएको छ ।

**अक्षर भ्रुण र अर्को बुद्ध**  कविता सङ्ग्रहको भूमिका तयार पार्दै प्रसिद्ध लेखक कृष्णप्रसाद पराजुलीले "राममणि ढुङ्गेलका कविताहरूमा गोपाल प्रसाद रिमाल, भीमनिधि तिवारी र भूपी शेरचनका प्रवृत्तिहरू भेटिन्छन् भन्दै उनका गद्य कविता भए तापनि निकै रसिला, कसिला र चोटिला रहेका छन्" भनेर चर्चा गरेका छन् । यशोदा अधिकारी (२०६९) ले **अक्षरभ्रूण र अर्को बुद्ध** कविता सङ्ग्रहको बारेमा टिप्पणी गर्दै उक्त सङ्ग्रहमा भएका कविताहरूलाई 'देश चिन्तनका कविता' भनेर भनिएको छ ।

कविले यस सङ्ग्रहमा अशान्तिको बादललाई हटाउन बुद्धले मात्र सक्ने विचार गरेर अक्षरको भ्रूण रोपी बुद्ध जन्माउने कुरा व्यक्त गरेका छन् । यहाँ उनले बुद्धलाई शान्तिको प्रतीक मानेका छन् । देशका लागि बुद्धको खाँचो भएको उनको विचार छ । त्यही भएर उनी फेरि बुद्ध जन्माउन चाहन्छन् र त्यसको लागि भ्रुण रोप्दै छन् । परम्परादेखि सामन्ती शासन व्यवस्था पल्टाउन जनताले चाहेको क्रान्ति कवि स्वयंले पनि चाहेका छन् । तर क्रान्तिका नाममा भड्किएको सशस्त्र विद्रोहप्रति उनको वितृष्णा जागेको छ । प्रगतिशील धारमा कलम चलाउन कवि पोख्त देखिन्छन् । जनताको बलिदानबाट आएको परिवर्तनलाई संस्थागत गर्दै लैजानु पर्ने नत्र नेपाली जनता फेरि लड्न तयार हुन्छन् भन्दै कविले खबरदारी गरेका छन् । प्रस्तुत सङ्ग्रहमा प्रायः सबै जसो नै नेपालीहरूकै कथाव्यथा, उत्पीडन र छटपटी, धुजिएका सपना र विपनाका कविताहरू नै छन् । सरल भाषा शैली, सामान्य शब्द चयन, पातो शब्द बुनाइ अनि कलात्मकता प्रयोग गरेर रचिएका कविताहरू भएर पनि वैचारिक रूपमा सशक्त रहेका छन् । उनका कविता प्रायः सबै सजिलै पढ्न सकिन्छ साथै बिभिन्न बिम्ब र प्रतीकहरूबाट विविध किसिमका भावहरू

पनि प्रवाहित भएका छन् । समग्रमा प्रस्तुत सङ्ग्रहको केन्द्रिय उद्देश्य अक्षरको भ्रूण रोपेर नयाँ बुद्ध जन्माउने कल्पना गर्नु रहेको पाइन्छ । साथै युद्धले होइन शान्तिले देश विकास हुन्छ भन्ने तर्क गर्दै शान्तिको वकालत गर्नु रहेको छ ।

**(ख) भाव**

**अक्षरभ्रूण र अर्को बुद्ध** कविता सङ्ग्रहमा भएका अधिकांश कविताहरूले राष्ट्रप्रेमको बोध गराएका छन् । यस सङ्ग्रह मार्फत् कविले अक्षरको बीउ रोपेर बुद्ध जन्माउने कल्पना गर्दै राष्ट्रियता झल्काएका छन् । प्रस्तुत सङ्ग्रहमा बुद्धलाई उनले शान्तिको प्रतीकको रूपमा लिएका छन् । यस सङ्ग्रहमा भएका राष्ट्रियता सम्बन्धी कविताहरूमा 'राष्ट्रियताको उच्च शिखरबाट', 'अक्षर भ्रूण र अर्को बुद्ध' 'युद्ध मात्र देश होइन', 'समय पीडा', 'मर्ने माछाहरू र माछा मार्नेहरू' रहेका छन् । प्रस्तुत सङ्ग्रहमा भएका राष्ट्रिय भावनाका कविताहरूको उद्देश्य समाजमा सुशासन कायम गर्नु, द्वन्द्वलाई शान्तिमा पुऱ्याउनु, नेपाली समाजको विकास गर्नु र मुख्य गरी उक्त द्वन्द्वको व्यवस्थापन गर्न अक्षरको बीउ रोपेर शान्ति उमार्नु नै हो । 'राष्ट्रियताको उच्च शिखरबाट' कवितामा खास गरेर उज्यालो हुँदा नहुँदै मानिसहरूको कानमा गोला बारुदको आवाज सुनिने गर्दछ भन्दै कविले केवल मान्छेका लासका चाङ मात्र देखेका छन् । अनि राष्ट्रियताको लागि लडिरहेको कुरा गर्नेहरूले आफ्नै राष्ट्रका जनतालाई मृत्युवरण गर्न बाध्य पारेको भन्दै कविले यस्तो क्रियाकलाप तत्काल रोक्नु पर्ने तर्फ संकेत गरेका छन् । हत्या हिंसा तत्काल नरोकिएमा रीष्ट्रियता खतरामा पर्ने तर्क कवि गर्दछन् ।

'अक्षरभ्रुण र अर्को बुद्ध' कवितामा कविले राष्ट्रियता छताछुल्ल हुने गरी पोखेका छन् । यस कवितामा कविले अक्षरको ज्योति बालेर शान्ति खोज्न प्रयास गरेका छन् । कविले अक्षरबाट नै सबै कुरा पुग्ने भन्दै तत्कालीन समयमा भएको द्वन्द्वलाई पनि समाधान अक्षर बाट नै गर्न सकिने कुरा व्यक्त गरेका छन् । आज राष्ट्र द्वन्द्वको चपेटामा परेर राष्ट्रियताको लागि नै खतरा भएको भन्दै अब राष्ट्रियता जोगाउन देशलाई विकासको बाटोतिर लैजान अक्षरको भ्रूण रोपेर बुद्ध जन्माउने कल्पना गरिएको छ । यसैगरी 'समय पहाड' कवितामा पनि कविले शान्तिकै पक्षमा वकालत गर्दै शान्तिको भऱ्याङ्ग बाट नै राष्ट्रियताको पहाड चढ्नु पर्ने कुरामा जोड दिएका छन् । सधैंभरि द्वन्द्व भइरहँदा शहिदको सपना मूर्छित भएको कुरा कविले व्यक्त गरेका छन् । हामी नेपाली विश्वमा शान्ति फैलाउने कुरामा अग्रसर हुनु पर्ने कुरा स्मरण गर्दै शान्तिको प्रतीक सेता परेवा आकाशमा उडाएर शान्तिको सन्देश विश्वसामु पुर्‍याउनु पर्ने हामीले नै शान्तिको नेतृत्व गर्नु पर्ने प्रसङ्ग उल्लेख गरिएको छ । यसैगरी चन्द्रसूर्य अंकित झण्डा र सिमानामा कसैले घाउ लगाएमा मेची महाकालीदेखि सबै नेपाली उठेर आफ्नो स्वाभिमान र राष्ट्ररक्षा गर्नु पर्ने कुरा प्रस्तुत कवितामा व्यक्त गरिएको छ ।

'मर्ने माछाहरू र माछा मार्नेहरू' कवितामा पनि कविले भक्तपुरको सिद्धपोखरी र त्यहाँ भएका माछाहरूलाई प्रतीकको रूपमा प्रयोग गरेर नेपालमा भएको द्वन्द्वको अवस्था र त्यसबाट राष्ट्रियतामा पर्ने असर प्रकट गर्दै शान्तिको कामना गरेका छन् । 'विलम्ब' कवितामा कविले शान्ति आउन ढिला भइसकेको कुरा व्यक्त गरेका छन् । 'विलम्ब' शब्दले नै ढिलो भन्ने अर्थ व्यक्त गर्ने र तत्कालीन समयको द्वन्द्व समाप्त गर्न विलम्ब भइसकेको कुरा व्यक्त गरिएको छ । 'युद्ध मात्र देश होइन' कवितामा तत्कालीन समयको द्वन्द्वतर्फ संकेत गर्दै कविले देश बारुद, गोली, युद्ध मात्र नभएर शान्ति पनि हो भनेका छन् । युद्ध भनेको अन्याय, शोषण, दमन, असमानता, षड्यन्त्र आदिको विरुद्धमा शान्तिपूर्ण तरिकाबाट समाधान हुनुपर्ने कुरामा जोड दिइएको छ । यसैगरी 'सम्बोधन छोरालाई' कवितामा आमाले छोरालाई सम्बोधन गर्दै आफ्नो छोरा विशालताको प्रतीक भएको, छोराको छातीले ढाल बनेर देश रक्षा गरेको, रगतमा मेचीकालीको पानी बगेको, आफ्नो देशको सीमा रक्षा गर्न छोरो पहाड बनेर उभिएको र चन्द्रसूर्य अंकित झन्डा बोकी विश्व साम्राज्य विरुद्ध लडेको कुरा व्यक्त गरिएको छ । 'खुकुरी मन' कवितामा कविले नेपालीहरूको वीरता खुकुरीले प्रस्तुत गरेको तर्क गरेका छन् । खुकुरीलाई नेपाली वीरहरूको प्रतीक मानेका छन् । यसरी कविले आफ्ना कविताहरूमा देशप्रेम व्यक्त गर्दै राष्ट्रियता झल्काउन खोजेका छन् ।

**अक्षरभ्रुण र अर्को बुद्ध** नामक कविता सङ्ग्रहमा भएका केही कविताहरू मार्फत राजनीतिमा भएको गलत प्रवृत्तिलाई देखाउँदै राजनीतिक व्यङ्ग्य प्रहार गर्न खोजेका छन् । नेपालमा ठूला ठूला राजनीतिक परिवर्तन भए पनि जनताले परिवर्तनको आभास गर्न नपाएको तथा केवल कौवालाई बकुल्ला बनाउन सेतो रङ्ग मात्र लगाएको भन्दै कविले निक्कै गहिरो तथा शिष्ट भाषा शैलीमा विरोध गरेका छन् । देशमा राजनीतिक परिवर्तनको लागि ठूला ठूला युद्ध, संघर्ष अनि आन्दोलन भएको तर उक्त आन्दोलनले दिएको मूल्य मान्यता तथा उपलब्धिलाई संस्थागत गर्न नसकेकोप्रति कवि रुष्ट भएका छन् । प्रस्तुत सङ्ग्रहमा भएका राजनीतिक कविताहरूमा 'दोहोरी, 'अन्तिम सत्य ', 'पराकाष्ठा ', 'आश्वासनको पहाड' जस्ता कविताहरूले राजनीतिक विषयवस्तु बोकेका छन् ।

प्रगतिशील धारमा कलम चलाउने ढुङ्गेल 'दोहोरी' शीर्षकको कवितामा वर्तमान नेपालको राजनीति र राजनीतिक दलहरू प्रति राजनीतिक व्यङ्ग्य प्रहार गर्न पुग्छन् । राजनीतिक दलले आफ्नो महत्त्वपूर्ण समय एक अर्कालाई गाली गर्नमा व्यतीत गरेको भन्दै उक्त गालीको शैली दोहोरीसँग मिल्ने कविको भनाइ छ । नेपालमा भएको सत्तापक्ष र विपक्षबीच एक अर्कामाथि लगाउने गरेको राजनीतिक आरोप प्रस्तुत कवितामा कविले दोहोरी शैलीमा व्यक्त गरेका छन् । 'शत्रुजीवहरू' कवितामा किसानलाई प्रतीकको रूपमा प्रस्तुत गर्दै एउटा आफैले पालेको विषालु जीवले टोकिरहेको प्रसङ्ग व्यक्त गर्दै राजनीतिमा थुप्रै विषालु जीवहरू सल्बलाइरहेको तर्फ संकेत गरेका छन् । नेपालका राजनीतिक दल भित्र पनि उक्त किसानलाई टोकेको विषालु जीव जस्तै थुप्रै त्यस्ता मान्छेहरू भएकाले सबै राजनीतिक दललाई सचेत गराउन खोजेको देखिन्छ । यसमा किसान भनेर जनता र शत्रुजीव भनेर तत्कालीन शासकलाई प्रतीकात्मक रूपमा संकेत गरिएको देखिन्छ ।

'छारो उडाउने कोट', राजनीतिक परिवर्तन तथा राजनीतिक क्रान्तिको अवस्थामा लेखिएको कविता हो । प्रस्तुत कविता ०६२।६३ को जनआन्दोलन हुँदा उक्त आन्दोलनलाई मत्थर पार्न सत्ता पक्षले जनताको आँखामा छारो हाल्न सम्बोधन गरेपछि उक्त सम्बोधनलाई जवाफ दिन तयार पारिएको हो । नेपाली जनता त्यस्तो फोस्रो आश्वासनले खुसी हुँदैनन् र नेपाली जनता आफ्नो निर्णय आफैं गर्न सक्छन् भन्दै त्यस्तो निर्णय नै नेपाली जनताको हातमा रहेको कुरा व्यक्त गरिएको छ । 'आश्वासनको पहाड' कवितामा राजनीतिक नेताले जनताप्रति देखाएको झुटो व्यवहार प्रस्तुत गरिएको छ । यसैगरी हिजो नेपाली जनताको लागि त्याग गरेर सहिद भएकालाई आज तिनै महलभित्र बस्ने मान्छेहरूले बिर्सिएको, घाइतेहरूमध्ये पनि आफ्नो मान्छे छानी छानी उपचार गरेको अनि अरु घाइतहरूले उपचार नपाएर छटपटाउदै गर्दा घाइते बनाउनेहरू र नेताहरूले घुम्ने कुर्सीमा बसेर मात्र खोक्रो आश्वासन दिएको प्रसङ्ग उल्लेख गरिएको छ ।

'अन्तिम सत्य' कवितामा कविले राजनीतिक परिवर्तन भए पनि देशले परिवर्तनको अनुभूति गर्न नपाएको कुरा व्यक्त गरेका छन् । नेपालमा गणतन्त्र आए पनि गरिबको धुरी चुहिएको कसैले नदेखेको भन्दै गरिबको घरमा गणतन्त्रको आभास नभएको कुरा व्यक्त गरिएको छ । 'पराकाष्ठा' कवितामा कविले राजनीतिक दलको स्वार्थ उद्घाटन गर्न खोजका छन् । नेपालमा संविधान नबनेको तर्फ संकेत गर्दै जनताको सपना पैतालाले कुल्चेको कुरा व्यक्त गरिएको छ । 'बाढी' कवितामा राजनीतिक विकृति, झुटो आश्वासन आदिको बारेमा उल्लेख गरिएको छ । कविले यस कवितामा व्यङ्ग्यात्मक तरिकाले छ सय एकको बाढी देशमा आए तापनि जनताको संविधानको धारामा पानी कहिले आउने हो भन्दै राजनीतक दलप्रति प्रश्न उठाएका छन् । यसरी कविले प्रस्तुत कवितामा नेपालमा भएको राजनीतिक विकृति देखाउन खोजेका छन् । ढुङ्गेलले नेपाली राजनीतिमा भएको उतार चढाव, नेपाली राजनीतिक दलको स्वार्थ, राष्ट्रियताको नाममा हुने राजनीतिक लडाइ, खिचातानी प्रवृत्ति, एकले अर्कोलाई गाली गर्ने प्रवृत्ति आदि नै आफ्ना कवितामा कतै सोझो कतै घुमाउरो शैलीमा प्रस्तुत गरेका छन् । साथै, नेपालका राजनीतिक दलको छवि डलरमा बिक्री हुने प्रवृत्ति र सत्ता भित्र र बाहिर गए पछि गरिने फरक व्यवहार प्रस्तुत गरिएको छ ।

**अक्षरभ्रूण र अर्को बुद्ध** कविता सङ्ग्रहमा भएका केही कविताहरू व्यङ्ग्यले भरिपूर्ण छन् । खास गरेर आफ्नो स्वार्थ पूरा भए पछि आफ्नै मित्रलाई पनि मतलब नगर्ने संस्कार शहिदको सपना कुल्चिने प्रवृत्ति आदिप्रति आलोचना गर्दै व्यङ्ग्य गर्नमा कवि निकै पोख्त छन् । यसैगरी उनका कवितामा यदाकदा हास्य प्रवृत्ति भेटिएपनि मुख्य गरेर व्यङ्ग्य नै प्रमुख रूपमा आएको देखिन्छ । उनको व्यङ्ग्य समाज अनुसार सुहाउँदो किसिमको छ । नेपाली समाजको तीतो यथार्थमा आधारित भएर कवि व्यङ्ग्य प्रहार गर्न पुग्दछन् । कविले व्यङ्ग्य प्रहार गर्दा सरल, सरस तथा मिठासपूर्ण भाषा शैलीमा गरेका छन् । खास गरेर कविले राजनीतिमा देखापर्ने विकृति, समसामयिक घटनाहरूमा भएको विकृति आदि माथि नै व्यङ्ग्य प्रहार गरेका छन् । प्रस्तुत कविता सङ्ग्रहमा 'भालु पुराण', 'हात्ती आतंक' 'अकविता', 'परिवर्तन', जस्ता कविताहरूमा कविले निकै संयम, सरल भाषामा व्यङ्ग्य प्रहार गरेका छन् । 'भालु पुराण' कवितामा सहिदको रगतमा टेकेर सत्तामा पुग्ने अनि सत्तामा पुगेपछि सहिदको सपनालाई कुल्चिएर मोजमस्तीमा चुर्लुम्म भएर डुब्ने नेता माथि कविले व्यङ्ग्य प्रहार गरेका छन् ।

'हात्ती आतंक' कवितामा कविले नेपालमा भएको घुसखोरी तथा भ्रष्टाचारतर्फ व्यङ्ग्य प्रहार गरेका छन् । हात्ती जङ्गलमा बस्ने जनावर भएको स्मरण गर्दै तर आजको युगमा हात्ती जङ्गलमा नबसेर शहरमा पसेको चर्चा गरिएको छ । हात्तीले आफ्नो वर्चस्व घरघरमा, कार्यालय कार्यालयमा, कुर्सी कुर्सीमा, फाइल फाइलमा जमाएको प्रसङ्ग व्यक्त गरिएको छ । तर हात्तीले कान्छी मिजारको सियो बनेर भाग्य सिउन नसकेको गरिबको नून बनेर छाक टार्न नसकेको र मजदुरको पसिनाको मूल्य बनेर आतंक मच्चाउन नसकेको भन्दै केवल पजेरो चढ्ने मान्छे, अधिकारवाला र पहुँचवालामाथि मात्र हात्ती हावी भएको कुरा व्यक्त गर्दै कविले व्यङ्ग्य प्रहार गरेका छन् ।

'अकविता' कवितामा कविले नेपालका ल्याप्चे मार्का राजनीतिज्ञप्रति व्यङ्ग्य गरेका छन्, जो पहुँचको भरमा मन्त्री बन्छन्, आफ्नो भाषण अर्कालाई लेखाउँछन् र भाषणको नाममा श्रीमतीको किनमेलको लिस्ट पढेको समेत पत्तो पाउँदैनन् । 'परिवर्तन' कविता गतिछाडा राजनीतिज्ञप्रतिको व्यङ्ग्य हो । मन्त्री बन्न नपाएर पैसाका भरमा रातारात पार्टी परिवर्तन गर्ने नेतालाई कविले पोइल जाने श्रीमतीको संज्ञा दिएका छन् । नाक लामो भयो तास्नुपर्छ भन्दै सिमाना हडप्नेहरूप्रति व्यङ्ग्य गरेका छन् । संविधान बनाउने नाममा कहिले राष्ट्रिय जनावर गाई फेर्ने कुरा, कहिले झण्डा फेर्ने कुरा गर्नेहरूप्रति व्यङ्ग्य गर्दै अब नेपालको नामै फेर्ने त होइन भन्दै पत्नीले पति फेरेको प्रसंगलाई व्यङ्ग्य गरेका छन् । प्रस्तुत कविताहरूमा कतै सहिदको रगत चुसेर कुर्सीमा गएका मान्छेहरूले मोजमस्ती मात्र गरेको र सहिदको सपना अन्धकारमय बनाइदिएको भन्दै राजनीतिक खिचातानीप्रति व्यङ्ग्य प्रहार गरेका छन् । यसै गरी नेपाली सबै क्षेत्रमा हात्तीले आतंक मच्चाइरहेको तर सोझा सीधा जनताको चुल्होमा भने हात्तीले आफ्नो अनुहार पनि नदेखाएको भन्दै व्यङ्ग्य गरिएको छ । कतै प्रतीकात्मक रूपमा मन्त्री बन्न नपाएर अर्को पार्टीतिर गएको नेताप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

**अक्षरभ्रूण र अर्को बुद्ध** कविता सङ्ग्रहमा भएका कतिपय कविताहरू कविले समसामयिक घटनाका आधारमा रचना गरेका छन् । खास गरेर नेपालमा साठीको दशकमा घटेका राजनीतिक घटनाहरूलाई आधार मानेर प्रस्तुत सङ्ग्रहका केही कविताहरू रचना गरेको पाइन्छ । यसैगरी कविका जिन्दगीमा घटेका केही अविस्मरणीय घटनाहरूलाई पनि प्रस्तुत गरिएको छ । समसामयिक घटनामा आधारित कविताहरूमा 'कर्म', 'समाधिस्थ मित्रप्रति', 'छारो उडाउने कोट', 'मन्दिरको नवनिर्माण', 'विनाशकाले विपरीतवुद्धि', 'खाडल' जस्ता कविताहरू रहेका छन् । 'समाधिस्थ मित्रप्रति' कविता कविले आफ्नो घनिष्ठ मित्र गुमाउनु परेको दुःखद अवस्थामा लेखिएको कविता हो । आफ्नो मित्रलाई कविले भावपूर्ण श्रद्धाञ्जलि दिँदै प्रस्तुत कविता रचना गरेका छन् । आफ्नो मित्रको असामयिक निधनले गर्दा कविमन रोएको छ । खास गरेर अकालमा नै उनको मित्रको मृत्यु भएको वास्तविकता उक्त कविता पढेपछि थाहा हुन्छ । यही मृत्युलाई भुलाउन अनि आफ्नो अन्तिम श्रद्धाञ्जलि दिन कविले प्रस्तुत कविता लेखेको देखिन्छ । यो

कवितामा मित्रले कविलाई विगतमा गरेका सहयोगहरूको बारेमा वर्णन गर्दै मित्रको आत्माको चिर शान्तिको कामना गरिएको छ ।

'कर्म' कवितामा कविले कर्मको बारेमा भन्न खोजेका छन् । मान्छे जन्मिदा स्वतन्त्र रूपमा जन्मिन्छ । कोही दानव, कोही मानव र कोही देवता भएर जन्मिदैन भन्दै आफ्नो आफ्नो कर्मानुसार मान्छेले देवता र दानवको विभूषण पाउने कुरा व्यक्त गरिएको छ । संसारमा सबैभन्दा ठूलो बन्न सुकर्म गर्नु पर्छ भन्दै सुकर्म गर्ने मान्छे राम, बुद्ध, श्रीकृष्ण जस्तो महामानव बन्ने र कुकर्म गर्ने मान्छे रावण, कंस जस्तो दानव बन्ने कुरा कविले व्यक्त गरेका छन् । 'मन्दिरको नवनिर्माण' कवितामा कविले मन्दिर बनाउने निहुँमा भएको हानथापका बारेमा चर्चा गरेका छन् । यहाँ कविले मन्दिर भन्नाले संविधानलाई संकेत गरेका छन् । पूजारी भन्नाले छ सय एक सभासदलाई संकेत गरेका छन् र छ सय एक जना सभासद्रूपी भेडीगोठ जम्मा भएर पनि संविधान नबनेको उल्टै कुर्सीको खेलमा अल्झिएको प्रति कविको चिन्ता छ । 'विनाशकाले विपरीतबुद्धि' कवितामा कविले मानवमन भित्रको प्रवृत्तिका बारेमा चर्चा गरेका छन् । रावणले सीता हरण गरेको, कंसले आफ्ना नाबालक भान्जाभान्जीहरूको हत्या गरेको, हिटलरले यहुदीको हत्या गरेको जस्ता प्रसङ्ग वर्णन गर्न पुगेका छन् । साथै रावण, कंस र हिटलरले आफूले जे गरे पनि ठीक गरे भन्ने कुरा गरेको प्रसङ्ग जोड्दै हामी भित्र पनि यस्ता प्रवृत्तिहरू छन् भन्दै सबैलाई त्यसप्रति सचेत हुन आग्रह गरेका छन् । 'खाडल' कवितामा कविले आफैंले पालेको सर्पले आफैंलाई डस्छ भन्ने कुराको उद्घाटन गर्न खोजेका छन् । खाल्टो खन्दै गरिरहेको मित्रसँग कुराकानी गर्दै उक्त खनिएको खाडलमा भोलि स्वयं पर्न सक्ने संकेत पनि गरेका छन् । यो कवितामा कविले नेपालको राजनीतिमा मेरो गोरुको बाह्रै टक्का भन्ने राजनीतिक पार्टीहरूको आफूले भनेका कुरा मात्र ठिक अरू पार्टीका कुराहरू सबै बेठिक भन्ने गलत प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् ।

'शब्दकोश' कवितामा शब्दकोश भित्रको शब्दार्थ समय अनुसार परिवर्तन भएको देखाउन खोजेका छन् । शान्ति शब्दको अर्थ गोली बारुद, पानी शब्दको अर्थ ढल मिसिएको लेदो, झोल भन्ने कुरा व्यक्त गरेका छन् । यसैगरी राजधानी काठमाडौंको अर्थ दुर्योधनको राज्य, कौरवको मोर्चा, डलरको खेती आदि भन्ने व्याख्या गर्दै शब्दकोश आफै भित्र हराएको आभास कविले गरेका छन् । 'कालुचाहरू र कालुमानहरू' कवितामा कविले सबै मिल्नु पर्ने सन्देश दिएका छन् । तत्कालीन नेपालको द्वन्द्व अनि त्यस द्वन्द्वलाई समाधान गर्न निरङ्कुशता विरुद्धमा लड्न कालुचाहरू र कालुमानहरू एक आपसमा मिल्नु पर्ने तर्क कविको छ । कालुचा र कालुमान भन्नाले कविले जनता र राजनीतिक पाटीहरूलाई भन्न खोजेका छन् । वास्तवमा नेपालमा तत्कालीन समयमा निरङ्कुश शासन भएकाले जनताको मौलिक हक अधिकार हनन भएको भन्दै कविले अब उक्त निरङ्कुश वर्गसँगै लड्न जनता र राजनीतिक दलहरू मिल्नु पर्ने कुरा व्यक्त गरेका छन् । 'उकुचसमय' कवितामा राजनीतिक परिवर्तन आए पनि जनताले परिवर्तनको आभास गर्न नपाएको तर्फ संकेत गरिएको छ । नेपालमा तत्कालीन समयमा भएको द्वन्द्व र त्यसपछि निरङ्कुशता विरुद्ध भएको आन्दोलनले राजनीतिक परिवर्तन भए पनि संस्कार भने हिजो जस्तै रहेको कुरा व्यक्त गरिएको छ । हतियार बोक्नेहरूले अहिले पनि हतियार नै बोकिरहेको, सामन्ती विरुद्ध लड्नेहरूले अहिले पनि लडिरहेको र भ्रष्टाचारीले अहिले पनि भ्रष्टाचार गरिरहेको भन्दै जनताले आर्थिक, सांस्कृतिक लगायत विविध कुराहरूमा परिवर्तन चाहे पनि त्यो केवल खोक्रो आश्वासनमा मात्र सीमित रहेको भन्दै हिजोकै राजनीतिक अवशेष अझ पनि रहेको तर्फ संकेत गरिएको छ ।

'पीडाको आकाश' कवितामा तत्कालीन नेपालको समसामयिक समस्याहरू देखाउन खोजिएको छ । तत्कालीन समयमा नेपालको राजनीतिक जालोभित्र फसेको, नेपालमा शरणार्थी बेरोजगारी समस्या रहेको प्रसङ्ग उल्लेख गरिएको छ । जसरी आकाश बम बारुदले गर्दा कुहिरो लागी पीडामा बाच्न विवश छ त्यसरी नै नेपाल पनि विभिन्न समस्याहरूले गर्दा पीडामा बाच्न विवश भएको कुरा व्यक्त गरिएको छ । समग्रमा प्रस्तुत सङ्ग्रहमा राष्ट्रियता, समसामयिक राजनीतिक घटनाहरू, आफ्नो जीवनका अविस्मरणीय केही घटनाहरू, सामाजिक, सांस्कृतिक लगायत अन्य विविध विषयवस्तुका कविताहरू रचना गरिएको देखिन्छ । साथै समाजमा भएको

विकृति, विसङ्गति, भ्रष्टाचारप्रति व्यङ्ग्य प्रहार गर्दै अक्षरको भ्रूण रोपेर बुद्ध जन्माउने कल्पनामा डुबी शान्तिको कामना गर्दै राष्ट्रनिर्माण गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ ।

**(ग) उद्देश्य**

**अक्षरभ्रूण र अर्को बुद्ध** कविता सङ्ग्रहमा समावेश गरिएका कविताहरूमा राष्ट्रप्रेम झल्काउनु, मानवतावाद देखाउनु, नेपाली समाजमा भएको अन्याय, हिंसा तथा विसङ्गति विरुद्ध आवाज बुलन्द गर्नु जस्ता विविध उद्देश्यहरू रहेको पाइन्छ । 'राष्ट्रियताको उच्च शिखर', 'बिलम्व', 'सम्बोधन छोरालाई', 'खुकुरी मन', जस्ता कविताहरूले राष्ट्रप्रेम तथा शान्तिको पक्षमा वकालत खोजेका छन् । 'राष्ट्रियताको उच्च शिखर' कविताले तत्काल द्वन्द्व नरोकिएमा देश नै खतरामा पुग्न सक्ने कुरा व्यक्त गरेको छ । 'अक्षर भ्रूण र अर्को बुद्ध' कविताले अक्षरको भ्रूण रोपेर नयाँ बुद्ध जन्माउने कल्पना गरेको पाइन्छ । 'समय पहाड' कविताले शान्तिको कामना गरेको छ । 'मर्ने माछाहरू र मार्ने माछाहरू' कविताले देशमा अशान्ति बढ्दै गएको र निर्दोष जनताहरू मारिएको भन्दै शान्तिको लागि सबै पक्षको ध्यानाकर्षण गर्नुलाई आफ्नो मुख्य उद्देश्य बनाएको पाइन्छ । यसैगरी शान्ति आउन ढिला भएको भन्दै दुःख पोख्नु 'विलम्ब' कविताको मुख्य उद्देश्य रहेको छ । 'सम्वोधन छोरालाई' र 'खुकुरी मन' कविताले नेपाली वीरहरूको बहादुरी विश्व सामु चिनाउँदै खुकुरीलाई वीर नेपालीहरूको प्रतीकको रूपमा चित्रण गरिएको पाइन्छ ।

**अक्षरभ्रूण र अर्को बुद्ध** कविता सङ्ग्रहमा 'दोहोरी, 'अन्तिम सत्य', 'शत्रुजीवहरू', 'बाढी' परिवर्तन जस्ता कविताहरूले समसामयिक नेपालको राजनीति विकृति तथा भ्रष्टाचारप्रति आवाज उठाउन खोजेको देखिन्छ । नेपाली राजनीतिक दलहरूले एक अर्को प्रति दोहोरी शैलीमा गाली गरेको कुरा व्यक्त गर्नु 'दोहोरी' कविताको मुख्य उद्देश्य रहेको पाइन्छ । आफैंले पालेको विषालु जीवले टोकेको कुरा 'शत्रुजीवीहरू' कवितामा दोइएको छ । नेपाली जनता आफैं निर्णय गरी आफ्नो मालिक आफैं मालिक बन्न चाहन्छन् भन्ने कुरा शासक वर्गलाई देखाउन 'छारो उडाउने कोट' कविताको मुख्य उद्देश्य रहेको पाइन्छ । नेताहरूले खोक्रो आश्वासन मात्र दिन्छन् भन्ने कुराले ओतप्रोत भएको कविता 'आश्वासनको पहाड' हो । 'अन्तिम सत्य' कवितामा जनतालाई नै परिवर्तनको शक्तिको रूपमा लिनु पर्ने कुरा व्यक्त गरिएको छ । देशमा सांसद्‌हरूको बाढी आए तापनि संविधानको धारमा पानी नआएको देखाउनु नै 'बाढी' कविताको प्रमुख उद्देश्य बन्न पुगेको छ । 'भालु पुराण' कविताले सहिदको रगत चुस्ने प्रति व्यङ्ग्य प्रहार गरेको छ । 'हात्ती आतंक' कविताको उद्देश्य हात्तीले जताततै आतंक फैलाए पनि गरिबको नून बनेर छाक टार्न नसकेको कुरा देखाउनु रहेको छ । नेपालको ल्याप्चे मार्का नेताप्रति व्यङ्ग्य प्रहार 'अकविता' ले गरेको पाइन्छ । मन्त्री पद नपाएर पैसाका भरमा रातारात पार्टी परिवर्तन गर्ने नेता प्रति व्यङ्ग्य गर्नु 'परिवर्तन' कविताको उद्देश्य बन्न पुगेको छ ।

'समाधिस्थ मित्रप्रति' कविताको उद्देश्य आफ्नो मित्रलाई अकालमा गुमाउनु पर्दाको पीडा तथा मित्रको आत्माको चिर शान्तिको कामना गर्नु रहेको छ । 'कर्म' कविताले मान्छेले जस्तो कर्म त्यही अनुसारको फल पाउने कुरा व्यक्त गरेको छ । संविधान बनाउने क्रममा भएको हानथाप देखाउने उद्देश्यले 'मन्दिरको नवनिर्माण' कविता रचना भएको देखिन्छ । 'विनाशकाले विपरीत बुद्धि' कवितामा मानव मन भित्रका प्रवृत्तिहरू देखाउन खोजिएको छ । आफैंले पालेको सर्पले आफैंलाई डस्न सक्ने कुराको चित्रण 'खाडल' कवितामा गरिएको छ । समय अनुसार शब्दको अर्थ परिवर्तन भएको प्रति व्यङ्ग्य गर्नु नै 'शब्दकोश' कविताको मुख्य उद्देश्य बन्न पुगेको छ । समग्रमा प्रस्तुत सङ्ग्रहका कविताहरूको आ-आफ्नै छुट्टाछुट्टै उद्देश्य रहे तापनि 'अक्षरभ्रूण र अर्को बुद्ध' कविता सङ्ग्रहको केन्द्रीय उद्देश्य देशमा भइरहेको अशान्ति, कोलाहल हत्या आदिको अन्त्य गर्न अक्षरको भ्रूण रोपेर अर्को बुद्ध जन्माउने कुरा व्यक्त गर्नु नै हो । साथै अक्षरबाट नै क्रान्ति गर्नु पर्ने, अक्षरको गर्भबाट जन्मेको बुद्धले नै देशलाई विकासको बाटोतिर लैजान्छ भन्ने कुरा नै मुख्य रूपमा रहेको पाइन्छ ।

(घ) भाषाशैली

**अक्षर भ्रूण र अर्को बुद्ध** कविता सङ्ग्रहका कविताहरूमा प्रायः जसो नेपाली चलन चल्तीका शब्दहरूको वर्चस्व भएका वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । यदाकदा आगन्तुक शब्दहरूको प्रयोग पनि भेटिन्छन् । गद्य शैलीमा कविताहरू रचना गरिए तापनि निकै रसिला कसिला र चोटिला किसिमका छन् । प्रस्तुत सङ्ग्रहका केही कविताहरू जस्तै 'खुकुरी मन', 'हात्ती आतंक', 'कर्म', 'बाढी' जस्ता कविताहरूमा कविले विम्ब र प्रतीकको व्यापक रूपमा प्रयोग गरे तापनि कविताहरू दुर्वोध्य खालका छैनन् । 'अक्षर भ्रूण र अर्को बुद्ध' कविता सङ्ग्रहका प्रायः जसो कविताहरू सरल सहज तथा बोधगम्य रहे तापनि कुनै कुनै कविता बुझ्न अलि कठिन भएको आभाष पाउन सकिन्छ । साथै प्रायः कविताहरूमा छोटा छोटा वाक्यहरूको प्रयोग गरेको पाइन्छ । एउटै शब्दको वाक्य प्रयोग भए तापनि उक्त शब्दले पूर्ण रूपमा अर्थ दिएको छ । सामान्य आदारार्थी वाक्यहरूको प्रयोग बढी मात्रामा गरिएको छ । उचित बिम्ब, प्रतीक अलङ्कार जस्ताको संयोजन तथा उचित वाक्यहरूले गर्दा कविताहरू निकै अर्थपूर्ण बन्न गएका छन् । साथै शिष्ट तथा सरल भाषाको प्रयोगले गर्दा कविताहरू निकै रसिला बन्न पुगेका छन् । समग्रमा उचित क्रियापद, वाक्य संगठन, विम्ब, प्रतीक आदिको प्रयोगले गर्दा प्रस्तुत सङ्ग्रहको भाषा शैली निक्कै कसिलो बन्न पुगेको देखिन्छ ।

## ४.४ राममणि ढुङ्गेलका नाटकहरूको समीक्षा

नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान दिएका राममणि ढुङ्गेलले कथा र कविता विधामा मात्र नभएर नाट्य विधामा पनि कलम चलाएको देखिन्छ । अरू नाटककारहरू भन्दा अलि पृथक् रुपमा नाटक लेख्न मन पराउने ढुङ्गेलले नेपाली नाटकको क्षेत्रमा लगभग डेढ दशक समय विताएको देखिन्छ । राममणि ढुङ्गेलले आफ्नो जागिरे जीवनदेखि मात्र नाटक रचेको पाइन्छ । खास गरेर उनले साहित्यमा औपचारिक रूपमा लागेको सात आठ बर्ष पछि मात्र नाटक रचना गरेको देखिन्छ । तर नाटकहरू रचना गर्दागर्दै बीचमै त्यो क्रम टुटेको स्थिति रहेको देखिन्छ । यसर्थ, उनको नाटक अवधि भन्नाले वि.सं.२०४१ देखि वि.सं.२०५५ सम्म लगभग चौध बर्ष मात्र रहेको पुष्टि हुन्छ । खास गरेर आफ्नो जागिरे जीवन र कथा, कविता तिर अलि बढी झुकाव भएकोले गर्दा उनले शायद नाट्य विधालाई बीच बीचमै छोडिदिएको जस्तो आभाष पाइन्छ । थोरै नाटकहरुको रचना गरे तापनि उनका नाटकहरुमा हाम्रै समाजका समसामयिक विषयहरू, राजनीतिक घटनाक्रमहरु, आर्थिक विषयहरु, असमानता, विकृति जस्ता विभिन्न पक्षहरुको चित्रण गरेको पाइन्छ । ढुङ्गेलका हालसम्म पाँचवटा नाटक सार्वजनिक भएका छन् । जसमा एउटा नाटक सहलेखनमा लेखिएको तथा उक्त नाटक पुस्तकाकार रूपमा रहेको छ । अन्य चारवटा नाटकहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् ।

राममणि ढुङ्गेल नाटकको क्षेत्रमा वि.सं.२०४१ देखि लागेको देखिन्छ । उक्त साल उनको **मिर्मिरे** पत्रिकामा 'जागिरको मर्यादा' नामक नाटक प्रकाशन भएको पाइन्छ । प्रस्तुत नाटकमा नाटककारले असमानताको कुरा उठाउँदै जागिर खाएपछि ठीकसँग आफ्नो जिम्मेवारी निर्वाह गर्नु पर्ने कुरामा जोड दिएका छन् । ढुङ्गेलको पहिलो नाटक प्रकाशन भएको लगभग एक दशक पछि अर्थात् वि.सं.२०५२ मा मात्र दोस्रो नाटक प्रकाशन भयो । जसको शीर्षक 'एक घरको दुई कोठा' रहेको पाइन्छ । उक्त नाटक **परिवार** नामक अर्धवार्षिक पत्रिकामा प्रकाशित भएको हो । यो नाटकमा पारिवारिक समस्या देखाउन खोजिएको छ । यसैगरी वि.सं. २०५३ मा उनको तेस्रो नाटक 'अन्तिम सिमाना' **मधुपर्क**मा प्रकाशित भयो । प्रस्तुत नाटकमा ढुङ्गेलले नेपालको तत्कालीन समयको राजनीतिक परिवेशको चित्रण गर्न खोजेका छन् । वि.सं.२०५३ चैत्र महिनामा उनको चौथो नाटकको प्रकाशन भयो । प्रस्तुत नाटकको शीर्षक **सडक सीमा** रहेको पाइन्छ । यो नाटक पुस्तकाकार रूपमा प्रकाशित भएको एउटा मात्र नाटक हो । छोरीलाई शिक्षा दिनुपर्छ भन्दै प्रस्तुत नाटक तयार पारिएको हो । ढुङ्गेलको पाँचौ तथा हालसम्मको अन्तिम नाटक वि.सं.

२०५५ मा उपासना पत्रिकामा प्रकाशित भयो, जसको शीर्षक आशा हो । प्रस्तुत नाटक वादी समुदायसँग सम्बन्धित छ ।

राममणि ढुङ्गेलका नाटकहरूमा नेपाली समाजमा भएका असमानता, पारिवारिक समस्या, राजनीतिक समस्या लगायत अन्य कुराहरुको यथार्थ चित्रण पाइन्छ । उनका नाटकहरूमा सामाजिक समस्याहरू पनि व्याख्या गरिएको पाइन्छ । ढुङ्गेलका नाटकहरू प्रायः सरल र सहजै बुझिने किसिमका भएता पनि यदाकदा दुर्बोध्य र जटिल खालका पनि छन् । नेपाली जनजीवनमा प्रयोग हुने साधारण भाषाहरूको वर्चस्व उनका नाटकहरूमा पाइन्छ । ढुङ्गेलका नाटकहरू प्रायः छोटा छोटा खालका छन् । नाटकहरू छोटा भए तापनि बौद्धिक एवं मार्मिक र हाम्रो समाजलाई च्वास्स छुने खालका छन् । यसैगरी नाटकहरूको कथावस्तु निकै गहन रहेको पाइन्छ । यदाकदा आगन्तुक शब्दहरू पनि भेटिन्छन् । यसैगरी उनका नाटकहरू प्रायःजसो संवाद किसिमका छन् । वाक्यहरू छोटाछोटा भएता पनि चोटिला, रसिला र कतैकतै विविध अर्थ दिने खालका रहेका छन् । हाम्रो समाजमा विद्यमान् घटनाहरूको यथार्थ चित्रण गर्दै कहिँ कतै समस्याहरूको समाधानको बाटो देखाउन खोज्नु ढुङ्गेलको विशेषता हो । पात्रहरूको प्रयोग गर्दा मानवीय तथा साङ्केतिक दुवैथरी प्रयोग गरिएको भेटिन्छ । उनका नाटकहरू अभिनय गर्ने खालका रहेका छन् । अतः माथि उल्लेखित कुराहरूबाट राममणि ढुङ्गेललाई एउटा पृथक् नौलो पनमा नाटक लेख्ने नाटककार भन्न सकिन्छ ।

## ४.४.१. जागिरको मर्यादा नाटकको समीक्षा

### क) प्रकाशन काल

राममणि ढुङ्गेलको पहिलो सार्वजनिक भएको नाटक 'जागिरको मर्यादा' हो । प्रस्तुत नाटक वि.सं.२०४१ भदौ महिनाको **मिमिरे** पत्रिकामा प्रकाशित भएको हो । ढुङ्गेलले औपचारिक रूपमा साहित्यमा लागेको लगभग सात आठ बर्ष पछिमात्र प्रस्तुत नाटक रचना गरेका हुन ।

### ख) कथा वस्तु

प्रस्तुत नाटकको कथावस्तु जागिरे र बेरोजगार छोराहरूका बिचमा आफ्नै आमाले गरेको भेदभावपूर्ण व्यवहार तथा जागिर खाएपछि आफ्नो जिम्मेवारी उचित ढंगबाट निर्वाह गर्नुपर्ने कुराको उद्घाटन गर्नुमा केन्द्रित रहेको पाईन्छ । हाम्रै समाजको सामाजिक तथा आर्थिक विषयबस्तुमा नाटकको मुख्य कथावस्तु घुमेको पाइन्छ ।

जेठो छोरालाई अफिस जान अबेर हुन्छ भन्दै आमाले कान्छो छोरो भुण्टे र नोकर कान्छोलाई एक्लै फत्फताउँदै गाली गरेको प्रसङ्गबाट नाटकको कथावस्तु सुरु भएको छ । विहानको सात बजेसम्म पनि भुण्टे सुतिरहेको तथा आमा भने पँधेरीबाट पानी ल्याएर तरकारी काटी खाना बनाउन लागेकी छिन् । आफूसँगै गएको नोकर नआएकोले गर्दा आमालाई रिस उठिरहेको छ । यतिकैमा नोकर भ्रण्डै घुँडो फुक्लेको वहाना पार्दै आइपुग्छ र आमाले तत्काल तरकारीमा हाल्नलाई नुन नभएको भन्दै नोकरलाई नुन किन्न पसल पठाँउछिन् । एकछिन पछि नोकर नुनको सट्टामा सलाई लिएर आइपुग्छ । अनि आमा भ्रन् उग्र हुन्छिन् । नोकर पसलबाट आएको केही मिनेटपछि माथि ठुलोकाजी भएको सङ्केत आमाले नोकरलाई गर्दछिन् । अनि माथि ठुलाकाजीलाई चिया लगिदिएर नुन किन्न फेरि पसल जानू भन्ने आदेश दिन्छिन् । आमाको आदेश बमोजिम नोकरले सबै काम गर्छ र पसलबाट नुन किनेर आँउछ । त्यसपछि आज मेरो जेठो छोरो सुबिस्ताले अफिस जान पाउने भयो भन्दै आमा खुसी हुन्छिन् । यसको केही समयपछि नोकरलाई अंखोरामा भएको पानी ठुलोकाजीलाई दिनू अनि खाना तयार भएपछि माथि नै ल्याइदिन्छु भन्नु भन्दै आमाले अराउँछिन् । आमाको आज्ञा बमोजिम सबै काम नोकरले गर्छ । खाना पनि माथि नै लगिदिन्छ र पुगे नपुगेको सबै कुरा सोध्छ । माथिबाट पुगेको सङ्केत पाउँछ । आमाले कान्छो छोरोले थाहा पाएमा डाडो गर्छ भन्दै नोकरलाई खाना माथि लगिदिन अराएकी हुन् । उक्त खाना मसिनोको चामल, घ्यु लगायतका सामाग्रीहरुले बनाइएको हुन्छ । एकछिनपछि ढोकाबाट आवाज

आउँछ । कान्छो नोकर हेर्न जाँदा जेठो छोरो भित्र पस्छ । सबै कुराको रहस्य खुल्दछ । आमा जेठो छोरोलाई देखेर छक्क पर्छिन । आर्थिक आर्जन गर्ने जेठो छोरोलाई माया गर्दै दिएको खाना नोकरले आय आर्जन नभएको कान्छो छोरोलाई दिएको हुन्छ । वास्तविक कुरा थाहा पाएपछि आमाले कान्छो छोरो र नोकरलाई गाली गर्छिन् । तर जेठो छोरोले कसैको पनि दोष नरहेको तर्क गर्दै रिसाउन पर्दैन भनेर आमालाई सम्झाउन पुग्छ । यत्तिकैमा प्रस्तुत नाटकको कथा टुङ्गिन्छ ।

**ग) चरित्र चित्रण**

प्रस्तुत नाटकमा आमा र नोकर कान्छो गरी दुई मुख्य चरित्र रहेका छन्, भने कान्छो छोरो र जेठो छोरोलाई सहायक चरित्रको रुपमा लिइन्छ । नाटकको कथावस्तु अघि बढाउन मुख्य गरेर नोकर तथा आमाको महत्त्वपूर्ण भूमिका देखिन्छ, कान्छो त्यसमा सहायक बनेर आएको तथा जेठो छोरोको नाटकको अन्त्यमा गौण रुपमा मात्र उपस्थिति रहेको छ ।

**अ) आमा** प्रस्तुत नाटकको खल पात्रको रूपमा आमालाई लिन सकिन्छ । आफूले नै जन्म दिएका छोराहरूलाई भेदभाव गरेर नेपाली समाजमा गरिने जागिरे र बेरोजगार अर्थात् आर्थिक उपार्जनको क्षमता भएको र आय नभएको पात्र बीचको भेदभावपूर्ण व्यवहारको प्रतिनिधित्व आमाले गर्न पुगेकी छिन् । यसै गरी छिनमा रिसाउने छिनमा खुसी हुने प्रवृत्तिले यिनलाई गतिशील, रिसाहा, असमानताको पक्षधर जस्ता चरित्र पनि भन्न सकिन्छ ।

**आ) नोकर** प्रस्तुत नाटकको अर्को पात्रको रूपमा नोकर कान्छोलाई लिन सकिन्छ । ऊ लठेब्रो छ, राम्रोसँग कुरा बुझ्दैन र अन्जानबस अरूको घरमा नोकर बसेको छ । तापनि आफ्नो जिम्मेवारी ठीक तरिकाले निर्वाह गर्न सकेको छैन । एक थरी काम अराँउदा अन्जानबस अर्को थरी काम गर्ने प्रवृत्ति देखिन्छ । ऊ पनि गतिशील तथा मुख्य पात्रको रूपमा आएको छ ।

**इ) भुण्टे** प्रस्तुत नाटकको सत् पात्रको रुपमा भुण्टेलाई लिन सकिन्छ । ऊ कान्छो छोरो हो । काम केही पनि नभएर उसले मात्र खाइरहेको छ । नोकरले माथि ल्याइदिएको खाना ऊ माथि नै बसेर खाइरहन्छ । अतः प्रस्तुत नाटकको कथालाई रहस्यतिर लैजानमा उसको मुख्य हात रहेको छ । उसलाई सहायक पात्र, अल्छी, अर्न्तमुखी जस्ता पात्रको रूपमा चित्रण गर्न सकिन्छ ।

**ई) जेठो छोरो** प्रस्तुत नाटकमा जेठोको भूमिका खासै छैन । तर पनि उसलाई सत् पात्र भनेर चित्रण गरिन्छ । कथाको अन्त्यतिर मात्र ऊ देखा परेको छ । उसलाई मिलनसार, गौण, विवेकशील पात्रको रुपमा चित्रण गर्न सकिन्छ ।

**घ) परिवेश**

प्रस्तुत नाटक विहानको समयमा घटेको घटनामा आधारित छ । त्यसमा एउटा घरमा भएको घटनाको मात्र विवरण छ । साथै नेपथ्यको रूपमा पँधेरी र अफिस पनि आएका छन् ।

**ङ) उद्देश्य**

प्रस्तुत नाटकको उद्देश्य समाजमा भएको असमानता देखाउनु नै हो । आफ्नै आमाले जन्म दिएका छोराहरूबीच कस्तो भेदभाव गर्दछिन् भनेर देखाउनु रहेको छ । खासगरी बेरोजगार र रोजगार छोराहरूबीच असमानता देखाउनु तथा जागिर खाएपछि नुनको सोझो गर्नु पर्ने कुरा देखाउनु नै मुख्य उद्देश्यको रूपमा आएको छ ।

**च) भाषा शैली**

'जागिरको मर्यादा' नाटकमा सामान्यता हाम्रै बोलीचालीको भाषाको प्रयोग भएको छ । छोटाछोटा वाक्यहरू संवाद शैलीमा प्रयोग गरिएको छ । एकजना पात्रले बोलेपछि अर्कोले त्यसको उत्तर दिएको साथै काम पनि त्यसै अनरूप गरेको देखिन्छ । यदाकदा प्रश्नोत्तर शैलीको प्रयोग भएको पनि पाइन्छ । सामान्य गाउँले जीवनको भाषा प्रयोग भए पनि कतै कतै आगन्तुक, झर्रा र तत्सम शब्दहरुको प्रयोग गरेको पनि देखिन्छ ।

### ४.४.२. एउटा घरको दुई कोठा नाटकको समीक्षा

**क) प्रकाशन काल**

रामममणि ढुङ्गेलको दोस्रो प्रकाशित नाटक 'एउटा घरको दुई कोठा' हो । प्रस्तुत नाटक वि.सं. २०५३ मा **परिवार** पत्रिकामा प्रकाशित भएको हो । पहिलो नाटक प्रकाशित भएको लगभग एक दशक पछि मात्र यो नाटक प्रकाशित भएको हो ।

**ख) कथावस्तु**

'एउटा घरको दुई कोठा' नाटकको कथावस्तु पहिलो कोठा र दोस्रो कोठाको बयानबाट सुरु भएको छ । पहिलो कोठामा दाजु ब्रम्हदेव बस्दछन्, जहाँ थोत्रो सन्दुस, भुँइमा मैलो राडी छ भने दोस्रो कोठमा ब्रम्हदेवका भाइ महेश बस्दछन् जहाँ सफा सुग्घर छ । खासगरेर प्रस्तुत नाटकले एउटा कोठामा अभाव र अर्कोमा सम्पन्नताको परिदृश्य देखाउन खोजेको पाइन्छ । नाटककारले पहिलो कथाको बारेमा वर्णन गर्दा ब्रम्हदेवका छोरा जय विरामी भई सुतिरहेको अनि छोरीहरू गट्टा खेलेर बसेको प्रसङ्ग  उल्लेख गरेका छन् । यसैगरी दोस्रो कोठामा सबै हाँसीखुसी रहेको कुरा व्यक्त गरिएको छ । प्रस्तुत नाटक खास गरेर जय भन्ने पात्रलाई केन्द्रबिन्दु बनाएर रचिएको देखिन्छ । ब्रम्हदेव आफ्नो छोरा जय विरामी भएको कारणले गर्दा औषधि उपचारको लागि सहयोग खोज्न हिडिरहेका छन् । तर कतैपनि सहयोग नपाई उनी रित्तो हात घर फर्किन विवश भएका छन् ।  उता, त्यही घरको अर्को कोठामा बसेका ब्रम्हदेवका भाइ महेशको परिवार सानो तथा सुखी छ । महेशको जागिर राम्रो भएकोले गर्दा उसको परिवार राम्रोसँग चलिरहेको देखाइएको छ । आफ्नो भतिजो विरामी हुँदा पनि श्रीमतीको कारणले हेर्न जान महेश डराएका छन् । महेशकी श्रीमती राधाले ब्रम्हदेवका छोराछोरीलाई वाहिरी रूपमा माया गरे तापनि भित्री रूपमा शत्रुतापूर्ण व्यवहार गर्दछिन् । यही कारणले गर्दा राधाले महेशलाई अनेकौं कुरा लगाएर दाजु भएको ठाँउमा जान रोकेकी छिन् । तर महेशले ती कुराहरू विश्वास गर्दैनन् । उनी अचानक दाजु भएको कोठामा पुग्दछन् । त्यहाँ पुगेर सबै कुरा भएपछि दाजुभाइ मिलेर जयलाई अस्पताल लैजान्छन् । तर अत्याधिक ढिला भएका कारणले जयको मृत्यु हुन्छ र लास लिएर घर फर्कन्छन् । ब्रम्हदेवले पछुतो मान्छन् । कथावस्तु समाप्त हुन्छ ।

**ग) चरित्र चित्रण**

प्रस्तुत नाटकमा मुख्य पात्रको रुपमा ब्रम्हदेव, सावित्री, जय, महेश र राधा रहेका छन् । ब्रम्हदेवका अरू छोराछोरीहरू, महेशका छोरा तथा छोरी लगायत इन्जिनियर सबैले सहायक पात्रको रूपमा उपस्थिति जनाएका छन्  ।

**अ) ब्रम्हदेव** प्रस्तुत नाटकको मुख्य पात्रको रूपमा ब्रम्हदेव आएका छन् । आफ्नो छोराको उपचार गर्न नसकेर पछुतो मानेका छन् । उनलाई कसैले पनि सहयोग गरेको देखिंदैन । उनी सत् पात्रको रूपमा नाटकमा देखिएका छन् । तर पनि सन्तान धेरै भएका कारण बाबुको जिम्मेवारी पूर्ण रूपमा निर्वाह गर्न सकेका छैनन् । गरीब पात्रको रूपमा उनलाई यहाँ चिनाइएको छ । ब्रम्हदेव गतिशील, धैर्यवान् र बर्हिमुखी स्वभावका पात्र हुन ।

**आ) सावित्री** ब्रम्हदेवकी पत्नीको रूपमा सावित्रीलाई नाटककारले प्रस्तुत गरेका छन् । उनी पनि सत् पात्र हुन् । गरिब परिवार तथा छ जना सन्तानकी आमा सावित्री हुन् । छोरा सिकिस्त बिरामी हुँदा समेत पतिले उपचार गर्न पैसा जुटाउने आसमा उनी बसेकी छिन् । देवरसँग माग्न पनि देवरानीको कारणले डराएकी छिन् । आफ्नो भाग्यमा भएको कुरा नमेटिने तर्क गर्दछिन् । नाटकमा उनलाई सहनशील, धैर्यवान्, अर्न्तमुखी र भाग्यवादी चरित्रको रूपमा चित्रण गरिएको छ ।

**इ) जय** जय ब्रम्हदेव तथा सावित्रीको कान्छो छोरो तथा नाटकको मुख्य सत् पात्र हो । ऊ खाटमा सुतिरहेको छ । नाटकको सिंगो कथाबस्तु जयमा नै आधारित छ । जय ज्वरोले सिकिस्त भई सुत्दा

पनि निको हुने आसमा छ । नाटकको अन्त्यमा उसको मृत्यु भएको र कथाबस्तु पनि टुङ्गिएको छ । उसलाई आशावादी, धैर्यवान् तथा सहनशील पात्रको रूपमा नाटकमा प्रस्तुत गरिएको छ ।

**ई) महेश** राधाको पति महेश पढेलेखेका तथा मध्यम वर्गीय परिवारका हुन् । ब्रम्हदेवका भाइ महेशलाई सत् पात्रको रूपमा चित्रण गरिएको पाइन्छ । श्रीमतीको कुरा एक कानले सुनेर अर्कोले उडाउँदै भतिजो जयको उपचार गर्न दाजुलाई सहयोग गर्न पुग्दछन् । परिवार सानो र जागिर पनि राम्रै भएकाले परिवार प्रतिको जिम्मेवारी उनलै पूर्ण रूपमा निर्वाह गरेका छन् । उनलाई मिलनसार, त्यागी, पढेलेखेको, सहयोगी तथा बुझक्की पात्रको रूपमा नाटकमा प्रस्तुत गरिएको छ ।

**उ) राधा** महेशकी श्रीमती राधा प्रस्तुत नाटकमा असत् चरित्रको रूपमा  रहेकी छिन् । एउटै घरको दुई कोठा अर्थात्, ओल्लो पल्लो कोठामा बस्दा र आफ्नो जेठानीको छोरा बिरामी हुँदा समेत राधा हेर्न गएकी छैनन् । आफ्नो श्रीमान्लाई पनि अनेकौ नराम्रा कुराहरू गरी बिरामी हेर्न जानबाट रोक्न खोजेकी छिन् । पैसाको घमण्ड देखाएकी छिन् । राधालाई घमण्डी, एकलकाट्टे, कुरौटे, अर्न्तमुखी जस्ता चरित्रको रूपमा चित्रण गरिएको छ ।

**ऊ) अन्य पात्रहरुः** महेशको छोरो सतीश, छोरी बन्दना, साथी इन्जिनियर लगायत सावित्रीका तीन छोरी र दुई छोरा रहेका छन् । सबैको भूमिका सहायक रूपमा मात्र आएको छ भने इन्जिनियरको भूमिको गौण रूपमा आएको छ । यी सबैले कथावस्तु अगाडि बढाउन आफ्नो ठाउँबाट सहयोग गरेका छन् । यिनै पात्रहरूको क्रियाकलाप र कार्य व्यवहारका कारणले नाटकमा अझ सौन्दर्य थपिएको पाइन्छ ।

**घ) परिवेश**

'एक घरको दुई कोठा' नाटकको समय साँझपखको रहेको छ । नाटककारले एउटै घरमा छुट्टाछुट्टै कोठा लिएर बसेका दाजुभाइ र उक्त दुई परिवार भित्र घटेको घटनाको आधारमा नाटक तयार गरेका छन् । साथै नेपथ्यमा अस्पताल पनि आएको छ ।

**ङ) उद्देश्य**

प्रस्तुत नाटक धनी र गरिब बीचको भिन्नता देखाउनुमा नै केन्द्रित रहेको देखिन्छ । यसै गरी भाइभाइबीच विवाह भइसकेपछि हुने फाटो देखाउन पनि खोजिएको देखिन्छ । साथै सानो परिवार सुखी हुने र ठुलो परिवार दुःखमा अल्झिने कुरा व्यक्त गरिएको छ । नाटककारले एउटै घरको दुइटा कोठामा दाजुभाइ छुट्टै रूपमा बस्दा समेत अनेकौ पारिवारिक समस्या आउन सक्छ भनेर देखाउन खोजेका छन । मुलतः पारिवारिक समस्या देखाउनु नै प्रस्तुत नाटकको मुख्य उद्देश्य रहेको छ ।

**च) भाषाशैली**

'एउटा घरको दुई कोठा' नाटकमा सामान्यतया हाम्रै जनजीवन तथा बोलीचालीमा बोलिने भाषा नै प्रयोग भएको छ । साथै सबैजसो वाक्यहरू संवाद शैलीमा रचना गरिएका छन् । वाक्यहरू लामालामा नभएर ठिकै किसिमका छन् । नाटक पढ्दा सजिलै बुझ्न सकिने गरी वाक्यहरु बनाइएको छ । सामान्य गाँउले जीवनका भाषाहरु प्रयोग भए तापनि यदाकदा उच्चकोटीका आदारार्थी भाषाहरु पनि प्रशस्तै प्रयोग गरिएको छ । यसै गरी आगन्तुक शव्दहरू पनि कतैकतै प्रयोग गरिएको भेटिन्छ ।

### ४.४.३. अन्तिम सिमाना नाटकको समीक्षा

**क) प्रकाशन काल**

राममणि ढुङ्गेलको नाट्य यात्राको तेस्रो नाटकको रूपमा अन्तिम सिमाना नाटकलाई लिइन्छ । प्रस्तुत नाटक वि.सं.२०५३ पुष महिनाको **मधुपर्क** पत्रिकामा प्रकाशित भएको हो ।

'अन्तिम सिमाना' विद्यमान नेपालको आन्तरिक द्वन्द्व र समसामयिक नेपालको राजनीतिलाई आधार मानेर लेखिएको नाटक हो । साथै यो एउटा प्रयोगात्मक नाटक पनि हो ।

**ख) कथावस्तु**

'अन्तिम सिमाना' नाटकको कथावस्तु गाई, परेवा र बुद्धको संवादबाट सुरु भएको छ । परेवालाई आफू कहाँ छु र के गर्दैछु भन्ने कुराको ज्ञान छैन । त्यसैले अरूको भरमा बाँच्नुपर्ने कुरा परेवाले गरिरहेको छ । गाईले परेवालाई हामी खुला आकाशमुनि भएको र कसैको पनि आश्रय नलिई अर्थात् स्वतन्त्र रूपमा हामी आफ्नो अधिकार उपयोग गर्दै बाँच्न सक्छौं भनेर सम्झाइरहेको छ । बुद्ध ध्यानमग्न हुन्छन् । यतिकैमा दुवैले बुद्धतिर हेर्दै प्रश्न गर्दछन् । बुद्धले उनीहरुको प्रश्नको उत्तर दिन्छन् । यसै सन्दर्भमा आजको मान्छेको बारेमा पनि कुरा हुन्छ । बुद्धले आजको मान्छेको बारेमा परेवा र गाईलाई बुझाउन खोज्दैछन् । यसै शिलशिलामा आजको मान्छेको पढाइ भनेको केवल कागजमा मात्र सीमित रहेको, व्यवहारमा उतार्न नसकेको अनि धन सम्पत्ति आर्जनको लागि मात्र प्रमाणपत्र बटुलेको कुरा तीन जना बीचमा हुन्छ । साथै मानिसले आफूलाई विद्वान् मान्छ तर उसले सडकको छेउछाउमा पिसाब गरेको प्रसङ्ग व्यक्त गर्दै सरकारको पनि यसमा दोष भएको कुरा बुद्धले व्यक्त गर्दछन् । परेवाले यहाँमात्र भनेर नहुने भन्दै सम्बन्धित ठाउँमा गएर कुरा राख्नुपर्ने तर्क गर्छ । गाईले यस्तो फोहोर कुरो नगरी राम्रो कुरा गर भन्दै बुद्धलाई भन्दा बुद्धले बरु दुर्गम गाउँमा मानवताको गन्ध गंगाको पानी जस्तै सफा रहेको तर शहरमा सबै कुरा पैसामा विक्री भइसकेको कुरा गर्दछन् । यसैगरी गाईले बुद्धलाई माया प्रेमको पनि कुरा गर्न अनुरोध गर्दा बुद्धले माया प्रेम होटल भित्र मात्र पाइने भन्दै होटलभित्र भएको माया प्रेम एड्स बनेर फैलिएको तर्क गर्दछन् । साथै डाक्टरले आफ्नो निजी क्लिनिकमा उपचार गर्न बिरामीलाई बोलाएको, विद्यालय, क्याम्पस जस्ता शिक्षण संस्थामा हड्ताल भएकोले विद्यार्थीहरु माष्टरकहाँ ट्युसन पढ्न जान विवश भएको कुरा प्रस्तुत नाटकमा बुद्धले गरेका छन् ।

परेवाले उद्देश्य मोडिएको तर्क गर्दै गर्दा गाईले पनि त्यसमा समर्थन जनाउँछ । साथै आँट र धैर्यले काम गरेमा अरूको भरमा बाँच्नु नपर्ने कुरा गर्दै आफ्नो बाटो आफै बनाउने कुरामा जोड दिन्छ । यसमा बुद्ध र परेवाले पनि समर्थन गर्दछन् । बुद्धले अझ अगाडि कुरा गर्दै आफ्नो सन्तान बम र बारुदले गर्दा सकिन लागेको कुरा गर्दछन् । यसै क्रममा कलियुगको कुरो आँउछ । बुद्धलाई गाईले सोमरस चढाँउछ र सबैजना सोमरसमा लट्ठ हुन्छन् । यतिकैमा एउटा आवाज सुनिन्छ । परेवाले शत्रुहरू आएका सङ्केत गर्दछ तर बुद्धले आफ्नै गुटका मान्छेहरू हुन सक्ने कुरा गर्दछन् । यसरी कुरा गर्दागर्दै परेवाले गाईलाई धोकेवाजको संज्ञा दिन्छ । अनि उसले खुकुरी झिकी हान्छ र गाईले पनि परेवालाई लातले भकुर्छ । अनि बुद्धको खोकिलाबाट बम खसेर पड्कन्छ र सबैजना मर्छन् । नेपालमा तत्कालीन समयमा भएको द्वन्द्वलाई आधार मान्दै समसामयिक विषयको पनि प्रयोग गरी प्रस्तुत नाटक तयार पारिएको देखिन्छ । यसै गरी नाटकको शीर्षक र कथावस्तु बीच प्रतीकात्मक सम्बन्ध रहेको देखिन्छ । समग्रमा प्रस्तुत नाटकको सार शान्तिको वकालत गर्नु अनि बुद्ध, परेवा र गाई हाम्रै भएको कुरा व्यक्त गर्दै जताबाट मरे पनि नेपाली नै मर्ने तर्क गरिएको छ ।

**ख) चरित्र चित्रण**

प्रस्तुत नाटकमा गाई, परेवा र बुद्ध गरी तीनजना पात्रहरु रहेका छन् । नाटकको कथावस्तु यी तीन जना पात्रहरुले नै अगाडि बढाएका छन् । सबै पात्रहरु हाम्रै समाजको कुनै न कुनै वर्गको प्रतिनिधित्व गर्ने पात्रको रुपमा प्रस्तुत नाटकमा उपस्थित भएका छन् ।

**अ) गाई** गाई प्रस्तुत नाटकको एउटा प्रमुख पात्र हो । सुरुमा सत् चरित्रको रूपमा देखिए पनि अन्तिममा असत् चरित्रको रूपमा गाईको उपस्थिति रहेको छ । गाई एउटा गतिशील र झगडालु पात्र हो ।

**आ) परेवा** परेवा पनि मुख्य पात्र हो । ऊ पनि गतिशील पात्रको रूपमा देखा परेको छ । अन्तिममा परेवाको पनि मृत्यु भएको छ ।

**इ) बुद्ध** बुद्धलाई आदर्शवादी महामानव मानिए तापनि कथामा भने हिंसावादी पात्र मानिएको छ । उनी पनि असत्, गतिशील पात्र हुन् । सुरुमा बुद्धले शिक्षा दिन खोजे तापनि अन्तिममा कुकर्म गर्न पुगेका छन् ।

**ग) परिवेश**

'अन्तिम सिमाना' नाटकको समय मिर्मिरे उज्यालो रहेको छ । खुल्ला आकाशमुनि तीन जना पात्रहरु बसेका छन् । रंगमञ्चमा घटेको घटना देखाउनु नै मुख्य रूपमा प्रस्तुत नाटकको परिवेश बन्न पुगेको छ ।

**घ) उद्देश्य**

'अन्तिम सिमाना' नाटक राष्ट्रलाई कुबाटोबाट बचाएर सही बाटोतर्फ हिडाउनु पर्ने संकेत गर्दै अहिंसाबाट शान्तितिर, अन्यायबाट न्यायतिर डोऱ्याउनु नै मुख्य उद्देश्य बनेर आएको छ । देशमा बढ्दै गएको अत्याचारको पर्दाफास गर्दै दुर्गम गाउँमा बाँकी रहेको इमान्दारी र मानवता झल्काउनु अनि गाई, परेवा र बुद्ध हाम्रै हुन् भन्दै यिनलाई बचाउनु पर्ने कुरा पनि रहेको छ । साथै शान्तिको वकालत गर्नु पनि रहेको छ ।

**ङ) भाषाशैली**

'अन्तिम सिमाना' नाटक संवाद शैलीमा रचना गरिएको छ । प्रस्तुत नाटकमा तीन जना पात्रहरू एक अर्कासँग कुरा गरिरहेका छन् । कतैकतै प्रश्नवाचक वाक्यहरूको पनि प्रयोग गरिएको छ । नाटकका वाक्यहरू तुलनात्मक रूपमा छोटाछोटा तथा यदाकदा एउटा मात्र शव्दको वाक्यले पनि अर्थ दिएको छ । नेपाली भाषामा प्रयोग हुने शव्दहरुको वर्चश्व छ । साथै कतैकतै अंग्रेजी भाषाका शव्दहरु पनि भेटिन्छन् । उचित वाक्यहरुको संगठनले गर्दा प्रस्तुत नाटक दुर्बोध्य रहेको छ । एउटै शव्दका वाक्यले पनि अनेकौ किसिमको अर्थ प्रस्तुत नाटकमा दिइएको छ । साथै सामान्य आदरार्थी वाक्यहरूको बाहुल्य रहेको पाइन्छ ।

## ४.४.४ सडकसीमा नाटकको समीक्षा

**क) प्रकाशन काल**

'सडकसीमा' नाटक वि.सं.२०५३ मा प्रकाशित भएको हो । प्रस्तुत नाटक सहलेखनमा आधारित छ । सडकसीमा नाटक मात्र राममणि ढुङ्गेलको पुस्तकाकार कृतिको रूपमा रहेको छ । ढुङ्गेल लगायत गोपाल पराजुली र रमेशजङ्ग सिजापति मिलेर प्रस्तुत नाटक तयार गरेका हुन् । यस नाटकमा नारी शिक्षाको आवश्यकता देखाउन खोजिएको छ ।

**ख) कथावस्तु**

'सडकसीमा' नाटकको कथाबस्तु दुई भागमा विभाजन गरिएको छ । यहाँ क्रमैसँग दुई भागको कथावस्तु प्रस्तुत गरिन्छ । नाटकको सुरुमा एउटा सडकमा केटी एक र केटा एक कुराकानी गर्दै हिँडिरहेका हुन्छन् । केटा एकले केटी एकलाई फकाइफुलाई विवाह गर्छु भन्दै प्रेमजालमा फसाएर सिनेमाको हिरोइन बनाइदिने खोक्रो आश्वासन दिदै बोर्डर पारि जाने कुरो गर्छ । केटी एक घर परिवार छोडेर उसलाई विश्वास गरी धनसम्पत्ति कमाउने लोभमा उसँग जीन्दगी बिताउने लक्ष्यसहित केटाको कुरामा सहमत भएर हिँडिरहेकी हुन्छे । यसरी दुवै जना जाँदा जाँदै एउटा ठाउँमा पुगेपछि केटा चार आइपुग्छ र केटा एकलाई पच्चीस हजार दिएर उक्त केटी एकलाई फकाएर लिएर जान्छ । बिचरी गाउँकी सोझी केटीलाई आफू बेचिएको थाहा नै हुँदैन । यत्तिकैमा कथा एक अन्तिम चरणमा पुग्न नपाउँदै दोस्रो चरणको कथा सुरु हुन्छ । खास गरेर पहिलो कथामा केटी एकलाई केटा एकले बेचिदिएको र त्यहाँ केटी दुई र केटा दुई आइपुग्दा

उनीहरू भागिसकेको प्रसङ्गबाट प्रस्तुत नाटकको दोस्रो कथावस्तु सुरु हुन्छ । दोस्रो कथामा पनि अनेकौ वहाना पार्दै केटी दुईलाई केटा दुईले फकाएर लिएर जान्छ । यतिकैमा केटी दुईलाई शंका लाग्छ । उसले त्यँहाबाट भाग्न अनेकौ कोसिस गर्छे । तर केटा दुईले पैसा कमाउने, हिरोइन बन्ने र नयाँ शहर देख्न पाउने भन्दै जसरी भएपनि बोर्डर पारि जानुपर्ने कुरा गर्छ । केटी दुईले पनि विभिन्न वाहान पार्दै मेरो शिक्षाले अहिले यही सडकमा क्रान्ति ल्याउँछ, नारीलाई अबला नसम्झ भन्दै एकमुठ्ठी सास रहुन्जेल सम्म लड्ने कुरा गर्छे । केटा दुईले फकाउँदै  पचास हजार दिने प्रलोभन देखाउँछ । तर केटी दुईले मान्दिन । यसरी त्यहाँ दुईजनाको वार्तालाप हुँदा हुँदै केटा चारको आगमन हुन्छ । उक्त केटा चारले पनि फकाउन खोज्छ । तर केटी दुईले सबै कुरा बुझ्दछे । यतिकैमा केटी दुईको हात समातेर जर्वजस्ती केटा चारले लान खोज्दछ । तर केटी दुई चिच्याउन पुग्दछे । उसको आवाज सुनेर त्यहाँ विद्यार्थीको आगमन हुन्छ । विद्यार्थी र दलालबीच भनाभन तथा हात हालाहालको स्थिति सिर्जना हुन्छ । त्यसपछि त्यहाँ पुलिसको आगमन हुन्छ र सबै कुरा बुझेर उक्त दलालहरूलाई पुलिसले पक्रन पुग्छ । केटी दुईलाई आफ्नो गाँउ फर्काइदिने जिम्मा विद्यार्थीहरूले लिन्छन् र कथा समाप्त हुन्छ ।

**ग) चरित्र चित्रण**

'सडकसीमा' नाटकमा मुख्य रूपमा केटा एक, केटी एक, केटा दुई, केटी दुई रहेका छन् । सहायक पात्रको रूपमा विद्यार्थीहरू, दलालहरू, प्रहरीहरू आएका छन् । नेपथ्यमा पात्रको उपस्थिति पनि देखाइएको छ ।

**अ) केटा एक** 'सडकसीमा' नाटकको मुख्य र खल पात्रको रुपमा केटा एकलाई लिइन्छ । ऊ गाँउको सोझा सिधा केटीहरुलाई विवाह गर्छु र हिरोइन बनाइदिन्छु भन्दै फकाएर केटी बेच्ने दलालको हातमा पुऱ्याइदिने पात्र हो । नाटकको पहिलो कथाको सुरुदेखि अन्त्यसम्म महत्वपूर्ण भूमिका रहेको छ । कतै प्रेमी बनेर, कतै पति बनेर र कतै दलाली गरेर आफ्नो चरित्र प्रस्तुत गरेको छ । यसर्थ उसलाई दलाल, गतिशील र धूर्त पात्रको रूपमा चित्रण गरिन्छ ।

**आ) केटी एक** 'सडकसीमा' नाटकको मुख्य, सोझी, गाउँकी अनपढ केटीको रूपमा केटी एकलाई लिइन्छ । आफ्नो सर्वस्व छोडेर केटा एकलाई विश्वास गरी जिन्दगी बिताउने प्रण उसले गरेकी छे तर दलालको हातमा परेर बेचिन पुगेकी छे । अपरिचितलाई समेत विश्वास गर्ने बानी उसको रहेको छ । साथै विभिन्न प्रलोभनमा परेकी, गाँउकी सिधा र सत् चरित्रको रूपमा लिन सकिन्छ ।

**इ) केटा दुई** 'सडकसीमा' नाटकको दोस्रो कथाको सुरुदेखी अन्तिमसम्म केटा दुईको मुख्य भूमिका रहेको छ । गाउँकी सिधा सोझी भए पनि पढेलेखेकी केटीलाई फकाएर बेच्न दलालको हातमा पुऱ्याए पनि ऊ सफल हुन सकेको छैन । यसर्थ उ गतिशील असत् र असफल पात्र हो ।

**ई) केटी दुई** 'सडकसीमा' नाटकको दोस्रो कथाको सुरुदेखि अन्तिम सम्म केटी दुईको मुख्य भूमिका रहेको छ । सुरुमा दलालको हातमा परे पनि आफू बेचिनबाट जोगिन पुगेकी, आँट तथा धैर्य भएकी चरित्रको रूपमा उसलाई लिइन्छ । साथै शिक्षित, चलाख अनि समय अनुसार आफूलाई परिवर्तन गर्न सक्ने गतिशील नारीको रूपमा लिइन्छ । प्रस्तुत नाटकमा सत् पात्रको रूपमा केटी दुईलाई चित्रण गरिएको पाइन्छ ।

**उ) अन्य पात्र** 'सडकसीमा' नाटकमा विद्यार्थी, पुलिस तथा दलालहरूलाई अन्य पात्रको रुपमा लिइन्छ । विद्यार्थीहरूले आफ्नो कर्तव्य पालना गरेर एउटा चेलीको उद्धार गरेका छन् साथै पुलिसले पनि यस कार्यमा सहयोग गरेको देखिन्छ । यसर्थ, विद्यार्थी तथा पुलिसलाई सत् पात्र तथा सहायक पात्रको रूपमा चित्रण गरिन्छ । दलाल भने कुनै ठाँउमा सफल तथा कुनै ठाँउमा असफल पात्र तथा असत् पात्रको रूपमा रहेको छ ।

**घ) परिवेश**

'सडकसीमा' नाटकको परिवेश बोर्डरपारिको शहरको एउटा सडक मुख्य रूपमा आएको छ । यसैगरी सडकपारिको ठुलो बिल्डीङ्ग, सीमावारि लगायत नेपथ्यमा नेपालको कुनै दुर्गम गाँउको मन्दिर, पोखराको होटल पनि क्रमैसँग आएका छन् ।

**ङ) उद्देश्य**

'सडकसीमा' नाटकको मुख्य उद्देश्य छोरीलाई पनि शिक्षा दिनुपर्छ भन्नु नै हो । प्रस्तुत नाटकमा छोरीलाई पनि आजैदेखि स्कुल भर्ना गर्न आग्रह गरिएको देखिन्छ । नाटककारहरूले प्रस्तुत नाटकमार्फत छोरीलाई शिक्षा दिएमा उनीहरूले आफ्नो सुरक्षा आफै गर्न शिक्षालाई अचुक हतियारको सक्ने साथै बेचबिखनबाट पनि जोगिन सक्छन् भनेर देखाउनु नै रहेको छ ।

**(च) भाषाशैली**

'सडकसीमा' नाटकको भाषा संवाद शैलीमा रहेको छ । हाम्रै बोलीचालीमा बोलिने वाक्यहरूको प्रयोग भएको छ । सामान्य आदारार्थी प्रयोग भए पनि यदाकदा उच्च आदारार्थी प्रयोग भएको पाइन्छ । कतैकतै फाटफुट अंगेजी शव्दहरूको प्रयोग गरे तापनि नेपाली शव्दहरूको बाहुल्य रहेको देखिन्छ । वाक्यहरू मझौला किसिमका भए तापनि यदाकदा लामोलामो वाक्यहरुको प्रयोग गरिएको पनि पाइन्छ । तर पनि वाक्यहरू दुर्बोध्य अर्थ दिने खालका छैनन् ।

## ४.४.५. आशा नाटकको समीक्षा

**क) प्रकाशन काल**

राममणि ढुङ्गेलका हालसम्म उपलब्ध भएका नाटकहरूमध्ये आशा अन्तिम नाटक हो । प्रस्तुत नाटक वि.सं.२०५५ माघ महिनाको **उपासना** साहित्यिक सांस्कृतिक पत्रिकामा प्रकाशित भएको देखिन्छ । पश्चिम नेपालको वादी समुदायका महिलालाई आधार बनाई यो नाटक तयार पारिएको हो ।

**ख) कथावस्तु**

'आशा' नाटकको कथावस्तु वादी समुदायका महिलाको पेशासँग सम्बन्धित छ । नाटककारले यस नाटकमा वादी महिलाले भोग्नु परेका विविध समस्या तथा उनीहरूले अपनाएको पेशाबारे प्रष्ट पार्न खोजिएको छ । साथै उनीहरूलाई शरीर बेचेर आर्थिक आर्जन गर्नुबाट रोकेर नयाँ पेशातिर लैजानुपर्ने कुरामा जोड दिइएको छ । प्रस्तुत नाटकको कथावस्तु एउटा कोठाको वर्णनबाट सुरु भएको देखिन्छ । उक्त कोठामा आ भन्ने पात्र खाटमा छे र इ भन्ने पात्रले अ भन्ने व्यक्तिलाई कोठमा ल्याएर परिचय गरे पश्चात् नाटकको कथावस्तु अघि बढ्दछ । आ लाई पैसाको मात्र हतार भएको छ । यही कारणले गर्दा आ ले अ लाई मसँग छिटो यौन सम्पर्क गर्नुहोस्, यो कोठा मेरो दिदीको लागि खाली गर्नु छ भन्दै छिटो काम सकाएर पैसा दिनुस् मात्र भनिरहेकी छे । तर, अ ले आफू पत्रकार भएको भन्दै त्यस्तो कार्य गर्नु मेरो उद्देश्य होइन भन्दै आ लाई पनि त्यस्तो कुकर्मबाट टाढा रहन आग्रह गर्दै नयाँ जिन्दगी जिउन अभिप्रेरित गर्दछ । तर आ ले मात्र पैसाको कुरा गरेको साथै आफूसँग छिटो यौन सम्पर्क राख्न आग्रह गरे पनि अ ले आफ्नो उद्देश्य नरहेको भन्दै उसको वास्तविकता खोतल्ने प्रयास गरेको छ । आ ले धेरैले साहानुभूति दिएको तर त्यसले चुल्होमा आगो नबल्ने जस्ता कुरा गर्दछे । अ ले पैसा नभएर इज्जत दिन आएको तर्क गर्दछ । यस्तै यस्तै कुराकानी गर्दा गर्दै अचानक एक हुल मानिस बाहिरबाट भित्र कोठामा प्रवेश गर्दछन् । मान्छेहरु प्रवेश गरेपछि अ र आ को विवाह गराउन खोज्दा अ महिला प्रहरी भएको रहस्योद्घाटन हुन्छ र नाटकको कथा समाप्त हुन्छ ।

**ग) चरित्र चित्रण**

'आशा' नाटकमा अ, आ, ई र एकहुल मानिसहरू रहेका छन् । कथाको मुख्य चरित्रको रूपमा अ र आ रहेका छन् भने सहायक चरित्रको रूपमा इ र एकहुल मानिस रहेका छन् ।

**अ) अ** आशा नाटकको मुख्य पात्रको रूपमा अ लाई लिइन्छ । अ भेष बदलेर आ को कोठामा पुगेकी छे । यसर्थ ऊ परिवर्तनशील पात्र हो । साथै सत् चरित्र, सहानुभूति तथा धैर्यशाली चरित्रको रूपमा पनि उसलाई चित्रण गरिएको छ । अ लाई परिवर्तनकारी र शिक्षित चरित्रको रूपमा पनि चिनाइएको छ ।

**आ) आ** आशा नाटकको मुख्य केटी पात्र आ हो । आलाई वादी महिलाको प्रतिनिधिको रूपमा लिइएको छ । आ आफैंले गर्दा आएको यौन धन्दा गर्नुपर्ने र नयाँ काम गर्न नसक्ने तर्क गर्छे । साथै आफ्नो वास्तविकतामा रमाउने अनि पैसा मात्र खोज्ने, पुर्ख्यौली पेशा अपनाउने, सोझी, सिधी, गतिशील, महिलाको रूपमा उसलाई चित्रण गरिएको छ ।

**इ) ई** आशा नाटकको सहायक पात्रको रूपमा इलाई चित्रण गरिएको छ । इ ले अ र आ लाई भेटाउने बाहेक खासै केही काम गरेको देखिदैन । अतः उसको भूमिका महत्त्वपूर्ण नरहे पनि मध्यस्तकर्ताको रुपमा रहेको छ ।

**ई) एक हुल मानिस** नाटकको अन्तिममा एकहुल मानिसहरू देखा पर्छन् । खास गरेर अ र आ लाई विवाह गराउने उद्देश्यका साथ उपस्थित भए तापनि अ को परिचय थाहा पाएपछि एकहुल मानिस सबै छक्क परेर हेरि मात्र रहेका छन् ।

**घ) परिवेश**

'आशा' नाटकको समय साँझपखको धमिलो उज्यालो रहेको छ । साथै स्थानको रूपमा एउटा कोठा तथा उक्त कोठामा भएका दराज, गुन्द्री, खाट जस्ता पनि आएका छन् ।

**ङ) उद्देश्य**

'आशा' नाटकमा खास गरेर पश्चिम नेपालको वादी समुदायका महिलाहरूले अपनाएको पेशा देखाउनु र त्यो घृणित पेसाबाट बादी महिलालाई परिवर्तन गरेर सम्मानजनक पेसातर्फ आकृष्ट गराउनु नै मुख्य उद्देश्य रहेको छ । साथै वादी महिलाहरुलाई सरकारले विभिन्न कुराहरू दिएर उक्त पेशा छोड्न आग्रह गरे तापनि त्यो व्यवहारमा लागू नभएको तथा उनीहरूले पनि आफूले अँगालेको पेशा छोड्न आनाकानी गरेको प्रसंग कुरा देखाउन खोजिएको छ ।

**च) भाषाशैली**

'आशा' नाटकको भाषा प्रायःजसो प्रश्नोत्तर शैलीमा रचना गरिएको छ । कतै कतै एक शव्दको वाक्य पनि रहेको छ । बोलीचालीको भाषा नै बढी मात्रामा प्रयोग गरिएको छ । नाटक सरल, सहजै बुझ्न सकिने किसिमको रहेको छ । प्रतीकात्मक तथा साङ्केतिक रूपमा केही वाक्यहरूको प्रयोग पनि गरिएको छ । यदाकदा अंग्रेजी भाषाका शव्दहरूको प्रयोग भए पनि नेपाली शव्दहरूकै वर्चस्व रहेको छ । छोटाछोटा वाक्यहरूको उचित संयोजनले प्रस्तुत नाटक उत्कृष्ट बन्न पुगेको छ ।

## ४.५ राममणि ढुङ्गेलका अनुसन्धानमुखी कृतिको समीक्षा

**क) प्रकाशन काल**

नेपाली साहित्यमा अतुलनीय योगदान पुऱ्याएका राममणि ढुङ्गेलको लेखनयात्राको पहिलो कृतिको रूपमा **चेपाङ समुदाय र संस्कृति** लाई लिइन्छ । प्रस्तुत कृति वि.सं.२०५१ मा साझा प्रकाशन काठमाण्डौबाट प्रकाशित भएको हो । यो कृति ढुङ्गेलले चेपाङ जातिको बारेमा गहन अध्ययन अनुसन्धान गरी तयार पारेका हुन् ।

**ख) परिचय**

राममणि ढुङ्गेलको अनुसन्धानमूलक कृतिको रुपमा **चेपाङ समुदाय र संस्कृति** लाई लिइन्छ । हालसम्म ढुङ्गेलको यही एउटा कृति मात्र अनुसन्धानमा आधारित भएर प्रकाशित भएको देखिन्छ । प्रस्तुत कृतिमा ढुङ्गेलले चेपाङ समुदायको बारेमा विस्तृत रूपमा अध्ययन गरेका छन् । यसमा लेखकले चेपाङ्को परिचय, सांस्कृतिक, आर्थिक पक्षहरू लगायत अन्य विभिन्न कुराहरूको व्यापक रूपमा अध्ययन गरेका छन् । यसैको फलस्वरुप राममणि ढुङ्गेललाई लोक साहित्य पुरस्कार (२०५१) द्वारा सम्मान गरिएको पाइन्छ ।

प्रसिद्ध समालोचक देवीप्रसाद गौतमले **सयपत्री** पत्रिका (२०५२) मा **चेपाङ समुदाय र संस्कृति** कृतिको समीक्षा गर्दै प्रस्तुत कृतिलाई "चेपाङ भाषा र संस्कृतिको नयाँ फूल" भनेर विश्लेषण गरेका छन् । यसै गरी अर्का विद्वान् डोरबहादुर विष्टले प्रस्तुत कृतिमा शुभकामना मन्तव्य दिँदै "चेपाङको मर्का बुझ्ने प्रयत्न गर्नु र तिनको पीरमर्का हटाउने उपायबारे चिन्तन गर्नु अवश्य नै सराहनीय कार्य मान्नु पर्दछ" भनेर प्रसंशा गरेका छन् ।

**चेपाङ समुदाय र संस्कृति** नामक कृतिलाई तीन खण्डमा विभाजन गरेको देखिन्छ ।

**(क) खण्ड एक** राममणि ढुङ्गेलले प्रस्तुत खण्डमा परिचयात्मक पक्षको गहन अध्ययन गरेको देखिन्छ । यसरी अध्ययन गर्दा आउने विविध पाटाहरू जस्तैः– पृष्ठभूमि, परिचय, उत्पत्ति र विकास, शिक्षा, स्वास्थ्य, पारिवारिक संगठन, आर्थिक अवस्था आदिको बारेमा गहन रूपमा प्रस्तुत गरेका छन् । लेखकले विभिन्न शीर्षक-उपशीर्षकहरू राखेर प्रस्तुत खण्डको चर्चा गरेका छन् । साथै चेपाङ समुदायको जीवनयापनका आधारहरु पनि प्रस्तुत गरिएको छ । यसैगरी चेपाङ र कुसुण्डाबीचको सम्बन्ध, चेपाङको जनसंख्या, शारीरिक बनावट, बसोबासको क्षेत्र तथा भू-प्रकृति आदिको बारेमा विस्तृत रूपमा अध्ययन गरेको देखिन्छ ।

**(ख) खण्ड दुई** राममणि ढुङ्गेलले प्रस्तुत खण्डमा चेपाङको सांस्कृतिक पक्षको अध्ययन ज्यादै व्यापक रूपमा गरेका छन् । खास गरी चेपाङहरूको सांस्कृतिक पृष्ठभूमि, धर्म, भाषा, खानपान, नामकरण-संस्कार जस्ता पक्षहरूको चित्रण गरेको पाइन्छ । यसै गरी विभिन्न चाडपर्वहरू मनाउने तरिका, बच्चाको अन्नप्राशन गर्दा अपनाइने विधि, चूडाकर्म, सामूहिक शिकार प्रवृत्ति, साहित्य संगीतको स्थान तथा महत्त्व लगायत अन्य समुदायसँगको धार्मिक एवं सांस्कृतिक सम्बन्ध प्रस्तुत गरिएको छ । साथै साहित्य संगीतको वर्णन गर्दा चाडपर्व, विवाह, आदिमा गाउने गीतहरू उदाहरणको रूपमा प्रस्तुत गरिएका छन् ।

**(ग) खण्ड तीन** राममणि ढुङ्गेले प्रस्तुत खण्डको मुख्य शीर्षक उत्थान पक्ष भनेर राखेका छन् । चेपाङहरूको राजनीतिक चेतना र नेतृत्व, हालसम्म भएका विकासका प्रयासहरू र उनीहरूको समस्या तथा उक्त समस्याको समाधानको उपाय प्रस्तुत गरिएको देखिन्छ । यसका साथै कतिपय चेपाङ शव्दहरुलाई नेपाली भाषामा अर्थ दिइएको, नेपाली भाषासँग मिल्ने केही चेपाङ भाषाका शव्दहरु तथा चेपाङ भाषामा बोलिने केही वाक्यहरु प्रस्तुत गरिएको छ ।

समग्रमा भन्नुपर्दा राममणि ढुङ्गेलको लेखन यात्राको पहिलो पुस्तकाकार कृति **चेपाङ समुदाय र संस्कृति** एउटा अनुसन्धानमा आधारित, पिछडिएको जातिको प्रतिनिधित्व गरी तयार पारिएको कृतिको रूपमा रहेको देखिन्छ ।

**(ग) विषय प्रतिपादन**

राममणि ढुङ्गेलको अनुसन्धानमूलक कृति **चेपाङ समुदाय र संस्कृति**लाई नेपालको एउटा पिछडिएको जाति चेपाङलाई केन्द्रमा राखेर रचना गरिएको देखिन्छ । प्रस्तुत कृतिमा चेपाङ समुदायको विविध पाटाहरूको छुट्टाछुट्टै शीर्षक राखेर अध्ययन गरिएको छ । राजधानी काठमाडौं शहरको नजिकै रहे तापनि हालसम्म ढुङ्गे युगकै जीवन बिताउन चेपाङहरू बाध्य भएका छन् । काठमाडौंबाट पश्चिम तथा उत्तर पश्चिमी जिल्लाका केही भू-भागमा बस्ने यी जातिहरूको

अवस्था विभिन्न कारणले गर्दा हालसम्म पनि दयनीय रहेको पाइन्छ । आफूलाई लवका सन्तान ठान्ने यी जातिहरूको आफ्नै छुट्टै चाडपर्व, रीतिरिवाज, रहनसहन, खानपान वेषभूषा, धर्म, भाषा जस्ता विविध पक्षहरू रहेका छन् । यिनीहरू आफ्नो रूढीवादी परम्पराप्रति विश्वास गर्दछन् । यो समुदायमा झाँक्रीको विशेष महत्व रहेको पाइन्छ । चेपाङ जातिहरूले उपचारदेखि प्रायः जे काम पनि झाँक्रीको सरसल्लाह अनुसार गर्ने गर्दछन् । चेपाङहरूको आफ्नै साहित्य सङ्गीत रहेको पाइन्छ । तर पनि हालसम्म यिनीहरूको साहित्य अलिखित नै रहेको र सङ्गीत कथ्य रूपमा मात्र रहेको देखिन्छ । साथै यिनीहरू अहिले सम्म पनि सामूहिक शिकार गर्ने गर्दछन् । यसै गरी हाल आएर खेती गर्ने, व्यापार गर्ने पेशातिर लाग्न थालेको पाइन्छ ।

**चेपाङ समुदाय र संस्कृति** कृतिमा विभिन्न शीर्षक उपशीर्षकहरू राखेर एउटा लोप हुन लागेको जातिको बारेमा गहन अध्ययन गरिएको छ । पहिलो शीर्षक परिचयात्मक राखेर त्यस अन्तर्गत आउने विविध विषयहरू जस्तै पृष्ठभूमि, परिचय, जनसंख्या, शिक्षा, स्वास्थ्य, शारीरिक बनावट जस्ता पाटाहरूको अध्ययन अनुसन्धान गरिएको पाइन्छ । दोस्रोमा सांस्कृतिक शीर्षक राखेर त्यस अन्तर्गतका धर्म, भाषा, भेषभुषा, खानपान, चाडपर्वहरू जस्ता विषयको अध्ययन गरिएको छ । यसैगरी तेस्रो शीर्षक उत्थान राखी चेपाङ जातिको चेतना र नेतृत्व, हालसम्म भएका विकासका प्रयास तथा उनीहरूको समस्या र त्यसको समाधानको उपायहरू जस्ता विषयवस्तु राखेर निकै सरल, सहज ढङ्गले प्रस्तुत कृतिमा वर्णन गर्न खोजिएको देखिन्छ । एउटा पिछडिएको जातिको बारेमा खोज अनुसन्धान गरी उनीहरूको साङ्गोपाङ्गो जीवनको चर्चा गर्न प्रस्तुत कृतिको विषयवस्तु सफल रहेको पाइन्छ ।

(घ) **अनुसन्धान कला**

**चेपाङ समुदाय र संस्कृति** एउटा पिछडिएको जातिको बारेमा गरिएको खोज अनुसन्धानमा आधारित कृति हो । प्रस्तुत कृति राममणि ढुङ्गेलले तयार पारेका हुन् । उनको अनुसन्धान कला अलि फरक किसिमको रहेको पाइन्छ । समाजबाट पिछडिएको जातिको खोज अनुसन्धान गर्नु ढुङ्गेलको अविष्मरणीय कार्य मान्नु पर्दछ । प्रस्तुत कृतिमा चेपाङ जातिको साङ्गो पाङ्गोको खोजी गरिएको पाइन्छ । यो कृतिको कतिपय कुराहरू सम्बन्धित ठाउँमा नै गएर, सम्बन्धित मानिसहरू तथा चेपाङहरूलाई भेटेर तयार पारिएको जस्तो आभाष पाउन सकिन्छ । निकै सरल, सहज, मिठासपूर्ण भाषामा प्रस्तुत कृति तयार पारिएको छ । नेपाली शब्दहरूको बाहुल्यता रहे तापनि चेपाङ जातिको शब्द, उनीहरूको भाषा समेत प्रस्तुत कृतिमा राखिएको पाइन्छ । चेपाङ जातिका केही शब्दहरू र वाक्यहरू राखी नेपाली भाषामा अनुवाद गरिएको छ । प्रस्तुत कृति निबन्धात्मक शैलीमा रचना गरिएको छ । साथै सामान्य आदरार्थी वाक्यहरूको वर्चस्व रहेको पाइन्छ । यदाकदा कुनै कुनै वाक्यहरू लामो भए तापनि दुर्वोध्य अर्थ दिने खालका छैनन् । साथै प्रायजसो छोटा छरिता वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । समग्रमा प्रस्तुत कृतिको अनुसन्धान कला मौलिक, सरल र सहज तथा वोधगम्य रहेको कुरा स्पष्ट हुन्छ ।

## ४.६ राममणि ढुङ्गेलको सम्पादकीय कृतित्वको समीक्षा

राममणि ढुङ्गेलले कथा, कविता, नाटकमा मात्र कलम नचलाएर केही कृतिहरूको सम्पादनमा समेत आफ्नो कलम दौडाएका छन् । खास गरेर उनले देशको लागि केही महत्त्वपूर्ण योगदान दिने व्यक्तिहरुको स्मृति ग्रन्थमा आफ्नो सम्पादकीय व्यक्तित्व प्रस्तुत गरेका छन् । उनले सम्पादन गरेका केही कृतिहरूको नाम लिनुपर्दा **डा.पुष्पराज चालिसे स्मृति ग्रन्थ** र **चक्रपाणि अभ्यर्चना** मुख्य रूपमा रहेका छन् । यस बाहेक उनले विभिन्न पत्रपत्रिकाहरू जस्तै **सन्देश, लहरा** आदिको पनि सम्पादन कार्य गरेको देखिन्छ । तर पनि सम्पादकीय क्षेत्रमा उनलाई चिनाउने मुख्य पुस्तकाकार कृतिहरु **डा.पुष्पराज चालिसे स्मृति ग्रन्थ** र **चक्रपाणि अभ्यर्चना** नै हुन् । यसर्थ, यी दुई पुस्तकाकार कृतिहरुको समीक्षा प्रस्तुत गरिन्छ ।

### ४.६.१ डा.पुष्पराज चालिसे स्मृति ग्रन्थको समीक्षा

**(क) प्रकाशन काल**

**डा.पुष्पराज चालिसे स्मृति ग्रन्थ** वि.सं.२०६३ कार्तिक महिनामा पराग समूह कटुञ्जेद्वारा प्रकाशन गरिएको देखिन्छ । पुष्पराजको असामयिक निधन भएको प्रथम वार्षिकीको अवसर पारेर प्रस्तुत ग्रन्थ तयार गरिएको हो ।

**(ख) परिचय**

**डा.पुष्पराज चालिसे स्मृति ग्रन्थ**लाई जम्मा आठ खण्डमा विभाजन गरेको पाइन्छ । प्रत्येक खण्डको छुट्टाछुट्टै शीर्षक राखी उक्त शीर्षकभित्र पनि अनेकौ उपशीर्षकहरू राखेको पाइन्छ । राममणि ढुङ्गेल र पुष्पराज चालिसे घनिष्ठ मित्र  भएको कुरा प्रस्तुत ग्रन्थको अध्ययनबाट स्पष्ट हुन्छ । पहिलो खण्डमा स्व.डा.पुष्पराज चालिसेको जीवनीलाई प्रस्तुत गरिएको छ । साथै पारिवारिक पृष्ठभूमि, जागिरे जीवन, पुरस्कार तथा सम्मान, संस्थागत संलग्नता गरी विभिन्न उपशीर्षक अर्न्तगत पुष्पराजको जीवनी तयार गरिएको छ । उनको जीवनी तयार गर्दा पुष्पराजलाई नेपाली समसामयिक राजनीतिका अध्येता, इतिहासका अन्वेषक, संस्कृतिका विज्ञ र प्राध्यापनमा सक्रिय व्यक्तित्व भनेर प्रसंशा पनि गरिएको छ । साथै भक्तपुर कटुञ्जेको माटोमा जन्म लिएका पुष्पराजलाई नेपाली इतिहास क्षेत्रका ‘चम्किला तारा’को संज्ञा दिएको पाइन्छ । प्रस्तुत ग्रन्थको दोस्रो खण्डलाई श्रद्धा शब्दाञ्जलि भनी नामकरण गरिएको देखिन्छ । यस खण्डभित्र स्मृतिको पानामा, समाधिस्थ मित्रप्रति, मृत्यु र जीवन, मेरो प्यारो भाइ गरी विभिन्न उपशीर्षकहरु राखेर पुष्पराजप्रति श्रद्धाञ्जलि व्यक्त गरिएको छ । यसरी व्यक्त गर्नेहरुमा उनको परिवार लगायत विभिन्न वौद्धिक व्यक्तित्वहरू रहेको पाइन्छ । यसै गरी तेस्रो खण्डमा परिवार जनका सम्झनाहरु शीर्षक राखी उक्त शीर्षकभित्र मेरा श्रद्धेय दाजुको सम्झना, सम्झना विम्झना जस्ता उपशीर्षकहरु राखेको पाइन्छ । प्रस्तुत खण्डमा प्रायः निबन्धात्मक शैलीमा लेखहरू राखेको देखिन्छ । चौथो खण्डमा आफन्त जनका श्रद्धासुमनका बारेमा चर्चा गरिएको छ । पाँचौ खण्डमा बालसखाहरूको अनुभूति शीर्षक राखी पुष्पराजको बाल्यकालदेखिका मिल्ने साथीहरूको लेख र रचना प्रस्तुत गरिएको छ । छैठौ खण्डको शीर्षक गुरुजन तथा सहकर्मीहरूको संस्मरण भनेर राखिएको छ । यसमा उनका गुरुहरू तथा सहकर्मी साथीहरूले दिएका श्रद्धाञ्जलि लगायत उनीसँग बिताएका अतीतका पक्षहरु राखिएको छ । सातौ खण्डमा पुष्पराजको पुस्तकको समीक्षा गर्दै केही लेखहरू राखिएका छन् । आठौ खण्डमा चालिसेका केही फोटो, रचना तथा सम्मानपत्रहरू राखिएको देखिन्छ ।

यसरी विभिन्न खण्डमा विभाजन गरी पुष्पराजको सम्झना गर्दै उक्त ग्रन्थ प्रकाशन गरेको देखिन्छ । प्रस्तुत ग्रन्थको मुख्य उद्देश्य नेपाली इतिहास फाँटका उज्ज्वल युवा नक्षत्र डा.पुष्पराज चालिसेको अकल्पनीय निधन भएको हुँदा उनको आत्माको चिर शान्तिको कामना गर्दै उनीप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्नु नै रहेको देखिन्छ । यसै गरी उनीप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दा कतै कवितात्मक शैली र कतै निबन्धात्मक शैलीका वाक्यहरूको प्रयोग गरिएको छ । साथै नेपाली शब्दको बाहुल्य रहे तापनि यदाकदा अंग्रेजी शब्दहरू पनि प्रयोग गरिएको छ ।

**(ग) सम्पादन कला**

डा. पुष्पराज चालिसेको स्मृति ग्रन्थ इतिहासविद् तथा उपप्राध्यापक स्वर्गीय चालिसेको प्रथम वार्षिकीको अवसरमा तयार पारिएको कृति हो । प्रस्तुत कृति ग्रन्थका सम्पादक राममणि ढुङ्गेल हुन् । उनको सम्पादन कला, सम्पादनको विषयवस्तु अलि नौलो र पृथक् रहेको देखिन्छ । सम्पादन लेख्ने क्रममा ढुङ्गेलले शुरुका केहि वाक्यहरू पुष्पराज चालिसेको बारेमा खर्च गरेको देखिन्छ । यसरी खर्च गर्दा वाक्यहरू निकै सरस सरल तर केहि मात्रामा लामो भएको देखिन्छ । साथै अन्त्यतिर कृतज्ञता, धन्यवाद जस्ता वाक्यहरूको प्रयोग गरिएको पाइन्छ ।

प्रस्तुत कृतिमा कतै निबन्धात्मक र कतै कवितात्मक शैलीका वाक्यहरूको प्रयोग गरिएको छ । उक्त शैलीका वाक्यहरू सम्पादन गर्दा ढुङ्गेलले राम्रै गरी शुद्धीकरण  गरेको देखिन्छ । वाक्यहरूको संरचना, गठन, व्याकरण जस्ता पक्षहरूमा त्यस्तो ठूलो त्रुटि देखा पर्दैन । प्रस्तुत कृतिका वाक्यहरू सबै नै चुस्त, छरितो खालका छन् । कतै कतै लामा लामा वाक्यहरू प्रयोग गरे तापनि दुर्वोध्य खालका छैनन् । यदाकदा बोली चालीमा प्रयोग गरिने अङ्ग्रेजी भाषाका केही छोटा वाक्यहरू तथा शब्दहरू प्रयोग भएको पाइन्छ । यसरी प्रयोग गरे तापनि बुझ्नलाई कठिन छैन । सामान्य आदरार्थीदेखि उच्च आदरार्थी सम्मका वाक्यहरूको प्रयोग भए तापनि अर्थमा दुर्वोध्य रहेको पाइँदैन । समग्रमा केहि मात्रामा साधारण त्रुटिहरू भए तापनि वाक्य संगठन, भाषा शैली, उचित क्रियापद, धातुहरूको प्रयोग जस्ता पक्षले गर्दा प्रस्तुत सङ्ग्रहको निकै सशक्त रूपमा रहेको पाइन्छ ।

### ४.६.२ चक्रपाणि अभ्यर्चना कृतिको समीक्षा

**क) प्रकाशन काल**

**चक्रपाणि अभ्यर्चना** कृति वि.सं.२०६५ पौष महिनामा प्रकाशित भएको हो । प्रस्तुत कृतिको चक्रपाणि स्मारक प्रतिष्ठानले प्रकाशन गरेको हो । यसमा प्रसिद्ध साहित्यकार चक्रपाणि चालिसेसँग सम्बन्धित विविध पाटाहरूको बारेमा अध्ययन, अनुसन्धान तथा लेखहरू रहेका छन् ।

**ख) परिचय**

नेपाली साहित्यमा अतुलनीय योगदान पुऱ्याएका चक्रापणि चालिसे एक व्यक्ति भए पनि अनेक व्यक्तित्व भएका प्रतिभा हुन् । उनकै सम्झना तथा सम्मानस्वरूप प्रस्तुत कृति प्रकाशन गरिएको देखिन्छ । **चक्रपाणि अभ्यर्चना** कृतिको जम्मा तीन खण्डमा विभाजन गरिएको छ । प्रत्येक खण्डको छुट्टाछुट्टै शीर्षक दिएर त्यसभित्र विभिन्न उपशीर्षकहरू राखी चक्रपाणि चालिसे तथा चक्रपाणि स्मारक प्रतिष्ठानसँग सम्बन्धित विभिन्न पक्ष तथा गतिविधिहरू क्रमैसँग प्रस्तुत गरिएका छन् ।

**(क) पहिलो खण्ड चक्रपाणि अभ्यर्चना** ग्रन्थको पहिलो खण्डमा चक्रापाणि चालिसेको परिचय, उनको कविता, कटुञ्जे गा.वि.स.को परिचय लगायत विभिन्न उपशीर्षक राखी चक्रपाणिको जीन्दगीका विभिन्न पाटाहरू, कृतिहरू आदिको बारेमा विश्लेषण गर्न खोजिएको छ । साथै उनको सम्झना तथा समर्पणमा केही लेख र रचनाहरू पनि राखिएको छ । खास गरी चालिसेलाई चिनाउने सर्न्दभमा 'हलन्त बहिष्कारवादी आन्दोलन र चक्रपाणि चालिसे' क्रान्तिकारी व्यक्तित्व, बहुमुखी प्रतिभा भएको व्यक्ति आदिद्वारा चिनाइएको छ । प्रस्तुत खण्डमा उनी र उनका कृतिहरूको गुणगान गर्दै विभिन्न समालोचकीय लेखहरू प्रस्तुत गरिएको छ ।

**(ख) दोस्रो खण्ड** प्रस्तुत खण्डमा चक्रपाणिस्मारक प्रतिष्ठानको बारेमा परिचय दिइएको पाइन्छ । यसरी परिचय दिदा उक्त प्रतिष्ठानको कवि समिति, प्रतिष्ठानकागतिविधिहरूलाई क्रमैसँग प्रस्तुत गरिएको छ । साथै प्रतिष्ठान कार्यसमिति सदस्यहरूको नामावली, प्रतिष्ठानको भूमिका, पृष्ठभूमि, उद्देश्य अनि प्रतिष्ठानले हालसम्म गरेका विविध क्रियाकलाप र गतिविधिहरु क्रमैसँग प्रस्तुत गरिएको छ ।

**(ग) तेस्रो खण्ड** प्रस्तुत खण्डमा चक्रपाणिस्मारक प्रतिष्ठानले आयोजना गरेको प्रतियोगितात्मक कवयित्री गोष्ठीमा पुरस्कृत भएका कविताहरुलाई क्रमैसँग प्रस्तुत गरिएको छ । खास गरी वि.सं.२०६१ देखि वि.सं. २०६३ सम्म आयोजना गरिएको कवि गोष्ठी तथा उक्त कार्यक्रममा पुरस्कृत भएका कविताहरू क्रमैसँग प्रस्तुत गरिएको छ ।

समग्रमा भन्नुपर्दा नेपाली साहित्यमा अतुलनीय योगदान पुऱ्याएका चक्रपाणि चालिसेको जीवनी लयागत अन्य विविध विषयबस्तुहरू समेटेर प्रस्तुत कृति तयार पारिएको देखिन्छ । यसको उद्देश्य मुख्य गरेर चक्रपाणिलाई सम्मान गर्दै उनको व्यक्तित्व तथा कृतित्वको बारेमा चिनाउनु तथा

चक्रपाणिस्मारक प्रतिष्ठानको बारेमा बुझाउन खोज्नु नै रहेको छ । कतैकतै कवितात्मक तथा कतैकतै निबन्धात्मक भाषाशैलीको प्रयोग गरी प्रस्तुत कृति तयार पारिएको देखिन्छ ।

(ग) **सम्पादन कला**

**चक्रपाणि अभ्यर्चना** नामक कृति नेपाली साहित्यका एक अग्रणी साहित्यकार चक्रपाणि चालिसेको स्मरणमा तयार पारिएको हो । यसका सम्पादक राममणि ढुङ्गेल हुन् । प्रस्तुत सङ्ग्रह तीन खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा चालिसे सम्बन्धी विभिन्न लेख रचनाहरू प्रस्तुत गरिएको छ । उक्त लेख रचनाहरू कतै निवन्धात्मक शैलीमा लेखिएका छन् भने कतै कवितात्मक शैलीमा लेखिएका छन् । जे जसरी लेखिए तापनि ढुङ्गेलले सामान्य त्रुटि बाहेक सबै कुरा राम्रै गरी शुद्धीकरण गरेको देखिन्छ । प्रस्तुत सङ्ग्रहका वाक्यहरूको संरचना मिलेको देखिन्छ ।

साथै उचित वर्ण विन्यास लगायत व्याकरणीय शुद्धीकरणले गर्दा प्रस्तुत सङ्ग्रहका वाक्यहरू निक्कै चुस्त र अर्थपूर्ण रहेका छन् । नेपाली शब्दहरू तथा बोलीचालीकै भाषहरूको प्रयोग व्यापक रूपमा गरे तापनि यदाकदा अङ्ग्रेजी शब्दको पनि उपस्थिति देखिन्छ । सामान्य आदरार्थीदेखि उच्च आदरार्थीसम्मको वाक्यहरूको प्रयोग भए तापनि अर्थमा दुर्वोध्य रहको पाइँदैन । दोस्रो खण्डमा चक्रपाणि स्मारक प्रतिष्ठानको परिचति तथा तेस्रो खण्डमा उक्त प्रतिष्ठानले गरेको कविता प्रतियोगितामा पुरस्कृत कविताहरू राखिएको छ । प्रस्तुत सङ्ग्रहको सम्पादकीय शीर्षकको लेखमा ढुङ्गेलले चक्रपाणिलाई युगद्रष्टा भनेर चिनाउन खोजेका छन् । साथै चक्रपाणिको गुनगान गर्दै देशका लागि लेख्ने कवि भए तापनि अधिकांश रचनाहरू प्रकाशन नभएको प्रति गहिरो दुःख व्यक्त गरेका छन् । यसै गरी प्रस्तुत सम्पादकीयको अन्त्यतिर कृतज्ञता, धन्यवाद जस्ता वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । समग्रमा नेपाली साहित्यको एउटा विद्या सम्पादन क्षेत्रमा आफ्नो कलमको जादू देखाउन ढुङ्गेल सफल भएको देखिन्छ । साथै उचित वाक्यहरूको प्रयोग वर्ण विन्यास लगायत व्याकरणीय शुद्धता, आवश्यकता अनुसार विम्ब प्रतीकको उचित संयोजन तथा पाठकले सहजै बुझ्न सक्ने भाषाको प्रयोग प्रस्तुत सङ्ग्रहमा गरेको पाइन्छ ।

## ४.७ राममणि ढुङ्गेलका फुटकर रचनाहरू

प्रस्तुत शीर्षक अर्न्तगत राममणि ढुङ्गेलका विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका लेख तथा रचनाहरूको छोटो परिचय प्रस्तुत गरिन्छ । यसरी प्रस्तुत गर्दा विभिन्न सामाजिक, साँस्कृतिक, आर्थिक जस्ता आधारहरूमा वर्गीकरण गरी प्रस्तुत गरिन्छ ।

### ४.७.१ धार्मिक तथा सांस्कृतिक फुटकर रचनाहरू

#### क) पुरातत्व र संस्कृतिको धरोहर भक्तपुर कटुञ्जे स्थित सुशील भैरव

प्रस्तुत शीर्षकको लेख वि.सं.२०६७ बैशाख महिनाको **संस्कृति** पत्रिकामा प्रकाशन भएको हो । उक्त लेखमा लेखकले भक्तपुर जिल्ला कटुञ्जे गा.वि.स. (हाल सूर्यविनायक नगरपालिका) मा रहेका सुशील भैरवको धार्मिक साँस्कृतिक महत्त्व दर्साउन खोजेका छन् । साथै उक्त भैरवको पृष्ठभूमि, मन्दिरको परिचय, मन्दिरको बारेमा रहेको किम्बदन्ती र लोकविश्वास अनि मन्दिरमा गरिने विशेष पूजा तथा रथयात्राको बारेमा चर्चा गरिएको छ । कटुञ्जेवासीले उक्त मन्दिरलाई आस्थाका देवता, भरोसाका देवता, विश्वासका देवता, रक्षकका देवता, इष्टदेव लगायत विभिन्न प्राकृतिक प्रकोपबाट जोगाउने देवको रूपमा मान्दै आएको कुरा गर्दै मन्दिरको धार्मिक पवित्रता तथा छुट्टै साँस्कृतिक महत्त्व भएको तर्क गरिएको छ ।

#### ख) निगालाशैली भगवती एक परिचय

प्रस्तुत शीर्षकको लेख वि.सं.२०४९ चैत्र-बैशाख महिनाको **नेपाल** पत्रिकामा प्रकाशित भएको हो । उक्त लेखमा लेखकले बैतडी जिल्लाको सदरमुकाम खलङ्गाबाट करिव चार कोषपूर्व देहिमाण्डौ गाउँमा अवस्थित भगवतीको धार्मिक साँस्कृतिक महत्त्व दर्साउन खोजेका छन् । साथै

मन्दिरको परिचय दिँदै भगवती उत्पत्तिको सम्बन्धमा रहेको रोचक कथ्य, भगवतीको मन्दिरमा लाग्ने मेलाको बारेमा लगायत उक्त मन्दिरको विशेषताहरु स्पष्ट पार्दै धार्मिक तथा साँस्कृतिक महत्व वारे प्रस्ट्याउन खोजेका छन् ।

## ४.७.२ समसामयिक विषयमा आधारित फुटकर रचनाहरू

### क) वातावरण संरक्षणः आजको आवश्यकता

वि.स.२०५१ माघ-फागुन महिनाको **नेपाल** पत्रिकामा प्रस्तुत लेखको प्रकाशन भएको पाइन्छ । लेखकले यस लेखमा वातावरणको परिचय दिँदै प्राकृतिक प्रकोपले वातावरणलाई असर पार्ने, कलकारखाना तथा तथा मोटरको धुँवाले गर्दा वायुप्रदूषण हुने जस्ता कुराहरूको बारेमा जानकारी दिन खोजेका छन् । साथै विभिन्न समयमा भएका केही वातावरण सम्बन्धी कार्यक्रमहरू, वनजंगलको फडाँनीले गर्दा पर्ने असरहरू साथै वनजङ्गलको तथ्याङ्कहरू पनि प्रस्तुत गरिएको छ । नेपालमा पनि वातावरण दिनदिनै विग्रिदो अवस्थामा पुगेकोप्रति चिन्ता व्यक्त गर्दै राष्ट्रिय स्तरमा वातावरण संरक्षण सम्बन्धी भएका केही कार्यक्रमहरूको जानकारी लगायत वातावरण जोगाउनु पर्ने कुरामा जोड दिइएको पाइन्छ ।

### ख) नेपालमा सिंचाइ विकास

वि.सं.२०४१ फागुन महिनाको **नेपाल** पत्रिकामा 'नेपालमा सिंचाइ विकास' लेख प्रकाशन भएको हो । नेपाल कृषिप्रधान देश भएकोले गर्दा सिंचाइको महत्त्व सम्बन्धी कुरा यस लेखमा रहेको छ । ढुङ्गेलले नेपालमा सिंचाइलाई अपरिहार्य मानेका छन् । यही कुरालाई केन्द्रमा राखी प्रस्तुत रचनामा लेखकले नेपालमा सिंचाइसम्बन्धी हालसम्म भएका कार्यक्रमहरू, सिंचाइ गर्न मिल्ने क्षेत्रहरू, विभिन्न समयमा सरकारी तथा गैर सरकारी संस्थाहरूले सिंचाइका लागि गरेका सहयोगहरू, सिंचाइको लागि अल्पकालीन तथा दीर्घकालीन योजनाहरू लगायत सिंचाइ सम्बन्धी कानुनी व्यवस्थाको बारेमा जानकारी दिन खोजेको देखिन्छ ।

### ग) कृषि विकासको पक्षमा साझा कार्यक्रम

प्रस्तुत शीर्षकको लेख वि.सं.२०३९ श्रावण महिनाको **साझा** पत्रिकामा प्रकाशित भएको हो । नेपाल कृषिप्रधान देश हो । यहाँका अधिकांश मानिसको मुख्य आर्जनको स्रोत कृषिमा नै निर्भर रहेको  छ । अतः यही कृषिलाई पुरानो तरिकाबाट नयाँ तरिकातर्फ लैजानुपर्ने आवश्यकता देखिन्छ । यस लेखमा लेखकले नेपालको कृषिप्रधान देश भएको संकेत गर्दै कृषिको विकास गर्न किसानहरूबीच नै साझा कार्यक्रम हुनुपर्ने कुरामा जोड दिएका छन् । साथै अधिकांश नेपालको भू-भाग पहाडी तथा ग्रामीण क्षेत्र भएको कारणले पनि कृषिकार्य गर्न गाह्रो भएको तर्क गर्दै साझा संस्थाको बारेमा परिचय दिँदै साझा संस्थाबाट किसानले पाउने फाइदा तथा साझा संस्थाको उद्देश्य लगायत अन्य कुराहरूको बारेमा वर्णन गरिएको छ ।

### घ) शान्तिक्षेत्र नेपाल

प्रस्तुत शीर्षकको लेख वि.सं २०४१ पौष महिनाको **मिमिरे** पत्रिकामा प्रकाशित भएको हो । 'शान्तिक्षेत्र नेपाल' लेखमा आज संसार विभिन्न गुटमा बाँधिएको, युद्धबाट ग्रसित भएको भन्दै शान्तिको पक्षमा वकालत गरिएको छ । यसैगरी नेपाललाई शान्तिक्षेत्र घोषणा गर्न तत्कालीन राजा वीरेन्द्रले गरेको प्रस्ताव अनि त्यसको समर्थन विभिन्न राष्ट्रका राष्ट्राध्यक्षहरूले गरेको कुरा प्रस्तुत गरिएको छ । साथै नेपाललाई शान्तिक्षेत्रमा समर्थन गर्ने देशहरूको नाम पनि क्रमैसँग प्रस्तुत गरिएको छ । यसैगरी नेपाल कुनै पनि गुटमा नलाग्ने भन्दै पञ्चशील सिद्धान्तमा नेपालले आस्था राख्दै साम्राज्यवाद, उपनिवेशवाद र जातीय भेदभावको समर्थन नगर्ने कुरा पनि व्यक्त गरिएको छ ।

### ङ) खनिज अन्वेषण - एक दृष्टि

प्रस्तुत शीर्षकको लेख वि.सं.२०४० साउन-भदौ महिनाको **नेपाल** पत्रिकामा प्रकासन भएको हो । यस लेखमा खनिजको बारेमा परिचय दिँदै खनिजलाई धातु, शक्ति, रासायनिक, निर्माण र विविध काम गरी पाँच भागमा बाड्न सकिने तर्क प्रस्तुत गरिएको छ । यसैगरी खनिजको अन्वेषणले गर्दा विश्वका धेरै मुलुकहरू धनी भएको चर्चा गरिएको छ । साथै नेपालमा खनिज पदार्थको सम्भावना र भएका केही अन्वेषण कार्य, छैठौँ योजनामा खानी तथा भूगर्भ विभागले राखेका केही उद्देश्य, भौगर्भिक सर्भेक्षण सम्बन्धी आयोजनाहरू जस्ता कुराहरूको बारेमा जानकारी दिन खोजिएको छ ।

### च) नेपालको संविधानमा शक्ति पृथकीकरण

प्रस्तुत शीर्षकको लेख वि.सं.२०५१ फागुन महिनाको **कान्तिपुर** पत्रिकामा प्रकाशित भएको हो । यस लेखमा नेपालको संविधान २०४७ मा भएको शक्ति पृथक्करण सिद्धान्तबारे उल्लेख गर्न खोजिएको छ । साथै शक्ति र पृथक्करकणको छुट्टाछुट्टै परिचय दिएर कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालाई नेपालको तत्कालीन संविधानले दिएको शक्ति पृथकीकरणको बारेमा उल्लेख गर्दै शक्ति सन्तुलनमा राख्न एउटा निकायलाई मात्र अधिकार दिन नहुने कुरामा जोड दिएको पाइन्छ ।

## ४.७.३. आर्थिक विषयका फुटकर रचनाहरू

### क) ग्रामीण विकास : एक विवेचना

प्रस्तुत शीर्षकको लेख वि.सं.२०३९ मा **बाल दीपिका** नामक पत्रिकामा प्रकाशित भएको हो । 'ग्रामीण विकास : एक विवेचना' नामक रचनामा नेपाल गाउँ नै गाउँले भरिएको देश भएको चर्चा गर्दै हाम्रो मुलुक विकास हुनलाई ग्रामीण भेगको विकास गर्नुपर्ने कुरा व्यक्त गरिएको छ । साथै सरकारले विभिन्न योजनामार्फत गाउँको स्तर उठाउन छुट्टाएको बजेट त्यसबाट मोटामोटी फाइदा लिन सक्ने व्यक्तिहरू लगायत एकीकृत ग्रामीण विकास योजना आदिको बारेमा प्रष्ट पारिएको छ ।

### ख) स्थानीय विकासको लागि साझा

वि.सं.२०४० माघ फागुन महिनाको **साझा** पत्रिकामा प्रस्तुत लेख प्रकाशित भएको हो । यस लेखमा साझा मार्फत स्थानीय जनताको आर्थिक विकास गर्न सकिने कुरा व्यक्त गरिएको छ । साझाको अर्थ दिँदै श्रम, सीप, साधन र प्रविधि एकीकृत गरी देश तथा जनताको भलाइमा प्रयोग गर्नु नै साझाको उद्देश्य रहेको कुरा स्पष्ट पारिएको छ । देशको बहुसंख्यक जनता ग्रामीण भेगमा बसोवास गर्ने भएकोले त्यहाँको विकासको लागि साझा अपरिहार्य भएको र साझामा भएका केही समस्या तथा तिनका समाधानको उपायहरू पनि प्रस्तुत गर्दै आर्थिक विकासमा यसको महत्त्वपूर्ण भूमिका रहेको चर्चा गरिएको छ । साथै साझा गठन गर्ने तरिका पनि बताउन खोजिएको छ ।

### ग) नेपालमा मुद्रा बजारका अङ्गहरु : एक अध्ययन

वि.सं.२०३९ माघ महिनाको **नेपाल बैङ्क** पत्रिकामा प्रस्तुत लेख प्रकाशित भएको देखिन्छ । यस लेखमा मुद्राको बारेमा परिचय दिँदै मुद्राले गर्दा नै किनवेचमा सजिलो भएको कुरा व्यक्त गरिएको छ । साथै मुद्रा बजार भन्नाले मुद्रा वा पुँजीबजारमा लेनदेन सम्बन्धी कार्य गर्नेलाई बुझाउने भन्दै त्यसमा ऋणी र धनी पक्ष आउने कुरा व्यक्त गरिएको छ । नेपालमा मुद्राबजारका अङ्गहरुमा ऋणीपक्ष भन्दा भिन्दै व्यक्ति, व्यापारी, उद्योगपति, कृषक र सरकार पर्ने गर्दछन् भनेर चर्चा गरिएको छ । यसैगरी देशी, बैङ्कर, नेपाल राष्ट्र बैङ्क, वाणिज्य बैङ्कहरु, कृषि विकास बैङ्क जस्ता संस्थाले मुद्रा बजारमा पार्ने प्रभाव लगायत अन्य विविध किसिमका आर्थिक तथा प्रशासनिक कुराहरूको बारेमा अध्ययन गर्न खोजिएको देखिन्छ ।

**घ) छैठौं पञ्चवर्षीय योजनामा कृषि विकास लक्ष्य : एक चर्चा**

प्रस्तुत शीर्षकको लेख वि.सं.२०३९ असार महिनाको **नेपाल बैङ्क** पत्रिकामा प्रकाशित भएको देखिन्छ । यस लेखमा प्रथमदेखि पाँचौ पञ्चवर्षीय योजनामा भएका कृषि विकासको लागि छुट्याएको रकम लगायत अन्य कामहरूको बारेमा समीक्षा गरिएको छ । यसै गरी छैठौ पञ्चवर्षीय योजनाअन्तर्गत आर्थिक विकासको लागि भएका कृषिसम्बन्धी कार्यक्रमको बारेमा जानकारी दिँदै उक्त कार्यक्रम सफल पार्न छुट्याइएको बजेट लगायत अन्य भौतिक कुराहरू साथै कृषि विकास अन्तर्गत विविध शीर्षकमा छुट्याएको रकमको बारेमा चर्चा गरिएको छ ।

**ङ) नेपालमा बढ्दो बजेट व्यवस्था र लेखा परीक्षण**

प्रस्तुत शीर्षकको लेख वि.सं.२०४२ चैत्र-बैशाख महिनाको **नेपाल** पत्रिकामा प्रकाशित भएको देखिन्छ । सरकारले छुट्याएको बजेटसम्बन्धी कुराहरू व्यक्त गर्नु नै प्रस्तुत लेखको मुख्य उद्देश्य रहेको देखिन्छ । साथै प्रत्येक कार्यालयलाई सरकारले गत बर्षको यथार्थको आधारमा आगामी बर्षको लागि अनुमानित विवरण तयार गर्ने, सरकारी कार्यालयहरूले तयार गरी अर्थ मन्त्रालयमा पठाउनु पर्ने र त्यहाँ विवरणहरु एकीकृत गरी थपघट गर्नुपर्ने भए सम्बन्धित कार्यालयको प्रतिनिधि राखी अन्तिम टुङ्गो लगाउने बारेमा चर्चा गरिएको छ । यसै गरी बजेटको प्रकार छुट्याई नेपालको बढ्दो बजेट तथा बजेटको कार्य पूरा हुन लाग्ने समय लगायत महालेखापरीक्षकको विभागले सरकारी कार्यालयको बजेटलाई गर्ने अनुगमन तथा सरकारले छुट्याएको केही बर्षको बजेटको नमूना प्रस्तुत गरी मौद्रिक घाटाको स्थिति बढ्दै गएको भन्दै घाटालाई कम गर्न विभिन्न खालका उपायहरू अपनाउन सकिने कुरा व्यक्त गरिएको छ ।

**च) नेपालमा सिंचाइः आर्थिक विकासको परिप्रेक्ष्यमा**

वि.सं.२०३९ बैशाख-असार महिनाको **उपहार** पत्रिकामा प्रस्तुत शीर्षकको लेखको प्रकाशन भएको देखिन्छ । यस लेखमा नेपाल कृषिप्रधान देश भएको चर्चा गर्दै कृषि विकास गर्न सिंचाइ महत्त्वपूर्ण भएको कुरा व्यक्त गरिएको छ । साथै नेपाल अपार जलसम्पदाको भण्डार भए तापनि अधिकांश कृषकहरूले खेती गर्न आकासे पानीको भर पर्नु पर्ने कुरा उल्लेख गरिएको छ । सरकारले विभिन्न वर्षीय योजनामा सिंचाइका लागि छुट्याइएको रकमको विवरण दिँदै सिंचाइ कार्यक्रमअन्तर्गत लिएका विभिन्न लक्ष्यहरूको बारेमा स्पष्ट गर्दै नेपालको आर्थिक विकासमा सिंचाइ अपरिहार्य भएको कुरा व्यक्त गरिएको छ ।

**छ) आर्थिक विकासको परिप्रेक्ष्यमा कृषि विकास**

प्रस्तुत शीर्षकको लेख वि.सं.२०४२-०४३ को **पञ्चायत दर्पण** पत्रिकामा प्रकाशित भएको हो । यस लेखमा देश विकास गर्नलाई आर्थिक विकास मजवुत हुनुपर्ने कुरामा जोड दिइएको छ । हाम्रो जस्तो कृषिप्रधान देश विकास गर्नलाई मुख्य गरी कृषिक्षेत्रमा नै विकास हुनुपर्ने कुरामा जोड दिइएको देखिन्छ । साथै सरकारले कृषि विकासका लागि विभिन्न वर्षमा गरेका कार्यक्रमहरू विभिन्न योजना अन्र्तगत छुट्याएका बजेटहरू अनि विगतका दिनमा भएका कृषि कार्यक्रमहरूका समीक्षा गर्दै आर्थिक विकास गर्नुमा कृषिलाई नै प्रमुख स्रोत बनाउनु पर्ने धारणा व्यक्त गरिएको छ ।

## ४.८ निष्कर्ष

राममणि ढुङ्गेल नेपाली साहित्यमा 'प्रण' कथामार्फत् वि.सं.२०३४ देखि औपचारिक रूपमा प्रवेश गरेका हुन् । ढुङ्गेलले स्कुल पढ्दा नै 'मेरो देश' शीर्षकको कविता रचना गरे तापनि उक्त कविता अप्रकाशित नै रह्यो । यसर्थ, उनले नेपाली साहित्यमा कथा विधाबाट आफ्नो यात्रा सुरु गरेका हुन् । नेपाली कथाको क्षेत्रमा एउटा पृथक् तथा नौलो शैलीको कथा लेख्न मन पराउने कथाकार ढुङ्गेलको पहिलो कथा संग्रह **अँध्यारोभित्रको मान्छे** वि.सं. २०५७ मा प्रकाशित भएको देखिन्छ । प्रस्तुत कृतिमा ढुङ्गेलले यौन, प्रणय, राजनीतिक, सामाजिक विसंगति जस्ता विविध

विषयवस्तुहरू समेटेर कथाहरू रचना गरेको पाइन्छ । साथै उक्त कृतिको कथाहरूमा प्रायजसो ग्रामीण परिवेश लगायत ग्रामीण पात्रहरूको प्रयोग गरिएको देखिन्छ । ढुङ्गेलको कथायात्राको दोस्रो कृति वि.सं. २०६७ मा प्रकाशित भयो । जसको नाम **अनलाइन डट कम** हो । प्रस्तुत संग्रहका कथाहरूमा ढुङ्गेलले नाटकीय शैलीको प्रयोग गरेको पाइन्छ । यसैगरी यस संग्रहका कथाहरु हाम्रै नेपाली समाज भित्रको विकृति, विसङ्गति, आपराधिक घटनाहरूलाई आधार बनाई बुनिएको पाइन्छ । साथै उक्त संग्रहका कथाहरूले अन्तिम सत्यको रूपमा समाजलाई नै स्वीकार गरेको देखिन्छ । राममणि ढुङ्गेल नेपाली कविताको क्षेत्रमा 'जीवनयात्रा' कविता लिएर वि.सं.२०४१ देखि औपचारिक रूपमा प्रवेश गरेका हुन । उनको पहिलो प्रकाशित कविता संग्रह **आस्थाको बगैंचा** हो । प्रस्तुत संग्रह वि.सं. २०५३ मा प्रकाशित भएको हो । **आस्थाको बगैंचा** कविता संग्रहमा कवि ढुङ्गेलले प्रकृतिको रमणीयताको व्यापक चित्रण, मानवतावादी स्वर, देशप्रेम लगायत अन्य विविध सामाजिक विकृति, विसङ्गति, असमानताहरू देखाउन खोजेका छन् । खास गरेर प्रस्तुत संग्रहको मुख्य उद्देश्य आस्थाको बगैंचामा भएको फूलहरूलाई विषालु तत्त्वहरूले बिगार्ने र हुर्किन नदिने भन्दै सचेत रहनुपर्ने कुरामा कविले जोड दिएको पाइन्छ । ढुङ्गेलको अर्को कविता संग्रह वि.सं.२०६८ मा प्रकाशित भएको हो । जसको नाम **अक्षरभ्रूण र अर्को बुद्ध** हो । प्रस्तुत संग्रहमा पनि ढुङ्गेलले नेपाली समाजकै वास्तविकता, यथार्थ, राष्ट्रप्रेम, मानवतावाद जस्ता विषयहरूलाई समेटेर कविता रचना गरेको पाइन्छ । साथै कविले यस संग्रहमार्फत देशमा अक्षरको बिउ रोपेर नयाँ बुद्ध जन्माउने तथा उक्त बुद्धले नै देशमा शान्ति स्थापना गरी अग्रगामी बाटोतिर लैजाने लाक्षणिक अर्थ व्यक्त गरेका छन् ।

राममणि ढुङ्गेलले नेपाली नाट्यविधामा वि.सं.२०४१ देखि प्रवेश गरेका हुन् । उक्त बर्ष उनको 'जागिरको मर्यादा' नामक नाटक मिर्मिरे पत्रिकामा प्रकाशित भएको पाइन्छ । ढुङ्गेलले जागिरे र बेरोजगार व्यक्तिबिच समाज लगायत परिवारले गर्ने असमान व्यवहार प्रस्तुत नाटकमा देखाउन खोजेका छन् । यसैगरी वि.सं.२०५२ मा पारिवारिक समस्यामा अल्झिएको नाटक 'एक घरको दुई कोठा' **परिवार** पत्रिकामा प्रकाशित भयो । ढुङ्गेलको तेस्रो नाटकको रूपमा नेपालको तत्कालीन समयको आन्तरिक द्वन्द्व साथै विविध परिस्थितिलाई समेट्दै वि.सं.२०५३ मा 'अन्तिम सिमाना' नामक नाटक **मधुपर्क**मा प्रकाशित भयो । यसैगरी ढुङ्गेल लगायत अन्य दुई जना लेखकहरूको सहलेखनमा वि.सं. २०५३ मा **सडकसीमा** नाटक प्रकाशित भयो । यस नाटकमा छोरीलाई पनि शिक्षा दिनु पर्छ भन्ने कुराको जोड गरिएको छ । ढुङ्गेलको हालसम्म प्राप्तमध्ये अन्तिम नाटकको रूपमा वि.सं.२०५५ मा **उपासना** पत्रिकामा प्रकाशित भएको 'आशा' नाटकलाई लिइन्छ । उक्त नाटकमा नेपालमा पश्चिमी भेगमा बसोवास गर्ने वादी-समुदायका महिलाले गर्ने पेशा र त्यसबाट तिनको उद्धार गर्नु पर्ने बारेमा चित्रण गरिएको छ । राममणि ढुङ्गेलले अनुसन्धानात्मक कृतितिर पनि कलम चलाएको देखिन्छ । चेपाङ समुदायको बारेमा विस्तृत अध्ययन अनुसन्धान गरी उनले **चेपाङ समुदाय र संस्कृति** नामक कृतिको वि.सं.२०५१ मा प्रकाशन गरेका हुन् । ढुङ्गेलले केही पत्रपत्रिकाहरूको सम्पादन पनि गरेका छन् । खास गरेर **डा. पुष्पराज चालिसे स्मृति ग्रन्थ** र **चक्रपाणि अभ्यर्चना** मा ढुङ्गेलले सम्पादनको कुशलता देखाएका छन् । प्रस्तुत कृतिहरूमध्ये **पुष्पराज चालिसे स्मृति ग्रन्थ** इतिहासविद् स्व.डा.पुष्पराज चालिसेको प्रथम वार्षिकीको अवसरमा वि.सं.२०६२ मा प्रकाशन गरिएको हो । उक्त कृतिमा पुष्पराज सम्बन्धी महत्त्वपूर्ण कुराहरू तथा घटनाहरू लगायत उनको सम्झनामा रचिएका केही रचनाहरू रहेको पाइन्छ । यसैगरी **चक्रपाणि अभ्यर्चना**मा चक्रापाणि चालिसेको जीवनी, उनीसँग सम्बन्धित विविध कुराहरू तथा चक्रपाणि स्मारक प्रतिष्ठानले गरेका कार्यक्रमहरूको विवरण प्रस्तुत गरिएको छ । राममणि ढुङ्गेलका डेढ दर्जन भन्दा बढी फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेको पाइन्छ । जसमा सबैभन्दा बढी रचनाहरू आर्थिक विषयवस्तुसँग सम्बन्धित रहेको देखिन्छ । साथै धार्मिक र सांस्कृतिक रचनाहरू पनि प्रकाशन गरिएको देखिन्छ ।

राममणि ढुङ्गेललाई नेपाली कथामा एउटा पृथक् तथा नवीन शैलीको कथा लेख्ने कथाकार, राष्ट्रप्रेम, मानवतावादी जस्ता विषयमा कविता लेख्ने कवि, समसामयिक विविध

विषयमा नाटक लेख्ने नाटककार लगायत अन्य विविध विषयमा रचनाहरू लेख्ने लेखक तथा प्रगतिशील साहित्यकारको रूपमा चिन्न सकिन्छ । साथै नेपाली साहित्यलाई विकसित बाटोतिर डोऱ्याउने साहित्यकार भन्दै उनको योगदानको कदर गरिन्छ ।

पाचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ विषय परिचय

प्रस्तुत परिच्छेदमा 'राममणि ढुङ्गेलको जीवनी, व्यक्तित्व र कृतित्व' सम्बन्धी भएको शोधकार्यको सारांश तथा निष्कर्ष उल्लेख गरिएको छ ।

## ५.२ परिच्छेदगत सारांश

राममणि ढुङ्गेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्दा पहिलो परिच्छेदमा शोधकार्यको बारेमा उल्लेख गरिएको छ । शोधकार्य गर्दा आउने विविध किसिमका बुँदाहरु जस्तै शोधको परिचय, उद्देश्य, समस्या, महत्त्व, सीमा जस्ता कुराहरूलाई पहिलो परिच्छेदमा राखी चर्चा गरिएको छ ।

प्रस्तुत शोधकार्यको दोस्रो परिच्छेदमा ढुङ्गेलको जीवनीको बारेमा उल्लेख गरिएको छ । राममणि ढुङ्गेल कटुञ्जे गा.वि.स.मा वि.सं. २०१३ सालमा पिता डोरनाथ र माता फेमकुमारीका चौथो सन्तानको रूपमा यस धर्तीमा पाइला टेक्न पुगेका हुन् । सामान्य गाउँले जीवन व्यतीत गर्न पुगेका ढुङ्गेलको बाल्यअवस्था विविध कारणले गर्दा संकटमा नै बितेको देखिन्छ । ढुङ्गेल सानै उमेरदेखि कम बोल्ने तथा फुर्सदको समयमा प्राकृतिक दृश्यहरूमा रमाउने, गरिब, निमुखाहरूलाई माया, ममता, आदर, सद्भाव राख्ने स्वभाव भएका व्यक्ति थिए । ढुङ्गेलको व्रतबन्ध भएपछि उनका पिताले रुद्री, चण्डी जस्ता हिन्दु संस्कारका ग्रन्थहरू सिकाउन थालेको पाइन्छ । साथै औपचारिक शिक्षा भने ढुङ्गेलले वि.सं.२०१८ देखि सुरु गरेको देखिन्छ । ढुङ्गेलले वि.सं. २०५५ मा त्रि.वि.बाट स्नातकोत्तर तह उत्तीर्ण गरे । पिता डोरनाथ ढुङ्गेलका कान्छीपट्टीका चौथो सन्तान राममणि ढुङ्गेलको विवाह वि.सं.२०३४ मा विमला भण्डारीसँग भएको तथा उक्त जोडीबाट तीन सन्तानको जन्म भएको देखिन्छ । पिता डोरनाथ ढुङ्गेलले परिवारप्रति निर्वाह गर्नुपर्ने भूमिका पर्याप्त रूपमा गर्न नसकेको कारणले गर्दा एस.एल.सी. पास गरेपछि नै राममणिले जागिरे जीवन सुरु गरी विभिन्न कार्यालयहरूमा आफ्नो जिम्मेवारी पूर्ण रूपमा निर्वाह गर्दै वि.सं.२०७१ मा अवकाश प्राप्त गरेका हुन् । ढुङ्गेल स्कुले जीवनदेखि नै साहित्यतर्फ आकर्षित हुनुका साथै उनी यस क्षेत्रमा प्रवेश गर्नुको पछाडि उनकी आमा फेमकुमारी, मामा कृष्णप्रसाद आचार्य, घनिष्ठ मित्र पुष्पराज चालिसे लगायत अन्य आफन्त, साहित्यकार र कृतिहरुको गहिरो प्रभाव परेको देखिन्छ । स्कुल पढ्दा नै चार हरफे कविता रचना गरे तापनि उनको साहित्यिक यात्राको सबैभन्दा पहिला सार्वजनिक भएको रचना 'प्रण' कथा हो । यसरी आफ्नो लेखनयात्रा अगाडि बढाउने क्रममा ढुङ्गेलको हालसम्म पाँचवटा साहित्यिक कृति, एउटा अनुसन्धानात्मक कृति र दुई वटा सम्पादकीय कृति प्रकाशन भएको देखिन्छ । साथै विभिन्न पत्रपत्रिकाहरूमा डेढ दर्जन भन्दा बढी फुटकर रचनाहरू प्रकाशित भएको पाइन्छ । यसरी नेपाली साहित्य तथा लेखनयात्रामा सेवा गरेका ढुङ्गेललाई विविध संघ संस्थाहरूले विभिन्न खालका मानसम्मान दिएका छन् । साथै उनी पनि साहित्यिक संस्थाहरुमा संलग्न भई नेपाली साहित्यलाई विकासको बाटोतर्फ लैजाने काममा अग्रसर भएको देखिन्छ ।

प्रस्तुत शोधको तेस्रो परिच्छेदमा व्यक्तित्वको बारेमा प्रस्ट्याउन खोजिएको छ । ढुङ्गेल एक व्यक्ति भए तापनि अनेक व्यक्तित्व भएका प्रतिभा हुन । आफ्नो जागिरे र अन्य व्यावहारिक व्यस्तताका बावजुद नेपाली साहित्यमा लागेर विविध किसिमका कृतिहरूको रचना गर्नुका साथै विभिन्न पत्रपत्रिकाहरूको सम्पादन गर्नु र लेखरचनाहरू प्रकाशन गरेको देखिन्छ । ढुङ्गेलको साहित्यिक व्यक्तित्वभित्र कथाकार, कवि, नाटककार, सम्पादक जस्ता विविध व्यक्तित्व पर्दछन् । साथै उनका रचनाहरूमा आफ्नै मातृभूमि देशप्रति सदा वफादार, इमान्दार हुनुपर्ने कुरामा जोड

दिएको पाइन्छ । यसैगरी नेपाली समाजमा भएका विकृति, विसंगति, अन्याय, अत्याचार जस्ता नकारात्मक पक्षको निडर भएर विरोध गर्ने साहस ढुङ्गेलको साहित्यिक कृतिहरूले गरेको देखिन्छ । खास गरी उनका रचनाहरू पढ्दा कतै मानवतावादी स्वर सुसेल्नु, कतै राष्ट्रवादी नारा घन्कनु, कतै नराम्रो पक्ष विरुद्ध तिखो रूपमा व्यङ्गवाण प्रहार गर्नु, कतै धार्मिक तथा समाजिक सांस्कृतिक पक्षको चित्रण गर्नु लगायत शान्तिको वकालत पनि गहन रूपमा गरिएको पाइन्छ । आफू जागिरे भए तापनि नेपाली साहित्यमा अतुलनीय योगदान पुऱ्याउने ढुङ्गेलका कतिपय लेख रचनाहरू आर्थिक विकासको सन्देशवाहक भएर हाम्रो सामु आएका छन् । ढुङ्गेलले बेला बखतमा आफूले पाएको पुरस्कार मञ्चबाटै विभिन्न सस्थाहरूलाई दिनुले पनि उनी भित्रको मानवतावादी विचार र त्यागी भावना कति गहिरो रहेछ भनेर पुष्टि हुन्छ । त्यसै गरी समाजबाट पिछडिएको समुदायको बारेमा अध्ययन गरी आफ्नो रचना प्रकाशन गर्ने ढुङ्गेल एक अनुसन्धानशील व्यक्ति भएको पुष्टि हुन्छ । बेलाबखतमा आफ्नो गाउँतिर भएको सामाजिक कार्यमा संलग्न हुन रुचि राख्ने ढुङ्गेलका केही धार्मिक र साँस्कृतिक लेखहरूले गर्दा उनलाई धार्मिक तथा साँस्कृतिक व्यक्तित्वका धनीको रूपमा चिन्न सकिन्छ । यस्तैयस्तै विभिन्न कारणहरूले गर्दा ढुङ्गेल एक व्यक्ति भए पनि उनीभित्र विविध व्यक्तित्वहरू लुकेर रहेको कुरा प्रष्ट हुन आँउछ ।

प्रस्तुत शोधको चौंथो परिच्छेदमा कृतित्वको बारेमा स्पष्ट पार्दै ढुङ्गेलको विशेषता तथा योगदानको खोजी गरिएको छ । वि.सं. २०३४ मा 'प्रण' कथा (रेडियो नेपालबाट प्रसारित) राममणि ढुङ्गेलले नेपाली साहित्यमा पाइला टेकेका हुन । हालसम्म ढुङ्गेलका दुई वटा कथा संग्रह प्रकाशन भएको देखिन्छ । पहिलो कथा सङ्ग्रहको रूपमा **अध्याँरोभित्रको मान्छे** (२०५७) र दोस्रो कथा सङ्ग्रह **अनलाइन डट कम** (२०६६) प्रकाशन भएको देखिन्छ । **अँध्यारोभित्र मान्छे** कथा संग्रहमा नेपाली ग्रामीण भेगकै विषयवस्तुहरू समेटिएर कथा रचना गरिएको पाइन्छ । नेपाली कथाको क्षेत्रमा पृथक् शैलीमा कथा लेख्ने ढुङ्गेलका कथाहरूमा नेपाली ग्रामीण परिवेश, भाषाशैलीको बाहुल्य रहेको देखिन्छ । उनका कथाहरूको मुख्य विषेशता नै रहस्यमय हुनु हो । **अनलाइन डटकम** कथा सङ्ग्रहका कथाहरू नाटकीय शैलीमा रचना गरिएको देखिन्छ । उक्त संग्रहका कथाहरूमा ढुङ्गेलले प्रशासनमा बढ्दै गएको भ्रष्टाचार, आपराधिक घटनाहरू लगायत समसामयिक विषयको व्यापक चित्रण गरेका छन् । राममणि ढुङ्गेलका हालसम्म दुई वटा कविता सङ्ग्रह प्रकाशित भएका छन् । उनको पहिलो कविता सङ्ग्रह **आस्थाको बगैंचा** (२०५३) हो । प्रस्तुत सङ्ग्रहमा ढुङ्गेलले आस्थाको बगैंचाको रूपमा देशलाई चिनाउँदै उक्त बगैंचामा भएको फूललाई जनता तथा उक्त फूललाई बिगार्ने विषालु तत्त्व भनेर निरंकुश शासकलाई संकेत गर्दै त्यस्तो शासकप्रति सचेत रहनुपर्ने कुरा बेजोड रूपमा प्रस्तुत गरेका छन् । त्यसैगरी ढुङ्गेलको अर्को कविता सङ्ग्रह **अक्षरभ्रूण र अर्को बुद्ध** (२०६८) हो । प्रस्तुत सङ्ग्रहमा राष्ट्रभक्ति चिन्तन देखाउँदै हत्याहिंसा छोडेर शान्तिको पक्षमा वकालत गर्दै सम्बन्धित सबै पक्षमा आग्रह गरिएको छ । साथै कविले अक्षरको भ्रूण रोपेर नयाँ बुद्ध जन्माउने कल्पना गरी उक्त बुद्धले नै देशलाई डोऱ्याई विकसित, शान्तिपूर्ण, स्थायित्वको स्थितिमा पुऱ्याउने कुरा व्यक्त गरिएको छ । राममणि ढुङ्गेलले नेपाली साहित्यमा लगभग आधा दर्जन जति नाटकहरू लेखेको भेटिन्छ । उनका प्रायः सबै नाटकहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । ढुङ्गेलको नाटकहरूमा असमानताको पक्षमा लेखिएको 'जागिरको मर्यादा' (२०४१), पारिवारिक समस्यामा अल्भिmएको 'एउटा घरको दुई कोठा' (२०५३), नेपालको तत्कालीन समयको विविध परिस्थितिको पक्षमा लेखिएको 'अन्तिम सिमाना' (२०५३), वादी-समुदायसँग सम्बन्धित भएर लेखिएको 'आशा' (२०५५) नाटकहरू नै प्रमुख रूपमा रहेका छन् । ढुङ्गेलले अनुसन्धानमा आधारित भएर **चेपाङ समुदाय र संस्कृति** कृति लेखेको देखिन्छ । यसैगरी ढुङ्गेलले केही साहित्यिक कृतिहरूको सम्पादन पनि गरेको देखिन्छ । साथै डेढ दर्जन भन्दा बढी फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पनि देखिन्छ । अतः यी सबै कुराहरूको अध्ययन गर्दा ढुङ्गेल एक व्यक्ति भए पनि अनेक प्रतिभा भएका व्यक्तित्व हुन् भन्दै उनले दिएको साहित्यिक योगदानको कदर गर्नुपर्छ ।

## ५.३ समष्टि निष्कर्ष

रामममणि ढुङ्गेलको जन्म वि.सं.२०१३ मा भक्तपुरको कटुञ्जेमा भएको हो । ढुङ्गेलको बाल्यकाल सोचे जस्तो सुखद् नरहे तापनि आफ्नै दुःखले स्नातकोत्तर तहसम्म अध्ययन गरेको देखिन्छ । सानै उमेरदेखि घरायसी व्यवहारमा फसेका ढुङ्गेलले लगभग ३५ वर्ष जागिरे जीवन बिताएको र हाल अवकाश प्राप्त गरी धरायसी कामकाजतिर व्यस्त रहेको पाइन्छ । हालसम्म आठवटा पुस्तकाकार कृति तथा दुई दर्जन भन्दा बढी लेख रचनाहरू विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशन भएको पाइन्छ । रामममणि ढुङ्गेलभित्र कथाकार, कवि, नाटककार, सम्पादनशील, त्यागी, धार्मिक, अनुसन्धानकर्ता, लेखा जस्ता व्यक्तित्वका विविध पाटाहरू रहेका छन् । उनका कृतिहरूमा राष्ट्रप्रेम, मानवतावाद, प्रकृतिप्रेम, यौनकुण्ठा तथा विविध समसामयिक विषयवस्तुको चित्रण गरिएको पाइन्छ । साथै विभिन्न विकृति प्रति व्यङ्ग्य, विद्रोह, आक्रोश पोख्दै गरिबी, अशिक्षा लगायत राजनीति, कमएचारी तन्त्र, समाज आदिमा हुने भ्रष्टाचार, घुसखोरी, अन्याय, अनैतिक कार्य जस्ता पक्षहरूको भण्डाफोर सरल सरल भाषामा व्यक्त गरिएको पाइन्छ । नेपाली साहित्यमा पहिल्लो चरणमा मौलाउँदै गएको साइबर सँस्कृतिको प्रयोग गरी रचनाहरू रच्नु तथा त्यसको विकासमा विशेष भूमिका निर्वाह गर्नु ढुङ्गेलले दिएको ऐतिहासिक योगदान हो । साथै समसामयिक विषयवस्तुलाई नौलो पन दिई पृथक शैलीको रचनाहरू रच्नुले पनि उनको नेपाली साहित्यमा विशेष योगदान रहेको कुरा स्पष्ट हुन्छ । समग्रमा माथिका कुराहरूबाट रामममणि ढुङ्गेलको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन संक्षिप्त रूपमा भएको देखिन्छ ।

## ५.४ भावी शोधकर्ताका लागि सम्भावित शोध शीर्षकहरु

१. 'अध्याँरोभित्र मान्छे' कथा सङ्ग्रहमा प्रणयमूलकता

२. 'अध्याँरोभित्रको मान्छे' कथा सङ्ग्रहमा यौनिकता

३. 'अनलाइन डट कम' कथा सङ्ग्रहमा साइबर संस्कृति

४. 'अन्तिम सिमाना' नाटकमा प्रयोगवाद

५. 'अक्षरभ्रूण र अर्को बुद्ध' कविता संग्रहमा राष्ट्रप्रेम

# परिशिष्ट १

# राममणि ढुङ्गेलसँगको अन्तर्वार्ता

*(२०७२ साल असार ४ गते शुक्रबार बेलुकी ५ बजेतिर राममणि ढुङ्गेलसँग उनकै निवास कटुञ्जेमा भेटेर लिइएको मुक्त अन्तर्वार्ता) :*

**प्रः दाइ, तपाईंको जन्म कहिले र कहाँ भयो ?**

- मेरो जन्म वि.सं. २०१३ साल साउन १ गते सोमबार भक्तपुर, कटुञ्जे गा.वि.स.४ मा भएको हो ।

**प्रः तपाईंको आमा बुबाको नाम के हो ?**

ऊः मेरी आमाको नाम फेमकुमारी र बुबाको नाम डोरनाथ ढुङ्गेल हो ।

**प्रः दाइ, तपाईंको बाल्यकाल कस्तो थियो ? केही प्रष्ट पारिदिनुस् न ।**

**ऊः** मेरो बाल्यकाल खासै सुखद थिएन । म घरको जेठो छोरो हुँ । मेरो बाबु शिक्षक भएर पनि सोझो, सीधा प्रवृत्तिको कारण परिवार र पारिवारिक, आर्थिक अवस्थाको उचित व्यवस्थापन गर्न सक्षम हुनु भएन ।  दिदीहरूको पनि चाँडै नै विवाह भयो । त्यसैले, बाल्यकालदेखि नै म घरायसी काम काजतिर सक्रिय रहें । साथै सानैदेखि गाईबाखा चराउनु र घरायसी काममा रुचि राख्दथें । म सानैदेखि कम बोल्ने स्वभावको थिएं । अनावश्यक रूपमा मनोरञ्जनपूर्ण खेलभन्दा ज्ञादवर्दध र स्वास्थ्यवर्धक खेल खेल्न रुचाउने मेरो स्वभाव थियो ।

**प्रः तपाईंको व्रतबन्ध कति वर्षको उमेरमा के कारणले गर्दा भयो ?**

ऊः मेरो व्रतबन्ध सात वर्षको उमेरमा भएको हो । त्यसबेला पण्डित संस्कारमा व्रतबन्ध नगरी कर्म चल्दैन भन्ने मान्यता थियो । यही कारणले मेरो व्रतबन्ध चाँडै नै भयो ।

**प्रः तपाईंको पढाइको बारेमा केहि प्रष्ट पारिदिनुस् न । तपाईंले कुन स्कुल, कलेजमा कति कति कक्षा सम्म अध्ययन गर्नु भयो ?**

ऊः सुरुमा घरमै बुबाले क, ख, ग, आदि पढ्न र लेख्न सिकाउनु भयो । व्रतबन्ध गरेपछि पण्डितको छोरो भनेर रुद्री चण्डी पढ्न सिकाइयो । वि.सं.२०१८ तिर महेन्द्र निम्न माध्यमिक विद्यालयमा भर्ना भएँ । उक्त स्कूलमा कक्षा ३ सम्म अध्ययन गरेपछि कटुञ्जे निम्न माध्यमिक विद्यालयमा कक्षा आठसम्म पढें । मैले प्रवेशिका परीक्षा वि.सं.२०२९ मा पद्म हाइस्कूल, भक्तपुरबाट पास गरें । त्यसपछि वि.सं.२०३२ मा पब्लिक युथ क्याम्पस, काठमाडौंबाट वाणिज्य शास्त्रमा प्रमाण पत्र तह उत्तीर्ण गरें । यसपछिको मेरो पढाइ प्राइभेट रूपमा भएको हो । वि.सं.२०४० मा त्रि.वि.बाट वाणिज्य शास्त्रमा स्नातक तह, वि.सं.२०५४ मा त्रि.वि.बाट नै कानुनतर्फ स्नातक गरें । साहित्यमा रुचि भएको कारण वि.सं.२०५५ मा त्रि.वि.बाट नेपाली विषयमा स्नातकोत्तर उत्तीर्ण गरें ।

**प्रः तपाईंले स्वअध्ययन कत्तिको गर्नु भएको छ ?**

ऊः मैले खास गरेर पूर्वीय धार्मिक र सांस्कृतिक विषयहरूका पुस्तक जस्तै रामायण, महाभारत, पुराण साथै एस. एल. सी. दिएर बसेको समयमा विभिन्न माध्यमबाट भेटिएका साहित्यिक कृतिहरू जस्तै मुनामदन, तरुण तपसी, आमाका साथै अन्य कृतिहरू अध्ययन गरेको छु ।

**प्रः तपाईंको विवाह कति सालमा कोसित भयो ?**

ऊः मेरो विवाह वि.सं २०३४ फागुन महिनामा भएको हो । काठमाडौं, गोकर्ण, सुन्ताखान निवासी बद्री भण्डारी र विष्णुमाया भण्डारीकी कान्छी छोरी विमला भण्डारीसँग मेरो विवाह भएको हो ।

**प्रः तपाईंका कति जना छोराछोरी छन् ? ती कहिले कहिले जन्मेका हुन् ?**

ऊः मेरा जम्मा दुई छोरा र एक छोरी छन् । जेठो माथि नै भनिसकें । कान्छो छोरो वि.सं.२०४० मा र छोरी वि.सं.२०४२ मा जन्मिएका हुन् । मेरो जन्मेका सबै बच्चाहरू अहिलेसम्म छन् ।

**प्रः तपाईको पारिवारिक सन्दर्भ अर्थात् दिदीबहिनीहरू के कति जना छन् ? हजुरबुबा देखि नै अलि प्रष्ट पारिदिनु हुन्छ कि ?**

ऊः मेरो हजुरबुबाको नाम टंकनाथ उपाध्याय हो । हजुरबुबाको एक जना मात्र छोरा हुनुहुन्थ्यो, जो मेरो बुबा डोरनाथ ढुङ्गेल हुन् । मेरो बुबाको दुई जना श्रीमती हुनुहुन्थ्यो । जेठीको नाम डोलकुमारी र कान्छीको नाम फेमकुमारी हो । जेठी पट्टिको एकजना छोरी मेरी दिदी राधा ढुङ्गेल मात्र हुनुभयो । अरु सन्तान सबै कान्छीपट्टिका भए । कान्छीपट्टिका मेरा तीन जना दिदीहरू क्रमशः मन्जरी, देवकी र इन्दिरा तथा भाइ कृष्णगोपाल ढुङ्गेल हो । हामी छ जना सन्तान अहिलेसम्म जीवितै छौं । हामी बाहेक अरू दुई बहिनी र एक भाइ जन्मेका थिए, तर उनीहरू सानैमा बिते ।

**प्रः तपाईंको त्यो बेलाको र अहिलेको पारिवारिक, आर्थिक अवस्था के कस्तो छ ?**

ऊः मेरो त्यति बेलाको आर्थिक अवस्थाको बारेमा कुरा गर्दा बुबा सरकारी शिक्षक हुनुहुन्थ्यो र प्रायः घर बाहिर बस्नुहुन्थ्यो । घर परिवार, खेतीपातिको हेरचाह सबै आमाले गर्नु पर्थ्यो । खेतीपातीको उब्जनीले वर्ष दिन खान पुग्ने मात्र होइन, बेचबिखन समेत गर्ने गरेको मलाई सम्झना छ । मात्र पारिवारिक आर्थिक व्यवस्थापन उचित ढंगबाट हुन सकेको थिएन र हामी कष्टपूर्ण जीवन बाँच्न बाध्य थियौं । संधै पिताजीको सोझो सीधापनको फाइदा उठाउँदै पटक पटक सामन्तीहरूले हामीले लगाएको बाली दादागिरी शैलीमा लुटेर लैजान्थे । हामी दुःखमा बाँच्न विवश थियौं । पछि म जागिरे भएपछि परिवारको स्तर पहिलाको भन्दा सुधार आयो ।

**प्रः तपाईंले कति साल देखि कहाँबाट नोकरी सुरु गर्नु भयो ?**

ऊः मैले एस.एल.सी. पास गरेपछि नै नोकरी सुरु गरें । पहिला वि.सं.२०३० मा सर्वोच्च अदालतमा अस्थायी कर्मचारी, वि.सं.२०३३ सालमा वाणिज्य बैंकमा सहायक पदमा नियुक्त, वि.सं.२०३४ मा कृषि विकास बैंकको सहायक कर्मचारी, वि.सं.२०३८ मा लोक सेवा आयोगको नायब सुब्बा पदको परीक्षा पास गरी महालेखापरीक्षकको विभाग, कोष तथा लेखा नियन्त्रक कार्यालय बैतडी हुँदै ३३ वर्षसम्म विभिन्न कार्यालयहरूमा काम गरें । हाम्रो जागिर प्रत्येक दुईदेखि तीन वर्षमा सरुवा हुने गर्दछ । वि.सं.२०६४ मा अधिकृत भई वि.सं.२०७१ मा स्वास्थ्य सेवा विभाग, स्वास्थ्य शिक्षा तथा सूचना केन्द्र काठमाडौंबाट अवकाश प्राप्त गरें ।

**प्रः दाइ, तपाईं नेपाल बाहेक कुन कुन देश भ्रमण गर्नु भएको छ ?**

ऊः नेपाल बाहेक हङकङ, अस्ट्रेलिया र भारतको भ्रमण गरेको छु ।

**प्रः विदेश के कारणले जानु भएको हो ? नेपाल पनि पूरै घुम्नु भएको छ त ?**

ऊः हङकङ विदेशी संस्थाको निमन्त्रण स्विकार गर्दै गएको, अस्ट्रेलिया कान्छो छोरो नारायण जो अस्ट्रेलियामा बस्छ उसले बोलाएर घुम्ने हिसाबले गएँ । भारत तीर्थयात्रा तथा स्वास्थ्य परीक्षण र घुमफिरका लागि गएँ । नेपालका मेची देखि महाकालीसम्म तराईका प्रायः जसो सबै जिल्लाहरू, पहाडका पूर्वमा मेची अञ्चलका पुरै, पश्चिममा महाकाली अञ्चलका पूरै जिल्लाहरू पुगेको छु ।

**प्रः तपाईंका रुचि के के छन् ?**

ऊः अध्ययन-अनुसन्धान गर्नु, लेख्नु, भ्रमण गर्नु, यदाकदा मौलिक सङ्गीत सुन्नु र अभिनय गर्नु नै मेरो रुचि रहेको छ । धार्मिक, सांस्कृतिक, निमुखा समुदाय तथा प्राकृतिक छटाहरूको अध्ययन अनुसन्धान गर्न मलाई मन पर्छ । साथै प्राकृतिक दृश्यहरूको अवलोकन गर्न मन पर्छ ।

**प्रः मन पर्ने साहित्यकार र कृतिहरू के के हुन् ? साथै मन पर्नुको कारण के के हो ?**

ऊः मलाई मन पर्ने साहित्यकारहरू र साहित्यिक कृतिहरू धेरै छन् । ती सबैको नाम लिन यहाँ सम्भव नहोला, एक दुई साहित्यकार र एक दुई वटा कृतिको नाम लिंदा अरूलाई अन्याय हुनेछ । त्यसैले एक दुई साहित्यकार र एक दुई कृतिको नाम लिनु म उपयुक्त ठान्दिन ।

**प्रः त्यसो भए तपाईंको लेखन यात्राको सुरुवातमा तपाईंले अध्ययन गरेका र तपाईंलाई विशेष** प्रभाव परेका केही साहित्यकार र तिनका कृतिका नाम के के हुन् ?

ऊः मैले सुरु सुरुमा अध्ययन गरेका साहित्यकार र साहित्यिक कृतिहरूमा लक्ष्मीप्रसाद देवकोटाको मुनामदन, डाइमण्डशमसेर राणाको सेतो बाघ, पारिजातको शिरीषको फूल र म्याक्सिम गोर्कीको आमा जस्ता कृतिहरूको मलाई विशेष प्रभाव परेको छ ।

**प्रः उपर्युक्त साहित्यकार र कृतिहरूले तपाईंमा विशेष प्रभाव पार्नुको कारण के हो ?**

ऊः मुनामदन नेपाली जनजिब्रोमा सजिलै अटाउने लयमा र सरल भाषामा लेखिएको स्वच्छन्दवादी स्वर घन्किएको कृति हो , शिरीषको फूलमा अस्तित्ववादी दर्शन पाइन्छ । सेतो बाघले नेपाली दरबारको इतिहास छरप्रस्ट पारेको छ भने आमाले रसियन क्रान्ति र मजदूर आन्दोलनको वर्णन उत्कृष्ट ढंगले गरेको छ । यी र यस्तै विविध कारणले यी कृतिहरूले मलाई विशेष प्रभाव पार्न सफल भएका छन् ।

**प्रः तपाईंले कहिले पनि बिर्सन नसक्ने सुख र दुःखका क्षणहरू के के हुन् ?**

ऊः सुखका क्षणहरूमा एस.एल.सी. पास हुँदा, जग्गा सम्बन्धी विवाद मिल्दा र २०३४ सालमा रेडियोबाट 'प्रण' कथा प्रसारण हुँदा पर्दछन् । दुःखका क्षणहरूमा आमाको मृत्यु हुँदा, आत्मीय मित्र पुष्पराज चालिसेको मृत्यु हुँदा र आफूले नङग्रा खियाएर लगाएको अन्नबाली अर्कोले काटी लैजाँदाका समय पर्दछन् ।

**प्रः साहित्यमा लाग्ने प्रेरणा कसरी पाउनु भयो ?**

ऊः साहित्यमा लाग्ने प्रेरणा मेरी आमा दैनिक रूपमा गीता पाठ गर्नुहुन्थ्यो, साथै अन्य धार्मिक श्लोकहरू पढ्नु हुन्थ्यो । मामली हजुरबुबा नरहरि आचार्यले श्रीमद्‌भागवद् गीता वाचन गर्नुहुन्थ्यो । उक्त वाचन म सानैदेखि सुन्ने गर्थें । त्यसैको केही प्रभाव ममा पर्न गयो । साथै मामा कृष्णप्रसाद आचार्य पनि कविता लेख्नु हुन्थ्यो । उहाँको पनि प्रभाव पर्न गयो । घनिष्ठ मित्र डा.पुष्पराज चालिसेसँगको अन्तरंग सम्बन्ध, विभिन्न साहित्यिक कृतिहरूको अध्ययनबाट पनि साहित्यमा केही गर्नु पर्छ भन्ने कुराको ममा दृढता बढेको हो ।

**प्रः तपाईंको पहिले प्रकाशित रचना कुन हो र कहाँबाट सार्वजनिक भयो ?**

ऊः मेरो पहिलो सार्वजनिक भएको रचना 'अब म कहिल्यै विदेसिन्न' कथा हो । उक्त कथा रेडियो नेपालबाट वि.सं.२०३४ पुसमा प्रसारित भयो ।

**प्रः कविता कहिलेदेखि लेख्नु सुरु गर्नु भयो ?**

ऊः स्कुल पढ्दा देखि नै म कविता, कथाहरू लेख्दथें । स्कुल पढ्दा अतिरिक्त क्रियाकलाप अन्तर्गत 'मेरो देश' शीर्षकको कविता मैले वाचन गरेको थिएं । उक्त कविताले शिक्षकहरूबाट प्रशंसा प्राप्त गर्नुका साथै मलाई 'उदाउन लागेको तारा' भन्दै हौसला बढाउने काम गर्नु भयो । तर पनि उक्त कविता अप्रकाशित नै रह्यो र कथा पहिला सार्वजनिक भयो । वि.सं.२०४१ सालमा आएर समष्टि पत्रिकामा 'जीवनयात्रा' शीर्षकको पहिलो कविता सर्वजनिक भयो ।

**प्रः तपाईंको पहिलो प्रकाशित पुस्तकाकार कृति कुन हो ?**

ऊः मेरो पहिलो प्रकाशित पुस्तकाकार कृति **चेपाङ समुदाय र संस्कृति** हो । उक्त कृति वि.सं.२०५१ मा साझा प्रकाशनबाट प्रकाशित भएको हो ।

**प्रः राजनीतितिर कत्तिको रुचि छ ?**

ऊः सचेत नागरिकलाई राजनीतिमा रुचि नहुने कुरै भएन । मलाई प्रगतिशील विचार मन पर्छ । नेपालमा भएको वि.सं.२०४६ र वि.सं.२०६२।६३ को जनआन्दोलनमा सक्रिय सहभागिता जनाउँदै विभिन्न स्थानमा आन्दोलनसम्बन्धी कविता वाचन गरेको थिएँ ।

**प्रः तपाईंले साहित्यमा लागेर केही त्यस्तो त्याग गर्नु भएको छ कि ?**

ऊः वि.सं.२०६७ मा नेपाल सरकारबाट प्राप्त गरेको मध्यमाञ्चल क्षेत्रीय राष्ट्रिय प्रतिभा पुरस्कार मैले मञ्चबाट सीधै बानेश्वरमा रहेको प्राकृतिक चिकित्सालयलाई प्रदान गरिदिएँ । उक्त पुरस्कारको रकम रु पचास हजार थियो । यसै गरी वि.सं.२०६२।६३ मा भएको जनआन्दोलन र त्यसमा भएको कविगोष्ठीमा प्राप्त रकम रु एक हजार पनि जनआन्दोलन घाइते उद्धार कोषमा एकमुष्ठ जम्मा गरिदिएँ ।

**प्रः धर्मको बारेमा तपाईंको धारणा के छ ?**

ऊः धर्म भनेको मानिसलाई गलत बाटोबाट सही बाटोमा हिंडाउने नियम हो । हिजो हाम्रा पुर्खाले बनाएका नियमहरू आजको विज्ञानसँग तादात्म्य राख्दछन् । हिजो बिहान बिहान उठेर मन्दिर जानुलाई धार्मिक नियम भनिन्थ्यो । आज विज्ञानले मनिङ वाकको संज्ञा दिएको छ । अत म पनि बिहान उठेर मन्दिर जाने, फर्केपछि एक घन्टाको हाराहारीमा न्यास पूजापाठ गर्छु । यसै गरी यदाकदा धार्मिक प्रवचन पनि सुन्ने गर्दछु । मेरा केही लेखहरूको शीर्षक धार्मिक विषयवस्तुका पनि छन् ।

**प्रः मानवतावाद सम्बन्धमा  तपाईको धारणा कस्तो छ ?**

ऊः मानव भएको नाताले अन्य मानवहरूप्रति देखाउने सद्भाव, सद्विचार, आदर्श अथवा अरूको सद्गुण, सद्विचार, प्रतिष्ठा आदिको सम्मान गर्दै उप्रति गर्ने सम्मान, आदरभाव प्रकट गर्ने कार्य वा सिद्धान्त नै मानवतावाद हो । हामीले यसै सिद्धान्त अनुसार आफू मानव भएको नाताले मानव हितमा जहाँबाट जे गर्न सकिन्छ त्यो गर्नु मानवतावादी सिद्धान्त अनुशरण गरेको मानिन्छ । साथै, दिनदुःखीको सेवा गर्नु पनि हाम्रो कर्तव्य हुन्छ भन्ने मलाई लाग्छ । दान गर्दा पात्रमा गर्नु पर्छ, आफूले दिएको दानको रकमबाट कोही रक्सीले मात्तिन्छन् भने त्यो दानको कुनै अर्थ रहँदैन, तर सानै रकम भए पनि आफूले दिएको दानबाट दिनदुःखीको आँसु पुछियो भने त्यो दान सच्चा दान हो भन्ने मेरो धारण रहेको छ ।

**प्रः दाइले आफ्नो बारेमा यति धेरै जानकारी दिएर सहयोग गर्नु भएकोमा धेरै धेरै धन्यवाद दिन चाहन्छु ।**

ऊः भाइलाई पनि धन्यवाद ।

# परिशिष्ट २

## विमला ढुङ्गेलसँगको अन्तर्वार्ता

*(साहित्यकार राममणि  ढुङ्गेलको बारेमा उनकी श्रीमती विमला ढुङ्गेलसँग २०७२ साल असार १८ गते शुक्रबार बेलुकी ५ बजे उनकै निवासमा प्रत्यक्ष भेटेर लिइएको मुक्त अन्तर्वार्ता)*

**प्रः तपाईंलाई साहित्यकारसँग विवाह हुन्छ जस्तो लागेको थियो ?**

ऊः त्यतिखेर अहिलेको जस्तो समय थिएन, बाबुआमाले हेरेपछि हुन्थ्यो । विवाह गर्नु एक महिना अगाडिसम्म  पनि उहाँलाई चिनेको थिइँन । मलाई साहित्यकारसँग विवाह हुन्छ जस्तो लागेको थिएन ।

**प्रः तपाईंका श्रीमान् पनि साहित्यकार हुन् भनेर तपाईलाई कहिले कसरी थाहा भयो ?**

ऊः विवाह गरेको केही समय पछि थाहा भयो । मेरो सासू आमाले छोराले यस्तो लेख्यो आज रेडियोमा प्रसारण भयो, पत्रिकामा आयो भनेर भन्नुहुन्थ्यो । त्यसपछि मैले थाहा पाएँ ।

**प्रः तपाईंले उहाँको साहित्यिक कृतिहरू पढनुभएको छ कि छैन ?**

ऊः मलाई त्यति पढ्न आँउदैन । यसैले मैले उहाँको कृतिहरू पढेको छैन तर पनि अरूले पढेको सुनेकी छु ।

**प्रः अरूले पढेर तपाईंलाई के कुरा भनेका छन् ? अनि कस्तो लाग्छ अरुले भनेको सुन्दा ?**

ऊः तपाईंको श्रीमान्ले यसो लेखेका रहेछन् भन्छन्  कोहीले कथा, कोहीले कविता लेखेको कुरा गर्छन् । अरुले भनेको सुन्दा खुसी लाग्छ ।

**प्रः पहिलो पटक श्रीमान्ले पुरस्कार पाँउदा कस्तो लाग्यो ? कहिले पाउनुभएको थाहा छ ?**

ऊः उहाँले पुरस्कार पाँउदा मलाई खुसी लाग्यो, तर पहिलो पटक कहिले पाउनुभयो त्यो चाँहि ठ्याक्कै याद भएन ।

**प्रः साहित्यमा लागेर परिवारप्रतिको जिम्मेवारीमा केही कमजोरी भएको छ कि ?**

ऊः हामीलाई त्यस्तो केही छैन । हाम्रा आवश्यकता पूरा गरिदिनु भएको छ । जागिर खाएर बाहिर गएको बेलामा पनि परिवारको ख्याल गर्नु हुन्थ्यो । हालखबर बुझ्ने गर्नुहुन्थ्यो । मैले चाँहि घरव्यवहार गर्थे ।

**प्रः कसैले तपाईलाई साहित्यकारकी श्रीमती भन्दा कस्तो लाग्छ ?**

ऊः मेरो श्रीमानले साहित्य लेख्ने भएर नै मलाई यसो भनेका हुन् भनेर खुसी लाग्छ ।

**प्रः उहाँको स्वभाव कस्तो छ ?**

ऊः यस्तो नराम्रो छैन मिलनसार तथा हँसिलो छ ।

**प्रः उहाँले साहित्य किन रचना गर्नुहुन्छ ? तपाईलाई थाहा छ ?**

ऊः देशसेवा, समाजसेवा र आफू मरेर गएपनि नाम कसैले नबिर्सियोस् भनेर साहित्य रचना गर्नुभएको हो ।

**प्रः आफ्ना श्रीमान्ले के विषयमा अर्थात् कस्तो साहित्य लेखिदिए हुन्थ्यो जस्तो लाग्छ ?**

ऊः उहाँले जे चाहेको त्यही लेखिदिए हुन्थ्यो र त्यसमै सफल भए पुग्छ  ।

## परिशिष्ट ३

# सुवासचन्द्र ढुंगेलसँगको अन्तर्वार्ता

*(राममणि ढुङ्गेलको बारेमा उनकै साहित्यिक सहकर्मी गीतकार एवं गजलकार सुवासचन्द्र ढुंगेलसँग २०७२ साल असार ५ गते शनिवार बेलुकी ६ बजे उनकै निवास कटुन्जेमा लिइएको मुक्त अन्तर्वार्ता)*

**प्रः राममणि ढुङ्गेलको बारेमा तपाईलाई के कस्तो कुरा थाहा छ** ?

ऊः राममणि ढुङ्गेललाई म राम्रोसँग चिन्दछु । उमेरले उनी म भन्दा जेठा हुन्, तर हामीविच साथीभाइ जस्तै व्यवहार छ । राममणि पेशाले जागिरे भए पनि साहित्य लेख्ने गर्दछन् । उनका लेखहरू बेलाबेलामा पत्रपत्रिकामा आउँछन् । धेरै कृतिहरू निक्लेका छन् । हाल आएर उनी जागिरे जीवनबाट अवकाश प्राप्त गरी घरतिरै छन् ।

**प्रः राममणि साहित्यमा लागेको कति वर्ष भयो थाहा छ** ?

ऊः समय त ठ्याक्कै थाहा भएन । तर पनि उनी यस क्षेत्रमा लागेको करिव ३०-३५ बर्ष जति भयो होला ।

**प्रः साहित्यको कुन विधासँग ढुङ्गेल सम्बन्धित छन्** ?

ऊः कथा र कविता विधासँग सम्बन्धित छन् । यदाकदा विभिन्न पत्रपत्रिकाहरुमा उनको नाटक र लेखरचनाहरू पनि प्रकाशित भएको देखिन्छ ।

**प्रः तपाईंले उनको कृतिहरू पढनुभएको छ त, तपाईलाई सबभन्दा बढी कुनचाहि कृति मनपऱ्यो?**

ऊः मोटामोटी सबै कृति पढेको छु । खास गरेर म पनि लघुकथाकार भएकोले कथाहरू पढ्ने गर्दछु । मलाई उनका कथाहरू विशेष मनपर्छन् । त्यसमा पनि **अनलाइन डट कम** कथा संग्रह सबैभन्दा बढी मन पर्छ । यो कथा संग्रह अरू भन्दा पृथक् किसिमको छ ।

**प्रः अनलाइन डट कम कथाको बारेमा केही कुरा भनिदिनुस न ।**

ऊः यो संग्रह भित्रका कथाहरू नाटकीय शैलीमा रचना गरिएको छ । यस संग्रहका प्रायःजसो कथाहरूमा एउटा मुख्य शीर्षक र त्यो भित्र अनेकौं उपशीर्षकहरू तथा अनेकौं ससाना उपकथाहरू जोडिएका छन् । त्यसमा भएका विभिन्न शीर्षकका कथाहरूलाई दृश्य वा भागहरूमा छुट्याएर छुट्टाछुट्टै किसिमका कथाको विषयवस्तुबाट एउटा पूर्ण कथा बनेको छ ।

**प्रः तपाईंलाई ढुङ्गेलको कथा मन पर्नाका कारण के हुन्** ?

ऊः पूर्ण रुपले रहस्यमय हुन्छ । पाठकले पढ्दा कौतुहल उठ्ने र सम्पूर्ण कथा नपढी उनको कथा बुझ्न सकिदैन , अन्त्यमा मात्र कथाको रहस्य खुल्छ र बुझिन्छ ।

**प्रः उनका कृतिहरूमा तपाईंले के कस्तो विषयवस्तु पाउनुभयो** ?

ऊः हाम्रो समाजमा घटेका र घट्न सक्ने घटनाहरुको बारेमा पाएँ । उनले समाजमा भएको विकृति , विसङ्गति, भेदभाव आदिप्रति तिखो प्रहार गरी कथा रच्ने गर्दछन् अनि प्रायः उनका कथाहरूमा ग्रामीण परिवेश भेटिन्छन् । कहीं कहीं घुस्याहा कर्मचारीतन्त्रप्रति वितृष्णा र तिखो प्रहार गरेको पाइन्छ ।

**प्रः तपाईं ढुङ्गेललाई कुन खालको ( प्रगतिशील वा प्रगतिवादी ) साहित्यकार भन्न रुचाउनुहुन्छ?**

ऊः साहित्यले समाजलाई परिवर्तन गर्नुपर्छ भन्ने मान्यता राख्ने साहित्यकार भन्छु । तर यस्तो राजनीतिक शब्द जोडेर साहित्यकारलाई राजनीतितर्फ लैजानु हुँदैन भन्ने मेरो मान्यता रहेको छ ।

**प्रः उनको व्यक्तित्व सम्बन्धमा केही  कुरा स्पष्ट पारिदिनुस न ?**

ऊः मलाई कथा मनपर्ने भएकोले कथा पढ्दछु । उनी कथाकार हुन् । उनका कथाहरू पनि म पढ्दछु । तर पनि उनले कविताहरू लेखेर कविता संग्रह प्रकाशन गरेका छन् । उनका नाटकहरू पनि प्रकाशित भएका छन् । यसैगरी पुष्पराज र चक्रपाणि स्मृति ग्रन्थमा पनि सम्पादनको काम गरेका छन् ।

**प्रः उनको साहित्यिक बाहेक अरु केही व्यक्तित्व (समाजसेवी, धार्मिक, त्यागी आदि) थाहा छ त ?**

ऊः राममणि समाजसेवातिर पनि लागेका छन् । खास गरेर चक्रपाणि चालिसेको अस्तित्व हराउन लाग्यो भनेर हामी हामी मिलेर एउटा समूह बनाई चक्रपाणिस्मारक प्रतिष्ठान खोलेका छौँ । उक्त प्रतिष्ठानबाट बर्षको एकचोटी साहित्य तर्फ सेवा गर्नेलाई पुरस्कार दिइने गरिन्छ । पुरस्कार राशि रु. दश हजारको छ । हामीले सुरुमा आफ्नै खल्तीबाट झिकेर उक्त पुरस्कार स्थापना गरेका हौ । अनि उक्त प्रतिष्ठानले गरेको विभिन्न गतिविधिहरूमा उनी सक्रिय भएर लागेका छन् । केही वर्ष अगाडि गरेको निःशुल्क आँखा शिविर उनकै सक्रियतामा संचालन भएको हो ।

**प्रः भविष्यमा उनले कस्तो साहित्य लेखिदिए हुन्थ्यो जस्तो लाग्छ ?**

ऊः अब उनले राष्ट्रनिर्माण सम्बन्धी साहित्य लेखिदिए हुन्थ्यो । समाजका विकृति, मायाप्रेम जस्ता साहित्य सबैले लेखेका छन् तर राष्ट्रनिर्माण सम्बन्धी लेख्ने कार्य खासै कसैले गरेका छैनन् । उनको साहित्य पढ्ने सबै व्यक्तिलाई सकारात्मक सोच आएर उनको साहित्यले सबै पाठकलाई राष्ट्रनिर्माणतर्फ लाग्न प्रेरित गरोस् ।

**प्रः अन्तिममा सुवास दाइ, तपाईंलाई उहाँको बारेमा अरू केहि भन्छु जस्तो लागेको छ ?**

ऊः खासै छैन । तर पनि साहित्य तथा जागिरे जीवन दुवैलाई मिलाएर सँगै लाने राममणिको साहस अद्भूत रहेको छ । उनी दुवै क्षेत्रमा सफल भइरहेका छन् । जागिरबाट केहि समय मिलाएर साहित्य लेख्ने उनको त्यो प्रतिभाको कदर गर्नुपर्छ । साहित्यमा उनी माथि पुग्न सफल होऊन् र साहित्यबाटै देश र जनताको सेवा गर्न सकून् भन्ने कामना गर्दछु ।

## परिशिष्ट ४

# प्रद्युम्न चालिसेसँगको अन्तर्वार्ता

*(राममणि ढुङ्गेलको बारेमा उनका नजिकैको दाइ प्रद्युम्न चालिसेसँग २०७२ साल असार ६ गते बेलुका ५ बजे उनकै निवास कटुञ्जेमा प्रत्यक्ष लिइएको मुक्त अन्तर्वार्ता)*

**प्र: राममणि ढुङ्गेलको बारेमा केही कुरा भनिदिनुहुन्छ कि?**

ऊ: राममणि हाम्रै गाउँ घरको भाइ हो । ऊ र मेरो भाइ सँगैका साथी भएकोले पहिलादेखि नै मेरो भाइसँग हिड्ने र घरमा पनि आउने गर्दथ्यो । यसैले मैले सानैदेखि उसलाई चिनेको हुँ ।

**प्र: तपाईंले सानैदेखि चिनेको कुरा गर्नुभयो । उहाँको सानो बेलाको स्वभाव कस्तो थियो केही थाहा छ ?**

ऊ: बाल्यकालदेखि नै सामान्य, सोझो प्रकृतिको गाउँले र पढ्नमा रुचि राख्ने केटो , कम बोल्ने गर्दथ्यो । बानी बेहोरा सबै राम्रै थियो । मिलनसार स्वभाव भएको सहयोगी मान्छे थियो । अनि आफ्नो मनले नखाएको कुरा वास्ता नै नगर्ने, मनले खाएको कुरा मात्र गर्ने गर्दथ्यो ।

**प्र: उनको साहित्यबारे अर्थात् उनी साहित्यकार हुन् के के लेख्छन ?**

ऊ: ऊ साहित्य लेख्ने गर्दछ । राममणिका केही रचनाहरू मैले पनि पढेको छु । खास गरेर कथाहरु लेख्ने गर्दछ । साथै, कविताहरु पनि छन् ।

**प्र: राममणिले लेखेका के के कुराहरू पढनुभयो ? तपाईलाई कुनचाहिँ मन पऱ्यो ?**

ऊ: चेपाङ समुदाय र संस्कृति, आस्थाको बगैंचा र अँध्यारोभित्रको मान्छे पढेको छु । मलाई चेपाङ समुदाय र संस्कृति राम्रो लाग्यो । यसमा पिछडिएको जातिको बारे गहिरो अध्ययन गरेको देखिन्छ ।

**प्र: चेपाङ समुदाय र संस्कृतिमा तपाईंले के पाउनुभयो ?**

ऊ: खास गरी देशमा निमुखा, पछि परेका चेपाङ जातिको संस्कृति लगायत अन्य कुरा गरिएको रहेछ ।

**प्र: राममणि जागिर अनि साहित्य लेखन बाहेक अन्य केही काममा पनि लागेका छन् ? केही थाहा** छ त?

ऊ: ऊ सकेसम्म समाजसेवातिर संलग्न हुन्छ । समाजसेवासँग सम्बन्धित कुनै सस्थासंग आवद्ध भएर काम गरेको थाहा भएन । तर पनि गाँउतिर हुने सामाजिक कार्यमा भ्याएसम्म गर्ने गर्दछ ।

**प्र: राममणिले आफ्नो घर परिवारप्रति कतिको जिम्मेवारी निर्वाह गरेका छन् ?**

ऊ: मलाई राम्रै छ जस्तो लाग्छ । उसको परिवारमा बच्चाहरू सबै पढेका नै छन् । एकजना छोरो त विदेशमा पढ्न गएको छ । सबै बच्चाहरू आफ्नो आफ्नो लाइनमा हिँडेका छन् । अत: उसले आफ्नो परिवारप्रतिको कर्तव्य पूर्ण रुपमा निर्वाह गरेको छ ।

**प्र: अन्त्यमा उनको बारेमा केही भन्न मन लागेको छ त ?**

ऊ: खासै छैन । तर ऊ सरल, मिलनसार व्यक्ति हो । उसको साहित्यिक यात्रा अझ राम्रो होस् भन्दछु ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, यशोदा. २०६९. “नयाँ पुस्तक”. बुधबार. वर्ष १८ अङ्क ६, (पुस ११), पृ. ४ ।

आचार्य, भागवत. २०५८. “कविता सिद्धान्त र नेपाली कविता”. काठमाडौंः नवीन प्रकाशन ।

गुरागाईं, लक्ष्मी. २०६७. “समसामयिक विषयका कथा”. **सम्प्रेषण.** वर्ष २ अङ्क २, (असोज), पृ. १७१ ।

गौतम, देवीप्रसाद. २०५२. “चेपाङ भाषा र संस्कृतिको नयाँ फूल”. **सयपत्री.** वर्ष १ अङ्क २, (पुस-चैत), पृ.१४९-१५२ ।

ढुङ्गेल राममणि. २०३९. “कृषि विकासको पक्षमा साझा कार्याक्रम”, **साझा.** वर्ष १४ अङ्क १-२ (साउन-भदौ), पृ. १०-१४ ।

.................... .२०३९ . “ ग्रामीण विकास : एक विवेचना”. **बाल दीपिका.** वर्ष २, अङ्क २, पृ. २०-२२ ।

.................... .२०३९. “छैठौं पञ्चवर्षीय योजनामा कृषि विकास : एक चर्चा”. **नेपाल बैंक पत्रिका.** वर्ष ११ अङ्क ९, पूर्णाङ्क १२९ (असार मसान्त), पृ ३९।

.................... .२०३९ . “नेपालमा मुद्रा बजारका अङ्गहरू : एक अध्ययन”. **नेपाल बैंक पत्रिका.** वर्ष १२, अङ्क ४, पूर्णाङ्क १३६ (माघ मसान्त), पृ. १७-२०।

.................... . २०३९. “नेपालमा सिचाइ : अर्थिक विकासको परिप्रेक्ष्यमा”. **उपहार.** वर्ष ४ अङ्क २, पूर्णाङ्क १४ (वैशाख-असार), पृ. १७-२०।

.................... .२०४०. “खनिज अन्वेषण– एक दृष्टि”. **नेपाल.** वर्ष १५ अङ्क १ (साउन-भदौ), पृ ५१-५५।

.................... .२०४०. “स्थानीय विकासको लागि साझा”. **साझा**. वर्ष १५, अङ्क ७-८, ( माघ-फागुन), पृ.४-८ ।

.................... .२०४१. “जागिरको मर्यादा”. **मिर्मिरे**. पूर्णाङ्क ४८ (भदौ), पृ ११३ -१२२ ।

.................... . २०४१. “नेपालमा सिंचाइ विकास”. **नेपाल** वर्ष १५ अङ्क ४, (फागुन) पृ. २६-३० ।

.................... .२०४१. “शान्तिक्षेत्र नेपाल”. **मिर्मिरे**. पूर्णाङ्क ५० (पौष), पृ. ४०- ४८ ।

.................... .२०४२ . “नेपालमा बढ्दो बजेट व्यवस्था र लेखापरीक्षण”. **नेपाल.** वर्ष १५, अङ्क ५, पृ २९-३५ ।

.................... .२०४२।४३. “आर्थिक विकासको परिप्रेक्ष्यमा कृषि विकास”. **पंचायत दर्पण**. वर्ष १६ अङ्क २, पूर्णाङ्क ५० पृ. १९ - २५ ।

.................... .२०४९. “निंगालाशैनी भगवती : एक परिचय”. **नेपाल.** वर्ष २२ अङ्क ५, (चैत र वैशाख), पृ ५-१४ ।

.................... .२०५१. **चेपाङ समुदाय र संस्कृति**. काठमाडौंः साझा प्रकाशन ।

.................... .२०५१. “नेपालको संविधानमा शक्ति पृथकीकरण”. **कान्तिपुर.** (फागुन ७), पृ.५ ।

.................... .२०५१ . “वातावरण संरक्षण : आजको आवश्यकता”. **नेपाल.** वर्ष २५, अङ्क ४, (माघ -फागुन), पृ २५-२७ ।

………………. .२०५२. “एउटा घरको दुई कोठा”. **परिवार**. वर्ष २७ अङ्क २१०, (साउन-पुस), पृ. ३२-४८ ।

………………. .२०५३. “अन्तिम सिमाना”. **मधुपर्क.** वर्ष २९ अङ्क ८, पूर्णाङ्क ३२१, (पुस), पृ. ६१-६३ ।

………………. . ०५३. **आस्थाको बगैंचा.** काठमाडौं: आभूषण ।

………………. .२०५५. “आशा”. **उपासना.** अङ्क ६, (माघ), पृ. ३७-५३ ।

………………. .२०५७. **अँध्यारोभित्रको मान्छे.** काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

………………. . (सम्पा). २०६३, **डा.पुष्पराज चालिसे स्मृति-ग्रन्थ.** भक्तपुर, कटुञ्जे पराग समूह ।

………………. .(सम्पा). २०६५. **चक्रपाणि अभ्यर्चना.** भक्तपुर, कटुञ्जे : चक्रपाणि स्मारक प्रतिष्ठान ।

………………. .२०६६. **अनलाइन डट कम.** ललितपुर : साझा प्रकाशन ।

………………. .२०६७. “पुरातत्व र संस्कृतिको धरोहर भक्तपुर कटुञ्जे स्थित सुशील भैरव”. **संस्कृति.** अङ्क ७, (वैशाख), पृ.६७-८० ।

………………. .२०६८. **अक्षर भ्रुण र अर्को बुद्ध.** बनेपा : जनमत प्रकाशन ।

तिमिल्सिना, हरिहर. २०५८. “अँध्यारोभित्रको मान्छे”. **गोरखापत्र शनिवारीय**. (फागुन २५), पृ. ख ।

त्रिपाठी, वासुदेव. २०४६. **नेपाली कविता भाग ४.** ललितपुरः साझा प्रकाशन

थापा, हिमांशु. २०४२. **साहित्य परिचय** . ललितपुर : साझा प्रकाशन ।

पराजुली, गोपाल, रमेशजङ्ग सिजापति र राममणि ढुङ्गेल. २०५३, **सडकसीमा.** सानोठिमी, भक्तपुर : आधारभूत तथा प्राथमिक शिक्षा परियोजना स्रोत केन्द्र विकास एकाइ ।

पोखरेल, गुरुप्रसाद. **नेपाली कविता : सिद्धान्त र समीक्षा.** २०६४. काठमाडौं: अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

भट्टराई, घटराज. **नेपाली लेखक कोश**. २०५३. काठमाडौं: लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान. पृ.५३३ ।

विजय. २०५२. “चेपाङ जनजीवनको अध्ययन”. **गोरखापत्र शनिवारीय.** (पुस ८), पृ.ख ।